भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत

# भानुजीवनी : समीक्षात्मक अभिमत

(समालोचना)

नई प्रकाशन

नई प्रकाशन

२०५२

# भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी
## समीक्षात्मक  अभिमत

प्रा.डा.वासुदेव त्रिपाठी

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स : ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
आवरण चित्र सौजन्य : इन्द्र खत्री
आवरण सज्जा : बुद्ध प्रधान
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : सिग्मा जनरल अफसेट प्रेस
सुरक्षित : २०७२ साल (2015)

---

A Criticism on Bhanubhakta and Narendra Raj Prasai's
'Biography of Bhanubhakta Acharya'
by Prof. Dr. Basu Dev Tripathi

**नेपाल सरकार**

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको सौजन्यमा प्रकाशित

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्‌को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत नेपाली सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु पनि यस संस्थाको प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा साहित्यिक सांस्कृतिक कार्यका अतिरिक्त विविध ग्रन्थमालाको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु उसको पुनीत कर्तव्य हो । यस सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित एवम् क्रियाशील छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

नेपाली भाषासाहित्यका सुप्रसिद्ध स्रष्टा तथा महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको समालोचकीय व्यक्तित्वले शिखर आरोहण गरिसकेको छ । प्रा.डा.त्रिपाठीले १८-२० वर्षको उमेरदेखि समालोचकीय धारामा आफूलाई उभ्याउँदै आएको देखिन्छ । समालोचना लेखनमा त्यस बेलादेखि चर्चित त्रिपाठी नेपाली भाषासाहित्यको समालोचनाको मानक निर्धारकका रूपमा स्थापित देखिन्छन् । समालोचनामा सर्वमान्य हुँदाहुँदै पनि कविता रचनामा पनि त्रिपाठी आसन गरिमाशाली हुन पुगेको देखिन्छ ।

प्रा.डा.वासुदेव त्रिपाठीद्वारा 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' लेखिनु नरेन्द्रराज प्रसाईको जीवनी लेखन साधनाको उचित मूल्याङ्कन गरिएको ठहरिन्छ । नेपाली भाषासाहित्यमा जीवनी लेखनमा समर्पित प्रसाईको यथोचित न्यायमा त्रिपाठीबाट प्रस्तुत कृति तयार भएको छ । एउटा चेलालाई गुरुको गतिलो प्रसाद अर्पण भएको छ । यति हुँदाहुँदै प्रस्तुत कृति नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्य जीवनवृत्त'को भूमिकाको परिष्कृत र परिमार्जित तथा परिवर्धित स्वरूप हो । प्रस्तुत कृतिले राष्ट्रिय विभूतिद्वय आदिकवि भानुभक्त आचार्य, मोतीराम भट्ट र समयुगीन मोतीराम (प्रा.डा.वासुदेव त्रिपाठीबाट प्राप्त मान) नरेन्द्रराज प्रसाईको व्यक्तित्व र कृतित्वको विषयमा प्रबल जानकारी दिने अभिप्राय राखेको छ ।

**भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत**नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर हो ।

*• नइ प्रकाशन*

# विषयसूची


- **लेखकीय** • ११

१. पूर्वसन्दर्भ र प्राक्कथन : प्रस्तुत समीक्षात्मक कृतिको मूलभूत रूपरेखा • १९

२. मोतीराम भट्टद्वारा रचित प्रथम भानुजीवनी कृतिको चर्चा • २२

३. उत्तरवर्ती भानुजीवनीपरक परिमार्जनको सन्दर्भ • ६४

४. नरेन्द्रराज प्रसाईको साहित्यवृत्त • १४९

५. नरेन्द्रराज प्रसाईकृत भानुजीवनीको समीक्षा • १७५

# लेखकीय

मेरो जन्मथलो तनहुँको मर्स्याङ्दी र चुँदी नदीले रचेको त्रिकोणीय भूसंरचना भएको भन्सारटार हो; जुन स्थानीय तामाकोट, रम्घा, खातथोक, दोरदोर आदि डाँडाका वरपर दक्षिणपूर्वी छहारीमा पर्दछ । यो भन्सारटारदेखि बाटो नारेश्वरटार, फुस्रेटार आदि हुँदै उत्तरपश्चिम लागेर चुँदीबेसी प्रवेश गर्दछ । तनहुँका राज्यकालमा र राष्ट्रिय एकीकरणपछि पनि राणाशासक श्री ३ वीरशम्शेरका पालामा वीरगन्ज नाका खुल्नुभन्दा अगिसम्म यो भन्सारटार पाल्पा राज्य वा क्षेत्रका बुटवल खस्यौलीदेखि तनहुँ भन्सार र गोरखा काठमाडौँ भई बनेपा धुलिखेलसम्मको व्यापारिक नाकाको भन्सार थियो । मेरा पिता प्रेमदत्त त्रिपाठी भानुभक्तका नाति र रमानाथका छोरामध्येका शिवभक्त आचार्यका दौँतरी रहेबाट मैले भानुभक्त र रमानाथका बारेमा अलि बुझ्ने भएपछि निकै कुरा सुनेँ । मैले बाल्यकालमा नै चुँदीरम्घाका भानुभक्तका 'रामायण' लगायतका रचना र दोरदोर गाउँबेसीका कवि तथा गद्यचम्पूकार तीर्थराज पाण्डेका 'उपदेशमञ्जरी' जस्ता रचनाका श्लोक आमाबुबाबाट सुनेँ र बिहेबारीमा सिलोक हाल्ने प्रसङ्गमा पनि ती श्रवण गर्दै सिलोकदोहोरीमा स्वयं पनि सहभागी हुँदै म हुर्किएँ । किशोरकाल पार गरेपछि नै क्रमशः भानुभक्त आचार्यका कृतिका महिमासँग परिचित हुन थालियो । आदिकवि भानुभक्त मेरा सृजना र शोध-समालोचनाका पनि प्रथम प्रेरणास्रोत हुन् । उनैका 'आदित्व'बाट

प्रेरित भई म लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन शीर्षकमा शोधप्रबन्ध प्रस्तुत गरी नेपाली विषयमा विद्यावारिधि उपाधि पाउने साहित्यशोधकर्ता हुन पुगेँ– २०३१ सालमा, त्रि.वि.बाट ।

मैले साहित्यमा समीक्षात्मक समालोचनातर्फ प्रवेश गरेको २०१८-२०१९ सालतिर हो । त्यसताक मैले संस्कृत, अङ्ग्रेजी र नेपाली साहित्यका साहित्यिक कृति तथा साहित्यबारे सोचविचार नेपाली र संस्कृत दुवै भाषामा लेखेँ अनि 'गोरखापत्र' दैनिकका खास गरी शनिवारीय परिशिष्टाङ्क, 'जयतु संस्कृतम्' मासिक पत्रिका, 'सिंहनाद' द्वैमासिक नेपाली साहित्यिक पत्रिका आदिमा मेरो आफ्नो नाम, संक्षेपीकृत नाम (देव त्रिपाठी) र अरू कतिपय पूरा नामबाट पनि मैले लेखेका मेरा कृति समीक्षा र समीक्षालगायत साहित्यसम्बन्धी प्रबन्ध आदि फाटफुट प्रकाशित भए र तीमध्ये केही सम्मान, 'रेडियो नेपाल'बाट प्रसारित र 'गो.प.'बाट साभार भई पुन: प्रकाशित भए । मेरो नेपाली साहित्यिक समीक्षणको प्रारम्भिक अभ्यास 'हिमाली साहित्य' (नेपाली साहित्यिक विभिन्न विधागत सङ्कलन सहसम्पादन : २०२०)मा आभासित भने २०२०-२४ सालका बीच मेरो समालोचनाको प्रारम्भिक स्वरूप क्रमश: सार्वजनिक हुन पुग्यो । यसरी मेरो समालोचनाले आधा शताब्दी जतिको यात्रा गरिसकेछ ।

खासगरी २०२४ सालमा त्रिभुवन विश्वविद्यालयका नेपाली विभागमा पढाउन थालेदेखि यता २०२५ सालका विश्वविद्यालयका गोष्ठी ('नेपाली कविताको नवीनतम धारा: परम्पराका सापेक्षतामा' शीर्षकको विचारपत्र आदि) का साथै आफ्ना तत्कालीन 'मधुपर्क'मा प्रकाशित 'भानुभक्तको आदिकवित्व: केही गौँडागल्छिँडाहरू' शीर्षकको समीक्षा (वर्ष १ , अङ्क १२, २०२६ वैशाख) आदि हुँदै त्यहाँदेखि पत्रपत्रिकामा प्रकाशित विभिन्न समीक्षालेख र 'नेपाली कविताको सिंहावलोकन' (२०२७) ग्रन्थ प्रभृतिका अनेक समीक्षा

ग्रन्थ हुँदै भानुभक्तीय कृति र कृतित्वका समीक्षातर्फसमेत म उन्मुख रहिरहेँ । यसो सम्झँदा मेरो यस भानुभक्तीय अध्ययन र समीक्षाका क्रमको पनि अब त आधा शताब्दी समय हुन लाग्दै रहेछ । यसबीच मैले पूरै भानुभक्तीय जीवनी र कृतित्वमा केन्द्रित भई एक ग्रन्थ तयार गरूँ भनी पटकपटक लागेँ; तर सकल भानुभक्तीय रचनाको पाठ सम्पादन गर्ने र भानुभक्तीय 'रामायण' र 'प्रश्नोत्तरी'को सघन तुलनात्मक समीक्षण गर्ने, भानुभक्तीय प्रत्येक ठूलासाना ग्रन्थको सघन विवेचना गर्ने, नेपाली कवितायात्रामा भानुभक्तको स्थाननिर्धारण गर्ने आदि समीक्षणात्मक कार्यमा लागिरहे पनि सो पूरा गर्न भ्याइएनछ; बरु तिनका अंश मात्र विभिन्न समयमा विभिन्न शीर्षकमा प्रकाशित भएछन् ।

भानुद्विशतवार्षिकी २०७०-२०७१ ताक मैले भानुसन्दर्भपरक दुई विशिष्ट रचना प्रस्तुत गरेको थिएँ– 'आदिकवि भानुभक्त आचार्यको जीवनी र कविताको सहसम्बन्ध तथा उनका कविताकलाको सौन्दर्यपरक मूल्याङ्कन' नामक विस्तृत समीक्षात्मक विचारपत्र (कार्यपत्र) र जीवनीकार नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' कृतिको भानुजीवनीपरक तथा समीक्षात्मक विस्तृत मन्तव्य वा भूमिका ।

अब त त्रिहत्तर वर्षको रोगबहुलतासँग सङ्घर्षरत यस वयमा पहिले भानुविषयक आफ्ना प्रकाशित रचनाहरू नै ग्रन्थाकृतिमा प्रकाशन गर्नुपर्‍यो भन्दै छु; सँगै भानुकृत 'रामायण' र 'प्रश्नोत्तरी' को सघन समीक्षात्मक तुलनात्मक अध्ययनमा पनि लागिरहेको छु ।

अहिले २०७२ सालमा 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी: समीक्षात्मक अभिमत' शीर्षकमा मेरो यो समीक्षात्मक ग्रन्थ प्रकाशित हुँदै छ र विशेषत: अहिले म त्यसै प्रसङ्गमा यो लेखकीय मन्तव्य लेख्दै छु ।

गत वर्ष मैले भानुद्विशतवार्षिकीका अवसरमा भानुभक्तीय जीवनसन्दर्भ र भानुजीवनीलेखनका परम्पराको सापेक्षतामा प्रसिद्ध जीवनीकार नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिको प्रकाशनसन्दर्भमा जुन भूमिका लेखेको थिएँ; त्यसलाई उक्त जीवनीग्रन्थका लेखक वरिष्ठ नेपाली साहित्यकार नरेन्द्रराज प्रसाईका सुझाव र मेरा सहमतिमा अनि २०७०-७२ सालका भानुसन्दर्भपरक नव जानकारी र अध्ययनका कतिपय नव दिशाबोधलाई समेट्ने अभिप्रायसमेत राखी अहिले यो मेरो समीक्षात्मक ग्रन्थ प्रकाशित हुँदै छ । यस समीक्षात्मक ग्रन्थमा आदिकवि भानुभक्त आचार्यको मुख्यत: जीवनसन्दर्भ र उनका प्रथम जीवनीकार मोतीरामको जीवनीकारितालाई र तिनको परिमार्जन र परिवर्धनको अद्यावधिक मूल दिशा तथा दृष्टिलाई अनि भानुभक्तीय कृति र कृतित्वको समीक्षासन्दर्भलाई परिपार्श्वमा राखी अनि नरेन्द्रराज प्रसाईका गीतिकारिता, निबन्धकारिता र जीवनीकारिताको परिवृत्तको पनि समीक्षण गर्दै जीवनीकार नरेन्द्रराज प्रसाई र उनको उक्त 'भानुभक्त आचार्यको जीवनवृत्त' शीर्षकको सिर्जनात्मक भानुजीवनीग्रन्थको विशेष समीक्षाका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

समीक्षात्मक कलेवरमा प्रस्तुत भएको 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' शीर्षकको स्वतन्त्र ग्रन्थ प्रकाशनको सन्दर्भ मिलाई जनसमक्ष ल्याउने चाँजोपाजो गरिदिएकोमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा नइ प्रकाशन र यसकी संस्थापक अध्यक्ष तथा प्रतिष्ठित साहित्य स्रष्टा इन्दिरा प्रसाईमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत समीक्षाग्रन्थको प्रकाशनका सन्दर्भमा मैले विद्वान् रामचन्द्र पौडेल रम्घालीले गरेको संस्कृत 'अध्यात्मरामायण' र

नेपाली 'भानुरामायण'को विशद र पूर्ण तुलनात्मक अध्ययन, भानुभक्तका पिता धनञ्जय आचार्यको देहावसानको वर्षका बारेका अद्यावधिक विशेष अध्ययनकर्ता प्रा.डा.शर्वराज आचार्यको जानकारीप्रद लेख, पुष्कर अथक रेग्मीको भानुभक्तीय जीवनसन्दर्भलगायत भानुभक्तका पिता धनञ्जय र पुत्र रमानाथबारे समेत विशेष प्रकाश पार्ने किसिमको 'अग्रदूत (छविलाल नेपाल संक्षिप्त परिचय)' शीर्षकको पाल्पाली कवि छविलालको जीवनी आदि कृतिका नवीन सोध र समीक्षात्मक प्रवृत्तिप्रति संक्षेपमै भए पनि चासो व्यक्त गरेको छु । साथै भानुभक्तका परममित्र सुब्बा धर्मदत्त ज्ञवाली, भानुभक्तले गायत्रीमन्त्र श्रवण गराएका धर्मदत्तपुत्र बोधराज ज्ञवाली र विष्णुमायाको 'भानुभक्त मणिमाला' मा भानुभक्तका बारेमा महत्त्वपूर्ण जानकारी र सामग्री प्रदान गर्ने, धर्मदत्तका नाति र बोधराज ज्ञवालीका सुपुत्र, सुब्बा रङ्गनाथ शर्मा (ज्ञवाली) आदिका वंशशृङ्खलाबारे मलाई विशेष सूचना प्रदान गर्ने कवि तथा पूर्वप्रशासनिक व्यक्तित्व नारायण ज्ञवाली, साहित्यकार-समीक्षक तथा प्राध्यापक बालकृष्ण भट्टराई एवम् उनका उस्तै कर्म र प्रवृत्तिका सुपुत्र यादव भट्टराई प्रभृति महानुभावहरूप्रति पनि म यहाँ साधुवाद व्यक्त गर्दछु । साथै यस ग्रन्थका तयारीका क्रममा प्राविधिक रूपमा सहयोग गरेकोमा सङ्कणकीय टङ्कनकर्मी जयन्ती वाग्ले र सन्तोष निराप्रति तथा नइ प्रकाशनका अक्षरकर्मी महेश सुवेदी र आयुष्मान शाक्यप्रति पनि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**• प्रा.डा.वासुदेव त्रिपाठी**

# भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत
# भानुजीवनी : समीक्षात्मक अभिमत

# पूर्वसन्दर्भ र प्राक्कथन
## प्रस्तुत समीक्षात्मक कृतिको मूलभूत रूपरेखा

मैले गत वर्ष भानुद्विशतवार्षिकीका सन्दर्भमा नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक ग्रन्थ (२०७१) प्रकाशित हुँदा त्यस बारेमा भानुभक्तीय जीवनीसम्बन्धी विशेषसन्दर्भसहित समीक्षात्मक अभिमत व्यक्त गरी विस्तृत मन्तव्य लेखेको थिएँ– भूमिकाका रूपमा । अहिले एकातर्फ २०७०-७२ सालमा भानुभक्तीय जीवनीका सन्दर्भमा कतिपय नयाँ सामग्री प्राप्त भई तिनले गर्दा कतिपय प्रसङ्गमा नयाँ दृष्टिले हेर्नुपर्ने अपेक्षा भइरहेको अनुभव मेरा मनमा हुन थाल्यो र अर्कातर्फ उक्त जीवनीकार नरेन्द्र प्रसाईबारे 'भानुभक्त आचार्यको जीवनवृत्त' ग्रन्थमा मैले लेखेको 'नरेन्द्रराज प्रसाईकृत भानुजीवनी सन्दर्भ र अभिमत' भन्ने शीर्षकको भूमिकापरक मन्तव्यअन्तर्गत व्यक्त मेरो अभिमतलाई अलि परिवर्द्धन गर्दै मेरा बेग्लै समीक्षाकृतिका रूपमा पनि प्रकाशित गर्नु बेस होला भन्ने सुझाव नरेन्द्रराजबाट प्राप्त हुन आयो । यस परिप्रेक्ष्यमा मैले उक्त भूमिकाअन्तर्गत सो मोतीरामेली भानुजीवनी कृतिबारेका परिपार्श्वगत रूपमा आदिकवि आचार्यको जीवनीसन्दर्भ र प्रासङ्गिक रूपमा उनका कृति र कृतित्व तथा योगदान, स्थानमान आदि एवम् भानुजीवनीको अद्यावधिक परिमार्जनक्रमलगायतका बारेमा व्यक्त गरेका विवेचना र नरेन्द्रकै साहित्यिक व्यक्तित्व र

कृतित्वलगायत साहित्यवृत्त र उक्त भानुजीवनीबारेको जुन समीक्षा गरेको थिएँ त्यसलाई परिमार्जित र परिवर्द्धित छुट्टै समीक्षात्मक किताबको रूपसमेत दिनु मैले उपयुक्त नै ठहऱ्याएँ । यसै परिप्रेक्ष्यमा 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' नामक मेरो प्रस्तुत कृतिले अलिकति परिमार्जित र रूपान्तरित भई अनि निकै अंश परिवर्धित पनि भई यतिखेर पुस्तकीय आकृति ग्रहण गरिरहेको छ । मेरो यो समीक्षात्मक कृति मुख्यत: आधासरो भानुसन्दर्भ र मोतीरामका साथै उत्तरवर्ती भानुजीवनीगत सन्दर्भ र आधासरो नरेन्द्रराज प्रसाईको साहित्यिक व्यक्तित्व र कृतित्व तथा गीतकारिता, निबन्धकारिता र जीवनीकारितासँग र नरेन्द्रकृत भानुभक्त आचार्यको जीवनवृत्त'को समीक्षासँगसमेत समीक्षात्मक रूपमा सन्दर्भित रहेको छ ।

वास्तवमा नरेन्द्रकृत उपर्युक्त भानुजीवनीग्रन्थबाट अलग्गिएर त्यस ग्रन्थसँग पहिले सम्बद्ध रहेको मेरो यो विस्तारित भूमिकात्मक समीक्षा अब सामान्यत: स्वतन्त्र समीक्षाकृतिका रूपमा कतिपय सान्दर्भिक परिवर्तन, परिमार्जन र परिवर्धनसहित अलग पुस्तकका अस्तित्वमा यसरी उभिएकोमा मलाई पनि खुसी नै लाग्यो र माथि भनिसकेझैँ नरेन्द्रकै अनुरोधमा पनि मैले यसो गर्नु उपयुक्त नै ठानेँ ।

यति पूर्वसन्दर्भ दिइसकेपछि म अब प्रस्तुत 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' नामक नवरूपमा अवतरित ग्रन्थको मूलभूत रूपरेखाबारे संक्षेपमा यहाँ चर्चा गर्दै छु । यहाँ सन्दर्भगत रूपमा म प्रथमत: (क) मोतीराम भट्टबाट थालिएको भानुजीवनीलेखनबारे र (ख) त्यसपछि मोतीरामभन्दा उत्तरवर्ती समयमा भएको भानुजीवनीको परिमार्जन र प्रवर्द्धनको परम्पराको विषयगत अपेक्षाअनुरूप सामान्य सर्वेक्षण गर्दै त्यसका अद्यावधिक अवस्था र त्यसका विशेष आकलनीय प्रश्नका सन्दर्भका प्रसङ्गवश भानुभक्तीय कृति र कृतित्वका

समीक्षापरम्पराबारे पनि संक्षेपत: चर्चापरिचर्चा गर्नेछु, अनि त्यसपछि अन्त्यत: (ग) म यहाँ सन्दर्भगत रूपमा नरेन्द्रराज प्रसाईको साहित्यवृत्त र उनका गीतिकारिता, निबन्धकारिता तथा जीवनीकारिताको रेखाङ्कन गरी उनको पूर्वोक्त 'भानुभक्त आचार्यको जीवनवृत्त' कृतिका बारेमा भानुजीवनीगत आधारभूत परिवृत्त र परिमतिका सापेक्षतामा विस्तृत समीक्षात्मक अभिमत प्रस्तुत गर्नेछु । यसरी यस समीक्षात्मक ग्रन्थका क्रमश: तीन मुख्य प्रसङ्ग र तदनुरूप तीन मुख्य भाग या परिच्छेद हुनेछन्– (क) मोतीरामकृत भानुजीवनीको र कृतित्वको सघन समीक्षा; (ख) मोतीरामभन्दा उत्तरवर्ती भानुजीवनीपरक सन्दर्भको र समीक्षापरम्पराको सामान्य सर्वेक्षणात्मक समीक्षण र (ग) नरेन्द्रराज प्रसाईको व्यक्तित्व र कृतित्वसँगै उनका गीतिकारिता, निबन्धकारिता र जीवनीकारिताका समुच्चा परिपार्श्वमा नरेन्द्रकृत पूर्वोक्त भानुजीवनीकृतिको पर्याधार स्वरूप तथा प्रदानको समीक्षा । वास्तवमा कुनै पनि जीवनीसिर्जनाको समीक्षण स्थापित जीवनीगत आधारभूत साक्ष्यको परिपालनका कसीमा जीवनीलेखकद्वारा गरिएका उक्त तथ्यको अनुपालनको पर्याप्तताको र त्यस कृतिका सम्बन्धित लेखकद्वारा देखाइएका प्रातिभ सिर्जनात्मक कौशलको समेत दोहोरो आँचका आधारमा नै हुन सक्छ । उपर्युक्त परिप्रेक्ष्यमा मेरो यस विस्तारित समीक्षात्मक कृतिको स्वरूप र रूपरेखा तथा गन्तव्य पथ ऐतिहासिक र वर्तमानकालिक दुवै रही अन्त्यत: कृतिसमीक्षापरकसमेत हुनेछ ।

# मोतीराम भट्टद्वारा रचित प्रथम भानुजीवनी कृतिको चर्चा

प्रस्तुत विस्तारित मन्तव्यको यस खण्डमा मोतीराम भट्टका जीवनीकार नरदेव शर्मा पाण्डेद्वारा रचिएको 'कविवर मोतीराम भट्टको जीवनी' भन्ने (सचित्र पनि भनिएको) ग्रन्थअनुसारको मोतीराम भट्टको भानुभक्तका कविता र भानुभक्तप्रतिको रुचिको जागृति र उनका (भानुभक्तका) कृतिको खोजप्रयास अनि तिनका प्रकाशनका प्रयत्न र सफलता तथा मोतीरामकृत प्रथम भानुजीवनीलेखनका पृष्ठभूमिबारे सुरुमा चर्चा गर्दै त्यसपछि यसका दोस्रो खण्डमा स्वयम् मोतीराम भट्टद्वारा रचित प्रथम भानुजीवनी कृति (कवि भानुभक्तको जीवनचरित्र, वि.सं. १९४८) का बारेमा चर्चा गरिनेछ । यी दुवै प्रसङ्गको सुरुवात उक्त जीवनी कृतिका अन्त्यमा मोतीराकृत एक गद्य अभिव्यक्तिका उद्धरणबाटै सुरु गरौँ (पूर्ववत्, साझा प्रकाशन संस्करण २०३८, पृ. २७) ।

"न्यायदृष्टिले ई मेरा कुरा हेरी उचित कर्तव्य गर्नुभयो भने बहुतै असल् हुनेछ । कदाचित् पक्षदृष्टिले नजर गरी खण्डनमण्डनतिर दगुर्नुभयो भने मेरो क्यै जोर छैन, अब जे गर्नुपर्छ सो गर्नुहोस् ।"

उपर्युक्त पङ्क्ति साहित्यकार मोतीराम भट्टका भनाइ र रचना हुन्; उनले आफूले रचना गरेको 'कवि भानुभक्तको जीवनचरित्र' (वि.सं. १९४८) को अन्त्य गरी 'इति' लेखिसकेपछि

थपेको अपेक्षाकृत लामो (सानो आकारको डेढ पृष्ठ जतिको) एक अन्तिम अनुच्छेदका पनि अन्तिम दुई वाक्यस्वरूप । यहाँ उनले च्यान्टाच्यान्टा कविहरूलाई प्रथमत: सम्झे पनि अन्तिम रूपमा समीक्षाका न्यायदृष्टि र पक्षदृष्टिका बारेमा कुरा गरी आफ्नो भनाइ टुङ्ग्याएका छन् । यी दुईथरी दृष्टि (न्यायदृष्टि र पक्षदृष्टि) प्राज्ञिक व्यवहारका सन्दर्भमा पनि प्रचलित हुने गर्दछन् तापनि मोतीरामको झुकाउ भने पक्षदृष्टिभन्दा न्यायदृष्टितिर रहेको कुरा यहाँ स्पष्ट रूपमा नै रेखित छँदै छ । वि.सं. १९४८ देखि यता हालसम्मै पनि कहिलेकता भानुभक्तीय अध्ययनका क्रममा नै पनि न्यायदृष्टिभन्दा पक्षदृष्टिले नै हेरियो कि त भनी हामीले पनि हाम्रो मुटु छाम्ने गर्नुपर्छ कि !

अब नरदेव पाण्डेका मोतीजीवनीबाट प्राप्त हुने मोतीरामका भानुभक्तका कृतिको खोज, प्रकाशन र जीवनीग्रन्थको प्रकाशनसम्बन्धी प्रयासको जानकारी प्राप्त गर्ने प्रयास गरौँ ।

माथि भनिएझैँ अब कवि भानुभक्त आचार्यका ‘रामायण’ महाकाव्य र अरू लघुकाव्य तथा मुक्तक र फुटकर कवितातर्फ मोतीराम भट्ट कसरी आकर्षित भए र कुन परिपाठ र स्रोतले उनले भानुरचना खोजे र तिनको प्रकाशनको व्यवस्था गरे अनि यी मोतीराम भट्टले भानुभक्तको जीवनी लेख्नका निम्ति कसरी खोज गरे र उनका मुख्य स्रोतव्यक्ति को थिए र जीवनीका लेखन र प्रकाशनका बारेमा केकस्तो व्यवस्था गरे आदि भन्ने आधारभूत जानकारी मोतीरामका मामा र कविमण्डलीका सदस्य तथा जीवनीकार पण्डित नरदेव पाण्डेको वि.सं. १९९५ मा प्रकाशित भएको ‘कविवर मोतीराम भट्टको जीवनी’ (विस्तृत नाम: कविवर मोतीराम भट्टको सचित्र जीवनी) भन्ने किताबअन्तर्गत जसरी दिएको पाइन्छ त्यसको आकलन गरौँ ।

मोतीरामका भानुभक्तीय आकर्षण र अन्य प्रसङ्गका सन्दर्भमा नरदेवका यी निम्नाङ्कित विभिन्न भनाइ यहाँ विशेष उल्लेखनीय छन्–

(१) क. "१९३७ सालमा पन्ध्र वर्षको उमेरमा कविजीको विवाह भयो" (पूर्ववत्, साझा प्रकाशन संस्करण: वि.सं. २०३७, पृ. ११) ।

ख. "यत्तिकैमा यिनका छिमेकी दोस्त खड्गदत्त पाण्डेयका विवाहमा यिनलाई निमन्त्रणा आयो र यी पनि दुलाहाकै साथमा रातभर जागरामै बसेका थिए । जन्तीहरूले रातभर श्लोक भनी जुहारी खेले । यसमा पुरानापुराना श्लोक र भानुभक्तकृत रामायणका श्लोकहरू भनेको सुन्दा यिनलाई बहुतै रमाइलो लाग्यो । त्यस वेलादेखि यिनको मातृभाषाका कविताहरूमा प्रेम झन्झन् बढ्दै आयो र यिनले भानुभक्तकृत रामायणको तलासी गर्न लागे । कोशिश गर्दा बल्लबल्ल एउटा बालकाण्डसम्म फेला पनि पारे ।" (पूर्ववत्, पृ. १२) ।

(२) क. "त्यस बखतसम्म हाम्रो नेपाली भाषाको एक श्लोकको पनि छापा भएको थिएन । त्यस बखत प्रकाश गर्नलाई आफ्नो छापाखाना थिएन । न त छापाखाना ल्याउनलाई आफ्नै सावगास थियो ! उता हाम्रो नेपाल राज्यको राजभाषा भएको नेपाली भाषामा एक हरफ पनि नहुनु, अरू अरू भाषामा र अनेकन विषयमा ग्रन्थहरू छापा भई प्रकाश भएको देख्ता यिनलाई साह्रै नै विस्मात् लाग्न थाल्यो । त्यसैले उनी "देहं वा पातयामि कार्यं वा

साधयामि" भन्ने निश्चय गरी कटिबद्ध भएर काशीवासी रामकृष्ण वर्माकहाँ गए । रामकृष्ण वर्मा यिनको साथी थियो । यसलाई पनि छापाखाना राख्नाको इच्छा थियो । त्यसैले यसले एक चोटि प्रेस राख्ने विषयमा यिनीसँग कुरा पनि गरेको थियो । अब मोतीरामले गएर यसलाई "भारत जीवन" भन्ने नाउँ राखी प्रेस खोल्न लगाए । आफू चाहिँ प्रेसको म्यानेजर भए ।" (पूर्ववत्, पृ. १३-१४) ।

ख. "यिनले सर्वप्रथम भानुभक्तकृत रामायण बालकाण्ड छपाइहाले र यो नपाली भाषाको पहिलो संस्करण हो भनी बेलायतको लाइब्रेरीमा पनि पठाए । त्यो बालकाण्ड छापिसकिएको दिन मोतीरामलाई पुत्रोत्सव भन्दा बर्ता आनन्द भयो" (पूर्ववत्, पृ. ४) ।

(३) "त्यो बालकाण्ड रामायण धडाधड विक्री भएर एकदम सिद्धियो । त्यसैले कविजीले फेरि सातै काण्ड रामायण जम्मा गरी छपाए ।" (पूर्ववत्, पृ. १४) ।

(४) क. "श्रीभानुभक्ताचार्यकृत रामायणका श्लोकको सरलताले बालबोध सरस कविताले सब प्रेमीहरूको मन खिचेको हुनाले रामायणको प्रचार एकदमसित हुन गएको देखी गुणग्राही कविवरले "कविसमूहवर्णनम्" भन्ने एक ग्रन्थ बनाए अनि त्यस ग्रन्थमा उनले "तत्रादौ कविकुलमुकुटमाणिक्य भानुभक्ताचार्यवर्णनम्" भन्ने... १२ श्लोकमा बनाए ।" (पूर्ववत्, पृ. ३२)

ख. "भानुभक्त भनेर आदिकविमा भाषा सरस्ले गरी... ।
रामायण्कन श्लोकले रचिदियो वैराग्य रस्ले भरी ।"
(पूर्ववत्, पृ. ३२; कविसमूहवर्णनम्, श्लोक १) ।

(५) "अब हाम्रा कविवर तिनताक अर्थात् ४७ सालमा दरबार स्कूलमा भर्ना भई सेकेन्ड क्लासमा पढ्दथे ।... उनलाई भानुभक्तको जीवनचरित्र लेख्नाको बहुतै उत्कण्ठा थियो– यिनको (भानुभक्तको) पत्ता कताबाट लाउँ भन्ने यही विचारमा थिए । अघि भानुभक्ताचार्य सुब्बा धर्मदत्तकहाँ डेरा गरी बसेका थिए रे भन्ने सुनेर एक दिन स्वयम् कविजी निज सुब्बा कहाँ गएर भानुभक्तको जीवनचरित्रसँग सम्बन्ध राख्ने कुराहरू गर्न लागे । त्यहीँ उनको भानुभक्तका भतिजा रामदत्तसँग पनि भेट भयो र कविजीले भानुभक्तको जीवनचरित्र पाएसम्म जम्मा गरी ४८ सालमा छपाई प्रकाश गरे ।" (पूर्ववत्, पृ. ६४) ।

(६) "सो ग्रन्थ छापिएर आएपछि ४८ सालैमा भानुभक्ताचार्यका पुत्र रमानाथ सित कविजीको भेट भयो र के कामका निमित्त आउनुभयो ? भनी सोद्धा रमानाथले यो जवाफ दिए–

**"श्री भानुभक्त कवि पुत्र म हूँ उनैको ।**
**आधार् नपाइ वल गर्छु बहुत् रुनैको ॥**
**प्रारब्ध कर्म बलवान् भइ दुःख पायाँ ।**
**सर्कारमा विनति गर्न भनेर आयाँ ॥१॥**

**क्या गर्नु छैन घरमा पनि खान दाना ।**
**भाउ बस्यो असनमा पनि तीन माना ॥**
**यै बीचमा सलहको सब फौज आई ।**
**खेतीहरू सकिदियो सब छुट्टिट खाई ! ॥२॥**

**यो दुष्ट साल अठचालिस व्यर्थ आयो ।**
**सब् प्राणिका सकल धान्हरू छुट्टि खायो !"**

यसरी अढाइ श्लोकबाट जवाफ दिएको सुनी कविवरले अत्यन्त खुशी भई "शेरको बच्चा शेरै हुन्छ धन्य ! धन्य !" भन्दै निज रमानाथको मुक्तकण्ठले सह्रनी गरे र आफ्ना मालिकहरूद्वारा विन्ति भाउ गर्न लगाई श्री ३ महाराज वीरशम्शेरबाट २०० बकस दिलाइदिए । रमानाथ पनि कविवरको प्रशंसा गर्दै घर फर्के' (पूर्ववत्, पृ. ६४-६५) ।

उपर्युक्त उद्धरणहरू र अरू उपलब्ध साक्ष्यप्रमाणसमेतका आधारमा विचार गर्दा मोतीरामका भानुभक्तका 'रामायण' लगायतका विभिन्न रचनातर्फ र तिनका सोधखोज र प्रकाशनका बृहत् अभियान (१९३८-१९४८) का सङ्कल्पसँगै नै प्रथमतः मोतीरामकृत भानुजीवनीको प्रसङ्ग अनुबद्ध र अनुस्यूत हुन पुगेको देखिन आउँछ । भानुभक्तका ग्रन्थ ज्यादाजसो लोकका कण्ठस्थ वाचन र गायनका अनि श्रुतिका बीचबाट खोज्नुपर्ने र तिनको परिमित लेखोट स्वयम् कवि र खास खास व्यक्तिबाट सारेर राखिएको र कवि स्वयम् दिवङ्गत भइसकेको अवस्थामा यी भानुभक्तकृति नै उपलब्ध नभई जीवनी लेख्ने कुरो नै आएन र ती भेट्टाई पढी छाप्दै जाँदा मोतीराम स्वयम् पनि कवि (काव्यकारका रूपमा र गजलकार, नाटककार आदि विभिन्न रूपमा) प्रतिष्ठित भई विशेषतः १९४५ सालतिरदेखि (राजगुरु लोकराज पण्डितले झिकाएअनुसार १९४४ सालका फागुनमा काठमाडौँ आई १९४५ सालमा मोतीकृष्ण कम्पनी पनि खोल्दै यतै अध्ययनरत समयमा) भानुजीवनीलेखनतर्फ संलग्न रहेको बुझिन्छ (नरदेव पाण्डे, पूर्ववत् पृ. ३८-३९,६४) । यस परिप्रेक्ष्यमा यहाँ यी निम्नाङ्कित सन्दर्भहरूतर्फ विशेषीकृत रूपमा दृष्टिपात गर्नुपर्नेसमेत देखिन पुग्छ–

(१) बिहेबटुलो आदिका भानुभक्तीय रामायणका सिलोकवाचनका जुहारीजस्ता लोकवाचन र गायनबाटै विशेषत: १९३८ सालदेखि मोतीरामलाई भानुभक्तीय रचना रमाइला लाग्न थालेका र तिनप्रति उनका मनमा प्रेम बढ्न गएको हो र तिनको लेखोटको तलासीतर्फसमेत उनी प्रवृत्त भएको बुझिन्छ;

(२) नरदेव पाण्डेका अनुसार (पूर्ववत्, पृ. ११-१२) भानुभक्तीय बालकाण्ड रामायणको एक लेखोट तलासीका क्रममा बल्लतल्ल फेला परे पनि वि.सं. १९३८ पुसमा पिता दयाराम भट्टका पत्रानुसार उनी सपरिवार पढ्न बनारस गएको र काशीवासी साथी रामकृष्ण बर्मा खत्रीका सौजन्यबाट भारत जीवन प्रेस (छापाखाना) खडा गरी त्यसको म्यानेजर/व्यवस्थापक रही आफूसमेत तीन जनाको भित्री कम्पनी खोली बल्लतल्ल रू.१०० मा २ हजारप्रति सो बालकाण्ड रामायण छपाउन उनी समर्थ भएको पाइन्छ जसमध्ये प्रेमलाल काफ्लेका साउँ कंरु १६ वि.सं. १९४१ फाल्गुण सुदी २ रोज २ सम्मका हिसाबमा उठेको थियो भने मोतीरामले कंरु ७२ लगाएकामा रू ४ फिर्ता पाएको र तेजबहादुर रानाले कंरु १० लगाएको र उनकै जिम्मा ग्रन्थबिक्री रहेको आदि कुरा बुझिन्छ (कमल दीक्षित, यस्तो पनि, 'साझा संस्करण', २०१४, मदनपुरस्कार पुस्तकालय, २०१६, पृ. १-५; पूर्ववत्, कालो अक्षर, (तृ.सं.) 'मोतीरामको बालकाण्ड', जगदम्बा प्रकाशन, २०१७; साझा प्रकाशन, २०२८, पृ. २१-२९;

(३) उक्त भानुभक्तीय 'बालकाण्ड रामायण' प्रकाशित हुँदा पण्डित प्रेमप्रसाद काफ्ले आदिका तर्फबाट १९४१

आश्विन कृष्ण ६ गुरुवारमा लेखिएको भूमिका 'श्री ५ मन्महाराजाधिराज पृथ्वीवीरविक्रम शाहदेव' लाई सम्बोधित भएको थियो भने १९४१ सालमै मोतीराम भट्टले भानुभक्तका दुई लघु काव्यकृति 'प्रश्नोत्तरमाला' र 'भक्तमाला' का लेखोट प्राप्त गरी काशीका अर्कै छापाखाना (अमरमन्त्रालय) बाट आफ्ना परममित्र तेजबहादुर रानाका नामबाट छपाएको भेटिन्छ भने यसमा पनि १९४१ आश्विन शुक्ल ३ चन्द्रवारका मितिमा तेजबहादुर रानाका तर्फबाट प्रशस्तिसहित श्री ५ पृथ्वीवीरविक्रम शाहदेवका हजुरमा ग्रन्थसमर्पण भएको र भानुभक्तीय अरू काण्ड रामायणलगायत नेपाली भाषाका ग्रन्थ छाप्ने उम्मेदसमेत रहेको कुरा बताइएको पाइन्छ;

(४) त्यसपछि एकातर्फ 'अनेक विघ्न पर्दा अरू काण्ड छपाउनाको उत्साह दब्यो' भनी मोतीराम स्वयम्ले उल्लेख गरेको (भानुभक्तकृत भाषारामायणको सात काण्डको प्रकाशनका अवसरमा मोतीराम भट्टको वि.सं. १९४४ पौष शुक्ल १५ को भूमिकामा उल्लेखित) सन्दर्भअनुसार परेका विघ्नमध्ये श्री ३ रणोद्दीपका समयमा श्री ५ पृथ्वीवीरविक्रमको प्रसङ्ग किताबमा पर्नु र रणोद्दीपको हत्या भई १९४२ सालमा वीरशम्शेर र उनका रोलवाला अरू धीरसन्तति (सत्र भाइ) को उदय हुनु, सम्भवत: रामकृष्ण बर्मा अरू रामायण कृति छाप्न त्यतिखेर तयार नहुनु र मोतीरामले 'प्रश्नोत्तरमाला र 'भक्तमाला' सोही १९४१ सालमा अर्कै छापाखानाबाट छपाएको अवस्था, बनारसमा प्रवासी नेपाली विद्यार्थीका हैसियतले मोतीरामले भोगेको आर्थिक सङ्कट, स्वयम्

बाबु रामकृष्ण खत्रीको भारत जीवन प्रेसको नै अवस्था आदि अनेक कारक हुन सक्ने देखिन्छ भने अर्कातर्फ स्वयम् मोतीरामले उक्त भूमिकामा जनाएअनुसार "अरू महाशयहरूले साझामा २००० पुस्तक समग्र सात काण्ड" रामायण छापी प्रचार गरेको जानकारी पाइन्छ र ती साझामा १९४२ सालमा भानुभक्तीय सप्तकाण्ड रामायण छपाउने तीन जना नेपाली भाषासाहित्यसेवी डमरुबल्लभ पोखरेल प्रकाशक, दानराज लामिछाने ग्रन्थशोधक र बद्रीनाथ भण्डारी सभागी आदि रहेको सो ग्रन्थबाटै बुझिन्छ (कमल दीक्षित, यस्तो पनि, पूर्ववत्);

(५) क. स्वयम् मोतीराम भट्टले वि.सं. १९४४ मा भानुभक्तकृत भाषारामायण बाबु रामकृष्ण खत्रीका काशीका भारत जीवन प्रेसबाटै छपाए भने वास्तवमा उपर्युक्त साझा रामायण (१९४२) र मोतीप्रकाशित भानुभक्तकृत भाषारामायण (१९४४) समेतमा भानुभक्तीय रामायणको उत्तरकाण्डको रामगीता भाग लेखोट उपलब्ध नभई छापिएको थिएन भन्ने देखिन्छ । त्यो 'रामगीता' मोतीरामकै प्रयासले १९४७ सालमा छापियो ।

ख. सन्दर्भगत रूपमा हेर्दा भने वि.सं. १९२५ मा भानुभक्त आफ्नो घर तनहुँ जान लाग्दा उनका परममित्र ज्योतिषी धर्मदत्त ज्ञवालीले भानुभक्तलाई रामायण उत्तरकाण्डको रामगीताको भाषानुवाद पूरा गर्न अनुरोध गरेका थिए (मोतीराम भट्ट, पूर्ववत्, पृ. १८-१९) भने भानुजीवनीकार मोतीराम भट्टले यी धर्मदत्तलाई कवि भानुभक्तका नेपाली (काठमाडौँका) सहवासी भनी चिनाएको पाइन्छ ।

विभिन्न स्रोतबाट सूचना प्राप्त हुन सकेअनुसार यी धर्मदत्त तत्कालीन पाल्पा र नेपाल सदरका एक प्रतिष्ठित प्रशासक हुनाका साथै भानुभक्तका कविताका पनि परमप्रेमी थिए (जन्म वि.सं. १९८०, पाल्पा; गुरुप्रसाद शाह पाल्पाका कमाण्डर भएका बखत त्यहाँका मेजर (राइटर) पदमा वि.सं. १९०२ मा नियुक्त भई पछि २००३ सालमा कृष्णबहादुर राणा त्यहाँका कमाण्डर भएपछि खरदारका रूपमा पदोन्नति पाई कृष्णबहादुर राणासँगै १९०७ सालमा काठमाडौँमा सरुवा भएका र काठमाडौँको लगनटोलका डेरामा रहेका अनि पछि मखनटोलमा घरबास भएका, १९३३ सालमा सुब्बाङ्गी पाएका (बाबुराम आचार्यको 'पुराना कवि र कविता', २००३; द्वि.सं., साझा प्रकाशन, २०२९; पृ. १०४-१०५ र अन्य स्रोतअनुसार) । यिनै धर्मदत्तको अनुरोधलाई पनि सम्झदै भानुभक्तले तनहुँका चुँदीरम्घाका अफ्ना घरमा रहँदै जीवनका कालज्वरार्त अन्तिम कालसम्ममा छोरा रमानाथसमेतलाई लेखाई रचना गरेको अध्यात्मरामायण (उत्तरकाण्डसमेत) को 'रामगीता' अंशको एक लेखोट पछि उनै धर्मदत्तकहाँ सुरक्षित रहेको जानकारी पाइन्छ (मोतीराम भट्ट, पूर्ववत्, पृ. १९ र त्यसको पादटिप्पणी) र सो 'रामगीता' भानुका परममित्र धर्मदत्त ज्ञवाली कहाँ रहेको लेखोटबाट सौजन्यवश प्रतिलिपि प्राप्त गरी मोतीराम भट्टद्वारा वि.सं. १९४७ मा भारतजीवन प्रेसबाटै अलग्गै छपाएको पाइन्छ र पछि त्यो

रामगीता विशेष नवीन मोटा अक्षरका मूल भानुरामायणसँगै प्रकाशित हुन लागेको सन्दर्भ पनि विशेष स्मरणीय छँदै छ;

(६) वि.सं. २०३८ तिरको मोतीरामको तमाम भानुभक्तीय कृति प्रकाशित गर्ने जो प्रतिज्ञा थियो त्यो पूरो भएको परितुष्टि उनले अनुभव गरेको कुरा वि.सं. १९४८ मा भानुभक्तीय 'वधूशिक्षा' लघुकाव्यकृतिको विशेष दुर्लभ लेखोट प्राप्त भई भारतजीवन यन्त्रालयबाट प्रकाशित गर्दा गोर्खा भाइहरूलाई समर्पित 'समर्पण पत्र (म्)' मा स्वयम् मोतीरामबाट व्यक्त भएको छ र त्यस कृतिका आवरणका मुखपृष्ठमा पनि "बडा मुसकिलले यो ग्रन्थ पत्ता लगाई शुद्धसमेत गरी नेपालनिवासी मोतीराम भट्टले प्रकाशित गरे" भनिएको पाइन्छ;

(७) मोतीराम भट्टले विभिन्न भानुभक्तीय ग्रन्थका प्रकाशनका क्रममा भानुभक्तलाई प्राचीन कवि ( बालकाण्ड रामायण, १९४१) , स्वर्गवासीय पण्डितवर (प्रश्नोत्तर र भक्तमाला, १९४१), कवि तथा कविकुलमुकुटमाणिक्य र आदिकवि (भाषारामायण, गद्य-पद्य भूमिका, १९४४), कवि (रामगीता, १९४७), कवि (वधूशिक्षा, १९४८) आदि भनी भानुको चर्चा गरेको पाइन्छ तर तीमध्ये 'आदिकवि' उपाधिको मोतीरामेली बीजप्रयोगको सूत्रपात भने उनले वि.सं. १९४३ मा पौष शुक्ल ५ रोज ५ मा लेखेको र 'कविसमूहवर्णन' कवितावलीका सुरुमा नै परेको 'तत्रादौ, कविकुलमुकुटमाणिक्य भानुभक्ताचार्य वर्णनम्' भन्ने १२ श्लोके कविताका प्रथम श्लोकको पूर्वार्द्धका दुई हरफ (नरदेव पाण्डे, पूर्ववत्, पृ. ३२) बाटै भई त्यो

उपर्युक्त १९४४ सालको भानुभक्तकृत 'भाषारामायण'को प्रकाशनको गद्यपद्यमय भूमिकाका पद्यभागका सुरुमा चाहिँ छापा अक्षरमै छापिई पहिलोपल्ट पर्न आएको बुझिन आउँछ । साथै मोतीरामले त्यहीँ नै भानुभक्तलाई 'कविकुल मुकुटमणि' पनि भनेको पाइन्छ भने उक्त 'कवि भानुभक्तको जीवन चरित्र'कै ठाउँठाउँमा मोतीरामद्वारा भानुभक्तलाई आदिकवि, कविराज र कविचक्र चूडामणि आदि पनि भनिएको देखिन्छ । (पूर्ववत्, पृ. ४, २५, २१) । यीमध्ये नेपाली समाजमा कविसम्मान र आदिकवि उपाधि नै बढी चल्यो ।

(८) क. मोतीराम भट्टद्वारा खोजी गरिएको भानुभक्तीय काव्यकविताकृतिमध्येको मुक्तक (आधा वा एक श्लोकको) र एक श्लोकभन्दा बढीका फुटकर कविताको खोज भने मोतीरामद्वारा लोकका वाचन र श्रवणका परम्पराबाट गरेको तर तिनको लेखन चाहिँ अलि आफ्नै पाराले गरी त्यस्ता (मेरो गन्तीअनुसार 'प्रश्नोत्तर'का अन्त्यमा परेको र पाल्पाली पण्डित कवि छविलाल नेपालको मानिने 'भानुभक्त भनी प्रसिद्ध नरमा' भनी थालिने एक कविताबाहेक अरू) साढे पच्चीस श्लोकको प्रकाशन चाहिँ कवि 'भानुभक्तको जीवनी' नामक आफ्ना भानुभक्तीय जीवनीकृतिका विभिन्न प्रसङ्गमा मिलाई मोतीरामले प्रयोग गरेको भेटिन्छ; शिवराज आचार्य कौण्डिन्यायनका 'भानुभक्तकृत भाषारामायण' (२०६७, पृ. ७२) अन्तर्गत पनि भानुभक्तका साढे पच्चीस फुटकर श्लोक

मोतीरामका 'कवि भानुभक्तको जीवनचरित्र' मा नै छापिएको बताइएको पाइन्छ;

ख. उपर्युक्त मोतीराम भट्टद्वारा आफ्ना 'कवि भानुभक्तको जीवनचरित्र' भन्ने भानुजीवनी (पूर्ववत् पादटिप्पणीसहित) मा उद्धृत गरिएको (र 'यो श्लोक भानुभक्तले बनाएको ह्वैन भनी कसैले पनि शङ्का नगर्नू' भनी युक्तिपूर्वक मोतीरामद्वारा अनुरोध गरिएको) 'भानुभक्त भनी प्रसिद्ध नरमा' भनी सुरु हुने अनि 'प्रश्नोत्तर'का अन्त्यमा रहेको श्लोक ठ्याम्मै भानुभक्तीय होइन भनी भन्न चाहिँ अरू विमर्श अपेक्षित छँदै छ (यसबारे पछि थप चर्चा गरिनेछ);

(९) क. प्राय: यी भानुभक्तीय साना कवितालाई आधार मानी भानुभक्तीय जीवनीगत यो वा त्यो घटना, पात्र, संवाद आदिको अपेक्षाकृत प्रासङ्गिक, रोचक र यदाकदा अलि बढी मोतीकल्पनाप्रसूत जस्तो पनि लाग्ने आख्यानात्मक र अन्तर्नाटकीय किसिमको प्रस्तुति पनि आफ्ना यस जीवनीकृतिमा मोतीरामले गरेको भेटिन्छ अनि यी अंश उनका जीवनीलेखनका कतै कतै कमजोर स्थलतुल्य पनि हुन पुगेका छन् तापनि मुख्यत: (प्राप्त जानकारीअनुसार) भानुजीवनीका जुन स्रोतव्यक्तिका रूपमा भानुभक्तका कान्छा भाइ तथा सुपठित पण्डित र नामुद रकमी भनी चिनिने इन्द्रविलास आचार्यका छोरा चतुर्भुजका जेठा छोरा तथा भानुभक्तका परममित्र धर्मदत्त ज्ञवालीकहाँ भेटिएका भानुभक्तीय भतिजा रामदत्त तथा भानुका परममित्र

ज्योतिषी तथा पहिले खरदार (र पछि सुब्बा दर्जा प्राप्त) धर्मदत्त ज्ञवाली नै रहेबाट यिनीहरू नै यस मोतीकृत भानुजीवनीको प्रामाणिकताका आधारस्रोत देखा पर्दछन् भने यिनलाई वि.सं. १९४७ मा भेटेपछि नै मोतीरामले भानुजीवनीको लेखनलाई निर्णायक मोडतर्फ लगेको बुझिन्छ अनि १९४८ साल लाग्दानलाग्दै सो जीवनीलेखन पूरा गरी र १९४८ भाद्र कृष्णपक्ष ८ मा त्यसको 'विज्ञप्तिपत्रम्' भन्ने प्राक्कथन पनि लेखी टुङ्ग्याई छपाउन पठाएको र काशी भारत जीवन यन्त्रालयबाट सोही साल सो ग्रन्थ छापिएर आएपछि सो १९४८ सालमै भानुपुत्र रमानाथ र मोतीरामका बीच भेट भएको जानकारीसमेत भेटिन्छ ।

ख. भानुभक्तका पुत्र रमानाथ र मोतीराम भट्टका बीच जुन भेट नरेन्द्रदेव पाण्डेका अनुसार वि.सं. १९४८ सालमा पहिलो पल्ट भयो त्यस भेटलाई यसरी पनि प्रस्तुत गरूँ– कविवर भानुभक्त आचार्यका पुत्र कवि रमानाथ आचार्य र नेपाली नवप्रतिष्ठित नेपाली कवि नाटककार तथा गद्यकार एवम् प्रथमत: भानुभक्तको कृतिको खोजी र पूर्णप्रकाशन अनि महिमाप्रवर्द्धन गर्ने अनि प्रथम भानुजीवनीकार र भानुभक्तीय कविताकृतिका प्रथम जीवनीपरक तथा गुणदर्शनप्रबल समालोचक मोतीराम भट्टका बीच प्रथम भेट नरदेव पाण्डेकृत 'कविवर मोतीराम भट्टको जीवनी' अनुसार मोतीकृत उक्त भानुजीवनीको प्रकाशन भएपछि वि.सं. १९४८ सालमा भएको थियो । त्यस प्रथम

> भेटका बखतमा कवि रमानाथले मोतीरामलाई सुनाएको कविताअन्तर्गतको घटना १९४८ सालको सुक्खा र सलहले पैदा गरेको अनिकालबारेको रहेछ । त्यस साल देशभरमै अल्पवृष्टिजन्य प्रकोपका कारण कम उब्जा भएको र त्यसमा रमानाथले मोतीरामलाई सुनाएका कवितामा तनहुँ चुँदीरम्घातिर पाक्ने बखत सलह लागी धान प्राय: सखाप भएको पीरमर्काको विषयको चर्चा गरिएको भेटियो । त्यस स्थितिमा तनहुँ चुँदीरम्घातिर सलहका हूलले धानबाली खाएको हुँदा पर्न आएको अनिकालको मारबारे ४ पद्यमा चर्चा गरी तत्कालीन श्री ३ प्रधानमन्त्रीमा रमानाथद्वारा चढाउन ल्याइएको स्वरचित पद्य बिन्तीपत्रको अंशसमेत रहेको कुरा बताई भानुका पनाति र रमानाथका नाति अनि सूर्यनाथका छोरा मुक्तिनाथले उनीद्वारा रचित एक भानुजीवनीग्रन्थ अन्तर्गत बताएको जानकारी ती पूरै पद्यसहित उपलब्ध नै छ ( मुक्तिनाथ आचार्य, आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी, २०४२, पृ. २०२-२०३) ।

उपर्युक्त विभिन्न परिप्रेक्ष्यमा मोतीराम भट्ट (जीवनकाल वि.सं. १९२३-५३) कवि भानुभक्त आचार्यका कृति र जीवनीका खोजकर्ता हुन् र यी भानुभक्तीय कृतिका मुख्य प्रथम प्रकाशक तथा सबै भानुकृति खोजी प्रकाशित गर्ने प्रकाशक पनि हुन् अनि भानुभक्तका प्रथम जीवनीकार तथा त्यसै जीवनीमार्फतका गुणपारखी प्राथमिक समीक्षक पनि हुन् । यी मोतीराम भट्टले (वि.सं. १९३७-३८) तिरका दिनदेखि भानुभक्तीय कृतिको खोज सुरु गरी प्रथमत: १९३८ तिरै भानुभक्तीय बालकाण्डरामायणको लेखोट प्राप्त गरी

र अरू लेखोट खोज्दै १९४१ सम्म भानुभक्तीय भक्तमाला र प्रश्नोत्तर लघुकाव्यकृतिसमेत प्राप्त गरी ती तीन कृति (बालकाण्ड छुट्टै र भक्तमाला र प्रश्नोत्तर संयुक्त रूपमा) वि.सं. १९४१ सालमा आफ्ना सहयोगी मित्रहरूबाट एक भित्री कम्पनी खोली प्रकाशित गराएको जानकारी पाइन्छ । उनले वि.सं. १९४७ मा भानुभक्तका परममित्र सुब्बा धर्मदत्त ज्ञवालीबाट भानुभक्तीय 'अध्यात्मरामायण'को उत्तरकाण्डअन्तर्गतको वेदान्तसारस्वरूप 'रामगीता' भागको लेखोटको प्रतिलिपि प्राप्त गरी सो सोही सालमा र अन्तिम रूपमा 'वधूशिक्षा'को लेखोट स्वयम् भेट्टाई सो वि.सं. १९४८ मा क्रमशः भारत काशीका बाबु रामकृष्ण खत्रीका भारतजीवन यन्त्रालय (प्रेस)बाट प्रकाशित गराएको पाइन्छ । त्यसो त यिनले (मोतीरामले) वि.सं. १९४४ मा सम्पूर्ण भानुभक्तीय रामायण प्रकाशित हुँदा विशेष दुर्लभ रहेको 'रामायण'को वेदान्तदर्शनपरक 'रामगीता' भाग छपाउन पाएका थिएनन् भने सो पनि १९४७ सालमा धर्मदत्त ज्ञवालीका सौजन्यबाट प्रकाशित गराएका हुन् । 'बालकाण्डरामायण'का प्रकाशनका सन्दर्भमा अनेक बिघ्न पर्दा अरू काण्ड 'भानुरामायण' छपाउनाको उत्साह दबेपछि वि.सं. १९४२ मा अरूका प्रयत्नबाट साझामा 'भानुभक्तीय रामायण' सातै काण्ड प्रकाशित भयो 'तर यहाँ मोतीरामका मित्रमण्डलीमार्फत १९४१ सालमा प्रकाशित भएका भानुभक्तीय 'बालकाण्ड रामायण' र 'प्रश्नोत्तर' तथा 'भक्तमाला' बारे भने कुनै चर्चा छैन; भने यसमा पनि बनारसमा रहेको 'रामायण'को प्रति उपलब्धताका सन्दर्भमा मौन प्रच्छन्नसेवी मोतीरामको कतै स्वल्प अंश सहयोग छ कि भनी सोच्ने केही ठाउँ हुन सक्छ तर अहिले त्यतापट्टि नलागौँ । यस परिप्रेक्ष्यमा मोतीराम भट्टलाई भानुभक्तीय मुख्य कृति खोजी प्रकाशित गराउन लगभग दस वर्ष लाग्यो भन्न सकिन्छ– वि.सं. १९३८-१९४८ ।

जहाँसम्म मोतीराम भट्टद्वारा 'कवि भानुभक्तको जीवनचरित्र' को पाण्डुलिपिको खुद लेखनको कुरा छ, त्यसका क्रममा उपर्युक्त एक दशकको खोजसाधनासमेतका सन्दर्भमा केन्द्रित भई तीन वर्षको समय लागेको बुझिन्छ । (मोतीराम भट्टकृत 'कवि भानुभक्तको जीवनचरित्र', पूर्ववत्, पृष्ठ २५, पद्य २) र यो मोतीकृत भानुजीवनी वि.सं. १९४८ मा प्रकाशित भयो अनि यसअन्तर्गतको 'विज्ञप्तिपत्रम्' भन्ने मोतीरामेली प्राक्कथनअनुसार विक्रमी (वि.सं.) १९४८ भदौको कृष्ण ८ वा कृष्णपक्षको अष्टमी (कृष्णाष्टमी)मा सो विज्ञप्तिपत्र लेखी यो जीवनी बनारस (बाबु रामकृष्ण बर्मा खत्रीका भारतजीवन छापाखानामा) छाप्न पठाइएको बुझिन्छ (पूर्ववत्) । साथै यस जीवनीको लेखनमा मोतीराममा खास गरी धर्मदत्त ज्ञवाली र भानुभक्तका भतिजा रामदत्त आचार्यसँग भेट भएपछि वि.सं. १९४७ देखि विशेष तीव्रता आएको कुरा अरू साक्ष्यसमेतबाट बुझिन्छ । (नरदेव पाण्डे, पूर्ववत् पृ. ६४०, मोतीराम भट्ट, पूर्ववत्, विज्ञप्तिपत्रम्) त्यसैले १९४५-४८ सालका बीचको तीन वर्ष खटी त्यस जीवनीको लेखन मोतीरामले १९४८ कृष्णाष्टमीसम्ममा पूरा गरेको देखिन आउँछ । त्यसो त यस भानुजीवनीको लेखनको प्रेरणाबीज भने पुरानै हो, जुन मोतीराम भट्टका भानुरामायणप्रतिका आकर्षणसँगै यी भानुभक्त को हुन् भन्नेतर्फ पनि मोतीराममा बीजचेतना अङ्कुरायो नै होला । त्यस सन्दर्भमा मोतीरामका जीवनयात्राका दृष्टिले हेर्दा पनि भारतको उत्तरप्रदेशको काशी (बनारस) सहरमा अध्ययनरत मोतीराम भट्ट काठमाडौँमा यिनको विवाहको कुरा उठी १९३७ सालमा १५ वर्षका उमेरमा काठमाडौँमा फिरी सोही साल उनको विवाह भएको र त्यसपछि उनी काठमाडौँमै बसी संस्कृत अङ्ग्रेजी पढ्न लागेको र आफ्ना छिमेकी मित्र खड्गदत्त पाण्डेका विवाहमा सम्मिलित हुँदा यिनले जन्तीले रातभरी सिलोक भनी जुआरी खेलेको

र त्यसमा पुरानापुराना श्लोक र भानुभक्तकृत रामायणका श्लोकहरू पनि भनेको सुन्दा ज्यादै रमाइलो मानी त्यसपछि प्रेमपूर्वक भानुभक्तीय रामायणको तलासी गर्न लागेको र कोशिस गर्दा बल्लतल्ल एउटा बालकाण्डसम्म फेला पारेको र त्यसपछि १९३८ सालका पुसमा उनी पुन: अध्ययनार्थ बनारसमै फर्केको पाइन्छ अनि सो भानुभक्तीय बालकाण्ड रामायणको लेखोटको प्राप्ति पनि मोतीरामकृत भानुजीवनचरित्रको लेखनको अर्को ठोस अन्त:प्रेरणाबिन्दु पक्कै हो (नरदेव शर्मा पाण्डे, पूर्ववत्, पृ. ११-१२) । नेपाली भाषाको खास साहित्यग्रन्थले मुद्रण र प्रकाशनका युगमा १९४० सालसम्मको समयसन्दर्भमा नटेकिसकेका अवस्थामा वास्तवमा भानुभक्तीय रामायण र उनका अरू कविताकाव्यकृतिका लेखोटसरोटका प्रति कमै थिए र खास गरी श्लोकको वाचनश्रवण तथा कण्ठस्थताकै आधारमा वाचनश्रुतिपरम्पराकै रूपमा भानुभक्तका कवितारचना लोकमा प्रचलित र लोकप्रसारित हुँदै थिए अनि मोतीरामले पनि त्यही लोककण्ठका प्रवाहबीच भानुभक्तका कृतिलाई सुनेको र मन पराएको अनि नेपाली साहित्यकै र भानुभक्तकै पनि प्रथम मुद्रित काव्यकृतिका रूपमा बालकाण्ड रामायणको प्रकाशन १९४१ सालमा गरीगराई नेपाली साहित्यलाई छापाखानायुगमा डोऱ्याई १९४१-४८ सालबीच अरू भानुभक्तीय काव्यकृति पनि खोजी छपाई प्रकाशित गरेको र त्यसलेसमेत उनलाई भानुजीवनीलेखनतर्फ थप उत्साह प्रदान गरेको पाइन्छ ।

मोतीरामको भानुजीवनीलेखन यसैबीचका उपर्युक्त २०४५-४८ सालका तीन वर्षमा पूरा भई छापियो र स्वयम् मोतीरामले भानुभक्त स्वर्गवासी भएको केवल २२ वर्ष भएको चर्चा प्रस्तुत भानुजीवनचरित्रको ग्रन्थसमाप्तिको उपक्रमतर्फ लाग्नुभन्दा अगि (पूर्ववत्, पृ. २४) गरेको हुँदा यो जीवनचरित्र ग्रन्थ भानुदेहावसानको २३ वर्ष नपुग्दै लेखिई विज्ञप्तिपत्र मात्र छाप्न बनारस पठाउन

लाग्दा भाद्र कृष्णाष्टमीमा लेखिएको बुझिन्छ । यो भानुभक्तीय प्रथम जीवनीग्रन्थ बन्न पुग्यो र उनका भनिएका श्रुतिपरम्पराप्राप्त विभिन्न छन्दका कम्तीमा साढे पचीस (वा साँढे छब्बीस) श्लोकको सङ्ग्रहण तथा भानुरचनाको गुणदर्शी उम्दा र आधारभूत प्रथम समीक्षाकृति पनि यो मोतीकृत भानुजीवनी हुन पुगेको छँदै छ ।

लोकबाट सुनी छपाई भानुभक्त आचार्यका मुक्तक फुटकर कविताहरूको खोजको र सङ्ग्रहणको काम यी मोतीराम भट्ट (१९४८) पछि मुख्यत: विष्णुमायाको 'भानुभक्त मणिमाला' (वि.सं. १९९८) र बाबुराम आचार्यको 'पुराना कवि र कविता' (२००३), नरनाथ आचार्यको 'कविसम्राट् आदिकवि भानुभक्तको जीवन चरित्र' (२०१७-१८), जुननाथ पण्डितद्वारा सम्पादित भानुका लघुकृतिहरू (२०२३) आदि हुँदै सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, मुक्तिनाथ शर्मा, हरिहर भट्टराई, व्रतराज आचार्य, शिवराज आचार्य, भद्रवीर अधिकारी, कविता लामा आदिमार्फत पनि हुँदै रहेको छ र यी मुक्तक या फटकर कवितामध्ये कतिपय कृति भानुभक्तका हुन् होइनन् भनी निर्क्योल्नुपर्ने अवस्था पनि छ ।

यसरी मेरा अद्यावधिक आकलनमा भानुभक्तका अधारीया अर्धश्लोकदेखि एक श्लोकसम्मका कम्तीमा २४ र बढीमा २७ मुक्तक कविता र एक श्लोकभन्दा बढी आयामका कम्तीमा ३१ र बढीमा २९ फुटकर कवितामार्फत कम्तीमा ५५ श्लोक जति र बढीमा ६६ श्लोक जति क्रमश: भानुकविता भनिएका वा मान्न सकिने, महाकाव्य र लघुकाव्यबाहेकका, कविता सङ्गृहीत हुन आएको देखिन्छ; यसका बारेमा मेरा अरू रचनाहरूमा विस्तारपूर्वक चर्चा गरिएको छ ।

मोतीरामको उपलब्ध जीवनयात्रागत सन्दर्भतर्फ पुन: फर्केर चर्चा गर्दा उनी राजगुरु (गुरुज्यू) लोकराज पण्डितबाट

झिकाइएअनुसार वि.सं. १९४४ सालमा फागुनमा नेपाल आई यतै अध्ययन गर्दै रहेको समयसन्दर्भमा १९४७ सालमा मोतीराम भानुभक्तको जीवनीलेखनमा अपेक्षित जानकारी दिन सक्ने स्रोतव्यक्ति खोज्ने क्रममा काठमाडौँमा रहेका ज्योतिषी सुब्बा धर्मदत्त ज्ञवालीकहाँ पुगेको र त्यहीँ उनको भानुभक्तका एक भतिजा रामदत्तसँग पनि भेट भएको घटना पनि एक मुख्यबिन्दुका रूपमा रहेको जानकारी पाइन्छ । यी र अरू प्राप्त जानकारीअनुसार यी रामदत्त भानुभक्तका कान्छा काका तथा सुपठित पण्डित इन्द्रविलास (परवर्ती एक भानुजीवनीकार नरनाथ आचार्यका अनुसार खूप रकमी पनि मानिएका) का छोरा चतुर्भुजका जेठा छोरा भानुभक्तका भतिजासँग १९४७ सालमा मोतीराम भट्टको भेट भएको कुरा चर्चा गरिसकिएको छ । वास्तवमा मोतीरामकृत भानुजीवनीका मुख्य दुई स्रोतव्यक्तिहरू यी दुईजना नै हुन्– भानुभक्तका परममित्र धर्मदत्त ज्ञवाली र भानुभक्तका कान्छाबा इन्द्रविलासका नाति रामदत्त आचार्य । त्यसो त मोतीराम भट्टले आफ्ना भानुजीवनचरित्रसम्बन्धी कृतिमा संक्षिप्त वंशआरेखबाट पनि यी रामदत्तलाई चिनाएका छन् (पूर्ववत्, पृ. ५) ।

भानुजीवनीकार स्वयम् मोतीराम भट्टले पनि उक्त कवि 'भानुभक्तको जीवनचरित्र' ग्रन्थमा यी रामदत्त आचार्य र धर्मदत्त ज्ञवालीलाई स्रोतव्यक्तिका रूपमा सादर सम्झेको पाइन्छ । उक्त जीवनीग्रन्थका 'विज्ञप्तिपत्रम्' भनिएको प्राक्कथनका अन्त्यमा मोतीराम भट्ट यसो भन्दछन्– "कवि भानुभक्ताचार्यका भतिजा रामदत्तकन मो अनेकानेक धन्यवाद दिन्छु, जस्ले मलाई निज कविका अनेक हाल यथार्थ भन्नुभयो, जस्का कृपाले यो पुस्तकको जन्म भयो ।" वास्तवमा मोतीरामकृत भानुजीवनका मूल स्रोतव्यक्ति धर्मदत्तकहाँ भेटिएका भानुभतिजा यिनै नै हुन् । मोतीराम भट्टका जीवनीकार र मामा नरदेव शर्मा पाण्डेले माथि उल्लेख गरेअनुसार

यी दुईलाई भेटी भानुका जीवनचरित्रबारे जानकारी पाएपछि नै मोतीकृत भानुजीवनीलेखन आखिर ग्रन्थाकारमा प्रकाशित हुन पुगेको हुँदै हो ।

स्वयम् मोतीराम भट्टले उक्त 'कवि भानुभक्तको जीवनचरित्र' अन्तर्गत भानुभक्त आचार्य र धर्मदत्त ज्ञवालीको निकटता र धर्मदत्तबाट प्राप्त भानुका जीवनी र कृतित्वसम्बन्धी जानकारीका साथै अध्यात्मरामायणको दुर्लभ रामगीताभागको लेखोट कृति सार्ने अवसरको प्राप्ति आदिका सम्बन्धमा यसो भनेको पाइन्छ–

(१) "कवि भानुभक्तको डेरा लगनटोलमा धर्मदत्त ज्योतिषीका घरमा भयो । पछिसम्म पनि कवि भानुभक्तको सहवास इनै धर्मदत्त सुब्बासँग धेरै भयो, जो हाल् मखन टोलमा अझतक छँदै छन् । धर्मदत्त सुब्बा ज्योतिषीद्वारा इनका जग्गाको झगरा पनि छिनियो... ।" (पूर्ववत्, पृ. १२)

(२) "निज कवि भानुभक्ताचार्यका परम मित्र श्रीयुत सुब्बा धर्मदत्तका मुखजवानी मैले सुनेको छु कि कवि भानुभक्त एक दिनमा ६० श्लोक शार्दूलविक्रीडित छन्दमा बनाउन सक्दथे । रामायण युद्धकाण्ड बनाउँदा एक दिन कवि भानुभक्तले ६० श्लोक शार्दूलविक्रीडित वृत्तमा बनायेका छन् । ... निज कविले कविता गर्नुपर्दा प्रथम आधा घडीको अन्दाज विचार गर्दथे; वहाँपछि कलम थाम्नु पर्दैनथ्यो ।" (पूर्ववत्, पृ २२)

(३) "कवि भानुभक्ताचार्यका नेपाली सहवासी श्रीयुत धर्मदत्त सुब्बाले यो २५ साल्मा कविजी घर् तरफ् जान लाग्दा रामायण उत्तरकांडको रामगीताको भाषानुवाद गर्नू भनी भनेका थिये । यस ज्वरलाई कवि भानुभक्तले कालज्वरै हो भन्ने ठहऱ्याई आफ्ना पुत्र रमानाथकन लेख् भनी

आफूले बिछौनामा सुती रामगीताको भाषा बनाये । निज कविका पुत्र रमानाथ आचार्यले लेखे ।" (पूर्ववत्, पृ. १९)

(४) "यो पुस्तक अऊतक् सुब्बा धर्मदत्तका पास छँदै छ । अऊतक् ३००० पुस्तक् भाषारामायणका छापियेका थिये, तर कसैमा पनि रामगीता भाषा नछापियेको हुनाले यस नवीन मोटा अक्षरका रामायणमा छापिएको छ ।" (पूर्ववत्, पृ. १९, पादटिप्पणी)

उपर्युक्त चारवटै उद्धरणबाट भानुभक्त आचार्य र (पछि सुब्बा भएका) ज्योतिषी धर्मदत्त ज्ञवालीको परम मित्रतासमेतका सन्दर्भमा मोतीरामद्वारा धर्मदत्तलाई आफ्नो भानुजीवनीका एक महत्त्वपूर्ण सूचनास्रोतको रूपमा लिँदै यिनै धर्मदत्तकहाँ रहेको पाण्डुलिपिबाट उतार गरी मोतीरामले वि.सं. १९४७ मा छुट्टै 'रामगीता' छपाएको र मोटा बम्बई अक्षरका परवर्ती भानुरामायणमा पनि रामगीता समावेश गरेको सन्दर्भतर्फ पनि यहाँ उपर्युक्त ढङ्गले सङ्केत गरिएको पाइन्छ ।

प्रस्तुत 'कवि भानुभक्तको जीवनचरित्र' ग्रन्थका लेखनका बारेमा यस ग्रन्थअन्तर्गत मोतीरामले ग्रन्थसमाप्तिको सन्दर्भ पारी एक गद्य अनुच्छेद र पाँच पद्यमा लेखी यस ग्रन्थको 'इति' वा अन्त गरेका छन् भने तीमध्येका यी केही पद्यांशले मोतीरामेली भानुजीवनीलेखनका कतिपय प्रवृत्ति र प्रतिबद्धतातर्फ यसरी इङ्गित गरेको पाइन्छ (पूर्ववत्, पृ. २४-२५)–

**(क) यस्मा ऊँच र नीच केहि छ भन्या सज्जन् सबै माफ् गरून् । (श्लो. १)**

**(ख) जाहाँ जे जति पाइयो उ उति ह्वां गै गै सबै सोद्धथ्याँ ।**
**पक्का हाल् कविराजको यसरि मो एक् एक् गरी जोड्दथ्याँ ॥ (श्लो. २)**

**(ग) आफ्ना सक्भर पद् गद्य मइले मन्ले कथेकै थियाा । (श्लो. ३)**

(घ) **यस्तै रित्सित तीन वर्ष बितिगो जो जत्ति जम्मा गऱ्याँ ।**
**सो सप्पै अब छापि गर्दछु प्रकाश् भन्था इरादा धऱ्याँ ॥ (श्लो. २)**

(ङ) **यस्मा ई कविराजको यति कथा जीवन्भरीका थिया ।**
**जाहाँ जो कविता जसोरि कविका हुंथ्या उती लेखिया ॥**
**यस्मा पुग् र नपुग् मलाइ जसले देला म त्यो राखुँला ।**
**फेरी छाप्नुपऱ्यो भन्या त खुशि भै बाँकी सबै छापुँला ॥ (श्लो. ४)**

**(च) आफ्ना नाम रहोस् भनेर कविता गर्ना महाँ मन् दिया ।**
**इन्को नाम र धाम काम र स्वभाव् जस्तो थियो लेखिया ॥ (श्लो. ५)**

उपर्युक्त मोतीरामकृत भानुजीवनीलेखनका मूल प्रक्रिया र प्रवृत्तिहरूलाई अलिकति थप चियाएर नियाल्न सकिन्छ र तीमध्ये मुख्यत: मोतीरामले भानुभक्तका जीवनका कथा वा घटनाबारे यहाँउहाँ डुली केही थाहा हुनेलाई कविका पक्का हाल सोध्ने र जानकारी प्राप्त भएका कुरालाई एक एक गरी जोड्ने तरिका नै यहाँ जीवनीलेखनमा मुख्य रूपमा प्रयोग गरेको देखिन्छ र यो घुमन्ते र डुलुवा अनि भानुभक्तबारेका पक्का र यथार्थ हाल सोध्ने अनि प्राप्त एकएक जानकारीलाई जोड्ने किसिमले प्रश्नपरक अन्तर्वार्ता लिएजस्तो ढङ्गबाट नै मुख्यत: यो भानुभक्तीय जीवनी लेखिएको छँदै छ (पूर्ववत्, श्लो. २) । साथै यहाँ भानुभक्तका जीवनका नामधाम, काम र स्वभाव आदिका बारेमा भेटिएका कथा या घटनासँगै आफ्नो नाम रहोस् भनेर भानुभक्तले कविता गर्न मन दिएको ठान्दै जीवनीकार मोतीराम भट्टले कवि भानुभक्त जहाँ जसरी कविता गर्थे त्यसतर्फ अर्थात् भानुभक्तका कविताका रचनाप्रक्रियातर्फ पनि चासो राखेका छन् (पूर्ववत्, २, ५) । त्यस्तै यहाँ जीवनीकार मोतीराम भट्टले कवि भानुभक्तका नाम, धाम, काम र स्वभाव कस्ता थिए भन्नेबारेसमेत भेटिएका जानिफकारहरूसँग संरचित प्रश्नोत्तरका विधिद्वारासमेत सोधनी गरी उनका काम र स्वभाव (कृतित्व र कर्म तथा चरित्र) बारे पनि चासो राखेको बुझिन्छ (पूर्ववत्, श्लोक. ५) । साथै यहाँ

यसरी हुन सकेको सोधखोजकै प्रतिफलस्वरूप यो भानुजीवनी तयार भएको हुँदा केही उचनीच भए माफी पाउन र अर्को संस्करण छापिएमा प्राप्त जानकारीअनुसार प्रस्तुत जीवनीका रचनामा पुगअपुग कुरा मिलाउने इमानदार सोधखोजकर्ताको वाचा पनि यहाँ भानुजीवनीकार मोतीरामले व्यक्त गरेका छन् (पूर्ववत्, श्लोक. १, ४) ।

तर तीस वर्षे इन्ट्रेन्स (प्रवेशिका) उत्तीर्ण गरी एफ.ए. पढ्दापढ्दै र उत्तीर्ण हुन नपाउँदै अल्पायुमै मोतीराम भट्ट दुर्भाग्यवश यो जीवनी छापिएको पाँच वर्षमै, १९५३ सालमै, दिवङ्गत भए । यस देहावसानले गर्दा उनका अनेक ग्रन्थ र फुटकर रचनाले प्रकाशनका निम्ति धेरै समय कुर्नुपऱ्यो भने उनको उक्त 'कवि भानुभक्तको जीवनचरित्र' भन्ने ग्रन्थको दोस्रो संस्करण निकै वर्षपछि मात्र सूर्यविक्रम ज्ञवालीका तत्परतामा नेपाली साहित्य सम्मेलन दार्जिलिङबाट सन् १९२७ (वि.सं. १९८४) मा प्रकाशित हुन सक्यो । पछि २०३८ सालदेखि यस जीवनचरित्रको प्रकाशन महत्त्वपूर्ण प्रकाशकीयसहित साझा प्रकाशनबाट पनि प्रकाशित हुन थाल्यो । र त्यसको प्रकाशकीयले मोतीरामका कतिपय भानुजीवनीगत तथ्य अरूका किताबबाट खण्डित भए भनी बिन्दु छानबिन भनेकामा एक प्रकारको गुनासो पनि देखिने गरेको छ । अब त मोतीरामको 'कवि भानुभक्तको जीवनचरित्र' अरू अनेक लेखकहरूद्वारा अफ्ना किताबभित्र नै समावेश गरी छाप्ने गरिएको पनि भेटिन्छ । जे होस्; माथि ठाउँठाउँमा चर्चा गरिएअनुसार मोतीरामले न त यस आफ्ना भानुजीवनी कृतिमा रहेका उचनीच सच्याएर दोस्रो परिमार्जित संस्करण निकाल्न नै भ्याए; न त हामीले पक्षदृष्टिभन्दा माथि उठी न्यायदृष्टिले उनका भानुजीवनीका वास्तविक तथ्यातथ्यता र शक्तिसीमाको सन्तुलित निर्क्योल नै उति गर्न सक्यौँ क्यारे !

माथि भानुजीवनीकार मोतीराम स्वयम्ले पनि इङ्गित गरेझैँ सङ्कलित तथ्यका आडमा भानुजीवनीगत मोतीरामेली गद्यपद्य पहिले मनले कथिएको र पछि कलमले लेखिएको हुँदा (पूर्ववत्, श्लो. १-५) मोतीरामकृत 'कवि भानुभक्त आचार्यको जीवनचरित्र' सरस रोचक गद्यप्रधान जीवनीकृति हुन पुगेको हो तापनि यसअन्तर्गत कतिपय भानुभक्तीय मुक्तक या फुटकर पद्यरचना पनि जीवनीगत सन्दर्भमा परेका छन् (पूर्ववत्, पृ. ३, पृ. ४ पादटिप्पणीसहित, ७-१३, १५-१८, २३) अनि स्वयम् मोतीरामका केही पद्योद्गार (जम्मा सात श्लोक) पनि प्रसङ्गवश यहाँ आएका छन् (पूर्ववत् पृ. २, २२ पादटिप्पणी, २४-२५) । यहाँ परेका मोतीरामका आफ्ना सात श्लोकमध्ये पनि पाँच श्लोक त यस ग्रन्थका 'इति' भन्दा पूर्वका र प्रस्तुत भानुजीवनीका खोजी र प्रस्तुतिबारेका मोतीरामका आत्मकथनस्वरूप पद्योद्गार हुँदै हुन् (पृ. २४-२५) । यसरी मूल रूपमा चाहिँ मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र' कृति मोतीरामका आफ्ना पद्योद्गार निकै कम भएकाले र भानुभक्तका पद्य भानुजीवनीकै गद्यात्मक वर्णनका उद्धृत अंश भएकाले गद्यपद्यमिश्रित चम्पू विधाको रचना नभई गद्यजीवनीविधागत नै रचना हो ।

अब यहाँ इतिहासशोध र सृजनाका दोहोरै परिप्रेक्ष्यमा अलिकति जीवनी विधाका सैद्धान्तिक र सृजनात्मक समवेत दुवै आयामबारे चर्चा गरौँ ।

जीवनी मुख्यत: जीवनधारी प्राणीमध्येको नवमेधावी मानवको सभ्यताको विकासयात्रामा पर्ने मानिसका व्यष्टि (र समष्टि) जीवनयात्राको कुनै आरम्भ तथा अन्त्य भएको (र आन्तरिक विकासको स्थानकाल परिवेश, थालनी, हुर्काइ, सङ्घर्ष र कार्यशृङ्खला तथा क्रिया-प्रतिक्रियाको अनि जैविक उद्भव, विकासह्रास र अवसानसम्मको) जिउने प्रक्रिया र क्रम तथा

टुङ्गो र त्यसका प्रभाव-प्रतिप्रभावको आकलनको भाषिक वाङ्मयिक लेखन तथा अभिव्यक्ति हुँदै हो । यहाँ कुनै एक जनाको जीवनको जति नै संक्षिप्त भए पनि पूर्ण आयाम भएको र अपवादपूर्ण अवस्थाबाहेक प्राय: अथ: र इति भएको भाषिक चित्रण र सृजन हुनु बेसै हो । साथै यहाँ खास गरी व्यक्तिवृत्त र वैयक्तिक इतिहासको आख्यानात्मक र कथात्मक तथा अन्तर्नाटकीय उक्ति र कथनबिन्दु तथा निबन्धायन र केही कवित्वसमेत अन्तर्निहित रहने भाषिक साहित्यकलाका सबै घटक र अन्तर्घटक तथा बनोटबुनोटको प्रयोगउपयोग गर्ने सृजनात्मक कौशलको खास वा निश्चित प्रकारको अपेक्षा हुने गर्दछ; यहाँ रहने एकै मात्र मूल सर्त हो– जीवनीलेखन मुख्यत: व्यष्टि (या समाज) को जानकारीको हदसम्म यथार्थ र तथ्यपूर्ण तथा सो जानकारीको अनुरूप तथा त्यस जानकारीको अतिक्रमण नगरी प्रस्तुत हुनुपर्दछ र तथ्य तथा यथार्थगत र तथ्यगत आधाररेखाको अनुपालन गर्दै कुनै लेखकद्वारा लेखिएका कसैको (महान् वा सामान्य व्यक्तिको) जीवनको सादृश्यमूलक पुन:सृजन गरिएको भाषिक कौशलयुक्त बृहत् उक्ति या सङ्कथन हुनु अपेक्षित वा वाञ्छनीय रहन्छ । इतिहास वंशावली र अरू आलेखअभिलेखन आदिका साक्ष्यका साथ व्यक्ति इतिहासपरक जीवनीलेखनमा तथ्यगत शुद्ध वर्णन र व्याख्यापुनर्व्याख्या तथा मूल्याङ्कन-पुनर्मूल्याङ्कनको तार्किक बौद्धिक प्रस्तुति महत्त्वपूर्ण र प्रधान रहन्छ भने साहित्यिक जीवनीलेखनमा भने कुनै पनि सामाजिक प्रवर्ग र हैसियतका (महान् वा सामान्य मानिस) लाई मुख्य पात्र बनाई महान् शासक, दार्शनिक, वैज्ञानिक, सामाजिक तथा सार्वजनिक कर्मी या कलाकार-साहित्यकार आदि विशिष्ट नरनारीको या सामान्य र परिधीय पीडित तथा सङ्घर्षी नरनारीको जीवनका भोगाइका प्राप्त र नयाँ खोजिएका स्थापित सत्यको

अनुपालन गर्दै आफ्ना सृजनात्मक अनुकल्पना र रणकौशलको अधिकतम समन्वित परिचालन गरी तथ्यशुद्धि, सृजनशील अनुकल्पना र भाषिक तथा भावात्मक कलात्मक सृष्टिसामर्थ्यका यावत् घटकउपघटक तथा बनोट-बुनोटको पाठकीय तथा भावात्मक र कलात्मक हृदयस्पर्शी एवम् कौतूहलपूर्ण र सरस रोचक मीठो कृतित्व नै सृजित हुनुपर्ने हो ।

यिनै उपर्युक्त आधारभूत सिद्धान्त र सृजनात्मक एवम् साहित्यिक अनुप्रयोगात्मक परिप्रेक्ष्यमा विचार गर्दा प्रस्तुत मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र' कृति भानुको जीवनभोगाइका र देशकाल परिवेशलगायत परिवार, समाज र राष्ट्रराज्यसँगका सम्बन्धसमेतका अनुकूलप्रतिकूल अवस्थागत योगहरूको अथइतिव्यापी (आद्यन्त र जन्ममृत्युव्यापी) एक जीवनीसृजन हुँदै हो । यहाँ जीवनीकार मोतीराम स्वयम्ले प्राय: लोकका वाचन, गायन, श्रुति र कण्ठस्थीकरणसँग नै सम्बन्धित रही ज्यादा प्रसारित भएको र अति नै अल्प लेखोटसरोटका स्थितिका बीच प्राय: यावत् भानुकृति खोजी पढी पाठसम्पादन र प्रकाशन गरी अनि मुख्यत: भानुपरिवारसम्म एक भानुभतिजा रामदत्तमार्फत पहुँच स्थापित गरिएको तथा भानुपरममित्र धर्मदत्त ज्ञवालीबाट र तिनीहरूमार्फत अरूबाट पनि प्राप्त जीवनीगत तथ्यमा टेकी भानुकृतिको पठन पुन: पठन र गुणदर्शनप्रधान ढङ्गले भानुकृतिको आधारभूत आस्वादन र समीक्षणसमेत गरी जानकारी पाउन सकेको जैविक-सामाजिक र भानुकृतिगत परिवृत्तान्त नै मुख्य जीवनीगत तथ्य हुन पुगेको छ । साथै यहाँ भानुतथ्य र भानुकवितामा आधारित कतिपय अनुकल्पना र प्रातिभ सृजनात्मक रोचक सरस साहित्यिक वर्णन, अङ्कन र सङ्कथनको सकल अन्तर्योजना र सृजनात्मक परिचालन गरी आफ्ना कवि, गजलकार, गद्याख्यानकार र नाटककारलगायत खोजीकर्ता र समीक्षकका चेतसमेतको परिमित

अन्तर्बौद्धिक र विशेषत: सृजनात्मक शक्तिशाली उपयोगप्रयोगसमेत गरी यो लघु भानुजीवनीकृति मोतीरामले रचेका छन् भनी मोटामोटीमा आकलन गर्न सकिन्छ ।

मोतीरामकृत प्रस्तुत भानुजीवनचरित्रसम्बन्धी कृतिमा हेर्दा लघु वा सानो पृष्ठगत काया रहेको छ तर संरचित गहिराइ र अन्तर्व्याप्ति प्रचुर रूपमा भेटिन्छ । यहाँ भानुभक्तीय जीवनीका जन्म, मृत्यु आदि प्रमुख घटनासँग भानुभक्तका साहित्यिक सृजनयात्राका विभिन्न सानाठूला ग्रन्थ (र कतिपय मुक्तक-फुटकर कविता) को रचनाप्रसङ्गलाई पनि घटनावत् रूप दिई प्रस्तुत गरिएको छ । साथै यहाँ ती भानुभक्तीय कवितारचनाभित्रको अन्तर्निहित भावलाई ध्यानमा राखेर पनि घटनाहरूको अनुकल्पना र सृजन गर्ने प्रवृत्तिसमेत भानुजीवनीकार मोतीरामद्वारा देखाइएको पाइन्छ अनि त्यस्ता दृष्टान्तसँग सम्बन्धित भानुभक्तीय कवितामध्ये यी विशेष रूपमा पर्दछन्– भानुको आत्मपरिचय दिने 'पहाड्को अति बेस देश् तनहुँमा' कविता, 'भर्जन्म घाँसतिर मन् दिई' कविता, 'गजाधर सोतीकी' भन्ने कविता, बालाजीसम्बन्धी कविता, अमरावती कान्तिपुरीसम्बन्धी कविता, गिरिधारी भाटसँग परेको मुद्दासम्बन्धी कविता, भानुभक्तका कुमारीचोकका निगरानीको अवस्था र छोरा रमानाथका व्रतबन्धबारेका जाहेरीका कविता, मित्र तारापतिको प्रसङ्ग र 'वधूशिक्षा' लघुकाव्यको रचना, सित्तै बन्दुक फुत्काएको प्रहेलिकात्मक कविता आदि । यसबाट 'वधूशिक्षा' लघुकाव्य र उपपर्युक्त ९ वटा जति मुक्तक फुटकर कवितालाई कवि भानुभक्तका जीवनी र कतिपय सामाजिक सन्दर्भलाई छोएर उपकथा र पात्रको रचना तथा कथाकथनका खास दृष्टिबिन्दु एवम् नाटकीयतापूर्ण उक्तिचातुर्यको आयोजनसमेत यहाँ जीवनीकार मोतीरामद्वारा सिर्जनात्मक रूपमा गरिएको छ । यहाँ कविता र त्यसको अन्त:कथाको मिलान भई ती कथांशबाट जीवनीको

पद्यस्पर्शित गद्यमय सत्य र भानुकवितामा आधारित अनुकल्पनात्मक कथांशको अन्तर्बुनोट एक लचिलो र अन्तरङ्ग सङ्गतिपूर्ण किसिमको कौतुकतृप्तिको सरसता र रोचकता प्राप्त हुने गरी मोतीरामद्वारा भनिएको पछि छ । मोतीरामकृत भानुभक्तका जीवनचरित्रका प्रस्तुतिका यिनै भानुकविता वा काव्यबाट प्रेरित अन्तर्घटनात्मक बुनोटतर्फ पनि यसो अरू चिहाएर हेर्ने प्रयास गरौँ ।

यहाँ भानुभक्तका जीवनीका वर्णनका क्रममा अवश्य नै जीवनकथा या घटनातर्फका विशेष रुचिले गर्दा खास गरी भानुभक्तका भेटिएका अप्रबन्धात्मक वा मुक्तक र फुटकर कविता तथा वधूशिक्षा जस्ता लघुकाव्यका रचनाका प्रसङ्गलाई पनि मोतीरामले कथात्मक सन्दर्भतर्फ डोऱ्याएको पाइन्छ । तीमध्ये प्रथमत: तथाकथित घाँसीप्रसङ्गको एक झलक अवलोकन गरौँ ।

खास गरी 'भर्जन्म घाँसतिर मन् दिइ' भनी सुरु हुने दुई श्लोके कविताको 'घाँसी' सन्दर्भ आलोचित र विवादित पनि रहेको छ । वास्तवमा लोकका छन्दगत वाचन र श्रुतिका परम्पराअनुरूपका सहज वाचनमा यहाँ घाँसे दरिद्र घरको, यस घाँसेले, म भानुभक्त धनी भैकन जस्ता लयगत वाचन पनि मिल्ने हुन् र असान्दर्भिक होइनन् भने लेख्य रूपमा यिनको ठीक लेखाइ मिलाउँदा मोतीराम चुकेकाले र 'घाँसे'लाई 'घाँसी' र 'म'लाई 'मो' पारिदिँदा मोतीरामको घाँसीप्रसङ्गले कम स्वीकार्यता प्राप्त गर्न पुगेको छ । अनि फेरि 'मो' को उपस्थितिले कसैलाई यो भानुभक्तको नभई मोतीराम भट्टकै रचना हो कि जस्तो लाग्न पुगेको पनि हो । तर यहाँ उपर्युक्त सही लयगत उच्चारणअनुसार कविताको लेख्य रूप रहेमा त्यही समस्या हुँदैनथ्यो । यो कविता चाहिँ भानुभक्तको हो तर घाँसीको कथा चाहिँ मोतीरामको उपकल्पना हो कि जस्तो बुझिन्छ ।

वास्तवमा भानुभक्तका पद्य हार्दिक सहज उच्छलनका छन्दोबद्ध लयगत ज्वारले रचिएका छन् । त्यहाँ तत्कालीन 'गोर्खा' भाषा वा पूर्वकालीन नेपाली भाषाका लोक पद्य र कविकृत पद्यमा रहेको 'अ' दीर्घ पनि हुन सक्ने, 'ए' ह्रस्व पनि हुन सक्ने, 'इ' हलन्त पनि हुन सक्ने आदि र 'आ' ह्रस्व पनि हुन सक्ने, उही शब्द अकारान्त र व्यञ्जनान्त वा हलन्त दुवै रूपमा प्रयोग हुन सक्ने अनि इकार-उकार छन्दका उच्चारणले मागेअनुसार ह्रस्व-दीर्घ दुवै हुन सक्नेजस्ता बहुल वर्णोच्चारात्मक प्रवृत्ति भएको छन्दभाषा प्रयोग भएको र त्यो सहज भएको अनि छन्दअनुरूप विभिन्न हरफ वा पङ्तिको सहज स्वाभाविक वाचन-गायन अपेक्षित हुने अनि तदनुरूप नै पद्यको लेख्य अङ्कनको आवश्यकता रहने प्रवृत्तिसमेत यहाँ भेटिने गर्दछ र यिनलाई छन्दगत लय-तालअनुरूप नै लेख्दा पनि मिलाउनुपर्ने हुन्छ ।

उपर्युक्त भानुभक्तीय छन्दगत सहज अपेक्षाको सही परिपालन मोतीरामका लेख्य अङ्कनमा हुन नसक्दाको पनि प्रतिफल हो– घाँसीप्रसङ्ग । भानुभक्तीय जीवनीगत सन्दर्भको मोतीरामले उठाएको र खास गरी बाबुराम आचार्यदेखि असहमति सुरु भएको एक बहुचर्चित प्रसङ्ग पनि हो– यो घाँसीप्रसङ्ग ।

जीवनीकार मोतीराम भट्टले मूलत: देशभक्तिको भाव र गोरखा (नेपाली) जातिको र गोरखा (नेपाली) भाषाको गौरवबोध तथा समुत्थानको चेतनासँग पनि जोडिएर यहाँ कवि भानुभक्तको जीवनीसन्दर्भलाई हेरेको पाइन्छ । सम्भवत: थोरै उमेरमै जति प्रतिभाशाली र व्युत्पन्न तथा विशेष अनुभवशाली भए पनि उनका दृष्टि र अभिव्यक्तिमा अलिकति भावुकता, यदाकदा अतिरञ्जनाको लेश र गुणदर्शनप्रधान दृष्टिको आधिक्य रहेको कुरा यस भानुजीवनीले पनि ठाउँठाउँमा प्रस्तुत गर्ने गर्दछ । तर भानुभक्तीय कविप्रतिभा र कृतित्वको परख र पारखमा भने प्राय: उनी गुणदर्शी भएर पनि खास चुकेका देखिन्नन् ।

जीवनीकार मोतीराम भट्टले सानो आकृतिको (वर्तमान साझा प्रकाशन संस्करण, २९ पृष्ठ जतिको भएको प्रस्तुत 'कवि भानुभक्तको जीवनचरित्र' कृतिमा भानुभक्तीय जीवनीगत सन्दर्भलाई प्राय: विक्रमी वर्ष (विक्रमाब्द) र यदाकदा महिनाको उल्लेख गरी (र केही ठाउँमा मात्र विभिन्न वर्षको बीचको समयावधि देखाई) प्रस्तुत गरेका छन् र त्यस्ता मुख्य विक्रमाब्दीय वर्षसन्दर्भ यसप्रकार देखापर्छन्–

| **क्रम–सङ्ख्या** | **विक्रमाब्द** | **जीवनीगत र रचनागत घटनासन्दर्भ** | **पृष्ठ** |
|---|---|---|---|
| (क) | १८६९-१९२५ | जन्म र मृत्यु | भित्री आवरणको अगिल्लो पृ. र त्यसपछिको गोर्खाभाषा पुस्तक सूचीपत्रपछिको पृष्ठ र 'विज्ञप्तिपत्रम्'का बीचको भानु चित्रारेखको पूरा पृष्ठ |
| (ख) | १८६९ | भानुभक्तको जन्म | ३-४ |
| (ग) | १८९१ | भानुको घाँसीसँग भेट र प्रेरणा तथा 'भर्जन्म घाँसतिर' कविता रचना | ६-८ |
| (घ) | १९०१ कार्तिक | कलाधर सन्दर्भ र गजाधर सोतीकी घरबूढीको कविता रचना | ८-१० |
| (ङ) | १८९८-१९०५ | फुटकर कविता रचना नपाइने प्रसङ्ग | १० |
| (च) | १९०६ | जग्गामुद्दा, नेपाल (काठमाडौँ) आगमन र बालाजु तथा कान्तिपुरी वर्णन कविता | १०-१४ |
| (छ) | १९०७ वैशाख | मधेस तराईको जागिर | १४ |
| (ज) | १९०९ | मधेस तराईको जागिरबाट खोसाइ र कुमारीचोक थुना रामायणका अयोध्या, अरण्य, किष्किन्धा र सुन्दरकाण्डको रचना; | १४-१६ |

| | | | |
|---|---|---|---|
| (ञ) | १९०९ फागुन | तनहुँ घर गई छोरा रमानाथको व्रतबन्ध | १६ |
| (ञ) | १९१० | पुन: नेपाल (काठमाडौँ) आगमन र रामायणको युद्ध र उत्तरकाण्ड रचना | १६ |
| (ट) | १९१९ | तनहुँ जाँदा तारापतिका घरमा वास र वधूशिक्षा रचना | १७-१८ |
| (ठ) | १९२० | सित्तै बन्दूक प्राप्त गर्ने कविता | १८ |
| (ड) | १९२५ | घर तनहुँ प्रस्थान, कालज्वर, पुत्र रमानाथलाई लेखाई रामगीताको रचना र मृत्यु | १८-२१ |

यति सीमित (तेह्रओटा) समयसन्दर्भमा टेकी जीवनीकार मोतीराम भट्टले निकै खिपेर सघन रूपमा भानुजीवनी तयार गरेको भेटिन्छ भने यहाँ तीमध्ये पनि ज्यादाजसो प्रसङ्गमा चाहिँ कतिपय भानुभक्तीय मुक्तक र फुटकर कविता तथा खास लघुकाव्यकै पृष्ठभूमिगत घटना र पात्रीकरण तथा संवाद, आत्मालाप तथा प्रथम या तृतीय पुरुषात्मक दृष्टिबिन्दुको कथनपद्धति आदिका रोचक विन्यासबाट कथा बुनिएको अवस्था भेटिन्छ । यी मुक्तक र फुटकर कविताहरूसँग सम्बद्ध र खास लघुकाव्यका रचनाका र महाकाव्य रामायणका विभिन्न अंशका रचनाक्रमका घटनावर्णनमध्ये घाँसी, गजाधर सोतीकी घरबूढी, तारापतिलाई वधूशिक्षा लेखी दिएको र सित्तै बन्दूक प्राप्त गरेको प्रसङ्ग चर्चित नै छन् र घाँसीप्रसङ्गको बाबुराम आचार्यका 'पुराना कवि र कविता' (२००३) को परिशिष्ट (क) मा रहेको 'भानुभक्तप्रति भट्टजी' नाउँको टिप्पणीअन्तर्गत (साझा प्रकाशन संस्करण २०२६, २०२९; पृ. २२९-२३२) द्वारासमेत तनहुँका पहाडमा मोतीरामले चित्रण गरेजस्तो घाँसीसन्दर्भ अयथार्थ र अस्वाभाविक हुने भनी तीखो तवरले आलोचना गरिएको भेटिन्छ । तानासर्मा (भानुभक्तबारे दुईचार कुरा; 'भानुभक्तदेखि तेस्रो आयामसम्म' साझा प्रकाशन, तृ.सं., २०३६; पृ. १-१०) र अरू

पनि कतिपय लेखकले घाँसीप्रसङ्गका दुई श्लोक भानुभक्तका होइनन् कि भनी शङ्का गरेको भेटिन्छ तापनि वाचनश्रवणपरम्पराबाट टिपिएका यस्ता भानुभक्तीय कवितालेखनमा सम्बद्ध छन्दशुद्धि मिलाउन भनी मोतीरामबाट बदलिएका 'म' का सट्टाका 'मो' शब्द र 'घाँसे'का सट्टाका घाँसी शब्द यहाँ मोतीरामेली र असान्दर्भिक देखिनाका साथै घाँसी प्रकरणको मोतीरामकृत कथा पनि प्राय: काल्पनिक नै देखिन्छ । परन्तु यस प्रकरणका 'भर्जन्म' र 'मेरा इनार न त सत्तल' 'घाँसतिर मन् दिइ धन् कमायो' जस्ता मालिनी छन्दगत दुई सुन्दर पद्यरचना भने युवाकवि मोतीरामका बुताभित्रका नदेखिई भानुभक्तीय नै ठहर्छन्– शैलीगत शक्ति र रचनापरिपाकका सामर्थ्यका दृष्टिले पनि । खास भानुभक्तीय लयमा 'म भानुभक्त', 'यस घाँसेले' र 'घाँसे दरिद्र घरको' भन्दा पनि मिलिहाल्छ ।

हो; जीवनीकार मोतीराम भट्टको गद्यरचनाकारिता प्राय: सरल, सरस र प्राञ्जल अनि मध्यशैलीको नै प्रस्तुत भानुजीवनीकृतिमा रहेको छ र पाठकका निम्ति नितान्त मनोग्राही पनि छँदै छ । यसमा उनका अध्ययन र भारतप्रवासले गर्दा पनि एकातर्फ केही हिन्दी र उर्दू शब्द र एकाध अङ्ग्रेजी शब्द अनि प्रशस्तै संस्कृत तत्सम शब्द परे पनि मौलिक नेपाली तद्भव बान्की परेको वाक्यरचना तथा उक्तिरचनाको कौशल भने प्राय: अविक्षत नै भेटिन्छ । प्राय: छोटाछोटा वाक्ययोजना र परिमित रूपमा खास भावपूर्ण वर्णनका बहुपदावली र वाक्यखण्ड अन्तर्निवेशित लामो वाक्यप्रवाहको प्रयोगसँगै प्राय: उनका सृजनाका प्रसाद गुणको नै आधिक्य र माधुर्य गुणको सहसञ्चरण समेत यहाँ भेटिन्छ । तर यस जीवनीग्रन्थका अन्त्यतिर कवि भानुभक्तका स्वर्गवासका वर्णनमा भने 'यस संसारमा जन्म लिएपछि' देखि "कविचक्र चूडामणि भानुभक्ताचार्यजीको प्राणहंसको यात्रा सबैका

अगाडि देख्तादेख्तै भयो ।" भन्नेसम्मको एकै अनुच्छेदको अति जटिल र बहुअलङ्कृत वाक्य रचनाका २ पृष्ठभन्दा बढीको लामो अपवाद प्रयोग भने पुरानापुराना अति लम्बेतान नेपाली गद्योक्तिको सम्झना गराउने खालको हुन पुगेको भेटिन्छ । यस जीवनीग्रन्थका सुरुतिरका नेपालका इतिहास-सभ्यता र भूगोलप्रति अनुरागी र गौरवी स्वच्छन्दतावादी र राष्ट्रवादी तथा हिन्दूत्वमुखरित चेतना अभिव्यक्त भएको गद्यकारिता र 'अचल् झन्डा फर्कोस्' जस्ता पद्यको भावुक रमणीय रौनक पनि सशक्त नै छ । वस्तुत: मोतीरामको जीवनचरित्रीय आख्यानकल्पना, परिवेशयोजना, पात्र-उपपात्ररचना, मन:स्थितिचित्रण, संवादविन्यास आदिका साथै वाक्यविन्यास र उक्तिकौशल प्राय: सरस मनोहर नै छन् । मोतीराम भट्ट ३० वर्षकै असमयमा अस्ताए पनि उत्तरभानुभक्तयुगीन नेपाली पद्य र गद्य एवम् नाटकका एक नव शैलीकार तथा नव भावभङ्गीका जनक हुँदै हुन्, जसलाई नेपाली साहित्यको माध्यमिक काल (१९४१ देखि १९७३ सालपूर्व अवधि) भनिन्छ । वास्तवमा विशुद्ध जीवनीगत कतिपय गुणदोषकै कसीमा पनि यो 'कवि भानुभक्तको जीवनचरित्र' मोतीरामको खोजमूलक र समीक्षाचेत रहेको जीवनीपरक र सिर्जनशीलताप्रधान उत्कृष्ट गद्यसृजना तथा गुणदर्शनसमर्थ कविताकाव्यसमीक्षाको सामर्थ्यको पनि संवाहक विशिष्ट नेपाली गद्यकृति हुँदै हो ।

माथि मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र'को (क) देखि 'ङ'सम्मको भानुजीवनीगत 'अथ' र 'इति'का १३ ओटा समयबिन्दुगत सिँढी भएको वि.सं. १८६९-१९२५ बीचको चानचुन पचपन्न वर्ष जतिका भानुभक्तीय आयुरेखाको परिमितिमा रहेका खास स्थानकाल, सन्दर्भ-परिवेश तथा दृश्यअन्तर्दृश्यका भानुजीवनीगत जैविक, सामाजिक र साहित्यसृजनात्मक घटना-उपघटना र अन्तर्घटनाका अनुक्रमिक संरचनाका योगबाट ग्रथित

सत्यापन यस जीवनीकृतिको मूल अन्तर्ढांचा हुँदै हो । मुख्य घटनागत सन्दर्भबिन्दुमध्ये जन्म र मृत्युका महाकोष्ठभित्रका अरू एघाह्र समयसन्दर्भबिन्दुसमेतले प्राय: भानुभक्तीय जीवनीका जैविक र सामाजिक सन्दर्भ तथा साहित्यसृजनागत घटना सन्दर्भलाई सहसन्दर्भित गरेको पाइन्छ । यीमध्ये जैविक, वैयक्तिक र सामाजिक आदि परिवेशगत सन्दर्भमा भानुभक्तका कविताको आड लिई मोतीरामद्वारा अनुकल्पित घाँसीप्रसङ्ग अयथार्थ बढी भयो भनी आलोचित छ भने गजाधर सोतीकी घरबूढीको प्रसङ्ग र सम्बद्ध भानुकविता आधुनिक नारीवादी कोणबाट केही आलोचित छ भने आधुनिक युगीन नारी स्वतन्त्रता र अस्मिताका कोणले 'वधूशिक्षा' काव्यको आंशिक आलोचना भए पनि तारापतिका घरमा राती भएको सासूबुहारी द्वन्द्वको घटना भने यथार्थिक नै मानिन्छ । प्रस्तुत मोतीरामेली भानुजीवनचरित्रसम्बन्धी कृतिका भानुजन्मवर्ष र भानुमृत्युवर्षका बारेमा पछि अन्तर्विवाद रहँदै र एक कार्यार्थ स्वीकार्य अभिमत बन्दै रहेको पाइन्छ अनि अरू घटनावर्ष, घटनास्वरूप, स्थानसन्दर्भ आदिबारे पनि घाँसीप्रसङ्गमा जस्तै र कमबेसी तीव्र पनि केही भिन्न अभिमत पछिपछि रहँदै आएको पाइन्छ– जस्तै भानुभक्तले स्वयम् जागिर खाएको कुरा र आफ्ना जागिरकालका बहीखाता फछ्र्याउन उनी कुमारीचोकका निगरानीमा रहेको कुरा, यिनका बारेमा पछि बढी अन्तर्विवाद आएको छँदै छ । तर यी खास सन्दर्भबाहेक प्रस्तुत मोतीकृतिका अरू घटनासन्दर्भ भानुकवितामा आधारित जीवनीगत तथ्यका अनुकल्पना वा यथार्थ तथ्य वर्णनका सन्दर्भमा पनि प्राय: विवादमुक्त नै छन् ।

अब संक्षेपमा मोतीरामका प्रस्तुत भानुजीवनीपरक कृतिमा रहेका जीवनीगत समीक्षाचेतनातर्फ अलिकति इङ्गित गरौं । यहाँ मोतीराम कवि भानुभक्त आचार्यका कविताकाव्यकृतिका परम पारखीका रूपमा देखापरेका छन् । समृद्ध लोकगीतबाहेक

अरू काव्यविकासको प्रारम्भिक वा प्राथमिक चरणमा नै रहेको र जनताका कण्ठका र श्रुतिका सहज माधुर्यका बहुलप्रवाहमा प्रवाहशील र व्याकरण गर्भमा नै भएको तत्कालीन सहज अव्याकृत प्राकृत गोर्खाली (नेपाली) भाषाका सृष्टिसौष्ठवलाई उजिल्याउँदै भानुभक्तले आफ्ना कविताकाव्यका सहज सरल शैली र मध्यशैली प्रचुररूपमा तर ठाउँठाउँमा उच्चशैली पनि मनोहर तथा सरल लाग्ने कवितासौन्दर्य र छन्दसङ्गीतिका साथै भावविचार, नीतिचेत र आध्यात्मिक गहन चिन्तनका उचाइसम्मका परिपाकपूर्ण रचनाको उच्च प्रदानलाई आफ्ना मुक्तक, फुटकर कविता र लघुकाव्य तथा रामायण महाकाव्यद्वारा जसरी अभिमन्त्रित गरे त्यसलाई हृदयङ्गम गर्ने नेपाली लोकपारखी, खोजकर्ता, प्रकाशक तथा प्रथम जीवनीकार र समीक्षकका रूपमा मोतीरामको योगदान अरू कसैसँग तुलनीय छैन । कति पाषाणहृदयहरूलाई अलि भावुक र अतिरञ्जित जस्तो पनि लाग्ने गरी मोतीराम भट्ट आफ्ना भानुजीवनीका सुरु भागतिरै भन्दछन्– "इन्को जन्म वर्ष विक्रमीय संवत् १९६९ साल हो । हाम्रो गोर्खा भाषाको उन्नतिको उदय पनि यसै वर्ष भयो भनी जान्नू । गोर्खा भाषामा हुन त धेरै नामका कवि भए तर कविताको मर्म जानी भाषापद्य लेख्ने कविहरूमा आदिकवि भानुभक्त नै हुन्" (पूर्ववत्, पृ. ३-४) । यसबाट भानुजीवनीकार मोतीरामको भानुकविताको महिमाको पारख गर्न सक्ने समीक्षकचेतना र राष्ट्रभक्तिको प्रखर राग पनि यहाँ भानुश्रद्धामा व्यक्तिन पुगेको प्रतीत हुन्छ । लोकमा भिजेका अनि लोकले पत्याएका र औधी रुचाएका प्रथम नेपाली महान् कवि भानुभक्तलाई चिन्न यहाँ मोतीराम चुकेका छैनन् । नेपाली लोकपद्यप्रवाहको निकट सहज लोकभाषाको कवितात्मक उच्च प्राप्तिको जुन अजेय शिखर भानुभक्तले रचे त्यसको परिष्कृत प्रथम प्रतिस्पर्धी उच्च कवि लेखनाथ पौड्याल हुन् भनी बालकृष्ण

शमशेर केही ठीकै पनि सोच्दछन् (भानुभक्त स्मारक ग्रन्थ, १९९७; 'भानुभक्ताचार्य'; २०२६, 'भानुभक्तको शैली; क्रमशः पृ. २३-२७; पृ. १२३-१२५); तर भानुभक्त अनुवाद र शैली मात्र नभई पर्याप्त मौलिक र रसमय अनि ज्ञानकाव्यका पनि उच्च कवि हुन् ।

मोतीकृत प्रस्तुत भानुजीवनीमा भेटिने भानुभक्तका कृतिविशेष या समुच्चा कवित्व र रचनाप्रक्रिया तथा ती रचनाको भावकीय र पाठकीय प्रभावसम्बन्धी यी पारखपूर्ण टिप्पणी स्मरणीय छन्–

(क) "अर्थको चमत्कार र शब्दको अलङ्कार कवि भानुभक्ताचार्यको अपार् छ ।" (पृ. ११)

(ख) "भक्तमाला अनुवादित ह्वैन किन्तु स्वकल्पित अर्थात् आफैले अज्माई बनायेको हो । भक्तिरस जसका फि पदबाट तपतप गरी चुहुन्छ; संसारका प्रपञ्चमा फसेका पुरुषहरूको कस्तो चित्तवृत्ति हुन जाँदो रहेछ यसका साफ ऐनामा मुख हेरेझैँ देखिन्छ ।" (पूर्ववत्, पृ. १६)

(ग) "प्रश्नोत्तरा... संस्कृतबाट कवि भानुभक्त आचार्यले तर्जुमा गरेको हो । यो ग्रन्थ पनि अनौठो हो । प्रत्येक श्लोकको सबाल् जवाब् लेख्दा पद राख्नाको चमत्कार कविले बहुतै असल् तरहसित देखाएका छन् ।" (पूर्ववत्)

(घ) "प्रत्येक श्लोकको सवाल् जवाब् लेख्ता पद राख्नाको चमत्कार कविले बहुतै असल् तरहसित देखायेका छन् ।" (पूर्ववत्)

(ङ) (कन्डैसित् भनि मर्जि हुन्छ त भन्या क्यारूँ सहन्छू पनि) "यस पाउको ध्वनि विचार गर्नुपऱ्यो भने

ध्वन्यालोक भन्ने संस्कृत ग्रन्थ हेर्नुहोस् खुलस्त हुन्छ ।" (पूर्ववत्, पादटिप्पणी)

(च) ('विद्वान् जन्ले लोहलाइ' कविताबारे) "यस श्लोकको भनाइ र गद्यको पदक्रम एकै छ अर्थात् यस श्लोकको र गद्यको पदक्रम एकै छ अर्थात् यस श्लोकको अन्वय गर्नुपर्दैन ।" (पूर्ववत्, पृ. १८)

(छ) "कवि दुई प्रकारका हुन्छन् । पैह्ला स्वाभाविक अर्थात् सहज कवि, दोस्रा संसर्गी अर्थात् कृत्रिम कवि । स्वाभाविक कविका बराबर कृत्रिम कवि कदापि हुन सक्तैन । सहज कविका कविताका बराबर संसर्गी कवि कैह्ल्यै पनि हुन्न । सहज कवितामा अर्थ र शब्दको अलङ्कार सरासर देखिन्छ । कवि भानुभक्ताचार्य सहज कवि थिए ।" (पूर्ववत्, पृ. २१)

(ज) "कविका भनाइका छाँट कवितामा चौपट्ट असल देखिन्छन् ।" (पूर्ववत्, पृ. २२)

(झ) "निज कविले कविता गर्नुपर्दा प्रथम आधा घडीको अन्दाज विचार गर्दथे; वहाँपछि कलम थाम्नु पर्दैनथ्यो ।" (पूर्ववत्, पृ. २२)

(ञ) "कवि भानुभक्ताचार्यका कविता फुर्तीको बयान् कहाँतक गरूँ ! चिठी पत्र, स्याह... समेत सरल कवितामा सहज गर्दथे" (पूर्ववत्, पृ. २३)

(ट) "भक्ति रसमा त अब उप्रान्त पनि भानुभक्तका बराबर कोइ कवि पनि हुन सक्तैनन् भन्ने मेरा मनमा लाग्छ तर पनि ईश्वरको सृष्टि हो; भइगो भने पनि इनीका बराबरै हुनन्; इनीभदा बढ्ता पक्का कोइ पनि हुने छैनन् भनी ठोकी लेखी दियेँ ।" (पूर्ववत्, पृ. २४)

(ठ) "रात्दिन्का बोलीचालीका बराबर कविता गर्न सक्ने सामर्थ्य केवल इनै कविमा अऊतक देखियको छ । पछि हुनेका बयान पछि नै हुनन् ।" (पूर्ववत्)

(ड) "जस्ता भानुभक्तका सरस कविता छन् ..." (पूर्ववत्)

उपर्युक्त अठाह्र उद्धरणहरूकै साक्ष्यबाट पनि मोतीराम भट्ट भानुभक्तका शुद्ध जीवनीकार मात्र नभई साहित्यशास्त्रीय चेत र तदनुरूपको भावकीय पहिचानसामर्थ्यसमेत पर्याप्त भएका भानुकवित्वका गुणदर्शनप्रबल प्रवृत्तिका पारखी प्रथम समालोचक पनि देखिन आउँछन् । साथै यहाँ जीवनीपरक समालोचक मोतीराम भट्टले आफ्ना भावकीय र श्रोतापाठकपरक कवितापारखका क्रममा भानुभक्तका पाइने पूर्वोक्त र अरू पनि रचनासामर्थ्यको चर्चा गर्दा खास गरी संस्कृत साहित्यशास्त्रका र सार्वभौम प्रकृतिका पनि साहित्यमान्यताप्रति समेत सचेत रहँदै सहज स्वाभाविक द्रुत लेखन र आशुकवित्व, शब्द र अर्थतत्त्वको तादात्म्य, पदयोजना र पदक्रम, उक्तिका छाँट र संवादयोजना, कथ्य भाषा निकटको पद्य र गद्यका बीचका छन्दयोजना, उक्तिगत निकटता तथा शब्द-अर्थगत अलङ्कृति, भाव-रस (भक्तिभाव र शान्तरस, करुण, वीर, शृङ्गार आदि रस), ध्वनितत्त्व आदि समीक्षाधारलाई यहाँ सहज रूपमा प्रयोग गरेको पाइन्छ ।

वि.सं. १९३८-४८ सालका १० वर्षका बीचका इन्ट्रेन्स (प्रवेशिका) परीक्षासम्मका विद्यार्थी जीवनबीच व्यापक लोककण्ठमा र अतिपरिमित लेखोटसरोटमा सुरक्षित कवि भानुभक्त आचार्यका कविताकाव्यलाई खोज्ने र छाप्ने महाभगीरथ युवा मोतीराम भट्ट (वि.सं. १९२३-५३) ले आफ्ना यशस्वी बहुमुखी साहित्ययात्राका क्रममा नै 'कवि भानुभक्तको जीवनचरित्र' जस्तो खोजपूर्ण, सरस, रोचक र गुणदर्शी पारखी समीक्षाप्रधान उत्कृष्ट जीवनी गद्यकृति

पनि दिई समुच्चा नेपाली जाति र पाठक-श्रोता समाजलाई जुन गुन लगाए त्यो अनुपम छ । कवि भानुभक्तको मृत्यु वि.सं. १९२५ मा भएको १२-१३ वर्षबीचमै भानुकृतित्वको खोजी सुरु गर्ने र २३ वर्षमै भानुजीवनीग्रन्थ प्रकाशित गर्ने मोतीराम भानुपुस्ता र उनका त्यस्तो उत्तराधिकारी पुस्ताका पनि निकै नजिक थिए ।

अवश्य नै भानुभक्तीय जीवनीसन्दर्भमा मोतीराम भट्ट (१९४८) ले चर्चा गरेका र अरू पछि जानकारीमा आएकासमेत अन्य अनेक प्रसङ्गसमेत उल्लेखनीय छन् र ती अधिकतर वा कमबेसी मतान्तरयुक्त रहेको देखिन आउँछ भने भानुजीवनीसन्दर्भको अझ सघन र वस्तुनिष्ठ तथा न्यायपूर्ण निक्र्योलको अपेक्षा अझै छँदै छ । यस परिप्रेक्ष्यमा मोतीराम भट्टको– 'कवि भानुभक्तको जीवनचरित्र' (पूर्ववत्, १९४८) अन्तर्गतको 'इति' भनि सकिएपछि प्रथमतः च्यान्टाच्यान्टा कविहरूलाई र अव्यक्ततः त्यस्ता खोजकर्ता, समीक्षक, जीवनीकार आदिका निम्ति पनि पक्षदृष्टिबाट माथि उठी न्यायदृष्टि ग्रहण गर्न गरेको दुई वाक्यको विनीत तर चुनौतीपूर्ण अनुरोध (पूर्ववत्, पृ. २७ का अन्तिम चार हरफ) अत्यन्त मननीय छन् भन्ने म पनि सकार्दछु ।

खास गरी मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र' ग्रन्थ (१९४८) प्रकाशित भएको चार या पाँच दशक बित्दादेखि नै मोतीरामका भानुसम्बन्धी कतिपय सूचना र स्थापनालाई लिई खण्डन र मण्डनको क्रम १९८९-१९९८ सालका बीच सुरु भएको देखिन्छ । यहाँ यति मात्र सङ्केत गरूँ– सूक्ष्म दृष्टिबाट नियाल्दा र निर्क्योल्दा भानुभक्तका परम श्रद्धालु र प्रवर्धक तर उनलाई आदिकवि नमानी जातीय कवि स्थापित गर्ने दृढ अडानका सूर्यविक्रम ज्ञवालीका सहमा दीननाथ सापकोटाले भानुभक्तलाई आदिकवि मान्न अस्वीकार गरेको पाइन्छ अनि विष्णुमाया र सुब्बा रङ्गनाथका मोतीरामप्रतिका उदासीनता र बाबुराम आचार्यका मोतीरामप्रतिका

न्यायोचित भन्दा बढी आलोचनाभावले बिनु न्यायोचित निर्क्योल मोतीरामका क्रमश: भानुका जन्मवर्ष (वि.सं. १८६९) र देहान्तवर्ष (वि.सं. १९२५) दुवैका धारणा निकै वर्ष विस्थापित जस्तै हुन पुगे; यसबारे थप निरुपण अरू कुनै बेला गरुँला ।

वास्तवमा मोतीराम भट्टले लोकस्तरमा वा साझा भाषा तथा सरकारी भाषाका रूपमा रहेको तत्कालीन गोर्खाभाषा वा नेपाली भाषा (मातृभाषा हुने र बुझ्ने जनसमुदाय) का मुख्यत: मुखोट (वाचन, श्रवण र कण्ठस्थीकृत सम्झना) र लेखोटसरोटमा परिमित रूपमा सीमित भानुकृति वा भानुकृतित्वलाई दस वर्ष (१९३८-४८) का अथक तपस्याबाट खोजे, पहिल्याए र प्राय: प्रथम रूपमै छापाखानामार्फत प्रकाशित गराई अरू लोकप्रसारित गर्न योगदान दिए अनि त्यसैबीचका तीन वर्षका मिहिनेतले भानुजीवनचरित्रको सक्दो प्राथमिक खोज र लेखन गरी अनि कम्तीमा भानुका साढे पच्चीस श्लोक (मुक्तक-फुटकर कविता) तथा अत्यन्त पारखी र गुणदर्शी एवम् साहित्यशास्त्रीय सञ्चेतनायुक्त काव्यसमीक्षाचेतसहितको 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) मा प्रस्तुत गरे अनि त्यसमा उचनीच भए क्षमा माग्दै र पुगअपुग भए अर्का संस्करण भएमा खुसीपूर्वक छाप्ने कुराको मोतीरामेली प्रतिबद्धता उनका ग्रन्थका 'इति' भन्दा पूर्वका पद्यहरूमार्फत आएको छँदै छ । तर त्यसको पाँच वर्षकै बीच कलिलो आयुमै रोगाई १९५३ साल भाद्र अमावस्या वा औँसीमा उनी कालकवलित हुन पुगे । यस जीवनचरित्रग्रन्थमा एकातर्फ कवि नाटककार, गद्यकार र मोतीराम भट्टका पच्चीस वर्षे युवा कल्पनाशीलता र सिर्जनशीलता तथा अन्तर्भावुकताका अंशले अनि अर्कातर्फ भानुका मुक्तक फुटकर कविता (र काव्यमहाकाव्य) का अव्याकृत प्राकृत सहज स्वच्छ भाषा र छन्दप्रवाहका सङ्गीति तथा सरस अर्थविधानका पारस्परिक जोडले सृजित गेय-श्रव्य छन्दभाषाले हलन्त-अजन्त र

ह्रस्वस्वरको दीर्घता र दीर्घस्वरको ह्रस्वता र स्वरवर्णकै पनि हलन्त उच्चारण माग्ने अतिह्रस्वतालगायतका श्रुतिसङ्गीतिगत अपेक्षालाई कतिपय अवस्थामा राम्ररी पहिचान्न नसक्नाले अनि भानुभक्तका लोककण्ठबाट सीधै उपलब्ध हुन आएका मुक्तक र फुटकर कवितासँगका पूर्वापरसन्दर्भका घटनावृत्तका वर्णनका लोभले अनि इन्ट्रेन्स (प्रवेशिका) परीक्षाका विद्यार्थीजन्य समयचापलेसमेत स्वयम् तनहुँ चुँदीरम्घा र रमानाथसम्म प्रत्यक्षतः पुग्न नसक्दा पनि मोतीरामका भानुजीवनचरित्रमा प्रतिभाजन्य परिधिमै हुन सक्ने किसिमका स्थितिगत त्रुटिसमेत छन् ।

यो 'कवि भानुभक्तको जीवनचरित्र' ग्रन्थ छापिनासाथ १९४८ सालका चुँदीरम्घाका सलहका बिज्याइँका सन्दर्भमा रमानाथ र मोतीरामबीच भेट काठमाडौँमा भयो पनि; तर मोतीको जीवनकाल समाप्त नहुँदै यस जीवनचरित्रको अर्को संस्करण भने हुन सकेन । यसै परिप्रेक्ष्यमा मोतीरामले भानुकृतिका आधारभूत खोज र प्रकाशनसहित गरेका जीवनीपरक खोज र जीवनीलेखनका क्रममा वस्तुनिष्ठ कतिपय कमजोरी रहे पनि मोतीरामको सरस रोचक कथनवर्णनको उम्दा राष्ट्रशैली र पारखी गुणग्राही र उच्च समीक्षाचेतसहितको जीवनीगत लेखनको यो प्रदान भने सापानापामा उच्चकोटिको छ र यस्तो भानुमहातपसी मोतीराम नै रहे– हेक्का राख्नै पर्छ । साथै भानुभक्तीय जीवनीका अध्ययनमा साइना र सम्बन्धका परिप्रेक्ष्यमा को भानुभक्तको कति नजिकको हो भन्ने पक्षदृष्टिको पनि आफ्नो सीमित महत्त्व छ तापनि भानुजीवनीबारेका सूचक, सूचना र जानकारीका सन्दर्भमा समयान्तरालका दृष्टिले त्यो भानुजीवनकालको को कति निकट छ र आप्तप्रमाण मान्न सकिने पुरुष (वा नारी) केकति हो होइन भन्ने कुरा पनि न्यायदृष्टिले धेरथोर विचारणीय रहने नै गर्दछ ।

# उत्तरवर्ती भानुजीवनीपरक परिमार्जनको सन्दर्भ

मोतीराम भट्टको 'कवि भानुभक्तको जीवनचरित्र' ग्रन्थको प्रकाशन भएको वर्ष १९४८ सालपछि केवल पुगनपुग पाँच वर्ष बाँचे र १९५३ सालका भाद्र कृष्ण औँसीमा ३० वर्षकै अत्यन्तै कलिलो आयुमा दिवङ्गत भए । त्यसपछि विभिन्न प्रकाशकहरूले र खास गरी भानुभक्तीय 'रामायण'का सम्पादकहरूले भानुभक्तीय 'रामायण' वा अरू विभिन्न ग्रन्थका प्रकाशनका क्रममा केही भानुभक्तीय चर्चा गरे; आशुकवि, नाटककार र निबन्धकार शम्भुप्रसाद ढुङ्ग्यालले 'आदिकवि भानुभक्ताचार्यको जीवन चरित्र' नाउँको छोटो भानुजीवनी लेखे; (तर त्यो त्यतिखेर भने छापिएन); कवि कृष्णप्रसाद रेग्मीले पनि भानुका बारेमा कविता लेखी छपाए अनि कवि धरणीधर कोइरालाले आफ्ना कवितामार्फत भानुभक्तप्रति श्रद्धाभाव व्यक्त गर्न थाले । यी र अरू कतिपय जानकारी भेटिए पनि भानुभक्तीय जीवनीअध्ययन र त्यसका केही कुरा या पक्षमा ठोस थपथाप तथा परिमार्जन-संशोधनतर्फ भने मोतीरामको मृत्युको चार दशकसम्म कसैले ज्यादा गम्भीर चासो लिएको जानकारी उपलब्ध छैन ।

त्यसपछि वि.सं. १९८९ मा दीननाथ सापकोटा भानुभक्तको आदिकवित्वको प्रतिवाद गर्दै देखा परे भने त्यसपछि भानुभक्तका

जीवन र रचनाका बारेमा बहुमुखी चर्चा गर्दै ब्रह्मशम्शेर ज.ब.रा.को 'कवि भानुभक्त' भन्ने ग्रन्थ (१९९५) देखापऱ्यो । विशेष गरी नेपाली साहित्य सम्मेलन दार्जिलिङद्वारा प्रकाशित र सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित 'भानुभक्त-स्मारक ग्रन्थ' (१९९७) मा भानुभक्त आचार्यका जीवनी, कृति र योगदान तथा आदिकवित्व आदिका बारेमा लगभग सकारात्मक अनेक प्रकारका महत्त्वपूर्ण चर्चापरिचर्चा र व्याख्या-विश्लेषण भएको पाइन्छ तर यो स्मारक ग्रन्थ भानुभक्तीय जीवनीका अध्ययनमा विशेष केन्द्रित प्रयास भने होइन ।

त्यसपछिको अर्को वर्ष वि.सं. १९९८ मा भानुभक्तकी नातिनी रमानाथकी छोरी विष्णुमायाका सङ्ग्रह र आयोजनामा प्रकाशित भएको (अनि रङ्गनाथ शर्मासमेतका स्रोत र सूचना तथा कथनसमेत रहेको) 'भानुभक्त मणिमाला' ग्रन्थमा भानुभक्तका जन्मवर्ष र त्यसका तिथिमितिलगायत नयाँ जानकारी र अभिमतसमेत प्रकाशित भएको पाइन्छ । यस ग्रन्थमा कवि भानुभक्त र भानुपुत्र कवि रमानाथकासमेत रचनालाई समेटिएको र केही नयाँ भानुभक्तीय मुक्तक फुटकर कविता पनि थपिएको देखिन्छ । तसर्थ खास गरी भानुभक्तका जीवनीपरक अध्ययनका क्रममा यस 'भानुभक्त मणिमाला' ग्रन्थले केही उल्लेख्य नयाँ सूचना र सामग्री प्रस्तुत गरेको पाइन्छ भने यो निश्चय नै, मोतीरामकृत 'कवि भानुभक्तको जीवनीचरित्र'को ठोस भानुजीवनीगत पूर्वाधार पछिको एक सूचनापूर्ण नयाँ थप पाइलो हुँदै हो । तर यसमा उल्लेखित भानुभक्तीय जन्मवर्षलगायत तिथिमितिको भने त्यहाँदेखि नै समयसमयमा विभिन्न परीक्षण-सम्परीक्षण हुँदै आएको छ, अनि खास गरी भानुजन्ममिति र भानुभक्तीय जन्मजयन्तीका दिनका सन्दर्भमा त्यो लगभग स्वीकृतजस्तै हुन पुगेको छ । नाटक नै भए पनि बालकृष्ण शमशेर राणा (पछि सम)को 'भक्त भानुभक्त' (वि.सं. २००२)ले भानुभक्तको जीवनीको परिचर्चालाई केही सघायो ।

बाबुराम आचार्यका 'पुराना कवि र कविता' (२००३) र 'तुलनात्मक सुन्दरकाण्ड' (२००२) हुँदै अनि भाइचन्द प्रधानको 'आदिकवि भानुभक्त आचार्य' (२००९) समेत भई भानुजीवनी आदिको अध्ययनक्रम अघि बढ्दै रहेकोमा नरनाथ आचार्यका 'कविसम्राट् आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (२०१७-१८; परिमार्जित-परिवर्धित द्वि.सं. २०३६) आदि हुँदै खास गरी भानुजीवनीपरक अध्ययनले एउटा निश्चित तर अझै परिमार्जनीय दृष्टिपरिधि बसालेको हो । यसैताक कमल दीक्षितको 'यस्तो पनि' (२०१४ 'साझा संस्करण') र 'कालो अक्षर', (२०१७ 'मोतीरामको बालकाण्ड' 'भानुका उपाधि') जस्ता कृतिले पनि भानुका कृति र कृतित्वको अध्ययनलाई थप सघाए । त्यसपछि विशेष गरी मुक्तिनाथ आचार्यको 'भानुको भावना' (२०२९) तथा 'आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी' (२०४२), यादव खरेलको भानुभक्त पटकथा (२०५६) को जीवनीगत सन्दर्भ, व्रतराज आचार्यको 'आदिकवि भानुभक्त जीवनी र कविताको सम्परीक्षण' ( २०५८,२०७०) तथा 'भानुभक्तको रामायण' (२०७१), भद्रवीर अधिकारीको 'नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान' (विद्यावारिधि शोधप्रबन्ध २०६०, प्रकाशन २०६२), कविता लामाको 'भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन' (विद्यावारिधि शोधप्रबन्ध, सन् २००२) र शिवराज आचार्य कौण्डिन्यायनको 'भानुभक्तकृत भाषारामायण' (२०६७), पुष्कर अथक रेग्मीको 'अग्रदूत (छविलाल नेपाल) संक्षिप्त परिचय' (२०७०; पाँचौँ परिच्छेद : भानुभक्त र छविलाल) शर्वराज आचार्यको 'भानुभक्तको खोज' (२०६९) तथा 'भानुभक्तको जागिर र मितेरी' (गोरखापत्र दैनिक, २०७२ असार २९, पृ. ७) आदिले भानुजीवनीलगायत विषयमा विशेषतः थप जानकारी कतिपय परिमार्जनसहित दिएका छन् र भानुभक्तको जीवनीको तथा कृतित्वको अरु गहन र परिमार्जित

तथा स्तरीय अध्ययन तथा विवेचनको निरन्तर गतिक्रम वाञ्छनीय नै छ । त्यसैले अब यहाँ, प्रस्तुत मन्तव्यका यस भागमा मोतीरामका उत्तरवर्ती भानुजीवनीगत परिमार्जनका उपर्युक्त प्रमुख सन्दर्भबारे मुख्यत: दीनानाथ सापकोटा, रङ्गनाथ शर्मा (र विष्णुमाया) अनि बाबुराम आचार्य तथा नरनाथ आदिका भानुजीवनीगत अभिमतबारे क्रमश: यथावश्यक छलफल र विवेचना गरिनेछ ।

आधारभूत रूपमा मोतीरामका उपर्युक्त 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) नामक कृतिका आदिकविसम्बन्धी समीक्षात्मक मान्यतासँग उल्लेख्य असहमति रघुनाथ उपाध्याय (भट्ट, पोखरेल) द्वारा रचित 'रामायण सुन्दरकाण्ड' का वि.सं. १८८९ मा प्रकाशित द्वितीय संस्करणका मुखबन्धमा त्यसका सम्पादक दीननाथ सापकोटाले ४१ वर्षपछि प्रकट गरेका हुन् । उक्त रघुनाथीय 'रामायण सुन्दरकाण्ड' वि.सं. १९४५ मा डमरुबल्लभबाट बनारसको साक्षीविनायकको गोरखायन्त्रालयमा पहिलो पल्टको (प्रथम) संस्करण छापिएकामा त्यसको ५४ वर्षपछि पुन: यस द्वितीय संस्करणको प्रकाशन नेपाली साहित्य सम्मेलन, दार्जिलिङबाट सूर्यविक्रम ज्ञवालीका तत्परतामा भएको देखिन्छ । उक्त रघुनाथीय 'रामायण'का 'सुन्दरकाण्ड'का द्वितीय संस्करणका मुखबन्धमा दीननाथले भानुभक्तको आदिकवित्वप्रतिको असहमति यसरी जनाएको पाइन्छ– "...भन्न ता कविवर भानुभक्ताचार्यलाई आदिकवि भन्छन् तर भानुभक्तभन्दा पनी अघी लेखियेका साहित्यका ग्रन्थहरू हुँदाहुँदै कविवर भानुभक्तलाई आदिकविको पद दिनु योग्य होला के ? भानुभक्त पनि पुराना योग्य कवि हुन् तर मेरा मतमा आदिकवि होइनन् ।" दीनानाथका मतमा रघुनाथ आदिकवि हुन् र अरु यो आदिकवि पद जतिजति अघिका कवि फेला पर्दछन् तिनले पाउनु योग्य छ भन्ने उनको मूल अभिप्राय झल्किन्छ । यो मोतीरामको 'कवि भानुभक्तको जीवनचरित्र'को मूल कथन यहाँ, यस प्रसङ्गमा,

पुन: सम्झौँ– ‘गोर्खा भाषामा हुन त धेरै नामका कवि भानुभक्तभन्दा पैह्ले भये तर कविताको मर्म जानी भाषापद्य लेख्ने कविहरूमा आदिकवि भानुभक्त नै हुन् ।’ (मोतीराम भट्ट, पूर्ववत्, पृ. ४) ।

अब यहाँ ‘भानुभक्तस्मारक ग्रन्थ’ (१९९७) समेतका आडमा पनि थप चर्चा गरौँ । यहाँ अर्को के कुरा पनि महत्त्वपूर्ण रहेको छ भने १९८४ सालदेखि ‘वधूशिक्षा’को पाठसम्पादन गरी नेपाली साहित्य सम्मेलनबाट र १९८९ सालदेखि पाठसम्पादन गरी ‘रामायण’ प्रकाशन (गोरखनाथ एन्ड कम्पनीमार्फत) गर्दै आएका अनि नेपाली साहित्य सम्मेलनका अग्रणी त्रयी मानिने सूधपा (सूर्यविक्रम, धरणीधर, पारसमणि)मध्ये भानुभक्तका परमभक्त र प्रवर्द्धक सूर्यविक्रम ज्ञवाली भानुभक्तलाई आदिकवि नभनी नेपाली जातीय कवि भन्न रुचाउँथे र उनले ‘भानुभक्त-स्मारक ग्रन्थ’ (१९९७ : प्र.सं. परिव.सं. २०२६) का सम्पादक र लेखकका रूपमा क्रमश: भूमिका (पृ. क) र ‘भानुभक्त’ भन्ने लेख (पृ. ४२-४५) मा भानुभक्तलाई ‘जातीय कवि’ तथा ‘नेपाली साहित्यका ध्रुवतारा’, ‘कहिलै ननिभ्ने अग्निशिखा’ र ‘मानिस मात्रको हृदयलाई शान्त शीतल पार्ने चन्द्रज्योत्स्ना’ जस्ता भावपूर्ण र गुणगरिमापूर्ण विरुदावली र औपम्यले सम्मानित गरे पनि आदिकवि भने भनेको पाइन्न । त्यस्तै सूर्यविक्रमले ‘नेपाली जातित्वका विकासमा भानुभक्तको योगदान’ (पूर्ववत्, पृ. ६४-६९)मा जोड दिँदै भन्दछन्– नेपाली जातित्वरूपी घरका थपथप राखिएका इँटा अब भानुभक्तका साहित्यका जलेपले जोडिन आए (पूर्ववत्, पृ. ६६) । युरोपअमेरिकाका कवि भए भानुभक्तका जीवनी र ग्रन्थका समालोचनाले एउटा सानुतिनु पुस्तकालय भरिने र भानुभक्त नेपाली वाल्मीकिअवतार तथा तुलसीदास नेपाली नारीका कोखमा अवतार भएको जस्तो कवि अवतार हुन् भन्ने किसिमको आदरपूर्ण, भावुक र श्रद्धापूर्ण उद्गारसमेत सूर्यविक्रमले भानुभक्तप्रति व्यक्त गरेको पाइन्छ (मोतीराम विरचित ‘कवि भानुभक्तको

जीवनचरित्र'; द्वि.सं. १९८३, प्रस्तावना, पृ. १; नरनाथ आचार्य, पूर्ववत् पृ. १६८ पादटिप्पणीसहित); तापनि भानुभक्तलाई आदिकवि चाहिँ भनेको पाइन्न ।

उपर्युक्त परिप्रेक्ष्यमा नेपाली साहित्य सम्मेलनद्वारा सूर्यविक्रम ज्ञवालीकै तत्परतामा प्रकाशित रघुनाथीय सुन्दरकाण्डका मुखबन्धमा दीननाथले भानुभक्तलाई पुराना योग्य कवि माने पनि आदिकवि नमानी रघुनाथलाई आदिकवि मान्ने मत प्रस्तुत गर्नाका सन्दर्भमा आदिकवि उपाधि विवादास्पद हुने भन्ने मान्ने सूर्यविक्रम ज्ञवालीको अन्तरआशयको पनि अलिकति पुट छ कि भन्न सकिन्छ ।

वास्तवमा समासयुक्त आदिकवि शब्दको पूर्वपद 'आदि' का 'जसभन्दा पहिलो अर्को छैन' भन्ने अभिधार्थ या वाच्यार्थमा दीनानाथको जोड देखिन्छ र यस्तो सोच्ने प्रवृत्ति अद्यावधि पनि देखापर्ने गर्दछ तापनि आदिकवि शब्द ऋग्वेद (र सामवेद)लगायतका अनेक पूर्ववर्ती वैदिक कविहरू र उशना शुक्र प्रभृति लौकिक कविहरूको अस्तित्वबीच संस्कृत भाषाका 'रामायण' महाकाव्यका रचनाकार वाल्मीकिप्रति उनका अत्यधिक लोकप्रियताका कारणले रूढ र स्थापित भएझैँ लक्ष्यार्थमा नेपाली भाषामा पनि आदिकवि शब्द प्रथमतः भानुकविताका वाचक, श्रोता र कण्ठस्थकर्ता लोकबाट र क्रमशः मोतीराम भट्ट प्रभृति मनीषीहरू हुँदै प्रायः भानुभक्तप्रति नै लक्षित हुँदै रहेको छ– आदि महान् नेपाली कविका रूपमा । मेरो यो धारणा विक्रमको एक्काईसौँ शताब्दीको तेस्रो दशकको मध्यतिरदेखि नै मेरा विभिन्न कृतिगत सन्दर्भमा सार्वजनिक रूपमा व्यक्त र लिखित रूपमा विभिन्न कृतिमा प्रकाशित हुँदै आएको अभिमत हुँदै हो ।

उपर्युक्त भानुभक्तस्मारक ग्रन्थ (१९९७, २०२६) अन्तर्गत खास गरी पूर्वार्द्ध भाग भानुभक्तीय 'रामायण' कति अनुवाद र कति

मौलिक हो भन्नेबारेमा बालकृष्ण शमशेर (सम)ले शैलीसिद्ध अनुवादमा र पुष्करशमशेरचाहिँ आदर्श पद्यानुवादका मौलिक बान्कीमा जोड दिएको पाइन्छ । अनि भानुभक्तको आदिकवित्वका पक्षमा मृगेन्द्रशमशेर सशक्त ढङ्गले उभिएको भेटिन्छ र भानुभक्तीय कृतिसमालोचनाको सही शास्त्रीय दिग्दर्शन पण्डित कुलचन्द्र गौतमबाट प्रस्तुत भएको छ । त्यस्तै विशेषत: उत्तरार्द्ध भागमा पारसमणि प्रधानले भानुभक्तका जीवन र कृतिबारेमा, जगत् छेत्रीले भानुभक्तीय भाषाका बारेमा, डिल्लीराम तिमसिनाले भानुभक्तीय छन्दबारेमा, कमला साङ्स्कृत्यायनले 'भानुरामायण'का अद्वैत दर्शनबारेमा विशेष चर्चा गरेको देखिन्छ । भानुका पद्यार्चनामा विशेषत: लेखनाथ पौड्याल, धरणीधर कोइराला र बालकृष्णशमशेर अनि चक्रपाणि चालिसे, दीननाथ सापकोटा, पारसमणि प्रधान आदिका कविता पनि सामान्यत: स्मरणीय छन् भने सिद्धिचरणका 'भानुभक्तप्रति', लक्ष्मीप्रसाद देवकोटाको 'घाँसी' र तुलसी अपतन तुलसीबहादुर छेत्रीका 'भानुभक्त कविता' विशेष उत्कृष्ट छन् अनि नेपाली शिक्षापरिषद् कालको माधवप्रसाद घिमिरेको 'आदिकविको अर्चना' र भानुभक्त पोखरेलको 'भानु-उदय' (भानु-उदय, १:१, २०१९) कविता अमर रचना हुन पुगेका छन् ।

भानुजीवनीका क्षेत्रमा भानुभक्त आचार्यका छोरा रमानाथकी छोरी विष्णुमायाद्वारा वि.सं. १९९८ सालमा 'भानुभक्त मणिमाला' ग्रन्थ छपाई प्रस्तुत भई त्यसको 'भूमिका' अन्तर्गत सु.रङ्गनाथ शर्मा (भानुभक्तका परममित्र धर्मदत्त ज्ञवालीका छोरा बोधराज ज्ञवालीका एक छोरा) ले 'परिचय' शीर्षकमा भानुभक्त आचार्यसम्बन्धी विशेष जानकारी र सो ग्रन्थसँगै रहेको 'कविपरिचय'अन्तर्गतका जन्मकुण्डली र सोसँग संलग्न भानुसम्बन्धी एक उपकथा तथा भानुभक्तकृत मानिएको 'श्रिशालीवाहन्का समय' भनी सुरु हुने शिखरिणी छन्दगत अढाई पद्यले भानुभक्तका नाम,

जन्मवर्ष र मितिबारे मोतीकृत भानुजीवनीभन्दा पृथक् जानकारी दिएको र भानुभक्तका पास्नी, प्रारम्भिक शिक्षा र व्रतबन्धबारे थप जानकारीसमेत दिएको अनि भानुभक्तका केही थप मुक्तक फुटकर श्लोक (रमानाथका रचनासहित थपेको र मूलत: भानुभक्तका सबै पूर्वप्रकाशित रचना पनि समेटेको) भेटिन्छ भने यसका प्रमुख विशेष जानकारी सारांशमा यस प्रकारका छन् (परिचय, पृ. १४-१६; कविपरिचय, पृ. १-२)–

(क) रङ्गनाथ शर्माका अनुसार धनञ्जय आचार्यका जेठा छोरा धनञ्जयका पुत्रको जन्म १८७१ साल आषाढ कृष्ण अष्टमी धन लग्नमा भई देवीभक्त भन्ने न्वारानको नाउँ जुर्ने भए पनि पिता धनञ्जयबाट १२ वर्ष सूर्यको व्रत गरेपछि यी पुत्र जन्मेकाले यिनको नाउँ भानुभक्त पनि राखिदिन अनुरोध भएअनुसार सो भानुभक्त नाउँ प्रचलित रहेको हो ।

(ख) रङ्गनाथका अनुसार यी बालक देवीप्रसाद वा भानुभक्तले ६ मैनामा पास्नी हुँदा सो पास्नीपछि दिनमा सुताई ब्यूँझदा सामुन्ने विभिन्न वस्तु राखिदिएकामा पहिले पुस्तक र पछि कलम समाती मसीमा खसाएबाट यिनको भावी आजीव, आजीविका या वृत्तिको पूर्वसङ्केत पितासहितलाई प्राप्त भएको थियो ।

(ग) रङ्गनाथकै अनुसार भानु पाँच वर्ष लागेपछि १८७५ साल माघ महिनामा शुभ दिन सुमुहूर्त पारी गणेशजीको पूजा गराई उनको अक्षरारम्भ गरिएको, मैना दिनमा उनीले जोडेका अक्षरसम्म चिन्ने भएको र याज्ञवल्क्यद्वारा प्रणीत सप्तश्लोकी सूर्यकवच ७ दिनमा कण्ठ पारी पितालाई सुनाएको र व्रतबन्धपूर्व नै उनले अमरकोश

पढी पछि विद्वान् पिताबाट वेद, काव्य, कौमुदी (व्याकरणग्रन्थ) पढेको र १९८३ तिरदेखि उनले उनका जन्मकुण्डलीकार ज्योतिषीबाट उनका घरमा गई ज्योतिष पढेकोलगायत भानुशिक्षाबारेको थप जानकारी प्राप्त हुन्छ । साथै परवर्ती विद्वान् डा.जयराय आचार्य (भानुभक्त आचार्य : हिज लाइफ एन्ड सेलेक्टेड पोइम्स, २०६८, पृ. १३४)बाट प्राप्त सामग्री र जानकारीअनुसार भानुभक्तका ती ज्योतिषगुरु पण्डित बद्रीनाथ पन्त रहेको र तिनलाई भानुभक्तलाई पढाएबापतसमेत जग्गादान गरिएको पूर्वसन्दर्भ भएको खाल्टेबेसी मादीको तीर पोल्याङटार घियापानीको १६ मुरी खेत मुखी तनौ चुँदीरम्घा गाउँ बस्ने भानुभक्त पण्डितलाई पढाई केही दामसमेत थपी लिने बद्रीनाथ पन्तका नाति जलशाही पन्तले आफ्ना बाबु ईश्वरीदत्त पन्त स्वर्गे हुँदाका काजकिरियाका कामअन्तर्गत सो खेतमध्येको ५ मुरी खेत गोपाल पण्डितलाई १९६७ साल वदि ४ रोज ३ मा दान दिएको) लिखतसमेत फेला परेको आदि कुरा अवगत हुन आएको छ । शास्त्रदत्त पन्तकृत 'नेपालका पन्तहरूको इतिहास' (२०६४, पृ. १७८)मा बाग्लुङ गैह्रागाउँका भविदत्त पन्तका आठौँ पुस्तामा चाहिँ पं.बद्रीदत्तको नाउँ भेटिन्छ । बाग्लुङका यी डा.शास्त्रदत्त पन्त एवम् साहित्यकार प्रेम छोटा आदिबाट पनि यसबारे चर्चा हुने गरेको पाइन्छ ।

(घ) रङ्गनाथका अनुसार १९२५ सालमा यी भानुले संसारयात्रा खतम गरे ।

(ङ) साथै रङ्गनाथले भानुपुत्र रमानाथकी छोरी विष्णुमायालाई तिनले मागेअनुसार 'भानुभक्तको जन्मकुण्डली' र

पाइएको 'एक डेढ श्लोक' आफूसँगको भानुसामग्री छाप्न हस्तान्तरणसमेत गरे ।

(च) त्यस ग्रन्थको 'कवि परिचय' अन्तर्गत चाहिँ बायाँतर्फ भानुभक्त आचार्य (खास न्वारनको नाउँ देवीप्रसाद?) को जन्मकुण्डलीको खाका दिई सो पानाका बायाँतर्फ भानुभक्तको १८१७ आषाढ १९ गते रविवार कृष्णपक्षको अष्टमीको दिन जन्म भएको बताइएको छ । साथै त्यसपछि "ज्योतिषिजीका घरमा भई ज्योतिष पढी ...घरमा ल्याई आफ्ना पिता धनञ्जयका करकमलमा टक्र्याएको श्लोक" भनी उक्त कुण्डलीको पद्यात्मक वर्णन भएको र भानुभक्तकै ज्योतिष पढ्दाको छात्रावस्थाको रचना भनिएको अढाई श्लोक दिइएको (पृ. १, २) पाइन्छ । प्रस्तुत 'भानुभक्त मणिमाला' ग्रन्थमा प्रकाशित विष्णुमायाको भूमिका (पृ. १-१३) मा मुख्यत: वेदान्तपरक चर्चा नै छ र अन्त्यमा आफ्ना बाबु-बाजेका सबै रचना आफ्ना भक्तजनका भेटीबाट छापी नि:शुल्क वितरण गर्ने पुण्यभावना नै उनले व्यक्त गरेको पाइन्छ । त्यसैले अब यहाँ रङ्गनाथ (र विष्णुमायाका) अनुसारका 'परिचय' र 'कविपरिचय' अन्तर्गतका उपर्युक्त थप जानकारीबारे केही वैध जिज्ञासासहित विमर्श गर्ने प्रयासका क्रममा प्रथमत: भानुभक्त आचार्यका परममित्र धर्मदत्त ज्ञवालीका नाति यी रङ्गनाथ शर्माद्वारा उल्लिखित उक्त भानुजन्ममिति र उनबाट प्राप्त भानुलग्नकुण्डली र उनका स्रोतबाट प्राप्त भानुका आफ्ना रचना भनिएका लग्नकुण्डलीपरक कविताका बारेमा नै चर्चा केन्द्रित गरौँ । यस सन्दर्भमा उठ्ने मुख्य जिज्ञासाहरू यस्ता हुन सक्छन्–

(क) 'कविभानुभक्तको जीवनचरित्र' (१९४८) लेख्दा मोतीराम भट्टले त्यसको 'विज्ञप्तिपत्रम्' अन्तर्गत उल्लेख गरेअनुसार सो जीवनीग्रन्थका मूलस्रोत मानिएका भानुभक्तका भतिजा (कान्छा बाका छोरा) रामदत्त आचार्यले आफ्ना पिता चतुर्भुज र काका रमानाथ आदिसँग सोध्दै नसोधी भानुजन्मवर्ष (१९६९ विक्रम सम्वत्) लगायत त्यतिका धेरै भानुजीवनीपरक घटनागत तिथिमितिको जानकारी के जन्मवर्षमै समेत गल्ती हुने गरी दिएका हुन् त ?

(ख) के वि.सं. १९४७ मा प्रथम भानुजीवनीलेखक कवि मोतीराम भट्ट स्वयम्ले भेट गरी सहायता मागेका (र मोतीरामलाई भानुभक्तीय रामगीताको दुर्लभ लेखोटको प्रतिलिपि सार्न दिई प्रकाशन गर्न सघाउने) भानुपरममित्र धर्मदत्त ज्ञवालीले पनि मोतीरामलाई सही भानुजन्मवर्षसम्म नै पनि नबताई आफूसँग भएको भानुजन्मकुण्डलीको टिपोट तथा सोबारेको भानुभक्तको आफ्नै कविताबारेसमेत सुइँकोसम्म पनि नदिएकै हुन् त ?

(ग) फलानो गाउँठाउँ बस्ने फलानाकी पत्नी फलानीका यतिऔँ गर्भबाट जन्मेको भनी विज्ञ ज्योतिषीले प्रमाणित गरेको जन्मपत्रिका वा चिना (त्यो परम्परानुसार भानुको शवसँगै जलाइयो होला) का अभावमा र मान्य अरू आप्तसाक्ष्यको उपस्थितिविना अनि स्वयम् भानुपुत्र रमानाथकै पनि वि.सं. १९६८ मा मृत्यु भइसकेको र विष्णुमायाबाहेक अरू थप कुनै नातिनतिनाको पारिवारिक विश्वसनीय साक्ष्यसमेतविना र मोतीराम भट्टको कवि भानुभक्तको जीवनचरित्र (१९४८) छापिएको लगभग

आधा शताब्दीपछि सुब्बा रङ्गनाथ (भानुमित्र सुब्बा धर्मदत्तको नाति र भानुले गायत्रीमन्त्र सुनाएका शिष्य बोधराजका एक छोरा)बाट प्राप्त र प्रस्तुत भएको भानुजन्मवर्ष, भानुका न्वारनको नाउँ, र जन्मलग्नकुण्डली टिपोट तथा आफैँ भानुभक्तले आफ्ना जन्मकुण्डलीबारे छात्रावस्थामै लेखेको भनिएको कवितासमेत स्वत:प्रमाण हुन्छ कि यो परत: प्रमाणित पनि हुनु आवश्यक होला ?

(घ) भानुभक्तको जीवन शेष भइसकेपछि र यसै नामले उनी काव्यजगत्मा प्रतिष्ठित भइसकेको अनि उनको प्रथम जीवनीग्रन्थ छापिएको आधा शताब्दीपछि यो (भानुभक्त भन्ने नाम) उनको जन्मलग्नअनुसार जुर्ने न्वारानको नाउँ होइन र त्यस्तो नाउँ देवीप्रसाद हो अनि छोरा पाउन बाह्र वर्ष भानु वा सूर्यको व्रत गर्ने पिता धनञ्जयका विशेष अनुरोधमा भानुभक्त नाम पनि राखिएको हुँदा सो भानुभक्त नाउँ चलेको हो भन्नु सत्य हुन पनि र नहुन पनि सक्छ कि !

(ङ) भानुभक्तको भनिएको जन्मकुण्डलीको टिपोट भानुमित्र धर्मदत्तका छोरा र भानुशिष्य बोधराजका एक पुत्र रङ्गनाथबाट धर्मदत्त ज्ञवाली बितिसकेपछि प्राप्त भएको सन्दर्भमा सो प्राप्ति गृहस्रोत विश्वसनीय छ तर त्यतिकैमा मात्र प्रामाणिक मान्ने कि सम्पूर्ण प्रकरणको प्राज्ञिक विमर्शन पनि जरुरी (थियो र) छ ?

(च) साथै उक्त 'कविपरिचय'का पृष्ठ १ मा सीधै 'भानुभक्त आचार्यको जन्मकुण्डली नभनी जन्मनक्षात्र र पाउअनुसारको न्वारानको नाउँ देवीभक्त रही लोकमा

भानुभक्त आचार्य नाउँले प्रसिद्ध भानुभक्त आचार्यको जन्मकुण्डली भन्दा बेस हुन्थ्यो होला; जन्मकुण्डली चिनाको र जन्मनक्षत्र पाउअनुसारको मूल नामबाटै लेखिन्छ । तर अर्को रङ्गनाथकृत 'परिचय' (पृ. १)बाट भने निज देवीप्रसादकै चिना होला भनी बुझ्न त सकिन्छ;

(छ) साथै भानुभक्तले आफ्ना जन्मकुण्डलीबारे स्वयम् रची बाबु धनञ्जयलाई सुनाएको भनिएको (एक रोचक उपकथासहितको) उक्त जन्मकुण्डलीको श्लोकसंरचनाको सकल सन्दर्भगत ज्योतिषीय र काव्यशैलीगत लगायतको उच्चस्तरको विमर्शन गर्न भानुभक्तको ज्योतिष पढ्दो छात्रावस्थाको उमेर र सामर्थ्यसमेतको वस्तुनिष्ठ आकलन खास नपर्ने नै हो ? वास्तवमा विज्ञ ज्योतिषीले मात्रै उक्त जन्मकुण्डलीपरक भानुकविताको छेदभेद लगाउन सक्छ भने वेदान्त विद्यालाई 'अध्यात्मरामायण'कार स्वामी रामानन्दभन्दा मीठोसँग र सरल रूपमा 'रामायण'मा भन्न सक्ने र जगद्गुरु शङ्कराचार्यका 'प्रश्नोत्तरा मणिरत्नमाला'लाई उनकै प्रश्न-उत्तरका शैली र ढाँचामा नडगी नधकाई आफ्ना छाँट र विच्छित्तिमा सरल र रोचक ढङ्गले भन्न सिपालु भानुभक्तले आफ्नो 'जन्मकुण्डली'बारे यति जटिल ज्यौतिषीय प्रस्तुति किन गरे होलान्; सोच्नैपर्छ । मैले चाहिँ भानुसम्मानमा अति सरल ढङ्गले उनको जन्मकुण्डलीका केवल प्रारम्भिक तथ्यलाई उनकै भाषाशैली र छन्दको नजिक रही तीनश्लोकमा यसरी रच्ने एक शिष्ट विनोद गरेँ–

१. **श्रि साली वाहन्को समय अघि त्यो सत्र सयको ।**
**थियो षड्त्रिंशत्को बरस जब मेरो जनम भो ।।**

**थियो मैह्ना आषाढ् गुरु जन त भन्छन् मिथुन मास् ।**
**गते उन्तिस् जाँदा धन लगन मीन् हो जनम राश् ॥१॥**

२. **घडी एक्तिस् बत्तिस् पल दिन बिती गोधुलि जुन्यो ।**
**नछेत्रै पैलो पाउ पनि हुन गई रेवति पऱ्यो ॥**
**जनम्को नाम् मेरो जब हुन गयो दे भनि सुरु ।**
**दिने देवीभक्तै मकन शुभ नाम् न्वारन गुरु ॥२॥**

३. **पिताले भानूको व्रत पनि गऱ्या बाह्र बरस ।**
**म ता जन्म्याको हूँ सफल भई त्यै पुण्य तपस ॥**
**म भानुभक्तैले पढि गुनि गुरु आश्रममहाँ ।**
**सिकैँ ज्योतिष् जानैं ग्रह कुन थिए कुण्डलिमहाँ ॥३॥**

(ज) सुब्बा रङ्गनाथले भानुभक्तको मृत्युवर्ष चाहिँ मोतीरामकृत भानुजीवनीमा लेखिएअनुसार नै वि.सं. १९२५ मात्र नै, यहाँ उल्लेख गरेको पाइन्छ भने विष्णुमायाले पनि आफ्ना बा रमानाथले बाजे भानुभक्त (वा देवीप्रसाद) को क्षयाह श्राद्धको वार्षिक तिथि थाहा पाएकै हुनुपर्ने र त्यो सोध्न भुलेजस्तो किन देखिन आयो ?

वास्तवमा सुब्बा रङ्गनाथ शर्माले मोतीरामद्वारा पचास वर्ष अगि 'कवि भानुभक्तको जीवनचरित्र' मा लेखेको जन्म वर्ष (वि.सं. १८६९) को उल्लेख गरी त्यसको सोपत्तिक खण्डन गरेर नै आफ्नो जानकारीमा रहेको भानुको जन्मसम्बन्धी यो उपकथासहितको नयाँ विवरण प्रस्तुत गरिदिएको भए अझ बेस हुन्थ्यो कि ! ठोस गाउँठाउँका निवासी बाबुआमाको नाम र आमाको यतिऔँ गर्भ भनी छुट्याई जातकको जन्मलग्न र नक्षत्रका पाउअनुसार जुर्ने प्रामाणिक नाउँ र फार्ने नाउँ आदिबारे पनि उल्लेख गरिएको कुनै प्रामाणिक ज्योतिषीको प्रमाणीकरण खास नभेटिएको केवल उतार जन्मकुण्डलीटिपोट तथा एउटा जन्मकुण्डलीपरक कविताको मात्र आधार लिई भानुजन्मवर्षबारे संशोधित धारणा राखिएकामा त्यसका

पक्षमा उचित परीक्षण हुनुपर्ने कि नपर्ने ? यसमा रङ्गनाथ शर्मा र विष्णुमायाभन्दा उत्तरवर्ती विद्वान् र स्वजनहरूले थप निर्क्योल गर्नुपर्ने होइन र ?

निश्चय नै यी जिज्ञासाहरू आफ्ना ठाउँमा छँदै नै छन् तर भानुभक्तको जन्मको वर्ष, महिना, पक्ष, तिथि, लग्न आदि सहित विस्तृत विवरण, राख्नेफार्ने दुई नाउँ, जन्मकुण्डली टिपोट र जन्मकुण्डलीसम्बन्धी भानुकविता वि.सं. १९९८ मै आएर भए पनि सार्वजनिक गरिदिएकोमा भने रङ्गनाथ शर्माको (र विष्णुमायाको) विशेष देन मान्नु नै पर्दछ । जे होस्; यिनीहरूबाट प्रस्तुत हुन आएका थप नयाँ जानकारीमध्ये न्वारानको नाउँ देवीभक्त विशेष अध्येताहरूले मात्र प्रयोग गरे पनि उक्त जन्मवर्ष र त्यसका सौरमानअनुसारको महिना तथा गते भने असार २९ गते वार्षिक भानुजयन्ती मनाउने सन्दर्भमा र वि.सं. १८७१ को जन्मवर्षचाहिँ कति औँ भानुजयन्ती भन्ने गणनाक्रम एवम् भानुजीवनी तथा भानुद्विशतवार्षिकीका क्रममा पनि मान्य नै रहेको छ ।

अब यहीँनेर अर्को एकथरी झिनै भए पनि विशेष सम्भाव्यताले समेत इङ्गित खोज्छ । के भानुभक्तका राख्ने (न्वारानको) र फार्ने (लोकमा चलाउने) दुई नाउँ देखिन आएझैँ जन्मवर्ष पनि कतै दुई थरी त थिएनन् ? एउटा (दुई वर्ष उमेर बढाई विशेष आवश्यकताअनुसार प्रयोगमा ल्याइएको) जन्मवर्ष लोकमा चल्यो र भानुभतिजा रामदत्तमार्फत र भानुमित्र धर्मदत्त ज्ञवालीमार्फत जानेर मोतीरामले भानुजीवनीकृतिमार्फत जुन लोकलाई दिए त्यो लोकप्रचलित वि.सं. १८६९ अनि अर्कोचाहिँ लोकमा नचलाइएको र जन्मपत्रिका वा चिनामा विस्तृतिपूर्वक रहेको तर भानुपुत्र रमानाथ तथा भानुभतिजा रामदत्त र सुब्बा धर्मदत्त दुवैथरीले मोतीराममार्फत लोकलाई चिनाउन नचाहेको (तर तेस्रो पुस्ताका सुब्बा रङ्गनाथले

घरमा भेटी तेस्रो पुस्ताकै विष्णुमायालाई छाप्न दिएको) वि.सं. १८७१ आषाढ २९ गते कृष्ण अष्टमी आदित्यवार भनिएको देवीभक्त (भानुभक्त)को न्वारान-चिह्नाको जन्मवर्ष (तिथिमितिसहितको) यो एक वैकल्पिक र समानान्तर सोचजस्तो नै हो । उपर्युक्त सन्दर्भमा यदि वास्तविक जन्मवर्ष १८७१ भएर पनि भानुभक्तको उमेर जग्गाजमिनलगायत घरव्यवहारका काम र अड्डा तथा लिखतका कामका तथा अरू विशेष आवश्यकताका कारणले सार्वजनिक रूपमा दुई साल घटाई भानुजन्मवर्ष १८६९ कायम गरी उमेर दुई वर्ष कानुनी रूपमा बढाउनुपर्ने कुनै (१४ वर्ष पुग्दा सोह्र वर्षको भन्नुपर्ने) सुरु अवस्था थियो भने त्यसतर्फ पनि विमर्शन अपेक्षित हुन सक्छ ।

वास्तवमा धेरै व्यक्तिका राख्ने र फार्ने दुई नाउँ देखिने गर्दछन्– (क) औपचारिक लोकव्यवहार अड्डा, शिक्षा आदिमा चलाइएको र (ख) खास जन्मेको र चिनाको । यसै गरी गरी कति व्यक्तिका दुई थरी जन्मवर्ष पनि देखिने गरेका छन्– (क) औपचारिक लोकव्यवहार, सार्वजनिक जीवन, अड्डा, शिक्षा आदिमा चलेको र चलाइएको तथा (ख) खास जन्मेको र चिना आदिमा मात्र पाइने ।

उपर्युक्त परिप्रेक्ष्यमा रमानाथ आचार्य र रामदत्त आचार्य तथा धर्मदत्त ज्ञवालीको पुस्ताले भानुजीवनी लेख्न उद्यत तथा अनेक भानुग्रन्थ खोजी प्रकाशित गर्नाका साथै चर्चित नेपाली साहित्यस्रष्टा नवप्रतिभा कवि-नाटककार तथा गद्यकारका रूपमा पनि प्रतिष्ठित मोतीराम भट्टलाई भानुभक्तको वि.सं. १९६९ कै प्रचलनको जन्मवर्ष दिएको र पछि उनै धर्मभक्त ज्ञवालीका नाति रङ्गनाथ शर्मा (ज्ञवाली) का पुस्तामार्फत विष्णुमायालाई चाहिँ भानुभक्तीय खास जन्मतिथिमिति दिई उपर्युक्त 'भानुभक्त मणिमाला' प्रकाशित गर्ने बखतमा सघाएको सामान्यत: देखियो ।

यहाँ एउटा समसन्दर्भ पनि सम्झूँ– मोतीरामकृत भानुजीवनचरित्र (१९४८) का प्रत्यक्ष-अप्रत्यक्ष स्रोत पनि भानुभक्तकै एक भतिजा रामदत्त (र भानुपरममित्र धर्मदत्त ज्ञवाली) त हुन्; त्यो खास यथार्थ कुरा खुलस्त जान्न सक्ने उहिल्यै नै बिते, कोही पनि रहेनन्– न मोतीराम, न रामदत्त, न धर्मदत्त ज्ञवाली, न त रमानाथ स्वयम् ।

मोतीराम भट्टले भानुभक्तको मृत्यु भएको १२ वर्ष जतिपछि १९३८-४८ सालबीच लोकबाट भानुभक्तका कृति सुनी सारी या दुर्लभ लेखोटसरोट फेला पारी सम्पादन गरी अनि आफ्नो विद्यार्थी जीवनकालको सीमित आर्थिक क्षमताको उपयोग गरी र अरू धनवन्त तथा दिलवन्तहरूलाई उत्प्रेरित गरी १९४१-४८ सालका बीच भानुकृतिहरूको प्राय: पहिलोपल्ट (अयोध्या, अरण्य, किष्किन्धा, सुन्दर तथा युद्धकाण्डको र रामगीताबाहेकको रामायणप्रकाशनको दोस्रोपल्ट) प्रकाशन गराउनका साथै भानुजीवनीगत तथ्य भानुभतिजा रामदत्त आचार्य र भानुमित्र धर्मदत्त ज्ञवाली र उनीहरूमार्फतसमेत सङ्ग्रह गरी कवि भानुभक्त आचार्यको जीवनी (१९४८) निकाली सोही साल भानुपुत्र रमानाथलाई श्रद्धापूर्वक भेट गरी सो जीवनचरित्रमार्फत जीवनीपरक पारखी समीक्षासहित भानुभक्तलाई लोकप्रसिद्ध आदिकवि तुल्याउन सक्दो कोसिस गर्दै भानुभक्तकै साहित्यउद्धारक तथा परमभक्त साहित्यपुत्र जस्तै भई भानुप्रति परम श्रद्धापूर्वक सेवा चढाई मोतीरामले त्यस भानुजीवनचरित्र ग्रन्थको प्रकाशनको पाँच वर्षमै रोगाई जीवनलीला अर्पण गरी मुक्त हुनुपऱ्यो । विभिन्न स्रोतबाट भानुपुत्र रमानाथले भानुभक्तको जीवनचरित्र लेखी छपाउँदा मोतीरामले यो चाहिँ मुक्तक वा फुटकर कविता किन छुटाएको होला भन्नेबाहेक अरू खास गुनासो नगरी मोतीरामप्रति परमश्रद्धा देखाएको नै जानकारी भेटिन्छ । यस परिप्रेक्ष्यमा भानुनातिनी रमानाथकी छोरी विष्णुमायाबाट सङ्ग्रह

गरिएको र सुब्बा रङ्गनाथ शर्माको सहयोग र अभिमतसमेत रहेको 'भानुभक्त मणिमाला' ग्रन्थ (१९९८) मा ती मोतीराम भट्ट भन्ने मानिसको नामको पहिलो अक्षर 'मो' सम्मको पनि सम्झना गरिएको पाइएन ।

मैले देखे जानेका र सुनेका अनि मसँग सम्पर्क भएका भानुभक्त र रमानाथका शाखासन्ततिमा र भानुभक्तका सबै काकाहरूतर्फका अनि भानुभक्तका भतिजाभतिजीहरूका शाखासन्ततिमा पनि (कुलवधू र छोरी तथा छोरीतर्फका हाँगामासमेत) मोतीरामप्रति परम श्रद्धाभाव नै रहेको अनुभव गरेको छु भने 'भानुभक्त मणिमाला' मा मैले भानुजनहरूको मोतीरामप्रतिको त्यस चिरकृतज्ञताको भावको कमी पाएँ । बरु त्यहाँ मैले मोतीरामप्रतिको उदासीनता (र अलि उपेक्षाजस्तो) भाव पाएँ; गुनासो त्यति नै हो । मोतीरामले बताएको भानुजन्मवर्षको पनि चर्चा गरी 'सही यो चाहिँ हो' भनी भनिदिएको भए अझ पाको काम हुन्थ्यो कि ! जिज्ञासा त्यतिसम्म हो !

जे होस्, सुब्बा धर्मदत्त ज्ञवालीका सन्ततिशृङ्खलाबाट भानुभक्तले धर्मदत्तलाई टिपेर दिएको हुन सक्ने आफ्नो जन्मलग्नकुण्डलीको उतार र सम्भवत: धर्मदत्त भेट हुँदा तत्काल वा अगि नै रचेको र दिएको सो जन्मलग्नकुण्डलीबारेको (सम्भवत: अलि पाको उमेरमै रचिएको त्यो कविता) सुरक्षित राखी विष्णुमायालाई आफ्नो लिखित अभिमतसहित 'भानुभक्त मणिमाला' मा छपाउन दिएकामा रङ्गनाथ शर्माप्रति र छापेकामा विष्णुमायाप्रति पनि हामी भानुप्रेमीहरूको कृतज्ञताभाव छँदै छ । भानुकै खुद लेखोटमा या धर्मदत्त ज्ञवालीकै खुद हस्ताक्षरमा ती कुण्डली र कविता अझै रङ्गनाथका शाखासन्ततिसँग सुरक्षित रहेको भए तिनको मूल वा प्रतिच्छवि प्रकाशित हुन सके झन् राम्रो हुनेछ । विष्णुमायाको 'भानुभक्त मणिमाला' का भानुका र रमानाथका

कविताको पाठप्रति अर्का भानुजीवनीकार नरनाथ आचार्यको जस्तै अरू धेरैको पनि थोरथोर गुनासो छ भने भानुकी एक नातिनीले र नेपाली नारी विष्णुमायाबाट जे जो भयो, त्यो भने गर्वको विषय छँदै छ ।

मोतीजीवनीकार नरदेव पाण्डेका अनुसार मोतीराम भट्टले भानुभक्तका परममित्र (तथा वर्षगणनाअनुसार सम्भवत: सतसठ्ठी वर्षका उमेरतिरका) सुब्बा धर्मदत्त ज्ञवालीलाई काठमाडौँ मखनटोलका घरमा १९४७ सालमा भेटेका थिए भने भानुभक्तका एक पनाति मुक्तिनाथ आचार्य (२०४२, पृ. ५६) का अनुसार उनले १९९८ सालमा अतिवृद्ध रङ्गनाथ शर्मालाई भेटेको चर्चा गरेको पाइन्छ । त्यस्तै मुक्तिनाथ आचार्यले भानुभक्तले धर्मदत्त ज्ञवालीलाई गायत्रीमन्त्र सुनाएको चर्चा गरे पनि यिनीहरू (भानुभक्त-धर्मदत्त) परममित्र नै हुन्, अनि बाबुराम आचार्यले चाहिँ भानुभक्तले धर्मदत्त ज्ञवालीका छोरा बोधराज ज्ञवालीलाई पाल्पा गई गायत्रीमन्त्र दान गरेको सही उल्लेख गरेको पाइन्छ अनि केही दशक अघि रवीन्द्रनाथ शर्माले भानुभक्त खलकलाई गुरुखलक मानेको चर्चा गरेका थिए भन्ने पनि मैले सुनेको हुँ । विशाल कर्णाली प्रदेशको बजगाउँदेखि गुल्मीको ज्ञवाकोट हुँदै पाल्पा चिदीपानीसम्मको पूर्व अवस्थलक्रमको र रवीन्द्रनाथ शर्माको तेह्रौँ पुस्तासम्मको सामान्य जानकारीरेखा पूर्वप्रशासनकर्मी तथा वरिष्ठ नेपाली कवि नारायण ज्ञवालीसमेतबाट पाएको हुँ; धर्मदत्त ज्ञवालीका पूर्वज र शाखासन्ततिबारे यस पटक मैले विशेष केन्द्रित भई सोधखोज गर्न पाइनँ; अनुकूल मिले अर्को कुनै पटक त्यस्तो प्रयास गरौँला ।

समयसन्दर्भमा भानुभक्तीय जीवनीका बारेमा केही थप चर्चा गर्ने अर्को प्रयास बाबुराम आचार्यद्वारा सम्पादित 'पुराना कवि र कविता' (२००३) का सम्पादकीय चर्चाअन्तर्गत पनि भएको पाइन्छ । खास गरी भानुभक्तीय जन्मवर्षका बारेमा मोतीराम र रङ्गनाथका

उल्लेखमा पाइने अन्तरबारे विद्वान् इतिहासकार बाबुराम आचार्यद्वारा विशेष विमर्श हुनु अपेक्षित थियो र भएको भए यो सन्दर्भ अरू सुस्पष्ट हुन सक्थ्यो कि भनी सोच्न सकिन्छ तर बाबुराम आचार्यले को भतिजा भनी ती मोतीरामका मुख्य सूचक स्रोत रामदत्तलाई अलि हलुकैसँग लिई केवल १८७१ आषाढ भनी भानुजन्मवर्षको चर्चा गरेको पाइन्छ (पूर्ववत्, पृ. १००)। प्रश्न काँचै रह्यो, भानुजन्मवर्ष १८६९ नभई १९७१ भए किन आषाढको खास मिति तथा पक्ष एवम् तिथिवार बाबुरामको विवेकअनुरूप यहाँ उल्लेखयोग्य ठहरिएनन् !

मोतीरामले भानुभक्तको शिक्षा संस्कार बाजे श्रीकृष्णबाट भएको कुरा भानुभक्तीय 'पहाड्को अतिबेस देश' भनी सुरु हुने पद्यको उद्धरणसहित बताएको पाइन्छ (पूर्ववत्, पृ. ३, ६); त्यहीँ सुब्बा रङ्गनाथले बाबु धनञ्जयबाटै भानुभक्तले ज्योतिषबाहेक सम्पूर्ण शिक्षा पाएको बताएको भेटिन्छ भने वि.सं. १८६७-१८६९ देखि जीवनका सन्ध्याकालसम्म पाल्पामा जागिरे रहेका भनिने धनञ्जयले त्यहीँ भानुभक्तलाई झिकाई पढाएको मान्नुपर्ने वैकल्पिक स्थिति सृजित हुन आएकामा बाबुराम आचार्यचाहिँ बाजे श्रीकृष्णबाटै भानुले ज्योतिषबाहेक अरू शिक्षा संस्कार पाएको र व्याकरण तथा साहित्यमा त्यो शिक्षा उति राम्रो नभएको मान्दै भिन्न ढङ्गले देखापर्छन् (पूर्ववत्, पृष्ठ. १००)। यी बाबुराम आचार्यले भानुभक्तीय जन्मकुण्डलीसम्बन्धी कविताको उपकथासमेत सही मानी सो जन्मकुण्डलीकविता आभ्यासिक भानुकविता सकारेको र उद्धृतसमेत गरेको देखिन्छ (पूर्ववत्, पृ. १००-१०१)। बाबुरामबाट 'पुराना कवि र कविता' तथा 'तुलनात्मक सुन्दरकाण्ड' (वि.सं. २००२) मार्फत भानुका कृतित्व र तुलनात्मक कवित्वशक्ति तथा आदिकवित्वबारेमा विशेष विमर्श गरी भानुअध्ययनलाई निकै अगि बढाएको पाइन्छ तर भानुजीवनीका अध्ययनसन्दर्भमा भने बाबुराम

आचार्यका कतिपय धारणा विशेष उल्लेख्य र कतिपय चाहिँ अपुष्ट र असान्दर्भिक पनि रहेको समेत बुझिन आउँछ ।

बाबुराम आचार्यद्वारा भानुभक्त आचार्यले वि.सं. १९०२ तिरै पाल्पातिर मेजर/राइटर सरहको जागिर खाएको र सुब्बा वीरेन्द्रकेशरी ले आफ्ना मामा पर्ने भानुभक्त आचार्य पाल्पाका खरदार रहेको बताएको चर्चा गरेका छन् । बाबुरामले आफ्नै जागिरका बहीखाता फरफारक गर्ने क्रममा भानुभक्त कुमारीचोकमा सामान्य निगरानीमा रहेको र अनि भानुभक्तको मृत्युवर्ष वि.सं. १९२५ नभई १९२६ हो भन्नेसमेत भिन्न राय व्यक्त गरेको भेटिन्छ (पुराना कवि र कविता, पूर्ववत्, पृ. १०३-५) । त्यस्तै बाबुराम आचार्यले भानुभक्तको क्षयाहको तिथि भानुभक्तका नाति डि.दुर्गाभक्त आचार्यका सहयोगबाट पहिलोपल्ट यहाँ प्रस्तुत गरेका छन् र त्यो हो– आश्विन शुक्ल पञ्चमी । यो क्षयाह तिथि चाहिँ अद्यावधिक मान्य नै रहेको छ । (पूर्ववत्, परिशिष्ट (क) पृ. २२७, परिशिष्ठ (ख) पृ. २२८, एघाह्रौं ग्रन्थ 'भानुभक्त मणिमाला' बारेको टिप्पणी, पृ. २३४-३५) तर भानुभक्तको मृत्युवर्ष वि.सं. १९२६ हो भन्ने सन्दर्भमा मोतीकृत भानुजीवनीबाट मिथ्या छिद्र खोज्दै भानुभक्तका नाति र एक रमानाथपुत्र उपर्युक्त डिठ्ठा दुर्गाभक्तको सहमतिसमेत बाबुरामले लिन खोजेको भेटिन्छ (पूर्ववत्, पृ. २२७-२८, २३४-३५) । यो भानुमृत्युवर्ष (१९२६)को मान्यता परवर्ती समयसन्दर्भमा नेपाल र भारतमा निकै वर्ष चलेर सूर्यविक्रम ज्ञवाली (भानुभक्तको रामायण, नेपाली साहित्यसम्मेलन, दार्जिलिङ २०११, २०१५) र पछि नरनाथ आचार्य (२०१७-१८) को प्रभाव बढेपछि समाप्त भयो र खरदार बाबुराम आचार्य र डि.दुर्गाभक्त आचार्यको भानुको क्षयाह तिथिको स्थापना अब लगभग मान्य भइसकेको छ ।

टुकराज पद्मराज मिश्र (रामकृष्ण कुँवर राणा उपन्यास १९९९, लेखकको गन्थन, पृ. घ) देखि नै मोतीराम भट्टका

‘घाँसी’ प्रति शङ्का व्यक्त गर्न सुरु गरिएकामा बाबुराम आचार्यले मोतीको भानुजीवनीका घाँसीका बारेमा गरेको अधिकांश तर्क र उद्भावना ठाउँमै परेका छन् (पूर्ववत्, परिशिष्ट ख, पृ. २२९-३२) र मोतीरामले भानुपद्यगर्भित कथा कल्पना गर्दा तनहुँको स्थानीय परिवेशलाई प्रायः आत्मसात् गर्न नसकेको नै बुझिन आउँछ ।

अब बाबुराम आचार्य (२००२, २००३) ले भानुभक्तीय जीवनी, कृति, योगदान र आदिकवित्व जस्ता विषयमा थपेको नयाँ जानकारी र उठाएका नयाँ विवाद आदिबारे चर्चा गरौँ ।

संस्कृत ‘अध्यात्म रामायण’को सुन्दरकाण्डको कवि भुवनप्रसाद ढुङ्गयालले गरेको छायानुवादस्वरूप नेपाली गद्यानुवादसँग रघुनाथ र भानुभक्तका नेपाली ‘सुन्दरकाण्ड रामायण’का पाठको तुलनात्मक विवेचना गरी बाबुरामद्वारा रघुनाथका दाँजामा भानुभक्तको कवित्वको उत्कृष्टता देखाइएको छ । आदिकवित्वबारेको अध्ययनमा चाहिँ मोतीरामपछिको तर उत्तिकै गुणात्मक समीक्षा र कविताकाव्यको पारखको शक्ति कम भए पनि पर्याप्त गहकिलो तुलनात्मक समीक्षापद्धतिको वाग्द्वार र भानुभक्तोन्मुख विद्वत्तापूर्ण विशिष्ट अध्ययन पनि हो– बाबुरामको यो तुलनात्मक सुन्दरकाण्ड (२००२) ।

मोतीराम भट्टले भानुभक्त आचार्य बितेको साल (वि.सं. २०२५) को २२ वर्ष जतिमै ‘कवि भानुभक्तको जीवनचरित्र’ को रचना (पूर्ववत्, पृ. २४) भएको चर्चा यसरी गरेका छन्– “आज कवि भानुभक्त स्वर्गवासी भयाको केवल २२ वर्ष भयो ...” । मोतीरामले उक्त भानुजीवनीग्रन्थको ‘विज्ञप्तिपत्रम्’ वि.सं. १९४८ भाद्रपद कृष्ण ८ मा लेखेकाले त्यस ताक पूरापूर (वा त्यसभन्दा केही समय अघि वा मोतीजीवनीकार नरदेव पाण्डेकाअनुसार १९४७ सालमा भानुभक्तका परममित्र धर्मदत्त ज्ञवालीसँग उनको

काठमाडौँ मखनटोलका घरमा मोतीरामले भानुभक्तका जीवनीका खोजका क्रममा भेटेको र त्यहीँ भानुभक्तका भतिजा (कान्छाबा इन्द्रविलासका नाति) ती रामदत्तलाईसमेत भेट्न पाउँदा रामदत्तलाई पनि भानुभक्तीय जीवनीका तथ्य आदिबारे जानकारी पाउन अनुरोध गरेको र सो सहयोग पाएको केही समय (केही हप्ता वा महिना) पछि, सामान्यत: भानुस्वर्गवासका बाईस वर्ष जति पुगेपछि, मोतीरामकृत यो भानुजीवनीलेखन लगभग 'इति' भएको या तयार भएको बिन्दुतर्फ पुगेको बुझिन्छ (मोतीराम भट्ट, पूर्ववत् पृ. २४) । यसबारे स्वयम् मोतीरामले यसो भनेको पाइन्छ – ''संसारमा जन्म लीकन आफ्नू नाम राखेन भने त्यस् पुरुषले जन्मेको के सार ? आज भानुभक्त स्वर्गवासी भयाको केवल २२ वर्ष भयो तर कविताको सामर्थ्य हेर्नुहोस् ।'' यसबाट १९४७ सालको अन्तिम समय या १९४८ सालको भदौको कृष्णाष्टमीभन्दा निकै अगावैको समयताक मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र' जीवनीग्रन्थ पूरा भएको र भारतजीवन प्रेस बनारसमा छपाइको व्यवस्थाका निम्ति पाण्डुलिपि पठाउन १९४८ भाद्र कृष्णाष्टमीमा 'विज्ञप्तिपत्र (म्)' लेखेको हुँदा सो समयगत परिधि कवि भानुभक्त आचार्यको देहावसान (१९२५ साल आश्विन कृष्ण पञ्चमी: असोज ६ गते) का दृष्टिले पूरा २२ वर्ष (र चानचुन केही महिना) को अवधिभित्रै सामान्यत: पर्ने देखिन्छ । यसमा अन्तर्विरोध पर्‍यो भनी परवर्ती विद्वान् (बाबुराम आचार्य पूर्ववत् पृ. १११, २२८, २३४-२३५) ले उल्लेख गरेको भए पनि मोतीरामका भनाइमा अन्तर्विरोधको दोष देखाई मोतीरामले बताएको र रङ्गनाथ शर्मा र विष्णुमाया (१९९८) ले पनि ठीक ठहर्‍याई अङ्गीकार गरेको भानुमृत्युवर्ष वि.सं. १९२५ लाई वि.सं. १९२६ बनाउने प्रयास बाबुरामले गरेको देखिन्छ, तापनि त्यसमा भानुमृत्युवर्ष १९२६ बारे भानुभक्तका नाति डिठ्ठा दुर्गाभक्त आचार्यको पनि सहमति रहेको भन्ने

बाबुरामको भनाइ छ तर परवर्ती भानुजीवनीकार तथा विद्वान्हरूबाट पनि यसको खण्डन भई भानुभक्तको मृत्युवर्ष १९२५ (आश्विन शुक्ल पञ्चमी) स्थापित भएको अब त झन्डै साठी वर्षजति भइसक्यो (नरनाथ आचार्य, पूर्ववत्, पृ. २, ५८; भद्रवीर अधिकारीको २०६२ सालमा प्रकाशित 'नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान' शीर्षकको विद्यावारिधि शोधप्रबन्ध, पृ. ५२, त्यसको परिशिष्ट (क) को ज्योतिषी शीतलचन्द्र पौडेलको २०५७।११।११ को पत्र, पृ. ३५०)।

बाबुराम आचार्यद्वारा भएको भानुमृत्युवर्ष वि.सं. १९२६ पारी सच्याउने प्रयासबाट केही काल नेपालतिर र केही काल भारततिर पनि केही भ्रम पऱ्यो। त्यसबाट नेपालभित्र परेको लामो भ्रमको एक नमुना हो— नेपाली भाषा-प्रकाशिनी समितिबाट बदरीनाथ भट्टराईका सम्पादनमा तयार भई प्रकाशित हुँदै आएको 'नेपाली पद्यसङ्ग्रह (दोस्रो भाग)' को २०१८ सालको चतुर्थ आवृत्तिको प्रकाशनअन्तर्गतको भानुभक्तको देहावसानको वर्ष वि. सं. १९२६ रहेको अवस्था (पृ. १)। खास गरी भारततिर भानुको देहावसानको सत्तरिऔँ वर्ष पुगेको सम्झनामा नेपाली साहित्य सम्मेलन, दार्जिलिङबाट १९९७ सालमा सूर्यविक्रम ज्ञवालीका सम्पादनमा महत्त्वपूर्ण भानुभक्तस्मारकग्रन्थ (१९९७) निकाल्ने र पुन: नेपाली साहित्य सम्मेलनद्वारा नै भानुस्वर्गारोहणको सय वर्ष पुगेको उपलक्ष्यमा २०२६ सालमा पूरानो 'भानुभक्त-स्मारकग्रन्थसँग जोडी त्यही भानुभक्तस्मारकग्रन्थ (पूर्वार्द्ध) को उत्तरार्द्ध भनी (उक्त पूर्वार्द्धपछिको नयाँ उत्तरार्द्ध खण्ड भन्ने जनाई) सो पूरक उत्तरार्द्धसहित भानुभक्तस्मारकग्रन्थको पुनर्नवीकृत प्रकाशन गर्ने जस्ता रचनात्मक प्रयासहरूमा भानुमृत्युवर्ष १९२६ हो भन्ने ठानिएको देखिन आउँछ। त्यस्तै २०२६ सालमा भानुमृत्युका १०० औँ सम्झनावर्ष मनाउँदै त्यसै सालमा महत्त्वपूर्ण ग्रन्थको प्रकाशन गर्ने क्रममा इन्द्रबहादुर

राईका सम्पादनको 'भानुभक्तका कृति अध्ययनहरू' जस्तो अत्यन्त प्राज्ञिक ग्रन्थ (भानुभक्त साहित्य परिषद्, दार्जिलिङ, पृ. १-३ आदि) बाट पनि बाबुराम आचार्यका भानुमृत्युवर्षका संशोधित मान्यताले निकै प्रभाव पारेको देखिन्छ ।

मैले पढेका सम्बद्ध सामग्रीमध्येका सूर्यविक्रम ज्ञवालीका (२०११; २०१६ साल आदिका) नेपाली साहित्य सम्मेलनका 'भानुभक्तको रामायण'का विशेष प्रकाशनमा चाहिँ भानुभक्तको मृत्युवर्ष वि.सं. १९२५ (तदनुसार सन् १८६८) नै लेखिएको पाइन्छ (द्वि. सं., पृ. २२-२३) । जे होस्, उत्तरवर्ती अद्यावधिक युगमा भानुजीवनीकार नरनाथ शर्मा (२०१७-१८) बाट २०२५ सालको आश्विन शुक्लपञ्चमी भनी बताइएको छ र त्यसको सौरमानको मिति २०२५ असोज ५ गते आइतवार भनी मेरा शोधनिर्देशनमा नेपाली विषयमा विद्यावारिधि शोध पूरा गर्ने भद्रवीर अधिकारीको पूर्वोक्त प्रकाशित शोधप्रबन्ध (र उनका एक परामर्शदाता ज्योतिषी शीतलचन्द्र पौडेल, पूर्ववत्) समेतबाट पुष्टि भइसकेको छ ।

पछिपछि मोतीराम भट्ट (१९४८) ले सविस्तार (पूर्ववत्, पृ. १४-१६) भनेअनुरूप र बाबुराम आचार्य (२००३, पूर्ववत्, पृ. १०३-१०८) बाट पनि विस्तृत रूपमा केलाइएअनुसार (अनि रङ्गनाथ शर्मा (१९९८) बाट पनि कुनै विशेष उल्लेख नगरी मौन सहमति जनाइएको पाइने सन्दर्भमा) भानुभक्त आचार्यले आफै पाल्पा जागिर खाँदाको समयको अड्डाको आम्दानीखर्चको स्याहास्रेस्ता फछ्र्याउने क्रममा कुमारीचोकको सास्ती खेप्नुपरेको भन्ने मान्यताको खण्डन गर्दै भानुभक्तले आफ्ना खरदार बाबु धनञ्जय आचार्यको बहालमै मृत्यु भएपछि तत्कालीन व्यवस्थाअनुसार उनका एक मात्र छोरा भानुभक्तले बाबुका पालाको स्याहस्रेस्ता फछ्र्याउने क्रममा कुमारीचोक थुनामा पर्नुपरेको आदि भन्ने बेग्लै खालको तर्कना पनि प्रस्तुत हुन थाल्यो । यस सन्दर्भमा नरनाथ आचार्यकृत

'कविसम्राट् आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (वि.सं. २०१७-१८; द्वि.सं. २०३६, पृ. २९-३८) पनि पठनीय छ । बाबुराम आचार्य (२००३,पूर्ववत्, पृ. १०४ को पादटिप्पणी) ले चाहिँ स्वयम् भानुपुत्र रमानाथका छोरा (भानुभक्तका नाति) डि. दुर्गाभक्तले "बुटवलका नापीका कामको बही बुझाउँदा" कुमारीचोकमा भानुभक्त थुनिएको र घरमा सो नापीसम्बन्धी नक्सा भेटिएको आदि कुरा बताएका परिप्रेक्ष्यमा पाल्पाबाटै बुटवलका नापीका काममा भानुभक्त खटिएको हुन सक्ने तर यस विषयका उक्त समयका लेख नभेटिएको कुरा बताएका छन् ।

मोतीकृत भानुजीवनी (वि.सं. १९४८) पछिका परवर्ती भानुभक्तीय जीवनीलेखनका आधारभूत गतिक्रममा बाबुराम आचार्य र भाइचन्द्र प्रधान (२००९) पछि विशेषत: नरनाथ आचार्यको पद्यगद्यमय (गद्यमा पद्यको उल्लेख्य मिश्रण भएको) चम्पूढाँचाको 'आदिकवि कविसम्राट् भानुभक्ताचार्यको सच्चा जीवनचरित्र' वि.सं. २०१७ मा तयार भई विविध सम्मतिसहित २०१८ सालमा प्रकाशित हुन पुग्यो (र यसको दोस्रो संस्करण विविध परिवर्तनसहित 'आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' का रूपमा उनका तीन जना छोरा सम्पादक शिवराज आचार्य, साम्बराज आचार्य र जयराज आचार्य पनि रही २०३६ सालमा प्रकाशित भएको हो) ।

उपर्युक्त नरनाथ आचार्यको भानुजीवनी उनै नरनाथले बताएअनुसार भानुभक्त आचार्यका बाजे श्रीकृष्ण आचार्यका साहिँला छोरा पद्मनाभ (शेखर)का तेस्रो पुस्ताका शाखासन्तति यज्ञनिधि आचार्य (जन्म वि.सं. १९३८ र मृत्यु १९९६) बाट भानुभक्तपुत्र रमानाथबाट मृत्यु (वि.सं. १९६८) हुनुपूर्व नै सुनेका जानकारीका अनुश्रुतिमा आधारित रहेको बुझिन्छ– नरनाथकृत प्रस्तुत भानुजीवनचरित्रका 'उपक्रम' शीर्षकका पद्यभागका विभिन्न सन्दर्भबाट ।

उपर्युक्त नरनाथीय भानुजीवनचरित्र ग्रन्थका भानुजीवनसम्बन्धी विशेषत: भानुका जन्म र मृत्यु तथा जन्मस्थल र मावलीबारेका जानकारी दिने नरनाथरचित केही पद्योक्ति तल अवगतार्थ प्रस्तुत छन्–

**(क) विक्रम् सम्वतका अठार सय–एक् हत्तर असार् उन्तिस,**
**दिन्को एकतिसै घडी गइ पला बत्तीस लगन् धनुष,**
**सिंहैको त नवांश पारि शुभकाल् जन्म्या ति सूर्येसरी,**
**छोरो एक् नहुन्या धनञ्जयजिका मन्का सबै ताप् हरी ॥** (श्लोक. २)

**(ख) साल् उन्नाइस सौ पचीस उसका आस्वीनका शुक्लमाँ'**
**पारी पञ्चमीको तिथि प्रिथिवि यो छाडी मिल्या राममा ।** (श्लोक ३)

**(ग) "भानुभक्त अचार्ज हुन् तनुङ घर् बीसी चुँदी हो पनी,**
**गाउँको घर जान्नु हुन्छ सबले प्रख्यात् छ रम्घा भनी,**
**रम्घादेखि त सात कोश परका वायव्य दिक् तर्फमा,**
**भोर्लेटार छ मावली कविजिका पौडेल् रह्या छन् तहाँ ॥** (श्लोक. ३)

यहाँ नरनाथद्वारा रङ्गनाथ शर्मा (वि.सं. १९९८) द्वारा प्रस्तुत भानुभक्तीय जन्मवर्ष र चान्द्रमानका तिथि, लग्न (र जन्मकुण्डली तथा सोको कविता) आदिलाई नै आधार मानी केवल सौरमानमा मात्र उल्लेख गरी उपर्युक्तअनुसार वि.सं. १८७१ असार २९ गते दिनको एकतीस घडी गई बत्तीस पला जाँदा धनुष लग्नमा सिंह नवांशक पारी भानुभक्तको जन्म भएको बताइएको छ– दिनगत घडीपलासमेत दिई । त्यस्तै जहाँ बाबुराम आचार्यले भानुभक्तका नाति र रमानाथका एक छोरा डिठ्ठा दुर्गाभक्त आचार्यबाट प्राप्त जानकारीअनुसार भनी भानु देहावसानको तिथि आश्विन शुक्लपञ्चमी र देहान्त वर्ष १९२६ साल बताएका थिए त्यहीँ यहाँ नरनाथको चाहिँ सो आश्विन शुक्लपञ्चमीकै भानुदेहावसानको तिथि (महिना, पक्ष र तिथि) दिएका छन् परन्तु देहान्तवर्षचाहिँ मोतीराम भट्ट र रङ्गनाथलेझैँ र सूर्यविक्रम ज्ञवालीले सकार गरेझैँ १९२५ साल नै सकारेको पाइन्छ । अवश्य नै

भानुभक्तका नाति दुर्गाभक्तले रमानाथले गर्ने पिता भानुभक्त (देवीभक्त)को क्षयाह तिथि थाहा पाएर नै र नरनाथले पनि आफ्ना दाइ पर्ने यज्ञनिधिबाट रमानाथका मुखबाट सुनेझैँ भानुभक्तीय क्षयाह तिथि विचार गरेर नै यो आश्विन शुक्लपञ्चमीको भानुनिधन तिथि दिइएको होला भन्ठानौँ । साथै यहाँ भानुभक्त आचार्य (अचार्ज) को घर तनहुँ (तनुङ) को चुँदीबेसी रम्घा गाउँ हो भनी बताइएको छ र विशेषत: भानुभक्तको मावली रम्घादेखि सात कोश परको वायव्य दिशातर्फको भोर्लेटार (पूर्वसंस्करणमा भनिएअनुसार पोल्याङका नभई मादीनदीकै अर्को तट या किनारको) का पौडेल रहेछन् भनी थप प्रामाणिक जानकारी पनि यहाँ दिइएको छ भने त्यो भोर्लेटार लमजुङ जिल्लामा पर्दछ । यहाँका अरू पद्यात्मक कथन (श्लोक. ७) बाट खरदार धनञ्जयका भानुबाहेक अरू पुत्र नभएको र रम्घाका पाँच कोश परका मानुङकी दसवर्षे एक खँदाल (खनाल) पुत्रीसँग तेह्र वर्षका भानुभक्तको बिहे भएको पनि जानकारी प्राप्त भएको छ । यहाँ नरनाथद्वारा भानुभक्तको पुर्ख्यौली (बाजे श्रीकृष्ण र उनका चरित्र र सम्पत्ति आदि र भानुभक्तका बाबु काकाहरू आदि) अनि भानुभक्तका चौध वर्षसम्मको शिक्षा र बाजे श्रीकृष्णसँगका बनारसप्रवासकालसमेतका अक्षराभ्यास, संस्कृत वेदरुद्री, व्याकरण, गणित, ज्यौतिषको शिक्षा अनि सत्रअठाह्र वर्षसम्ममा प्राप्त विद्वत्ता र विद्वत्सहवास तथा आत्मज्ञानप्रभृतिका सम्बन्धमा पद्यात्मक जानकारीसमेत दिइएको पाइन्छ (श्लोक. १६) ।

नरनाथका प्रस्तुत भानुजीवनीपरक ग्रन्थका गद्यभागमा चाहिँ पुरानो तनुङ (तनहुँ) राज्य र भानुभक्तको कुलका साथै भानुभक्तको जन्म तथा बाल्यकाल र अध्ययनारम्भ, विवाह, वाराणसीगमन र थप अध्ययन, रचनारम्भ आदि तथा क्रमश: श्रीकृष्णपत्नी र श्रीकृष्णका देहत्याग, धनञ्जयको अस्वस्थता र भानुको गृहव्यवहारमा प्रवेश,

धनञ्जयको देहत्याग, कुमारीचोकको पक्राउ र कारबाही तथा आखिरी फछ्र्यौट, गिरिधारी भाटसितको बगरको र बाँधकुलोको मुद्दा आदि तथा भानुका अन्त्यकाल र देहत्याग जस्ता विभिन्न विषयमा (कतिपय पादटिप्पणीसहित) उल्लेख गरिएको पाइन्छ (पृ. १९-५९) ।

त्यसै प्रस्तुत नरनाथीय भानुजीवनचरित्रमा भानुका जम्मा ३८ मुक्तक (मुक्तक र फुटकर कविता) पद्य सङ्गृहीत गरी तिनलाई मोतीरामले जस्तै आफ्ना ढङ्गले कतिपय घटनासन्दर्भ र आफ्ना टिप्पणीसमेत दिई (पूर्ववत्, पृ. ६०-९२) प्रस्तुत गरिएको छ र यीमध्ये कति मोतीराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) मा सङ्ग्रह गरेका कविता परेका छन् र केही थपिएका पनि छन् । मोतीराम (१९४८)ले सङ्ग्रह गरेका बाहेक विष्णुमायाका 'भानुभक्त मणिमाला' (१९९८) मा परेका कतिपय मुक्तक र फुटकर कविता भानुभक्तका, रमानाथका या अरूका नै हुन् भन्ने विषयको चाहिँ यी नरनाथदेखि मुक्तिनाथ आचार्य मतमतान्तर चल्दै रहेको पाइन्छ । (आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी, २०४२) सम्म त्यस्तै शिवराज आचार्य कौण्डिन्यायनद्वारा सम्पादित (र रत्न पुस्तकद्वारा प्रकाशित 'भानुभक्तकृत भाषारामायण' (भानुको जीवनचरित्र' तथा अन्य सम्पूर्ण कृति पनि संलग्न भएको पाठसमीक्षात्मक संस्करण, २०६७) सम्म र अऊ व्रतराज आचार्यद्वारा सम्पादित (र भानु प्रतिष्ठानद्वारा २०७१ सालमा प्रकाशित) 'भानुभक्तको रामायण' (प्रश्नोत्तरमाला, भक्तमाला, वधूशिक्षा र फुटकर भानुभक्तीय मुक्तक र फुटकर कविता) भन्ने ग्रन्थ भानुभक्तीय मुक्तक र फुटकर कविता कुन हुन् र कुन होइनन् भन्ने बारेमा कतिपय मतान्तर र विमर्श हुँदै आएको भेटिन्छ ।

नरनाथ आचार्यका द्वितीय संस्करणसम्मका उपर्युक्त भानुजीवनचरित्रसम्बन्धी ग्रन्थमा 'वधूशिक्षा', 'प्रश्नोत्तरमाला' र 'भक्तमाला' पनि सटिप्पणी समाविष्ट छन् (पृ. ९२-१२२) ।

उपर्युक्त नरनाथीय भानुजीवनचरित्रपरक कृतिका द्वितीय संस्करणसम्ममा भानुका हस्ताक्षरका लिखित र तत्सम्बन्धी टिप्पणी (पृ. १२३-१३२), भानुको चित्र (पृ. १३३-३४), भानुभक्तको व्यक्तित्व र विशेष कृतिको संक्षिप्त समालोचना (पृ. १३५-१४४), भानुभक्तको आदिकवित्व (पृ. १४५-१४६), भानुभक्तले प्रयोग गरेका छन्दालङ्कार र भाषाशैली (पृ. १४६(१५१) 'भानुका कृतिका समालोचनाहरूको परीक्षा (पृ. १५२-२११), भानुभक्तसम्बन्धी उद्गार (पृ. २१२-२१५) आदि नाना विषयमा विमर्शसमेत गरिएको छ । नरनाथ आचार्यकृत 'कविसम्राट् आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (वि.सं. २०१७-१८) चम्पूमय जीवनीग्रन्थ थियो र त्यसले मोतीरामको 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) पछि विशेषत: रङ्गनाथ शर्मा (१९९८), बाबुराम आचार्य (२००३) आदिबाट कतिपय थप जानकारी र भिन्न मत पनि प्रस्तुत हुन आएको सन्दर्भमा नरनाथीय पाराको र स्वाभिमतसहितको परिपूरक अर्को भानुजीवनी ग्रन्थको महत्त्व प्राप्त गरको हो नै । यसको 'आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' नाम दिइएको र ग्रन्थकार नरनाथका शिवराज आचार्य, साम्बराज आचार्य र जयराज आचार्यजस्ता विद्वान् सुपुत्रहरू सम्पादकसमेत रहेको र ग्रन्थगत सामग्रीको विषयानुरूप परिच्छेदविधान र शीर्षकोपशीर्षकले युक्त हुन पुगेको पर्याप्त नव विषयवस्तुगत अन्तर्व्यवस्थापन तथा सामग्रीगत परिवर्द्धनसमेत भएको अनि ग्रन्थभाषामा पनि शिवराजको स्वमत (जिम्दो नेपाली भाषाको सन्दर्भ) अलि प्रभावी रहेको दोस्रो संस्करण (वि.सं. २०३६) चाहिँ वास्तवमा आफ्नो ढङ्गको एक पर्याप्त परिश्रमसाध्य र बहुखोजीपूर्ण एवम् थप विमर्श र खण्डनमण्डनको तार्किकीले युक्त भानुभक्तीय तत्कालीन एक आकरग्रन्थ जस्तै हुन पुगेको छ ।

मोतीराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) लेख्दा भानुभक्तकै एक भतिजा (भानुभक्तका कान्छाबा इन्द्रविलासका

नाति) रामदत्तलाई मूल सूचनास्रोत (र भानुकै परममित्र धर्मदत्त ज्ञवालीलाई अर्को स्रोत) बताएका थिए भने भानुभक्तका अरू काकातर्फका भतिजाहरूकै शाखासन्ततिबाट भानुजीवनीका सोधखोजमा ग्रन्थाकारमा अभिरुचि लिने उल्लेख्य प्रयत्न हुनु अनि भानुभक्तकै साहिँला काका पद्मनाभ वा शेखरका तेस्रो पुस्ता (देवदत्त > लोकनाथ > नरनाथ) का शृङ्खलाका खास नाति (श्रीकृष्णका पनाति)स्वरूप पण्डित कविराज र स्वयम् कवि नरनाथ आचार्यका उपर्युक्त चम्पूमय (क्रमश: उपक्रम र भानुप्रति उपसंहारात्मक उद्गारमा पछि बाँडिएका १६+६५ श्लोक गरी ८१ श्लोक पद्य र अरू गद्यभाग तथा भानुभक्तीय पद्योद्धरणलगायत अरू विविध सामग्री रहेको) भानुजीवनचरित्रका प्रथम संस्करण (वि.सं. २०१७-१८) बाट अरू अगाडि बढ्नु सन्तोषको विषय हुँदै हो । यी नरनाथ (वि.सं. १९६२-२०४५) का पनि भानुभक्तीय मुख्य जानकारीको स्रोत निज पद्मनाभकै अर्का नाति (गौरीदत्त > गणेशदत्त > यज्ञनिधि शृङ्खलाका) दाजु यज्ञनिधि रहेको जानकारी स्वयम् नरनाथको प्रथम संस्करणकै भूमिकाबाट प्राप्त हुन्छ (पूर्ववत्, पृ. १७-१८) । यी यज्ञनिधि (वि.सं. १९३८ -१९९६) ले चाहिँ स्वयम् भानुपुत्र रमानाथ (देहान्त वि.सं. १९६८) बाट भानुसम्बन्धी वंशानुश्रुतिपरक जानकारी पाएको भन्ने पनि नरनाथको भनाइ छ । यस परिप्रेक्ष्यमा नरनाथले आफ्नो जीवनचरित्रको लेखनको मुख्य आधार आफूलाई प्राप्त उपर्युक्त आनुवंशिक कथनश्रवण र सम्झनाकै यज्ञनिधिकेन्द्रित परिवृत्तलाई प्रत्यक्षभन्दा परोक्ष आप्तस्रोत मानेको पाइन्छ ।

वस्तुत: यस नरनाथकृतिले रङ्गनाथ र विष्णुमायाले दिएका जन्मवर्ष वि.सं.१८७१ को भानुजन्मकुण्डली टिपोटको आषाढ कृष्णाष्टमीको भानुजन्मतिथि र पछि भानुजयन्तीसमेत मनाइने गरेको असार २९ गतेका जन्मगतेका बीचका चान्द्रसौरमानका

मिलानमा, भानुका वार्षिक क्षयाह या क्षयतिथिका संशोधित परिपुष्टिमा र भानुपरिवृत्तका जानकारीका अरू धेरै थरी प्रचलित धारणाका सङ्कलनका क्रममा चुँदीरम्घाली र अचार्जेली अनेक अनुश्रुतिलाई अभिलिखित गरेको छ भने ती थप जानकारीमध्ये कतिको उत्तरवर्ती थप सुधार, परिमार्जन र मतान्तरणसमेतको क्रम पनि अद्यावधि चालू नै रहेको छ । जे होस्, भानुनाति डि.दुर्गाभक्त आचार्य र इतिहासकार बाबुराम आचार्य (२००३) का पूर्वप्रयासबाट भानुमृत्युवर्ष १९२५ नभई १९२६ हो र भानुको क्षयाह या क्षयतिथि चाहिँ आश्विन शुक्लपञ्चमी तिथि हो भनी वर्ष संशोधनसहित चान्द्रमास, पक्ष र तिथिको नयाँ जानकारी दिइिएकामा सूर्यविक्रम ज्ञवाली (२०११, २०१५)बाट मोतीराम र रङ्गनाथकै मृत्युवर्षको समर्थन भएको परिप्रेक्ष्यमा डि.दुर्गाभक्त र बाबुरामका भानुभक्तीय मृत्युवर्षबाहेक चान्द्र आश्विन मास शुक्लपक्ष र पञ्चमी क्षयतिथिको पुष्टि नरनाथबाट भयो । तर भानुजीवनचरित्रका आधारभूत खोजका र अङ्कनका १९४८-२०१८ सालका बीचका ऋन्डै सत्तरी वर्षका यात्रामा मोतीरामका उल्लेख्य प्रथम परिपूरक जीवनीकार नरनाथ नै हुँदै हुन् ।

प्रस्तुत नरनाथीय भानुजीवनचरित्रअन्तर्गत ६५ श्लोकको भानुजीवनवृत्तान्तको वर्णनको उपसंहार गर्दै ग्रन्थलेखक नरनाथद्वारा रचिएको उपसंहार–पद्योद्गार पनि समाविष्ट छ (पृ. २१६-२२८) । यस ग्रन्थको सुरुका १६ श्लोक र यी ६५ श्लोकले कवि नरनाथका सरस रोचकभन्दा जानकारीप्रद र भानुसम्बन्धी ज्ञानवर्द्धक पद्यरचनाको शक्तिको चिनारी दिन्छन् । तदनन्तर प्रस्तुत ग्रन्थमा दशवटा परिशिष्ट सामग्री सविमर्श पेसिएका छन् र यी सबै उपयोगी नै छन् । परिशिष्ट ८ मा दिइएका भानुका पुराना प्रकाशित ग्रन्थका आवरणपृष्ठ आदिको फोटोकपी पनि उपादेय नै छ (पृ. अ-ह २३) । यस ग्रन्थका उपान्त्यमा ग्रन्थको शुद्धिपत्र (ह २४-ह

२९) र अन्त्यमा एक पृष्ठको संक्षिप्त किसिमको श्रीकृष्णाचार्य वंशपट्ट दिइएको छ ।

त्यस्तै भानुभक्तीय जीवनीका सन्दर्भमा भानुभक्तले बाबुका एक मात्र छोराका नाताले आफ्नो घरव्यवहार, खेतीपाती र विविध लेनदेन एवम् सार्वजनिक तथा अड्डा-अदालत आदितर्फको अभिभारा कहिलेदेखि र के कसरी ग्रहण गरे भन्ने पक्ष पनि महत्त्वपूर्ण नै छ । वस्तुत: कहिलेदेखि र कुन रूपमा गृहस्थीका उपर्युक्त पारिवारिक र सामाजिक तथा सार्वजनिक भार भानुभक्तले वहन गरे भन्ने कुरा पनि उनका जीवनीपरक अध्ययनमा उल्लेखनीय नै रहन्छ भने यस बारेमा मोतीराम भट्ट (१९४८) बाट ठोस र स्पष्ट अपेक्षित जानकारी प्राप्त हुँदैन । हो; मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र' (पूर्ववत् पृ. १०, १२, १४-१६)मा १९०६ सालमा झगडा मुद्दाले गर्दा भानुभक्त स्थानीय गिरिधारी भाटसँगको जग्गा बगर साँध खिचोला मुद्दाका कारणले काठमाडौँ आएको र सो आखिर भानुभक्तले जितेको अनि उनले १९०७-८ सालबीच ( पाल्पाका) मधेसमा जागिर खाएको र त्यसको बहीस्रेस्ता फछ्र्योटका क्रममा कुमारीचोकको निगरानीमा रहनुपर्दा आठ वर्ष उमेरको छोराको व्रतबन्धको चिन्ता उनलाई परेको आदि प्रसङ्गको चर्चा छ र त्यतिखेर उनी संसारी व्यवहारको भार शिरमा बोकेका व्यक्तिका रूपमा देखापर्दछन् ।

नरनाथ आचार्यकृत 'कविसम्राट् आदिकवि भानुभक्त आचार्यको सच्चा जीवन चरित्र' (२०१७-२०१८) ग्रन्थको नामलगायत भित्री पाठको स्वरूपसमेत परिवर्तित तथा परिवर्धित 'आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' नामक ग्रन्थ (द्वि.सं., २०३६) भानुभक्तीय जीवनचरित्रअन्तर्गत रङ्गनाथ शर्मा (र विष्णुमाया, १९९८) ले 'परिचय', र 'कविपरिचय' अन्तर्गत उल्लेख गरेगराएअनुसार भानुभक्तको जन्म वि.सं. १८७१ को सौर आषाढ

२९ गते कृष्णपक्षका अष्टमीका दिन रविवारमा भएको बताइएको अनि उनकी आमा धर्मावतीदेवी रहेको थप जानकारी दिइएको छ (पूर्ववत्, पृ. १९) परन्तु पूर्ववर्ती परम्परामा भने बाबुराम आचार्य (२००३) ले रङ्गनाथ (१९९८) का भानुजन्मसम्बन्धी उल्लेखलाई ध्यानमा राखी भानुको जन्मवर्ष वि.सं. १९७१ को आषाढ मात्र उल्लेख गरेको (र गते तथा पक्ष एवं तिथिवारलाई के कारणले हो उनीद्वारा खास विश्वसनीय नमानिएको) देखिन्छ । अऋ भानु पुस्तकालय सहायक समिति काठमाडौँद्वारा प्रकाशित 'भानुका लघुकृतिहरू' (२०२३) का सम्पादक र भूमिकाकार विद्वान् प्रा.जूननाथ पण्डितद्वारा रङ्गनाथका भानुजन्मकालसम्बन्धी जानकारी र भानुको भनिएको जन्मकुण्डलीपरक कविताका भानुभक्तीयतामा नै प्रबल शङ्का खडा भएको बताइएको पाइन्छ (भूमिका पृष्ठ, २४-२५) । यो शङ्का यहाँ, यस विद्वत्तापूर्ण भूमिकामा, प्राध्यापक (तथा पछि बडागुरुज्यू) जूननाथ शर्माद्वारा सर्वोपत्ति भानुभक्तका 'रामायण', 'वधूशिक्षा', 'प्रश्नोत्तर' र 'भक्तमाला'लाई मौलिक भानुकृति भन्ने, सामवेदी सामगान परम्पराका अर्धमात्रा व्यवस्थासमेतका सन्दर्भमा भानुभक्तीय कवितामा पाइने जनभाषाका कथ्य ध्वनि र छन्दको मधुर अन्तर्मिल्तीको विवेचना गर्ने, 'वधूशिक्षा'को पाठभेदको विशद चर्चा गर्ने आदि विभिन्न गहन चर्चाका उपक्रमका लगभग उपसंहारमा आएको छ ।

यस परिप्रेक्ष्यमा नरनाथकृत भानुजीवनचरित्रसम्बन्धी ग्रन्थ (दोस्रो संस्करण, २०३६) को परिशिष्ट भागअन्तर्गतको 'आदिकवि भानुभक्त आचार्यको जन्मदिन' शीर्षक पाएको परिशिष्ट ५ अन्तर्गत यसका अग्रसम्पादक शिवराज आचार्यको 'मधुपर्क' (वर्ष ५, अङ्क २, २०२९ असार) मा प्रकाशित लेखरचना उद्धृत गरिएको पाइन्छ । यसबाट प्रथमत: यहाँ उपर्युक्त भानु पुस्तकालय सहायक समिति, काठमाडौँद्वारा २०२३ सालमा प्रकाशित 'भानुका लघुकृतिहरू'

भन्ने ग्रन्थका सम्पादक प्रा.जूननाथ पण्डितद्वारा 'भूमिका' का पृ. २४-२५ मा व्यक्त गरिएका खास गरी विष्णुमायाद्वारा प्रकाशित ग्रन्थमा रङ्गनाथद्वारा बताइएको भानुभक्तको जन्म १८७१ साल आषाढ कृष्णाष्टमी आदित्यवारमा भएको कुरा मानिएकोमा प्राध्यापक जूननाथद्वारा प्रबल शङ्का व्यक्त गरिएकामा त्यसको खण्डन गर्ने कार्य गर्न खोजिएको बुझिन्छ । यस सन्दर्भमा जूननाथ पण्डितको भनाइको मुख्य आशय सो १८७१ सालको पञ्चाङ्गको अनुसन्धान गर्दा उक्त सालको आषाढ कृष्णाष्टमी आषाढ २९ गते नपरी ज्येष्ठ ३१ गते परेको र आषाढ २९ गते श्रावण कृष्णाष्टमी परेको हुँदा र भानुभक्तका समयका राजकीय व्यवहार र उनका लिखत आदिमा सम्बन्धित सालका चान्द्रमानका मासअनुसार शुदि (शुक्लपक्ष) र वदि (कृष्णपक्ष) का तिथि र वारको उल्लेख हुने गरेको पाइएको र रङ्गनाथले दिएको भानुको भनिएको ('आषाढ मासको दिन पनि उन्तीस गईकन' भनी) आषाढ सौरमासको २९ गते उल्लेख भएकाले त्यो श्लोक भानुको नभई पछि रचना भएको हो कि भन्नेसमेत प्रबल शङ्का खडा भएको छ भन्ने हो । उपर्युक्त परिशिष्ट ५ अन्तर्गत अग्र ग्रन्थसम्पादक शिवराज आचार्यका उक्त 'मधुपर्क' पत्रिकाबाट उद्धृत लेखरचनामा चाहिँ मोटामोटीमा मुख्यत: र सारत: सामान्य लेखापढीमा सुदि र वदि लेख्न छोडी सौरमानको गते लेख्ने चलन नेपालमा १९६० सालदेखि मात्र चलेको, जन्मपत्रिका आदिमा सुदि वदि वारसँगै सौर मैना गते आदि पनि लेखिनै पर्ने पुरानो परम्परा रहेको, चान्द्रमासलाई पूर्णान्त र अमान्त दुवै मान्न सकिने हुँदा पूर्णान्त चान्द्रमान नभई अमान्त चान्द्रमान मानी रचिएका १८७१ सालका पञ्चाङ्गका सौर २९ गते आषाढ कृष्णाष्टमी नै पर्ने (र रङ्गनाथले १८७१ असार २९ गते रविवार कृष्णाष्टमी भनेकोमा चान्द्र महिना नखुलाएको मात्र देखिने) अनि सामान्यत: शास्त्रीय रूपमा विन्ध्याचलदेखि उत्तरतिर पूर्णान्त र

दक्षिणतर्फ अमान्त चान्द्रमान प्रयोग गर्ने व्यवस्था भए पनि खास पर्वकार्य आदिमा विन्ध्योत्तरमा पूर्णान्त र अमान्त दुवै र विन्ध्यका दक्षिणमा अमान्त चान्द्रमास नै हुने विशेष व्यवस्थासमेत रहेको मतान्तर पाइने र नेपालमा ऐतिहासिक सन्दर्भमा अमान्त चान्द्रमास पनि मानिएको भेटिने र नरनाथकृत उक्त भानुजीवनचरित्रसम्बन्धी ग्रन्थको प्रथम संस्करण (२०१७-१८) मा संवत् १८७१ साल आषाढ २९ गते रविवार कृष्णपक्षका अष्टमीका दिन जन्म भयो भन्ने मात्र लेखिएको आदि शास्त्रीय र व्यावहारिक विशेष अभिमत व्यक्त गरिएको पाइन्छ । यसबारे शिवराज आचार्य कौण्डिन्यायनद्वारा सम्पादित 'भानुभक्त भाषारामायण' (२०६७) को भूमिका भागको 'भानुभक्तको जन्म' शीर्षकअन्तर्गत (पृ. ३३ मा) '...१८७१ संवत्का सौर निरयण मिथुन मासका (चल्तीका अनुसारका असार महिनाका) २९ गते कृष्णपक्षका अष्टमीका दिन रविवारमा' भनी भनिएको समेत पाइन्छ । वस्तुत विद्वान् शिवराज आचार्यको शास्त्रीय अध्ययन र तर्क तथा विचारको सरणी भानुजन्मको साल र अरू सौर-चान्द्रमानका समयसन्दर्भका बीचको सन्तुलनका खोजीका क्रममा बेस नै छ ।

साथै रङ्गनाथ (१९९८) स्वयं भानुभक्त र उनका प्रथम जीवनीकार मोतीराम पनि बितेको क्रमश: पुगनपुग पौने शताब्दी जति र साढे चार दशक जति (र मोतीरामेली प्रथम भानुजीवनी प्रकाशित भएको आधा शताब्दीपछि) ले दिएका जानकारीको लोकविश्वसनीय सम्पुष्टि र सुनिश्चितिका सन्दर्भमा उपर्युक्त धर्मशास्त्रीय र पञ्चाङ्गगत चुनौतीसँगै अरू पनि विशेष चुनौती छँदै नै छन् र विशेषत: भानुभक्तको खास प्रामाणिक जन्मपत्रिका उनका लाससँगै तत्कालीन परम्पराअनुसार सम्भवत: जलिसकेको र अगि सारिएको लग्नकुण्डलीको चिपिटो कागज र विश्वास गर्न अलि गाह्रो किसिमको रहेको अनि रङ्गनाथद्वारा बताइएअनुसारका

भानुभक्तकै चिना लेख्ने ज्योतिषी १९८३ साल फागुनमा धनञ्जय कहाँ आइपुगी तिनै ज्योतिषीकै घरमा गई भानुभक्तले ज्योतिष पढ्न थालेको र ती ज्योतिषगुरुबाट ज्योतिष पढी घर फर्कंदा भानुले जिज्ञासा राखेअनुसार उनका चिनाको ग्रहकुण्डलीको झलक पिताबाट पाई अर्कोपटक पढी घर फर्कन लाग्दा वरपीपलका छायामनि चौतारीमा बसेर घोरिई लेखी सुकेको बाँसका दुई पातमा सारी आफ्ना पिताका चरणकमलमा सब चढाएको आदि उपकथा र स्वयम् सो अढाई श्लोके कविताको भानुभक्तीयता र अझ छात्रावस्थाकै त्यो लेखन हुन सक्ने सम्भाव्यता आदि सहजै विश्वसनीय पक्कै छैनन् । हो; अब ती भानुभक्तलाई ज्योतिष पढाउने बाग्लुङे ज्योतिषी पण्डित बद्रीनाथ पन्त रहेको र तिनलाई भानुभक्तका तर्फबाट जग्गादान दिइएको सूचना दिने परवर्ती (वि.सं.१९६७ सालको) लिखत पनि पाइएको छ भने त्यस बाल्यावस्थामा भानुको दानलिखत कसरी कसका तर्फबाट बन्यो होला र त्यतिखेर यी बाबुछोरा पाल्पा या तनहुँ चुँदीमा थिए होलान् भनी सोच्नु नै पर्ला ।

अवश्य नै रङ्गनाथ शर्मासमेत (१९९८) का यी भानुभक्तीय सूचना उपलब्धिपूर्ण नै छन् र खास गरी भानुभक्तको त्यो सौर जन्ममिति सामान्यत: स्वीकृत जस्तै छ र भानुभक्तको जन्मजयन्ती मनाउने परम्परामा यो असार २९ गते लोकस्तरसम्मै पुगिसकेको छ; तर प्राज्ञिक विमर्शका प्रक्रियामा भने मोतीराम र रङ्गनाथ शर्मा दुवैलाई सादर ग्रहण गरी दुवैले दिएका जानकारीको न्यायिक निर्क्योलपूर्ण अन्तिम प्राज्ञिक अन्तर्व्यवस्थापन पनि अपेक्षित छँदै छ । त्यस्तै भानुदेहावसानवर्षका सम्बन्धमा पनि मोतिरामले रङ्गनाथ (र विष्णुमाया) ले सकारेको वि.सं.१९२५ लाई भानुभक्तका नाति डि.दुर्गाभक्त आचार्यका सहयोगमा सच्याई १९२६ पारी सोसँगै भानुभक्तको क्षय या क्षयतिथि आश्विन शुक्लपञ्चमीको थप जानकारीसमेत आएको र सो १९२६ साल नेपाल-भारतमा निकै

चलेकोमा पछि सूर्यविक्रमले मोतीराम र रङ्गनाथकै भानुमृत्युवर्ष ठीक छ भनी १९२५ साल नै चलाएका र नरनाथले चाहिँ १९२५ आश्विन शुक्लपञ्चमी चलाएको र मेरा शोध-निर्देशनमा भद्रवीर अधिकारीले ज्योतिषीय राय लिई सो १९२५ आश्विन शुक्लपञ्चमी आश्विन ६ गते आइतबार पर्ने देखाएको पाइन्छ । यसको सन्दर्भमा पनि प्राज्ञिक थप निर्क्योल वाञ्छनीय छ ।

तनहुँको चुँदीरम्घाको आचार्यकुल, खासगरी भानुभक्तका काकाका छोरा वा भानुभक्तका भतिजाका शाखासन्ततिले र पछि उनका पनातिमध्येकाले र अरू स्थानीयले भानुभक्तीय जीवनीसन्दर्भ र कृतिसन्दर्भप्रति चाख लिई खोजेजानेका कुरा विशेषत: २०१७-१८ साल यता प्रकाशित हुन थालेपछि पनि उपर्युक्त भानुभक्तीय घरगृहस्थी– सक्रियता र व्यवहारप्रवेशका बारेका अपेक्षित ठोस जानकारी त्यति प्राप्त हुन सकेको छैन । यस परिप्रेक्ष्यमा नरनाथ आचार्य (२०१७-१८, २०३६) द्वारा 'धनञ्जयको अस्वस्थता' शीर्षकअन्तर्गत यसरी सूचना दिइएको पाइन्छ– (पृ. २५) "पाल्पा जागिरे भएपछि सबै दाजुभाइ छ घर भई छुट्टिएकाले स्व. धनञ्जयका घरमा केवल चाकरवाकर मात्र थिए ।" यसबाट अलिकति उल्लेख्य सूचना मिल्दछ र त्यसो हो भने धनञ्जय कम्तीमा वि.सं. १८६७ तिरदेखि पाल्पामा खरदार पदमा रहेको देखिने हुँदा त्यसताक श्रीकृष्णले साठी वर्षे सुरु बुढ्यौलीमा प्रवेश गर्नुभन्दा तीन वर्ष जति अगि नै र जेठा छोरा धनञ्जय आफ्ना उमेरका चालिसेका पूर्वापर समयमा हुँदा श्रीकृष्ण आचार्यका छ दाजुभाइ छोरा छुट्टिएको हुनुपर्ने देखिन्छ । साथै उपर्युक्त सन्दर्भमै भानुभक्त जन्मिएपछि प्रथमत: जीबा-ज्यामा वा हजुरबा र हजुरआमाकै आश्रयमा तनहुँ चुँदीरम्घामा र बाबुको जागिर थलो पाल्पामा समेत हुर्किएको हुनुपर्छ, अनि अलि जान्ने उमेरका हुनासाथ उनले विद्याध्ययनसँगै हजुरबा वा बाबुका संरक्षकत्व र निर्देशनमा

औपचारिक र अनौपचारिक तवरले धनञ्जयका एक मात्र पुत्रका नाताले क्रमश: घरव्यवहार हेर्न थालेको हुन पनि सक्छ । पछि वि.सं. १९८५ तिर सत्तरी वर्ष जति उमरेका हजुरबासँगै हजुरआमा काशीकल्पवासका निम्ति जाँदा चौध वर्ष जतिका भानुभक्त पनि सँगै काशी (बनारस) गई त्यहाँ चारपाँच वर्षजति अध्ययनरत रहेको जानकारी पनि प्राप्त नै छ (नरनाथ आचार्य, पूर्ववत्, पृ. २२-२५; मुक्तिनाथ आचार्य, पूर्ववत्, पृ. ५, २२-२५; व्रतराज आचार्य, पूर्ववत्, पृ. २-४; शिवराज आचार्य कौण्डिन्यायन, पूर्ववत्, पृ. ३५ आदि) । साथै नरनाथ आचार्य (पूर्ववत्, २५-२६) बाट भानुभक्तलाई घरव्यवहारमा प्रवेश गर्न बाबु धनञ्जयद्वारा यसरी औपचारिक रूपमा आज्ञा भएको कुरा पनि थाहा हुन्छ– "म पनि रोगाउँछु कि जस्तो भएँ, जीवितको के भरोसा, तँ घरमा गै बसि आफ्नु घर् समाल्, चाँइनि तँलाई नै हो, घर बिग्रला, अब पढ्न छोडिदे, जति पढियो भैगो ।" यस सन्दर्भमा व्रतराज आचार्य (२०५८, २०७०) बाट वि.सं. १९८२ मा धनञ्जयले बिर्ता पाएको काठमाडौँको घर पछिसम्म सगोलमा रहेको र उनले १९८५ मा गुरुज्यूहरूबाट अलिफार्स्या ( भोगबन्धकी लिएको जग्गा पछिसम्म सगोल रहेको जस्ता कारण जनाई) प्राप्त भएका यी जानकारी पनि मननीय छँदै छन्– "धनञ्जय वि.सं. १८८५ सम्म संयुक्त परिवारमा थिए... सम्भवत: पिता श्रीकृष्ण काशीवास जानु अघि धनञ्जयका दाजुभाइ छुट्टी भिन्न भएका थिएनन् ।" यी मतान्तरहरूका बीच केसम्म भन्न सकिन्छ भने घरव्यवहारमा धनञ्जयका एक मात्र छोरा भानुभक्त विशेषत: हजुरबाकै संरक्षकत्वमा र सामान्यत: बाबुका परामर्शमा अलिअलि सिक्दै भानुभक्तको जन्मवर्ष वि.सं. १८७१ भए उनी चौधवर्ष जतिका र १८६९ भए सोह्र वर्ष जतिका अनि कानुनी रूपमा चाहिँ घरव्यवहारलगायतका निम्ति सामान्यत: वयस्क हुन सक्ने अवस्था र परिस्थिति पर्दा क्रियाशील हुन लागेको देखिन आउँछ ।

बाबुराम आचार्यका परवर्ती र नरनाथ आचार्यका अग्रवर्ती भानुभक्तीय अध्येता भाइचन्द प्रधान (आदिकवि भानुभक्त आचार्य, सन् १९५२ वि.सं. २००९, पृ. ११) ले पनि मोतीराम भट्टद्वारा रचित कवि 'भानुभक्तको जीवनचरित्र' मा उल्लिखित 'चालिस् वर्ष भयाँ भनी सुरु हुने भानुभक्तीय एक श्लोक र उनै मोतीरामद्वारा त्यही पूर्वापर सन्दर्भमा उल्लेख गरिएको रचनाकाल १९०९' (पूर्ववत्, पृ. १४-१६) का परिप्रेक्ष्यमा भानुभक्त १९०९ सालमा चालीस वर्षका भएका हुँदा उनको जन्मसंवत् सामान्यत: मोतीराम भट्टले भनेझैँ (१८६९ वा विकल्पमा १८७०) हुनुपर्ने र १८७१ साल हुन सक्तैन भनी जिरह गरेको भेटिन्छ । मोतीरामका अनुसार यी भानुभक्तले कुमारीचोकका निगरानी र बसाइका कालमा आफ्ना छोरा रमानाथको व्रतबन्धसमय आइपुगेकोसमेत उल्लेख गर्दै आफ्ना दु:खदर्द जनाई श्री ३ कमान्डरइन्चीफ (कृष्णबहादुर राणा) का हजुरमा पद्य बिन्तीपत्र (हरू) दिँदा 'चालिस वर्ष भयाँ म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको' भन्ने कुरा भनेका छन्; तर यस प्रसङ्गमा भानुजीवनीका र उक्त समुच्चा कविताक्रमका अरू पनि थुप्रै विचारणीय पक्ष भने पक्कै छन् र यो समुच्चा पक्ष जनाउने मोतीरामेली कथन र भानुभक्तीय उक्त कविता शृङ्खलाका यी अंशलाई पनि प्रथमत: हेरौँ, जाँचौँ र अवगत गरौँ–

**(क) मोतीरामको एक विशेष प्रासङ्गिक कथनको उद्धृति**

"इन् ताक कवि भानुभक्ताचार्यजी स्वस्ति श्रीमद्राजकुमारात्मज श्री ३ कमान्डर-इन-चीफ् जनरल कृष्णबहादुर जङ्ग राणाको चाकरी गर्दथे र विक्रमीय संवत् १९०७ सालका वैशाख मासमा मदेस् (तराई) को जागीर पाई गए तर भानुभक्त कवि ऐं संवत् १९०९ मा खोस्सिए र कागतपत्र बुझाउन भनी नेपाल कुमारीचोकमा आई कागतपत्र आफूले दुई वर्षसम्म काम गरेको खर्चा आम्दानीसमेत्को स्याह बुझाउँदा केही बाँकी सर्कारिया

लागेछ र पाँच मैनासम्म कुमारीचोकमा थुनियेछन् । प्रायः यस् संसारमा जहाँ जति प्रसिद्ध कवि हुन्छन् इनीहरूका जीवन कथामा एक् न एक् कलङ्क नलागी रहँदैन ।" (पृ. १४)

"...भानुभक्तलाई यसै सालमा आफ्ना छोरा रमानाथको व्रतबन्ध गर्नु पऱ्यो र फेरि आफ्नो दुःख दरद जनाई एक् बिन्तीपत्र लेखी श्री ३ कमान्डर इनचीफका हजुरमा दिये... । " (पृ. १५)

### भानुकृत उक्त बिन्तीपत्र कवितांशका उद्धरण

**रोज् रोज् दर्शन पाउँछू चरणको ताप् छैन मन्मा कछू ।**
**रात् भर् नाच् पनि हेर्छू खर्च नगरी ठूला चयन्मा म छू ॥**
**लाम्खुट्या उपियाँ उडुस् इ सँगि छन् इन्कै लहड्मा बसी ।**
**लाम्खुट्ट्याहरू गाउँछन् इ उपियाँ नाच्छन् म हेर्छु बसी ॥१॥**

•

**"जागिर् छैन धनी म छैन घरको केवल् कुदालो खनी ।**
**खान्थ्याँ दुःख गरेर चाकरि गऱ्याँ मान् पाउँला कि भनी ॥**
**एक् मन् चित्त लगाइ चाकरि गऱ्याँ खुसी भया छन् हरी ।**
**मान् माथि पनि भुक्तमान् थपि दिया क्यैले नखोस्न्या गरी ॥१॥"**
**चालिस् वर्ष भयाँ म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको ।**
**आयो काल् व्रतबन्धको नजिकमा बेला त हो हर्षको ॥**
**क्यारूँ आज पऱ्याँ म ता बिपतमा एक्लो यहाँ छू फगत् ।**
**कुन् पाठ्ले व्रतबन्ध पार् गरूँ म फेर् मान्छू 'अँध्यारो जगत्' ॥२॥**

### पुनः मोतीरामको विशेष प्रासङ्गिक अर्को कथनको उद्धरण

"जब यो व्रतबन्धको कुरो राखी कवि भानुभक्ताचार्यले बिन्तीपत्र चढाये सर्कारले खुसी भै निज कवि भानुभक्तलाई कुमारीचोकबाट फारग पत्र दिंदामा तुरुन्त सम्वत् १९०९ विक्रमीयका फागुन् मैह्नामा घर गै आफ्ना पुत्र रमानाथको व्रतबन्ध गरे ।"

उपर्युक्त मोतीरामेली गद्य उद्धरणहरू पढी हेरी विशेषतः भानुका कविताका वाच्य र लक्ष्य–व्यङ्ग्य अर्थतहका विधिनिषेधका बीचका सूक्ष्म अन्तरछायाँ र मिही आत्मपरिहाससँगैको

आत्मकरुणापूर्ण प्रभुनिवेदनसमेतका मसिना भावछविबीच पनि जानु यहाँ अपेक्षित छ । रोजरोज (प्रभु, हजुरका) चरणको दर्शन पाउँदै गर्दा मेरा आफ्ना मनमा कछु (कत्ति पनि) ताप छैन (वस्तुत: ताप छ) भन्ने पीडाभाव अगाडि सारी आत्मपरिहासपूर्वक लाम्खुट्टे, उपियाँ र उडुस सँगी रही अनि लाम्खुट्टेका गान र उपियाँका नाच हेर्दै यिनका लहर (लहड) मा रातभर सुत्न नसकी जाग्राम बसी खर्च नगरी ठूला चयनमा (वस्तुत: अनीदाका रनाहामा) कुमारीचोकका थुनामा आफू रहेको कविनिवेदन प्रभुचरणमा यहाँ प्रथमत: गरिएको पाइन्छ । त्यसपछि यहाँ आफू घरको धनी नभएको, केवल कुदालो ('कोदालो' को 'को' को 'ओ' को ह्रस्वरूप) खनी खाने खालको भएको अनि आफूले मान पाऊँला कि भनी दुक्ख गरेर एकमन एकचित्त लगाई चाकरी गर्दा 'हरि'(प्रभु) खुसी भई कैल्यै नखोस्ने गरी मानमाथि पनि भुक्तमान (जागिरखोसाइ र बदनामीसहितको कुमारीचोकको यातना) थपिएको र अब सो जागिर पनि (खोसिई) नरहेको आत्मनिवेदनसमेत यहाँ कविद्वारा भित्री-पीडामिश्रित बाह्य-विनोदपूर्वक व्यक्त गरिएको पाइन्छ । आफू चालीस वर्षको भएको र आठ वर्षको एक मात्र पुत्र रही उसको व्रतबन्धको नजिकको हर्षको वेला भए पनि आफू विपत्मा (कुमारीचोकमा) परी यहीँ फगत एक्लो रहेको र कुन पाठले आठ वर्षको छोराको व्रतबन्ध वेलाभित्रै सम्पन्न गरी पार लगाउने भनी जगत्लाई नै अँध्यारो मान्ने अवस्थामा आफू रहेको आत्मकरुणापूर्ण अन्तर्निवेदनको कविभाव पनि यहाँ व्यक्त भएकै छ । यहाँ जागिर खोसिई अपवाद लागी कुमारीचोकमा थुनिएका कवि भानुको यस्तै छाँटको अन्तर्वेदनालाई जीवनीकार मोतीरामद्वारा उपर्युक्त कविकथनहरूमार्फत १९०९ सालका समयसेरोफेरोको चालीस वर्षे उमेरको अन्त:क्रन्दनका प्रसङ्गसँग जोडी प्रस्तुत गरिएको छ र प्रभु (सरकार) का कृपाबाट कुमारीचोकको फारकपत्र पाएर

कवि भानुले सोही साल फागुन मैनामा आफ्नो घर तनहुँ गई आफ्ना पुत्र रमानाथको व्रतबन्ध आठ वर्षभित्रै सम्पन्न गरेको बेहोरासमेत यहाँ जीवनीकार मोतीरामले बताएकै छन् ।

मोतीरामका यी भानुजीवनीपरक कथनका मूल भावसन्दर्भसँग आफ्ना ढङ्गले मोटामोटीमा बाबुराम आचार्य (२००३) पनि (पूर्ववत्, पृ. १०३-१०८) सहमत रहेको पाइन्छ तर उनले सो बिन्तीपत्रको समय १९१० सालको हिउँद हो भनी बताई (पूर्ववत्, पृ. १०८) रङ्गनाथ शर्मा (१९९८) ले बताएका भानुजन्मकाल (१९७१ साल) सँग 'चालिस् वर्ष भयाँ' भन्ने भानुभक्तीय कविकथनको सामञ्जस्य स्थापित गर्ने प्रयाससमेत गरेको यताबाट बुझिन आउँछ । साथै यहाँ बाबुराम आचार्य (२००३) द्वारा रङ्गनाथ शर्मा (१९९८) द्वारा 'भानुभक्त मणिमाला' का 'परिचय' अन्तर्गत प्रस्तुत भएको र भानुको भनिएको लग्नकुण्डलीकविताकोसमेत भानुजन्मवर्ष वि.सं. १८७१ हो भन्ने स्थापनासँग सामञ्जस्य स्थापना गर्ने प्रचेष्टा गरिएको प्रस्ट नै अवगत हुन आउँछ । यहाँ बाबुराम (२००३) ले भानुभक्त १९०२ सालपूर्व या सो सालसम्ममै पाल्पामा (पाल्पा गोश्वाराअन्तर्गतका पाल्पा तहसीलका अड्डामा) मेजर (राइटर सरह) पदमा भर्ना भएको र कृष्णबहादुर राणा पाल्पाका कमान्डर हुँदा उनी खरदार भएको अनि भानुभक्तका भान्जा पर्ने विद्वान् सुब्बा वीरेन्द्रकेशरी अर्ज्यालले पछि बाबुराम आचार्यसँग भानुभक्तलाई पाल्पा दफ्तरका खरदार भन्ने गरेको जानकारीसमेत दिएका छन् (पूर्ववत्, पृ. १०४-५) तर भानुभक्तको प्रथम भानुजीवनीकार मोतीरामले १९०७ सालपूर्व भानुले जागिर खाएको चर्चा नगरेकाले मोतीमत सही नै देखिन्छ भन्नुपर्छ । अझ पुष्कर अथक रेग्मीको 'अग्रदूत छविलाल नेपाल: संक्षिप्त परिचय' (२०७०), प्रा.डा.शर्वराज आचार्यको 'भानुभक्तीय खोजी' (२०६९) र उनबाट प्राप्त हुने अरू जानकारीहरूअनुसार चाहिँ पेटका रोगले सिकिस्त भई बाबु

धनञ्जयले बोलाएअनुसार १९९८ सालदेखि नै भानुभक्त बिरामी बाबुको सेवा टहल र सुसारका साथै अड्डाका कामका पनि सहयोगी रही पाल्पामै रहेको र कम्तीमा वि.सं. १९०३ वा १९०२-१९०७ सालबीच पाल्पामा भानुभक्त स्वयंले जागिर खाएको जानकारी थपिन पुगेको पनि छँदै छ । अवश्य नै यिनको थप निर्क्योल अपेक्षित छँदै छ । जे होस्; यहीँनेर बाबुराम आचार्य (२००३, पूर्ववत् पृ. १०७) को कुमारीचोकको भुक्तमानपछि भानुभक्तले फेरि जागिर नखाएको जानकारीसँग सम्बन्धित यस्तो भनाइ भने उपयुक्त नै जँच्तछ– "फारख लिएपछि जागीरमा भर्ना पनि हुन्थे । भानुभक्तले पनि इच्छा गरेका भए फेरि जागीर खान सजिलैसँग सक्तथे । तर पनि पाँच महिनाका थुनाइले विरक्त भई जागीरको नामै पनि लिएनन्; आफ्ना छोरालाई पनि जागीर खुवाएनन् ।"

यहीँनेर भानुपुत्र रमानाथको व्रतबन्धका सन्दर्भमा व्रतबन्ध संस्कारका शास्त्रीय तथा लोकप्रचलित कतिपय मान्यताबारे पनि दृष्टिपात गरौँ । हिन्दू नेपाली परम्परामा विशेष प्रचलित र संस्कार आदि निर्णय गर्नुपर्दासमेत विशेष मान्य रहेको संस्कृत शास्त्रग्रन्थ कमलाकर भट्टको 'निर्णयसिन्धुः' का तृतीय परिच्छेदअन्तर्गत 'चूडाकर्म वा चौलकर्मपछि गरिने' व्रतबन्ध (उपनयन, विद्यारम्भ, केशान्त र समावर्तन) संस्कारको कालको निरूपणसमेत गरिएको पाइन्छ । त्यहाँ ब्राह्मण (कुमार वा कुमारी) को चूडाकर्म सकी खास उपनयन संस्कार (विद्यारम्भ, केशान्त र समावर्तनसहित) विविध कामनाले (ब्रह्मवर्च वा ब्रह्मतेज, धन, विद्या, यी सकलका कामना र कान्ति (सौन्दर्य) का कामनाले) कुमार/वटुकका क्रमशः पाँच, छ, सात, आठ या नौ वर्षमा गर्न सकिने र त्यसपछि सोह्र वर्षसम्म गौणकाल रहने कुरा 'विष्णुस्मृति' मा भनिएको कुरा देखाइएको छ र 'मनुस्मृति' ले पाँच वर्षकै उपनयनमा जोड दिएको अनि 'आपताम्बगृह्यसूत्र' अनुसार सो विशेषतः गर्भाष्टम वर्षमा

गर्नुपर्ने र 'आश्वलायनगृह्यसूत्र' अनुसार चाहिँ सो कर्म गर्भाष्टम वा जन्माष्टम वर्षमा हुनुपर्ने बताइएको पाइन्छ । 'निर्णयसिन्धु' का उक्त तृतीय परिच्छेदमा गर्भाष्टम वर्ष स्पृहणीय रहे पनि जन्माष्टम वर्षमासमेत अरू कुराका साइत पनि हेरी उपनयन आदि कर्म (व्रतबन्ध संस्कार) को विधान हुनुपर्ने बताइएको देखिन्छ ('निर्णयसन्धु', प्रा.डा.वेणीमाधव ढकालको नेपाली टीका, प्रस्तावना भाग, पृ. १४५, १४७-१४८; विद्यार्थी प्रकाशन) । नेपालमा पनि चर्चित रहेको नित्यानन्द पर्वतीयकृत 'संस्कारदीपकर' वा 'संस्कारप्रदीप' को आधार लिई प्रेमराज पाण्डेको 'व्रतबन्ध–विवाहविधि' नामक नेपाली रूपान्तरित ग्रन्थ (२०५३, पृ. ११४-१५) मा चाहिँ 'स्कन्दपुराण'का आधारमा हुने पाँचौंदेखि बाह्रौं वर्षसम्मका व्रतबन्धको विधान खास खास कामनाका आधारमा देखिए पनि मुख्यत: "ब्राह्मणको व्रतबन्ध ७ या ८ वर्षमा गायत्रीमन्त्रको दीक्षायोग्य मानिन्छ ... आ-आफ्ना कुलको जे जस्तो चलन छ त्यस्तै गर्नुपर्छ" आदि भनेको पाइन्छ । यस परिप्रेक्ष्यमा यहाँ सारांश रूपमा ७-८ वर्षको उमेरको गर्भाष्टम वा जन्माष्टम आठौँ वर्षक्रम चल्दै ब्राह्मणकुमारको उपनयनादि व्रतबन्ध संस्कार हुनेतर्फको सङ्केत गरिएको हो भन्ने बुझिन्छ । यस सन्दर्भमा मोतीरामले भानुजीवनचरित्र लेख्दा आफ्ना चालीस वर्षका उमेरमा भानुभक्त आचार्यले कुमारीचोकबाट फारकपत्र पाई '१९०९ विक्रमीयका फागुन मैह्नामा घर गई आफ्ना पुत्र रमानाथको व्रतबन्ध गरे' भनेका छन् (पूर्ववत्, पृ. १४-१५, पृ. १६) । यी भानुपुत्र रमानाथका प्रचलित जन्मवर्षबारे म पछि चर्चा गर्नेछु ।

साथै नरनाथकृत भानुभक्तीय जीवनचरित्रको द्वितीय संस्करण (२०३६) का पूर्वोक्त परिशिष्ट ५ का अन्तिम भाग (पृ. फ-ब) तिर भाइचन्द्र प्रधान (२००९) द्वारा उठाइएको भानुभक्तीय पूर्वोक्त बिन्तीपत्र अन्तर्गतको 'चालीस वर्ष भयाँ म' भनी सुरु हुने पद्यसमेतको

रचनाकाल मोतीरामले भनेझैँ वि.सं. १९०९ नभएको कुराको तर्कना प्रस्तुत गरिएको पाइन्छ । जहाँ यस सन्दर्भमा बाबुराम आचार्य (२००३) ले कुमारीचोकका निगरानीमा रहँदा भानुभक्तले कमान्डरइन्चिफ कृष्णबहादुरलाई चढाएको पद्य बिन्तीपत्रको रचनाकाल १९०९ बाट १९१० का हिउँदमा सारी काम चलाएका छन् (पृ. १०८); त्यहीँ भानुको उक्त बिन्तीपत्र कविता मोतरामले भनेझैँ १९०९ सालको सिद्ध नहुने र भानुपुत्र रमानाथको व्रतबन्ध १९११ सालमा भएको कुरामा नरनाथद्वारा जोड दिइएको पाइन्छ । (नरनाथ आचार्य, २०१७-१८; पृ. २५; २०३६ : परिशिष्ट ५, फ - ब) । वस्तुत: मोतीरामोक्त भानुजन्मवर्ष वि.सं. १८६९ मा त्यतिखेरको भानुभक्तको उमेर ४० वर्ष गर्दा जोड १९०९ साल हुने भएकाले रङ्गनाथ शर्मा (१९९८) ले दिएको वि.सं. १८७१ को भानुजन्मवर्ष मान्नका निम्ति उक्त 'चालीस वर्ष भयाँ' भन्ने पद्यसमेतको उक्त बिन्तीपत्रे कविताको रचनाकाल १९०९ साल होइन कि भनेर पनि सोच्नुपर्ने (र होइन नै भनी १९११ पुऱ्याई सच्याउनुपर्ने) अवस्था छँदै छ । खास गरी यस प्रसङ्गमा रमानाथको प्रचलित जन्ममितिका कोणबाट पनि विचार गरी हेरौँ ।

भानुपुत्र रमानाथ आचार्यका जन्ममितिबारे विस्तृत प्रामाणिक जानकारी प्राप्त नभई अनुमानित जन्मवर्ष प्रयोग भई सो प्राय: विवादित हुन पुगेको अवस्था देखिन्छ । मोतीराम भट्टका भानुजीवनीगत उपर्युक्त प्रस्तुतिअनुसार कुमारीचोकका निगरानीमा रहँदाको बखत रची स्वयम् भानुभक्तले तत्कालीन कमान्डरइन्चीफ कृष्णबहादुर राणालाई चढाएको सन्दर्भित कविताको एक अंशले 'चालिस् वर्ष भयाँ म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको' भनेको र मोतीरामले सो कविताको रचनाकाल १९०९ (र भानुजन्मवर्ष १८६९) साल मानेको र पछि कुमारीचोकबाट फारकपत्र पाई १९०९ साल फागुनमा घर गई छोरा रमानाथको व्रतबन्ध गरेको

उल्लेख गरेको प्रसङ्गअनुसार रमानाथ जन्मवर्ष १९०१ ठहर्नेमा सो मान्य नभई भानुभक्तको रङ्गनाथ शर्मासमेतको कथनअनुसार जन्मवर्ष १८७१ साल मान्ने सन्दर्भमा भानुको कुमारीचोकथुनाहाको र त्यससँग सन्दर्भित कविताको रचनाको वर्ष र रमानाथको जन्म र व्रतबन्ध वर्षका बारेमा मोतीरामका सापेक्षतामा बाबुराम आचार्यले एक वर्ष र अरू उत्तरवर्ती नरनाथ आचार्य प्रभृति जीवनीकारहरूले स्वत: दुईदुई वर्ष थप्दै लगेको जस्तो स्थिति पाइन्छ । नरनाथ आचार्य (पूर्ववत्, २०१७; २०३६, पृ. ३७) ले कुमारीचोकको फछ्र्यौट भई भानुभक्त १९११ पुसमा काठमाडौँबाट तनहुँ चुँदीरम्घा गएपछि उनका छोरा रमानाथको व्रतबन्ध भएको कुरा बताएको देखिन्छ । 'बुइँगल' का सम्पादक कमल दीक्षितले भानुभक्तका एक पनाति 'मुक्तिनाथ' आचार्यको 'भानुको भावना' भन्ने किताबमा रमानाथबारे केही उल्लेख पाइन्छ भन्दै ती रमानाथको जन्मवर्ष १९०३ लेखेको र छापेको भेटिन्छ (बुइँगल, साझा प्रकाशन संस्करण, २०३४, पृ. ३३७) तर भानुभक्तका खुद एक पनाति र रमानाथका नाति ती मुक्तिनाथ आचार्यले चाहिँ उक्त भानुको भावना (२०२८) पछि आफ्ना 'आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी' (२०४२) का पृ. ९५-१०४ अन्तर्गत सिङ्गै एक परिच्छेद (पञ्चम परिच्छेद) मा रमानाथ आचार्यको संक्षिप्त परिचय प्रस्तुत गर्दै आफ्ना जीहजुरबुबा रमानाथको जन्मवर्ष वि.सं. १९०२ हो भनी दुई ठाउँ (पृ. ९५, १०३) मा लेखेछापेको पाइन्छ तर अरू थप जन्मतिथिमितिबारे अरू कुनै थप जानकारी भने नदिएको भेटिन्छ (यी रमानाथको मृत्यु भने १९६८ पौष शुक्ल प्रतिपदा तिथिमा स्वेच्छित मरणका सन्दर्भमा कालीगण्डकीको त्यस गड्गडी घाटमा भएको कुरा बताएको भेटिन्छ जसलाई लोकस्तरमा गड्गडे/गडगडी घाट पनि भनिएको पाइन्छ) । व्रतराज आचार्यको 'आदिकवि भानुभक्त जीवनी र कविताको सम्परीक्षण' ग्रन्थ (२०५८; २०७०, पृ. २३,

३५-३६) मा भानुपुत्र रमानाथको जन्म १९०३ सालमा भएको भनी बताएको भेटिन्छ । वास्तवमा रमानाथ आचार्यको जन्मतिथि पनि भानुभक्तको जन्मवर्षका बारेमा मोतीराम भट्ट र रङ्गनाथ शर्मा एवम् विष्णुमायाका सूचनामा दुई वर्षको अन्तर भएजस्तै अवस्थामा रहन पुगेको पाइन्छ । यस सन्दर्भमा रमानाथको जन्मवर्षबारे उपर्युक्त दुई थरी पक्षमध्येका कुनै पक्षधरद्वारा मानिएको भानुजन्मवर्षमा कुमारीचोकमा थुना हुँदाको भानुउमेरका वर्ष ४० थपी र लगभग गर्भाष्टम वा जन्माष्टम (गर्भे वा जन्मेको) आठौँ वर्षको परिधि जनाउने गरी ७-८ वर्ष घटाई १९०१ वा १९०३ सालबीचको कुनै समयरेखा कोर्न त सकिन्छ अथवा भानुपनाति र रमानाथका नाति मुक्तिनाथको २०४२ सालका खोजीलाई तदर्थ रूपमा लिई रमानाथ जन्मवर्ष १९०२ साल ठानी निश्चित निर्क्यौल भई सो प्रायः मान्य नहुन्जेलका लागि मानिराख्न पनि सकिन्छ ।

अझ खास कुरा शर्वराज आचार्यको 'भानुभक्तीय खोज' (२०६९) तथा पुष्कर अथक रेग्मीकृत 'अग्रदूत छविलाल नेपाल : संक्षिप्त परिचय' (२०७०)को भानुभक्त र छविलाल नेपालसम्बन्धी (र अरू पनि सम्बन्धित परिच्छेद) तथा त्यताबाट आउन सक्ने अरू थप जानकारी तथा परवर्ती खोज क्रमबाट धनञ्जयका सम्भाव्य मृत्युवर्ष तथा तिथिमितिका दिशासङ्केतलाई पनि दृष्टिगत गर्दै पुरानो पाल्पा दरबार ध्वस्त भए पनि, कुमारीचोकका सम्बन्धित पुराना सामग्रीको खोजसमेतका अझै सम्भाव्य सन्दर्भमा भानुजीवनीगत र अरू सन्दर्भित यस्ता कुराको निर्क्योल गर्न सकिने पनि केही न केही आशा भने गरिराख्नु नै पर्ला ।

साथै भानुभक्तीय जीवनीपरक र कृति तथा कृतित्वप्रति उन्मुख अरू लेखक-समीक्षकहरूका बारेमा चाहिँ यथास्थान (र यथावसर) थप चर्चा गरिनेछ ।

भानुभक्तकै एक नाति देवीभक्तका एक छोरा (भानुभक्तका पनाति) मु. मुक्तिनाथ आचार्यले 'भानुका भावना' (२०२९) का अतिरिक्त 'आदिकवि भानुभक्त आचार्य खोजपूर्ण जीवनी' (वि.सं. २०४२) तथा राष्ट्रिय अभिलेखालयको हस्तलिखित प्रतिमा आधारित 'रामायण' (फुटकर पद्यसहित; २०६२) लेखी छपाई भानुका जीवनीसन्दर्भ र कृति आदिबारे थप र कतिपय भिन्नमत पनि व्यक्त गरेको पाइन्छ भने यी मुक्तिनाथ आचार्य (२०४२) बाट कवि भानुभक्त कुमारीचोकको थुनामा पर्नुका कारणबारे चर्चा गर्दै तत्सम्बन्धी मोतीरामका भनाइको खण्डन गरी १९०८ सालमा पाल्पामा बहालमै बितेका बाबु धनञ्जयकै हिसाब फर्छ्यौट गर्नुपर्दा कुमारीचोक थुनामा पर्नुपरेको र आफै भानुभक्तले जागिर नखाएको कुरा व्यक्त गरिएको पाइन्छ । (पूर्ववत्, तृतीय परिच्छेद, पृ. ५१-५५) । श्रीकृष्ण आचार्यका साहिँला छोरा र भानुभक्तका साहिँलाबा पद्मनाभका शाखासन्तति (पद्मनाभ > गौरीदत्त > गणेशदत्त > कृष्णप्रसाद > गिरिराज > व्रतराज (शृङ्खला)का प्रा.डा.व्रतराज आचार्यको 'आदिकवि भानुभक्त जीवनी र कविताको सम्परीक्षण') (वि.सं. २०५८, द्वि.सं. २०७०) अन्तर्गत यथानाम भानुभक्तीय जीवनी, कृति, कृतित्व आदिबारेका विभिन्न सामग्री र मतान्तरको सम्परीक्षण गरिएको छ भने यहाँ व्रतराजद्वारा 'धनञ्जयको देहावसान र कुमारीचोकमा भानुभक्त' शीर्षकका जानकारी र विमर्श तथा सम्बन्धित पादटिप्पणीलगायतका माध्यमबाट धनञ्जयले 'वि.सं. १८६९ भन्दा अघिदेखि वि.सं. १९०९ सम्म पाल्पाका जङ्गीअड्डामा सरकारी सेवा गरेको' र त्यहाँ बिरामी भई उनलाई भारतका काशीको मणिकर्णिकाघाटमा पुऱ्याइएको र त्यहीँ उनको निधन भई साथै रहेका भानुभक्तले सो खबर एक चिठीमार्फत तनहुँमा छोरा रमानाथलाई पठाएको र बाबु धनञ्जयको जागिरको हिसाब फरफारक नहुँदासम्म छोरा भानु

कुमारीचोकको निगरानीमा रहेको अनि भानुभक्तले स्वयम् जागिर नखाएको आदि भनी सम्बन्धित मोतीमतको निरसनसहित आफ्नो अभिमत प्रस्तुत गरिएको पाइन्छ (पूर्ववत्, पृ. २४-२६ र ३६-३७) । पिता नरनाथको भानुभक्तको जीवनचरित्रपरक पूर्वोक्त ग्रन्थको द्वितीय संस्करणका सम्पादकसमेत रहेका शिवराज आचार्य कौण्डिन्यायनद्वारा सम्पादित तथा 'भानुभक्तीय रामायण'लगायत कृतिको विशिष्ट पाठाध्ययनप्रति विशेष केन्द्रित रहेको 'भानुभक्तकृत भाषारामायण' ग्रन्थ (२०६७) को भूमिकाभागअन्तर्गत– 'कुमारीचोकको पक्राउ...', 'कुमारीचोकको कार्बाई', 'भानुभक्त कुमारीचोकको थुनाहामा', 'कुमारीचोकको बही फर्स्योट' आदि छोटाछोटा शीर्षकमा (पृ. ४४-४६ मा) खास गरी आफ्ना पिता नरनाथ (२०१७-१८, २०३६) को पछि सम्पादनमा आफू पनि सम्मिलित रहेको, मतको, निकटको अनि स्वकीय ढङ्गको सफा र छरितो प्रस्तुति गरिएको पाइन्छ ।

यसरी भानुभक्तीय जीवनीका सन्दर्भमा मोतीरामले सूचना दिएको भानुभक्तको जागिरको प्रसङ्ग र सँगैजसो कुमारीचोकका थुनानिगरानीको प्रसङ्ग पनि पछि निकै मतान्तरपूर्ण रहेको पाइन्छ ।

भानुभक्तीय जीवनीमा मोतीराम भट्टबाट (र उत्तरवर्तीहरूसमेतबाट) उठाइएका विभिन्न स्रोत र प्रकारका अरू विशेष महत्त्वपूर्ण र रोचक प्रसङ्गहरूमध्ये भानुभक्तको गिरिधारी भाटसँगको मुद्दाप्रसङ्ग पनि पर्न आउँछ (मोतीराम भट्ट, कवि भानुभक्तको जीवनचरित्र, पूर्ववत् पृ. १२-१३) । यस प्रसङ्गमा विशेषत: नरनाथ आचार्य (२०१७-१८; वि.सं. २०३६; पृ. ३९-४१ र ४९-५४) का अनुसार भानुभक्तको गिरिधारी भाटसँग बगरमुद्दा र बाँधकुलो मुद्दा चलेको जानकारी प्राप्त हुन्छ र तत्सम्बन्धी बिन्तीपत्रका गद्यलेखोट खेस्रा, साफी र भानुपद्यसमेत यहाँ प्रस्तुत गरिएको छ र ती मुद्दा भानुभक्तले जितेको बेहोरा अवगत हुन

आउँछ । त्यस्तै कवि भानुभक्तका एक पनाति मु.मुक्तिनाथ आचार्य (१९४२, पृ. ६०-६४) बाट पनि भानुभक्तका गिरिधारी भाटसँगका बाँधकुलो मुद्दाबारे जानकारी र पद्यसन्दर्भ प्राप्त हुन आएको पाइन्छ अनि भानुभक्त स्थानीय (चुँदीबेसीको) निकै ठूलो खेत-फाँटको 'बराहा' कुलोका मुख्यौली वहन गरी स्थानीय अगुवा परिचालकसमेत रहेकोसमेत बुझिन आउँछ । यस सन्दर्भमा व्रतराज आचार्य (२०५८, द्वि.सं. २०७०, २९-३०, पृ. ४४-४५, परिशिष्ट २, पृ. १४८)बाट पनि थप सन्दर्भ दिँदै भानुभक्त बराहा वा बाँधकुलोका प्रमुख रहेको र भानुभक्तका गिरिधारी भाटसँगका बाँधकुलो र साँधसिमानाका मुद्दाहरूलाई लिई चर्चा गरिएको र निकै सामग्री दिई त्यसबारे केलाइएको पाइन्छ । यस सन्दर्भमा अझ मसिनोसँग प्राप्त जानकारी र मतान्तरको थप निर्क्योल भने वाञ्छित नै देखिन्छ ।

भानुभक्तको स्थानीय गिरिधारी भाटसँगको झगडा र मुद्दाको शृङ्खला वास्तवमा भानुभक्त आचार्यका व्यक्तिगत र पारिवारिक तथा स्थानीय आर्थिक-सामाजिक जीवनमा निकै प्रभाव पार्ने एक प्रसङ्ग हुँदै हो । भानुभक्तका निम्ति यी गिरिधारी भाट लामो झन्झटिया मुद्दाझगडाको पात्र तथा कारणी एवम् अत्यन्त तीव्र र गहिरो परिताप र पीडाको स्रोत हुन पुगेको सङ्केत यहाँ यसरी पनि भेटिन्छ–

**(क) ख्वामित् यस् गिरिधारिले अति पिऱ्यो व्यर्थै गऱ्यो झेल् पनि ।**

**(ख) यस्भन्दा अरू पत्र पात्र पनि छन् भोग् छन् दसी छन् सही ।**
**श्रोता साक्षी कुरा कहानि पनि छन् मेरा सनद् छन् कहीँ ॥**

**(ग) बिन्ती डिठ्ठा विचारीसित म कति गरूँ चूप् रहन्छन् नबोली ।**
**बोल्छन् ता ख्याल् गऱ्याझैँ अनि पछि दिनदिन् भन्दछन् भोलि भोली ॥**
**की ता सक्तीन भन्नू कि तब छिनि दिनू क्यान भन्छन् यिन भोली ।**
**भोलीभोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ॥**

तर भानुजीवनीमा रुचि लिने कतिपय उत्तरवर्तीहरू बाबुराम आचार्य, नरनाथ आचार्य, मुक्तिनाथ आचार्य, व्रतराज आचार्यले भने यी विषयमा र सम्बन्धित मुद्दास्थल आदिका बारेमा केही या निकै नै भिन्न धारणा पनि व्यक्त गरेको पाइन्छ । यी र अरू उत्तरवर्ती भानुजीवनीपरक थप जानकारी दिनेहरूले बताएअनुसार बगरमुद्दा नाम दिइएको यो मुद्दा लम्जुङको तार्कुघाट, पोखरा र काठमाडौँका अड्डाअदालतका फजितीपछि जिती आफ्ना आबादी खेतको रक्षा भानुभक्तले गरेको बुझिन्छ; सम्बन्धित मुद्दाको समय १९०६, १९१३, १९२१-२२ सम्म तन्किन पुगेको भेटिन्छ भने सम्बन्धित भानुपद्यहरू उनको खरो स्वभाव तथा तीव्र न्यायिक र सामाजिक विसङ्गतिचेतप्रति सचेत अनि परिहासी तर क्रुद्ध तीक्ष्ण व्यङ्ग्याधार भएको अन्तर्वेधक कवित्वचेतका पनि साक्षी छँदै छन् ।

भानुभक्तका जीवनीको गहन निरूपणका क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पनि निकै निर्णायक बन्ने एक सन्दर्भ श्रीकृष्ण आचार्यका छ भाइ छोराबीच कहिले अंशबन्डा भयो भन्ने पनि हो । श्रीकृष्णका जेठा छोरा खरदार धनञ्जय लामो समयसम्म जागिरमा रहेकाले उनका भागका जग्गाजमिनको रेखदेख र घरव्यवहार एवम् सम्पत्ति तथा लेनदेन र सरकारी मामिला आदिको जिम्मेवारी कहिलेदेखि धनञ्जयका एक मात्र छोरा भानुभक्तले लिनुपऱ्यो र त्यसले भानुभक्तका जीवनमा र खास गरी उनका कवितासाधनामा केकस्तो अन्तर्भूमिका खेल्यो होला त भन्ने जिज्ञासा पनि अस्वाभाविक होइन । यस परिप्रेक्ष्यमा अझै परिमित जानकारी मात्र उपलब्ध छन् र तिनमा पनि अलि अन्तर्विरोधजस्तो पनि देखिन्छ । यस क्रममा विभिन्न भानुजीवनीकारका आआफ्ना आकलनका सार प्रस्तुत गर्दै प्रथमत: प्राय: सबै जानकारीकाबीच न्यायोचित सक्दो तथ्यात्मक अन्तर्व्यवस्थापन गर्ने प्रयास गरौँ ।

उपर्युक्त प्रसङ्गको चर्चा प्रथमत: श्रीकृष्ण आचार्यकै जैविक सान्ध्यपखका उमेरसित जोडेर सुरु गरौँ। पूर्वोक्त विभिन्न भानुजीवनीग्रन्थका पर्यवेक्षणका आधारमा भन्न खोज्दा मोटोमोटीमा श्रीकृष्ण आचार्य वि.सं. १८१० तिर तत्कालीन तनहुँ राज्यका चुँदीरम्घामा जन्मिई पछि वि.सं. १८३९ मा तनहुँ विशाल गोरखा या नव नेपालमा अन्तर्भूत भएपछि वि.सं. १८८५ तिर ७५ वर्ष जतिका उमेरमा भारतको काशी (बनारस) सहरमा पत्नीसहित गई कल्पवासमा रहेका हुन् र त्यहाँ वार्धक्यक्षीण श्रीकृष्णका बूढाबूढीसँगै काहिँला छोरा तुलसीराम पनि सहयोगीका रूपमा थिए र नाति भानुभक्त पनि पढ्न त्यहाँ रहेका थिए भन्ने जानकारी प्राप्त छ (नरनाथ आचार्य, पूर्ववत्, पृ. २४)। साथै त्यहीँ (काशीमा नै) एक वर्ष पहिले उनकी पत्नी (कान्छी पत्नी श्रीकान्ता) बिती १८९० तिर श्रीकृष्णको निधन भयो भनी भनिन्छ। यस परिप्रेक्ष्यमा एकथरी धारणाअनुसार श्रीकृष्णका जेठा छोरा धनञ्जयलगायत छ जना छोराकाबीच त्यही १८८५ सालताक अंशबन्डा भई तिनलाई सकल घरगृहस्थी, जग्गाजमिन, श्रीसम्पत्ति आदि जिम्मा दिई वृद्ध श्रीकृष्ण पत्नीकासाथ काशीकल्पवासतर्फ लागेका हुन् र त्यसभन्दा अघि श्रीकृष्णका छ भाइ छोराहरूकाबीच अंशबन्डा भएको थिएन। यहाँ सहज प्रश्न उठ्छ- छ जना छोरा हुने ज्ञानी श्रीकृष्णले आफ्ना ७५ वर्षका अति वृद्ध उमेरसम्म आफ्नै काँधमा सम्पूर्ण भार बोकिरहे होलान् अनि उनका छ भाइ छोरा र तिनका बुहारी आदिले पनि आआफ्नो अंशभागको जिम्मेवारी नलिई बूढा श्रीकृष्णलाई नै ५६८ मुरी बिर्ताखेत र अरू रैकर खेत तथा तिनका पाखाजग्गा र अरू श्रीसम्पत्ति, लेनदेन, सरकारी मामला आदिको सकल मूलभार श्रीकृष्णका बूढाबूढीलाई बोकाइराखे होलान् त !

उपर्युक्त प्रसङ्गलाई अब श्रीकृष्ण आचार्यका सन्ततिका बारेमा चर्चा गर्दै अगाडि बढाऊँ। प्राप्त जानकारीहरूका अनुसार

श्रीकृष्णका सत्यरूपा र श्रीकान्ता दुई पत्नी थिए र गाउँकै पण्डितकुलकी कन्या सुकान्ताका कोखबाट श्रीकृष्णका छ भाइ छोरा क्रमशः धनञ्जय, काशीनाथ, पद्मनाभ (शेखर), तुलसीराम, गङ्गादत्त र इन्द्रविलास तथा दुई बहिनी छोरीहरू रुद्रप्रिया (बिहेपछि सिग्देल) र रमा (बिहेपछि अर्याल) भएको बुझिन्छ (नरनाथ आचार्य, पूर्ववत्, पृ. २-३, १६)। श्रीकृष्णका यी छ भाइ छोरामध्ये जेठा धनञ्जयलगायत सबै छोराहरू त्यस समयको शैक्षिक परिवेश र प्रचलनअनुसार संस्कृत विद्या पढेका र संस्कृतका चल्तीका प्रसिद्ध ग्रन्थ सार्ने लेख्ने अनि सामान्यतः रकमी लेखापढी जान्नेसमेत रहेका र यीमध्ये जेठा धनञ्जय पाल्पामा खरदार रहेको र अनुमानतः माहिला काशीनाथ पनि सरकारी जागिरे रहेको बुझ्न सकिन्छ। त्यस्तै श्रीकृष्णका साहिँला छोरा पद्मनाभ (शेखर) पनि विद्वान् रहेको, काहिँला छोरा तुल्सीराम पनि पण्डित र मुद्दामामिलाको सामान्य मर्म बुझ्ने रकमी रहेको; ठाइँला छोरा गङ्गादत्त ठूला ज्योतिषी र व्याकरणी तथा कान्छा इन्द्रविलास ठूला रकमी (रकमकलम जान्ने र कानुनी लेखापढी गर्न सिपालु) समेत रहेको जानकारी प्राप्त छ (नरनाथ आचार्य पूर्ववत्, पृ. २, व्रतराज आचार्य, पृ. ३-४)।

श्रीकृष्णका जेठा छोरा धनञ्जयको जन्मवर्ष अनुमानतः वि.सं. १८३० वा १८३१ हो भनिन्छ र त्यसको मुख्य आधारभूमिका रूपमा विष्णुमायाको 'भानुभक्त मणिमाला' ग्रन्थका भूमिकामा रङ्गनाथ शर्माले धनञ्जय चालीस वर्षका उमेरका हुँदा वि. सं. १८७१ सालमा भानुभक्तको जन्म भएको भन्नु नै हो भनी मानिन्छ (व्रतराज आचार्य, पूर्ववत्, २०५८, पृ. ४, ११; २०७०, पृ. ४, १२)। उक्त 'भानुभक्त मणिमाला' ग्रन्थको 'परिचय' शीर्षकमा रङ्गनाथ शर्माले भानुभक्त जन्मिई उनको न्वारन गर्ने क्रममा बावु धनञ्जयले पुरोहितलाई "मैले सूर्यको व्रत गरेको बाह्र वर्ष

भयो । व्रतको प्रतिष्ठासम्म पनि गरेको छैन; यस्तो बखत्मा फेरी यो उमेरमा पुत्र जन्मेको हुनाले..." आदि कुरा भनेको त भेटिन्छ तर धनञ्जयको त्यतिखेरको खास उमेर खुलाइएको देखिँदैन अनि रङ्गनाथ शर्माले १८७१ सालमा भानुभक्त जन्मिदाको धनञ्जयको उमेर ४० वर्षको थियो भनी खुलाई भूमिका लेखेको 'भानुभक्त मणिमाला' ग्रन्थ भने मैले भेट्न पढ्न पाएको छैनँ । जे होस्, यस सन्दर्भमा भानुसम्बन्धी जीवनचरित्रका लेखक नरनाथ आचार्यले चाहिँ भानुभक्तको जन्मका सन्दर्भमा पद्यात्मक रूपमा यसो चाहिँ भनेको भेटिन्छ– "छोरो एक् नहुन्या धनञ्जयजिका मन्का सबै ताप् हरी" (पूर्ववत्, पृ. १) ।

जनरल काजी (भीमसेन थापा) द्वारा कर्णेल उजीरसिंह थापालाई संवत् १८७३ पौष शुदि ११ रोज २ मा लेखेको पत्र (पूर्ववत्, पृ. १४-१५ मा उतार प्रस्तुत भएको पत्र) का अनुसार श्रीकृष्णका यी जेठा छोरा धनञ्जय आचार्यले कम्तीमा १९६७ सालदेखि पाल्पामा खरदार पदमा जागिर खाएको देखिन्छ । यसभन्दा अगि सम्भवत: धनञ्जय फौजीतर्फको मेजर (राइटर, लेखनदास) रहे होलान् र सो पदको लामो अनुभव र दक्षता तथा तत्कालीन शासक जनरल भीमसेन थापा र कर्णेल उजिरसिंह थापाका कारणले उनी पाल्पामा खरदारजस्तो त्यस बेलाको उच्च सरकारी मान तथा पद पाउन समर्थ भए होलान् (बाबुराम आचार्य, पूर्ववत्, पृ १०३-५) । बाबुराम आचार्यले त्यति बेला सुरुमा नै खरदारी मिल्नु महाकठिन थियो भन्नाका साथै धनञ्जय र उनका दुइतीन भाइले पनि निजामती जागिरको वृत्ति लिएका थिए भन्ने पनि जानकारी दिएका छन् भने धनञ्जयका सम्भवत: माहिला भाइ काशीनाथ सरकारी जागिरमा थिए कि भनी अनुमान गरिएको पनि भेटिन्छ (बाबुराम आचार्य, पूर्ववत् व्रतराज आचार्य, पूर्ववत्, पृ. ३-११) । साथै नरनाथ आचार्यद्वारा 'खूप रकमी कम रहन्थ्या कहाँ' भनी वर्णन गरिएका कान्छा भाइ

इन्द्रविलास पनि जागिरदार भए वा नभए पनि बडा रकमी रहेको अनुमान गर्न मिल्छ (नरनाथ, पूर्ववत् पृ. २) । त्यस्तै श्रीकृष्णका काइँला छोरा तुलसीराम बाबु श्रीकृष्णसँगै काशीकल्पवासमा रहेका र आफ्ना दुई छोरी मात्र सन्तति भएका र ती काली र महाविद्याको प्रतिष्ठित अर्याल/अर्ज्याल कुलमा बिहे भएको हुँदा तिनलाई घरमाइतसमेत गराउँदै वि.सं. १८८२ मा धनञ्जय आचार्यले कुशबिर्ता पाएका र अंशवण्डा हुँदा साझा रहेको भनिने काठमाडौँ महाबौद्धका घरमा बसी घरतर्फका मुद्दासमेतको रक्षक रहेको जानकारी भेटिन्छ (नरनाथ आचार्य, पूर्ववत्, पृ. १६-१७, ३०; व्रतराज आचार्य, पूर्ववत्, पृ. ३-४, ११-१२) । यस सन्दर्भमा यी काहिँला तुलसीराम पनि मुद्दामामिलाको जानकारी भएका रकमी रहेको हुन सक्छ । श्रीकृष्णका बाँकी छोराहरू पनि पठित र विद्वान् नै रहेको बुझिन्छ । यतिका समर्थवान् छ भाइ छोराहरू भइसक्ता पनि ज्ञानी श्रीकृष्ण आचार्यले ७५ वर्षका उमेरसम्म आफ्नै काँधमा सम्पूर्ण घरगृहस्थी, जग्गाजमिन उठ्तीपुठ्ती आदिको भार बोकिराखेको हुनुभन्दा निकै अगावै उनले अंशबन्डामार्फत सबै भाइ छोराहरूलाई आआफ्नो अंशभाग जिम्मा दिएको र त्यसका रेखदेख र परिपालनमा छोराबुहारीहरू र अरू परिवारजन पनि सम्मिलित हुँदै गएको अवस्था हुनु र श्रीकृष्ण आचार्य तथा उनकी धर्मपत्नी काशीकल्पवास जानुअघि जुन छोराबुहारी आदिसँग बसे पनि उनले सबैलाई अभिभावकत्व प्रदान गरेको हुनु बढी सान्दर्भिक हुन्छ कि !

उपर्युक्त विषयमा सामान्यत: अद्यावधिक अध्ययनका क्रममा क्रमश: नरनाथ आचार्य (२०१७-१९, २०३६) र व्रतराज आचार्य (२०५८-७०) का भिन्न धारणाहरू देखा परेको पाइन्छ भने बाबुराम आचार्य (२००३) का पनि केही थप जानकारीहरू छन् । अब यिनको पनि क्रमश: अवलोकन गरौँ ।

यस प्रसङ्गमा नरनाथ (पूर्ववत्, पृ. २५) द्वारा 'धनञ्जयको अस्वस्थता' शीर्षकअन्तर्गत धनञ्जय पाल्पामा जागिरे भएपछि सबै दाजुभाइ छ घर भई छुट्टिएकाले खरदार धनञ्जयका घरमा घर धान्ने केवल चाकरबाकर मात्र थिए भनी स्पष्ट रूपमा लेखिएको पाइन्छ (सम्भवत: धनञ्जयकी पत्नी धर्मावतीदेवी पनि पतिसँगै पाल्पामा रहने गर्थिन् भनिएको होला) । अर्कातर्फ व्रतराज आचार्य (पूर्ववत्, पृ. ६) ले चाहिँ यस विषयमा आफ्ना स्थापना यसरी प्रस्तुत गरेको पाइन्छ –"धनञ्जय आचार्य वि. सं. १८८५ सम्म संयुक्त परिवारमा थिए भन्ने कुरा वि. सं. १८८२ मा यिनले आफ्ना नाममा बिर्ता पाएको काठमाडौँको घर र वि.सं. १८८५ मा यिनले गुरुज्यूहरूबाट अलिफार्स्या गरी लिएको जग्गा पछिसम्म पनि चुँदीरम्घाका सबै आचार्यहरूको सगोलमा रहेबाट स्पष्ट हुन्छ । सम्भवत: पिता श्रीकृष्ण काशीवास जानुअघि धनञ्जयका दाजुभाइ छुट्टी भिन्न भएका थिए ।" हो, सम्भाव्यता यो पनि छ; तर यस सन्दर्भमा प्रथमत: धनञ्जयले १८८२ सालमा काठमाडौँमा आफ्ना नाममा बिर्ता पाएको घरमा सबै भाइले र तिनका सन्ततिले बस्ने गरेको व्यावहारिक अवस्था र वास्तविक कानुनी स्वरूपमै सो घरको सगोल कानुनी हैसियत केकस्तो रहेकोबारेमा पनि छानबिन अपेक्षित छ । यस क्रममा जानकारीप्राप्त भनाइ र धारणाहरूतर्फ दृष्टि दिँदा नरनाथ आचार्य (पूर्ववत्, पृ. ३०) द्वारा सो घर छ भाइ छुट्टिँदा सबैको गोस्वारी रहेको अनि भानुभक्त कुमारीचोकका निगरानीमा रहेका बखतसमेत त्यहीँ आफ्नै सजिया घरमा, काठमाडौँमै बसिरहने काहिँलाबाबु तुलसीरामसँगै, रहने गरेको कुरासमेत बताइएको पाइन्छ । त्यस्तै नरनाथ आचार्यद्वारा (पूर्ववत्, पृ. १७-१८ अन्तर्गतका पादटिप्पणीमा) सो घरविर्ताको लालमोहोर कागजको प्रतिलिपि उतार दिई त्यसपछि वीरअस्पतालको क्याम्पा बनाउँदा सरकारबाट घरको रुपैयाँ दिई बस्ती उठाएको जानकारीसमेत

प्रस्तुत गरिएको छ । साथै व्रतराज आचार्यद्वारा (पूर्ववत्, पृ. २३-२४, २७) गुरुज्यूहरूसँगका आफ्ना जग्गाखिचोलाका सन्दर्भमा १९०६ सालमा काठमाडौँ आउँदा भानुभक्तले त्यस साझा घरमा बसी अलकापुरी कान्तिपुरी नगरीसम्बन्धी कविता लेखेको हुन सक्ने अन्दाजसमेत व्यक्त गरिएको छ र त्यो घर सत्तलजस्तो भएको हुँदा पछिपछि भानुभक्त मित्र धर्मदत्त ज्ञवालीका घर (घरडेरा) मा बस्न थालेकोसमेत जानकारी उनीद्वारा दिइएको पाइन्छ । यी विभिन्न सन्दर्भबाट भने धनञ्जयले सो घर बिर्ता पाएपछि नै यी छ जना दाजुभाइ छुट्टिएको कुरा बाझिन आउँछ । यस प्रसङ्गमा २००३ सालमै बाबुराम आचार्य (पूर्ववत्, पृ. १०६) ले चाहिँ यसो भनेको पाइन्छ– "टुँडिखेलका किनारामा अचेल काठमाडौँको मर्दाना अस्पताल रहेका ठाउँमा भानुभक्तका काकाका छोराहरूको एक सजिया घर वि. सं. १९५३-५४ सम्म थियो । पछि यस घरमा भानुभक्तका छोरा रमानाथको हक थिएन । काठमाडौँका आसपासमा अन्यत्र भानुभक्तको घर भएको पत्ता छैन । यस कारणले त्यो टुँडिखेलको घर पहिले तिनकोसमेत सजिया भएको र रमानाथ रम्घामा नै रहने गरेका हुनाले यो घरको हक यिनले बिक्री गरेको अनुमान हुन्छ ।" यी र अरू पनि सम्बन्धित तर केही भिन्न प्रकृतिका विभिन्न जानकारीको समुचित वा न्यायोचित अन्तर्व्यस्थापन वाञ्छनीय छँदै छ । जे होस्, धनञ्जयले वि. सं. १८८२ मा बिर्ता पाएको काठमाडौँको घरको खास कानुनी हैसियतभन्दा पनि व्यवहारमा त्यो घर सगोल र सजिया रहेको देखिँदा श्रीकृष्ण आचार्य काशीकल्पवास जानुभन्दा अगि धनञ्जयका छ भाइबीच अंशबन्डा भए पनि १८८२ सालपछि नै भयो होला भनी विचार गर्नुपर्ने अवस्था पनि यहाँ छँदै छ ।

जहाँसम्म धनञ्जयले १८८५ सालमा गुरुज्यूहरूबाट अलिफार्स्या गरी लिएको जग्गाको कुरा छ । अलिफार्स्या भनेको

बङ्कारा किसिमको पनि हुन सक्ने भोगबन्धकीसरह हुने हुँदा मूलत: यस्तो जग्गा स्वत्व र अंशाधिकारका आधारमा हस्तान्तरण हुने सम्पत्तिभन्दा सम्बन्धित थैलीरकमसँग विशेष सम्बद्ध हुने र त्यो जग्गा मूल हकवालाले नै पनि थैली तिरी फिर्ता लिन सक्ने र थैली बढ भएमा अरूलाई पनि दिन सक्ने अनि पछि जजसका नाममा फार्स्या (फार्से, फार्छे, राजिनामा) भयो सो जग्गा तिनकै हुने हो । यहाँ यी र अरू पनि सम्भाव्यताको छानबिन अपेक्षित नै छ; तर मुख्य कुरा चाहिँ फेरि पनि उही नै हो– के श्रीकृष्ण आचार्य ७५ वर्षका उमेरमा १८८५ सालतिर काशीकल्पवासमा जानुभन्दा अगिसम्म छ भाइ छोराहरूका अंशभाग जग्गाजमिन आदि नुछुट्याई स्वयम् नै आफ्नो जग्गाजमिनलगायतको सम्पत्तिको सम्पूर्ण स्वामित्वको भार वहन गर्दै रहे त !

साथै यहाँ श्रीकृष्ण आचार्य काशीकल्पवासमा जाने बखत १९८२ सालमा धनञ्जयलगायत ६ भाइको अंशबन्डा भएपछि भानुभक्त पनि पढ्न बनारस गएपछि धनञ्जयको घरव्यवहार कसले (उनकी पत्नीले) नै हेरिन् होला त !

इतिहासगत दृष्टिले लिखित वा प्रकाशित रूपमा धेरै व्यक्तिहरूले भानुभक्त आचार्यका जीवनीका यो वा त्यो या केही पक्षमा कलम चलाउँदै आएको र तीमध्ये शम्भुप्रसाद ढुङ्ग्यालको लेखन (१९६९) लिखतमै थन्किएको र २०४९ सालमा मात्र छापिएको भेटिन्छ भने हरिहर आचार्य दीक्षित (१९६७), भाइचन्द्र प्रधान (२००९), पारसमणि प्रधान (२००९), सूर्यविक्रम ज्ञवाली (१९८९, २०११, २०१६), ब्रह्मशम्शेर (१९९५), बालचन्द्र शर्मा (२०१४) आदिको भानुजीवनीगत चर्चाको पनि आफ्नो महत्त्व छँदै छ । तर वि.सं. १९४८-१९९८-२००३ का बीचमा भानुभक्तीय जीवनीपरक अध्ययन मूलत: मोतीरामकै भानुजीवनीगत रेखाङ्कन तथा रङ्गनाथ र बाबुराम आचार्यका कतिपय विशेष स्थापनाप्रति सहमत रहेर

पनि मुख्यत: मोतीरामकेन्द्री नै रह्यो । तर २००३ सालदेखि २००४ साल (सन् १९४६-४७) तथा मोतीरामको २०११, २०१५ तथा २०१७-१८ साल हुँदै समयक्रम अगाडि बढ्दा खास गरी मोतीरामको भानुजन्मवर्ष (१८६९) सम्बन्धी धारणा निरस्त भई रङ्गनाथ, बाबुराम, सूर्यविक्रम र नरनाथको धारणा मान्य हुँदै आयो ।

पहिले भारतका दार्जिलिङ आदितिर र पछि नेपालका राजधानीलगायत विभिन्न क्षेत्रमा वार्षिक भानुजयन्ती मनाउने क्रममा विभिन्न क्षेत्रमा भानुका जन्ममितिका रूपमा चान्द्रमानका मासका पक्षातिथिका सट्टा सौरमानअनुसारका असार २९ गतेलाई मानक रूपमा लिई सार्वजनिक रूपमा विभिन्न कार्यक्रमको सञ्चालन हुन थाल्यो । सूर्यविक्रम ज्ञवालीले विशेष गरी आफ्नो परवर्ती 'भानुभक्तको रामायण' (नेपाली साहित्य सम्मेलन, वि.सं. २०११, २०१६) का 'भानुभक्तको संक्षिप्त जीवनचरित्र' (पृ. २१-२४) मा सुब्बा रङ्गनाथ शर्माका भनाइलाई र उनीबाट प्राप्त जन्मकुण्डलीटिपोटलाई आधार मानी भानुको जन्मवर्ष वि.सं. १८७१ असार २९ गते बताई मृत्युचाहिँ वि.सं. १९२५ मा भएको बताइएको पाइन्छ (पृ. २१, २३-२४) । वस्तुत: आफ्ना अग्रणी सूधपाका नेतृत्वमा सम्भवत: सन् १९४६-४७, सम्ममा 'नेपाली साहित्य सम्मेलन', दार्जिलिङले भानुभक्तका मान्य जन्ममितिका रूपमा १८७१ साल असार २९ गतेलाई सकारेको बुझिन्छ ।

जीवनीपरक र केही अंशमा कृतिपरक अध्ययनका क्रममा प्रा.डा.शर्वराज आचार्यको खोजमूलक कृति भनिएको 'भानुभक्तीय खोज' नामक ग्रन्थका जम्मा ८३ पृष्ठका मूलपाठअन्तर्गत जम्मा १५ परिच्छेद छन् र विशेष गरी तीमध्येको तेस्रो परिच्छेदमा भानुभक्तका पनि हुन सक्ने कतिपय कृति धमिराले खाई धुलिई मर्स्याङ्दी गङ्गामा विसर्जित भएको दु:खद् जानकारी दिइएको छ अनि त्यसपछिका पाँचौँ, छैटौँ, सातौँ र आठौँ अनुच्छेदहरूमा

प्रसिद्ध घाँसीकुवा प्रसङ्गसँग जोडिएका विषयहरूका बारेमा चर्चा गरिएको पाइन्छ अनि नवौँ परिच्छेदमा भानुभक्तका शृङ्गारिक कविताका बारेमा विमर्श गरिएको छ । यस ग्रन्थका दसौँ परिच्छेदमा भानुभक्तीय जीवनीलाई आफ्ना ढङ्गले छोटकरीमा आरेखित गरिएको छ र एघाह्रौँ परिच्छेदमा तनहुँका चुँदीरम्घामा विशेषत: कौण्डिन्यगोत्री आचार्यकुल र वरपर चलेका भानुभक्त र उनका रचनासम्बन्धी सातवटा किंवदन्तीहरूलाई प्रासङ्गिक अरू साक्ष्यसहित प्रस्तुत गरिएको छ । यसपछि उक्त ग्रन्थका बाह्रौँ परिच्छेदमा 'भक्तमाला'का केही अप्रकाशित श्लोकका बारेमा चर्चा गरिएको छ भने तेह्रौँ परिच्छेदमा भानुभक्तीय नेपाली भाषाका बारेमा र पन्ध्रौँ परिच्छेदमा संस्कृत साहित्यशास्त्रीय काव्य वा साहित्य सृजनाका छ वटा प्रयोजन या कारकको आधार लिई भानुभक्तका सृजनलाई हेरिएको पाइन्छ ।

अब यस ग्रन्थका उपर्युक्त र अरू परिचछेदका सापेक्षत: विशेष महत्त्वपूर्ण जीवनीगत तथा कृतिगत प्रदानलाई मोटामोटीमा क्रमश: र संक्षेपमा आरेखित गर्ने प्रयास गरौँ ।

प्रस्तुत 'भानुभक्तीय खोजी' ग्रन्थका सुरुका पहिलो र दोस्रो दुई परिच्छेदमा तनहुँ राज्यको उदय र तनहुँ दरबारसँग भानुभक्त आचार्यका कौण्डिन्यगोत्री पूर्वजको सम्बन्ध र खास गरी चुँदीरम्घामा बसोवासका ऐतिहासिक पक्षलाई तनहुँ विशाल गोर्खा (आधुनिक नेपाल) राज्यमा विलयन भएपछिको नेपालका दरबार र शासनसँगको चुँदीरम्घाका कौण्डिन्यगोत्री आचार्यकुलको सम्बन्धस्थापना आदिका बारेमा प्राप्त जानकारीलाई व्यवस्थित रूप दिई छोटकरीमा चर्चा प्रस्तुत गरिएको पाइन्छ (पृ. १-६) । त्यसपछि एक अर्को परिच्छेदमा कवि भानुभक्तका कृतिगत सामाजिक चेतनाबारेमा छोटकरीमा उल्लेख गरी परवर्ती चारवटा क्रमिक परिच्छेदमा मोतीराम भट्टद्वारा 'कवि भानुभक्तको जीवनचरित्र' अन्तर्गत प्रस्तुत भएको

घाँसीप्रसङ्गलाई यहाँ स्थानीय वस्तुगत सन्दर्भमा प्रस्तुत गरी प्रथमतः तनहुँका र निकटवर्ती लमजुङकास्कीका ज्यादा भैँसी पाल्ने क्षेत्रका घाँसे या घाँसीहरूले वनजङ्खलमा घाँस काट्न जाँदाआउँदा पानी खाने डुबिल्कालगायत गाह्रो छपनीसमेत राखिने कुवालाई घाँसीकुवा भनिने गरेको स्थानीय सन्दर्भ र सम्झनामा विशेष जोड दिई अनि मोतीराममेली घाँसीप्रसङ्गका समर्थक तथा व्याख्याकार र खण्डनकर्ताहरूको पक्षको निरूपण गर्दै वास्तवमा घाँसी किंवदन्तीमय रहेको बताई भानुभक्तका कविताका उत्प्रेरक रूपमा चर्चित घाँसी त्यस्तै कुनै गतिलो कुवा बनाउने घाँसी हुन सक्ने तर त्यसमा वस्तुगत यथार्थभन्दा कविसुलभ भानुभक्तीय र मोतीराममेली भावातिशयले भूमिका खेलेको हुन सक्ने कुरामा शर्वराज आचार्यद्वारा जोड दिइएको पाइन्छ (पृ. १२-३४) । वास्तवमा शर्वराज आचार्यद्वारा प्रस्तुत यो घाँसीविवेचनाको सन्दर्भ जति अद्यावधिक छ; त्यत्ति नै विवेचनाशील पनि छ । मोतीरामले तनहुँ नदेखी घाँसीकथा प्रस्तुत गरे भन्दाभन्दै पनि एकातर्फ तनहुँ र तनहुँनिकट कास्कीलमजुङको सामान्यतावाचक घाँसीकुवाको वस्तुगत सन्दर्भ र अर्कातर्फ भानुभक्त र मोतीरामका भावुक भावातिशययुक्त र किंवदन्तीमय प्रस्तुतिका बीच भेदरेखा कोर्दै एक नयाँ प्राज्ञिक अभिमत लेखक शर्वराजद्वारा यहाँ व्यक्त गरिएको छ ।

यहाँ लेखक शर्वराजद्वारा दसौँ परिच्छेदमा कवि भानुभक्त आचार्यको जुन संक्षिप्ततर जीवनी लेखिएको छ त्यो प्रायः प्रचलित जानकारीस्रोतकै परिवृत्तमा रहेको छ र यहाँ खास गरी भानुभक्त कानुनी लेखापढीमा पनि विज्ञ थिए अनि काशीमा रहँदा पनि पाल्पाको बाटो तनहुँ आवतजावत गर्थे र पिता धनञ्जयसँग कानुनी लेखापढी सिक्थे अनि धनञ्जय छोराले जागिर खाओस् भन्ने इच्छा राख्थे र १९०७ सालभन्दा अगाडि नै बनारसमा धनञ्जयको मृत्यु भएको हो र भानुभक्तले पाल्पामा नै कृष्णबहादुर राणाको चाकरी

गरी तराईमधेसमा १९०७ सालका वैशाखमा जागिर पाएको र दुई वर्ष जागिर खाई १९०९ सालमा स्याहास्रेस्ता दुरुस्त बुझाउन नसकी जागिर खोसिई कुमारीचोकमा ५ महिनाजति थुनिएको र थुनुवा बिदामै तनहुँ चुँदीरम्घा आई भानुभक्तले छोरा रमानाथको व्रतबन्ध सम्पन्न गराएको वा शम्भुप्रसाद ढुङ्ग्याल (प्रसिद्ध नेपाली कविनाटककार) का हजुरबुबा मुखिया हरिप्रसाद ढुङ्ग्यालले कुमारीचोकको हिसाब मिलाउन भानुभक्तलाई सघाई हिसाब मिलेको आदि कुरा उल्लेखित भएको भेटिन्छ (पृ. ४४-४८) ।

शर्वराज आचार्यको प्रस्तुत 'भानुभक्तीय खोजग्रन्थ' मा शम्भुप्रसाद ढुङ्ग्यालका साक्ष्यमा कवि भानुभक्तका शृङ्गारिक आयामको विस्तार गर्ने जुन सोच प्रस्तुत भएको छ त्यसको थप अनुशीलन अपेक्षित देखिन्छ (पृ. ३५-४३) भने त्यस्तै यहाँ गरिएको भानुकृत र तुलसीकृत 'रामायण'का बीचको समानताको विवेचनाले पनि थप साक्ष्य र सम्पुष्टिको अपेक्षा राख्दछ (पृ. ६९-७२) । यहाँ भानुभक्तीय कविताभाषाका जुन कतिपय विशेष प्रवृत्ति देखाइएका छन् ती ठीकै छन् अनि भक्तमालाका केही अप्रकाशित श्लोकबारेको चर्चा पनि ठाउँमै परेको छ र भानुभक्तीय सृजनका साहित्यशास्त्रसम्मत उत्प्रेरक पक्षको चर्चा पनि बेस नै छ । तर यिनमा अरू विस्तार र गहिराइ वाञ्छनीय छन् ।

यहाँ चौथा परिच्छेदमा भानुभक्तका पालाको बाँसका भाटाका निगाँलो राखिएको चुँदीबेसीको घर नाति शिवभक्तका पालामा भत्काइँदा केही कागजपत्र खोल्सामा परेको र पनाति जानक/जानकीदत्तले तीमध्येको केही कागज र कविता जोगाएको र उनका छोरा शिवकुमारले तीमध्येको ४१ श्लोके 'भक्तमाला' कण्ठस्थ पाठ गर्ने गरेको र कागज राखिएका पेटाराबाट मधुमालतीको कवितालगायत धमिराले धुलिन गई शिवकुमारीकी बालविधवा बहिनी अयोध्यादेवीले २०१४ साल कार्तिकका हरिबोधिनी एकादशीमा

मर्स्याङ्दी गङ्गाका सतीघाटका जलप्रवाहमा स्तोत्र पढी बगाई विसर्जन गरिदिएको जानकारी पनि दिइएको छ (पृ. १०-११)। त्यसो त मोतीराम भट्टले पनि भानुभक्तको पाँचौँ ग्रन्थ भनी उल्लेख गरेको तर नभेटेको जनाएको कृति पनि हुन सक्ने (नरेन्द्रदेव पाण्डे, पूर्ववत्, कविसमूहवर्णनका सुरुको कविकुलमुकुट भानुभक्ताचार्य वर्णनको पूरै आठौँ श्लोक) मा मधुमालतीको कविताको चर्चा गरिएको छ । पछि त्यो मोतीरामले भानुभक्तका नठहऱ्याएको पनि हुन सक्छ र त्यसो भए त्यो कसको रचना थियो त भन्ने जिज्ञासा भने अब जिज्ञासा नै रहने भयो कि !

समष्टिगत निचोडमा भन्दा प्रा.डा.शर्वराज आचार्यको यो भानुभक्तीय सन्दर्भगत ग्रन्थ प्राप्त साक्ष्यका आधारमा ज्ञात वंशानुश्रुतिका सन्दर्भमा प्रायः वस्तुनिष्ठ र विश्वसनीय नै छ भन्न सकिन्छ । यहाँ प्रस्तुत भानुभक्तसम्बन्धी किंवदन्तीहरू (पृ. ४९-५६) चाहिँ सत्याभासी अनुश्रुति नै त हुन् । वास्तवमा भानुभक्त आचार्यका पाँच काकाका शाखासन्ततिका दृष्टिले शर्वराज आचार्य भानुभक्तका माहिला काका काशीनाथका पनाति (काशीनाथ > गोकुलप्रसाद > यज्ञलाल > जानक/जानकी दत्त)का छोरा विष्णुदत्तका छोरा (काशीनाथका छैटौँ पुस्ताका सन्तति) शिवकुमारका छोरा हुन् र यस नाताले पनि प्राध्यापक शर्वराजको भानुभक्तीय जीवनी र कृतिप्रतिको यो प्राज्ञिक चासो स्वागतयोग्य नै छ । यहाँ शर्वराजले मोतीरामकृत भानुजीवनीका एक थप सूचनास्रोतका रूपमा भानुभक्तकी दिदी (र तुलसीराम आचार्यकी छोरी तथा कुलचक्रकेशरी अर्ज्यालकी पत्नी)सँग पनि मोतीरामले भानुभक्तबारे सोधखोज गरेको तर्फ औँल्याएको पाइन्छ ।

त्यस्तै 'अग्रदूत छविलाल नेपालः संक्षिप्त परिचय' लेख्ने पुष्कर अथक रेग्मीका खोजपूर्ण जीवनी ग्रन्थ (१९७०) को 'भानुभक्त र छविलाल' भन्ने पाँचौँ परिच्छेद (पृ. १६-१९) र अरू सम्बद्ध

स्थल (पृ. १, ९, १०, १२ आदि) द्वारा पनि भानुभक्तीय जीवनीसन्दर्भमा उनी (भानु), उनका बाबु धनञ्जय र छोरा रमानाथसमेत तीन पुस्ताका बीचको महत्त्वपूर्ण थप प्रसङ्गलाईसमेत छोइएको भेटियो । भानुका रचनाका प्रसङ्गसँग पनि बेलाबखत जोडिने गरेका यी छविलालको जीवनीबाट यी आचार्य र नेपाल परिवारका बीचको निकटताबारे थप जानकारीसहित भानुभक्तीय जीवनीगत अध्ययनलाई पनि थप महत्त्वपूर्ण सामग्री मिल्न आउने बुझियो । यसबाट भवानीशङ्कर नेपाल, दिननाथ नेपाल र छविलाल नेपाललगायतसँगको धनञ्जय, भानुभक्त र रमानाथ आचार्यसमेत तीन पुस्ते सहसम्बन्ध, धनञ्जय र भानुभक्तको पाल्पा बसाइँ, भानुभक्त आचार्य र दिननाथ नेपालको मितेरी एवं छविलाल नेपालको चुँदी बसाइँ आदि निकै पक्षमा थप जानकारी प्राप्त हुने बुझिन्छ । त्यस्तै प्रा.डा.शर्वराज आचार्य (भानुभक्तीय खोज, २०६९) बाट भानुजीवनी–कृतिलगायत भानुभक्तीय अध्ययनमा उल्लेख्य योगदान हुँदै आएको छ र उनीबाट प्राप्त जानकारीसमेतका आधारमा धनञ्जयको देहान्तपछि भानुभक्तले छोरा रमानाथलाई वनारसबाट लेखेको पत्रको 'पौष वदि ५ रविवार'को गणितीय गणना सम्पन्न गरी खास मृत्युवर्ष पहिल्याउनेतर्फसमेत तीव्र प्रयास भइरहेको बुझिन्छ । सामान्यत: १९०१ वा १९०४ साल धनञ्जयको स्वर्गारोहण वर्ष ठहरिने कुरासमेत अब प्रा.डा.शर्वराज आचार्यबाट सार्वजनिक भइसकेको पनि छ ।

पहिले पाल्पाली कवि छविलालकै कुरा गरौँ– भानुभक्तका कविताजगत्मा छविलाल कसरी झुल्किने गर्दछन् ! यस प्रसङ्गको जरो खोतल्दै जाँदा भानुजीवनीकार मोतीराम भट्टकै 'कवि भानुभक्तको जीवनचरित्र' सम्म पनि पुग्नुपर्ने हुन्छ । यी मोतीराम भट्ट (१९४८, पूर्ववत्, पृ. ४) ले भानुभक्त आचार्यका सन्दर्भमा यसो लेखेका छन्– (इनको जन्मस्थल तनहुँ देशका चुँदीबेसीका

रम्घा नाम गरेको गाउँ हो । यस्को खुलस्ता निज कविले एक प्रश्नोत्तरा भन्ने ग्रन्थका अन्त्येमा लेखेका छन्, जुन् श्लोकलाई म त्रहाँ जस्ताको तस्तो गरी प्रमाणका खातिर् लेखी दिन्छु ।

> **भानूभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाऊँ पनि ।**
> **घर् तिन्को तनहूँ त बेसि चुंदि हो गाउँ छ रम्घा भनी ॥**
> **प्रख्यात् छन् सब लोकमा ति गुणि हुन् विद्वान् कवी खुब् थिया ।**
> **यो प्रश्नोत्तर बुझ्नलाइ सजिलो भाषा बनाई दिया ॥**

उपर्युक्त श्लोक उद्धृत गर्ने क्रममा मोतीराम भट्टले श्लोकका चतुर्थ चरणका सूचक दुई पाई (पूर्णविराम) सँगै फूल चिह्न दिई जनाई त्यसका पादटिप्पणीमा यसोसमेत भनेको पाइन्छ– "यो श्लोक भानुभक्तले बनायेको ह्वैन भनी कसैले पनि शङ्का नगर्नू । यस्मा उत्तम पुरुष की उक्ति नपारी प्रथम पुरुषलाई देखाई बनाउनाको मतलब् कवि भानुभक्तको क्या हो भने यसरी लेखेदेखिन् पद्यमा भनाइको छाँट अनौठा देखियेला भन्ने हो ।" मोतीराम भट्टले यसो भन्दाभन्दै पनि उनका अभिमतकोसमेत छानबिन नगरी उपर्युक्त श्लोकलाई गैरभानुभक्तीय र छविलालकृत नै भनिदिनु अलि कठिन नै छ ।

अवश्य नै यहाँ आत्मोक्ति नभई अन्योक्तिको छाँट पारेर 'प्रख्यात् छन् सब लोकमा ति गुणि हुन् विद्वान् कवी खुब् थिया' भनी रचनाकार आफैँले आफ्नो प्रशंसा गरेको भित्री भाव भने छँदै छ । यसै सन्दर्भमा ब्रह्मशमशेर ज.ब.रा. ले आफ्नो 'कवि भानुभक्त' भन्ने समीक्षाग्रन्थ (१९९५, पृ. २७-२८) मा आफ्नो तारिफ आफैले गर्नु उचित भएन भनी भानुभक्तको आलोचना गरेकोसमेत पाइन्छ । भानुजीवनीकार नरनाथ आचार्य (२०१७-१८, पृ. १६९-१७५) ले चाहिँ 'प्रश्नोत्तर' (प्रश्नोत्तरा, प्रश्नोत्तरी) को त्यो अन्तिम श्लोक भानुभक्तको नभई पाल्पाका पढ्न भनी तनहुँ चुँदी आई बसेका छविलालको हो भनी बताएका छन् अनि यहाँ खुबी हुनेले आफ्नो

तारिफ आफैँले गर्न सक्ने दृष्टान्तसमेत दिन त दिइएको छ । यहाँ भानुजीवनीकार नरनाथको मूल झुकाव चाहिँ मोतीरामको पादटिप्पणीका आधारमा भानुभक्तको अन्योक्तिको समर्थन गर्नेभन्दा ब्रह्मशमशेरको आलोचनाबाट भानुभक्तलाई मुक्ति दिनेतर्फ नै बढी ढल्किएको देखिन्छ । 'प्रश्नोत्तर' को उक्त अन्तिम श्लोकको रचनाकार भनिएका यी पाल्पाली पण्डित छविलालको जीवनी र कृतिबारे केही परिचयसमेत यहाँ नरनाथद्वारा दिइएको पाइन्छ । यी जीवनीकार नरनाथले छविलालको जन्म १९०५ सालमा र मृत्यु १९७९ सालमा भएको कुरा यिनै छविलालका माहिला छोरा पद्मराज नेपालबाट थाहा भएको जानकारीसमेत दिएका छन् ।

पाल्पाका यी छविलाल पढ्न भनी अठाह्र-उन्नाईस वर्षका उमेरमा चुँदी आई बसेका थिए र उनी नेपाली भाषाश्लोक घोक्ने र भानुभक्तसँग पढाइबारे सोध्नेबुझ्ने अनि फुर्सतमा भानुभक्तका श्लोक सार्ने काम पनि गर्दथे अनि यिनी बीचमा पाल्पा फिरी पछि भानुभक्त बितेपछि पनि फेरि चुँदी आएका थिए र चुँदी बस्नेताक भानुका 'वधूशिक्षा'का उत्प्रेरणामा यी छविलालले 'पुत्रशिक्षा' काव्य पनि लेखेका थिए आदि जानकारी यहाँ नरनाथद्वारा दिइएको देखिन्छ । साथै यहाँ शिवराज आचार्यले यी छविलाल र यिनको 'पुत्रशिक्षा' कविताका बारेमा 'नेपाली' नामक पत्रिका (पूर्णाङ्क ४०) मा प्रकाशित गरेको लेखरचनाको पनि सन्दर्भ दिइएको छ । उक्त 'पुत्रशिक्षा'का अन्त्यमा यस्तो पद्यात्मक अभिव्यक्ति दिई भानुभक्तको सम्झनासहित छविलालले आफूलाई चिनाएको भेटिन्छ–

**भाषा श्लोकमहाँ सिपालु अघि खुप् श्रीभानुभक्तै थियाँ ।**
**सो ओस्ताद् बिति गैगया अलिअली जान्न्या छवीलाल् थियाँ ॥**
**बाबाको दिननाथ पण्डित छ नाम् प्रख्यात् छ नेपाल भर् ।**
**मेरो नाम् छविलाल् भनेर बुझनू पाल्पा सहर्मा छ घर् ॥**

...उक्त 'पुत्रशिक्षा'का रचनामा छविलालले भानुभक्तीय 'वधूशिक्षा' कृतिबाट उत्प्रेरणा प्राप्त गरी 'वधूशिक्षा'कै समानान्तर र परिपूरक सामाजिक एवम् औपदेशिक प्रवृत्तिको यो 'पुत्रशिक्षा' बनाएको बुझिन्छ र यसले पनि छविलाल गुरु भानुभक्तका अलिकति अनुकारी शिष्य प्रतिभा देखिन आउँछन् । ...

यिनै छविलालले नै रमानाथसँग रहेको भानुभक्तीय 'प्रश्नोत्तर' कृति मागी यसका अन्त्यमा उपर्युक्त 'भानुभक्त भनी प्रसिद्ध नरमा' भनी सुरु हुने श्लोक थपिदिएका हुन् भन्ने नरनाथ आचार्यको अभिमत देखिन्छ । यहाँ यी कवि पण्डित छविलालले श्री ३ वीर शमशेरबाट पाल्पाको शासक बनाई राजधानीबाट धपाइएका पूर्वरोलवाला माहिला भाइ खड्गशमशेरले आफ्नी रानी तेजकुमारीका सम्झनामा कालीगण्डकीतटका निकटमा रानीघाट र रानीमहल बनाई त्यहाँ जाने बाटाको सुधारसमेत गराएकामा त्यसको प्रशंसा गर्दै 'खड्गस्तुति' कविता लेखेको जानकारीसमेत नरनाथद्वारा दिइएको पाइन्छ र त्यस 'खड्गस्तुति' का अन्त्यमा पनि छविलालले यसरी आफ्नो परिचय दिएका छन् भनी सोसमेत नरनाथद्वारा उद्धृत गरिएको भेटिन्छ–

**पाल्पाको पनि तानसेन् सहरमा नारायणै छन् जाहाँ ।**
**तिन्का पूर्वतर्फ तलाउ छ ठुलो मेरो त घर् हो ताहाँ ॥**
**बावाको दिननाथ नाम छ ठुलो छोरो उनैको त हुम् ।**
**मेरो नाम् छविलाल् भनेर बुझ्नू नेपाल थर्को म हुम् ॥**

त्यस्तै यी भानुजीवनीकार नरनाथद्वारा यहाँ तनहुँको चुँदीरम्घाका हरिकृष्णका निमित्त रुद्री सारेर दिँदा पनि छविलालले आफ्नो अलिकति चिनारी दिएको कुरा यसरी जनाइएको पाइन्छ– 'पाल्पाको छविलाल पढूँ भनि यहाँ चुँदी बस्याको थियाँ ।'

साथै यहाँ भानुजीवनीकार नरनाथको अन्तिम निचोड चाहिँ कदाचित् भानुभक्तीय 'प्रश्नोत्तरी'को अन्त्यको त्यो श्लोक भानुले

नै रचेका भए पनि उत्तम पुरुषको प्रयोग नगरी प्रथम पुरुषको प्रयोग गरेबाट आत्मश्लाघा पनि उस्तो झल्किदैन भन्ने नै छ । वास्तवमा भानुभक्तलाई ती उस्ताद भन्ने पाल्पाली कवि छविलालको पद्य रचना गर्ने शक्ति ती उस्तादका एक योग्य 'शागिर्द' (शिष्य) को जस्तो छँदै छ तर 'म' भनी ग्रन्थान्तमा आत्मपरिचय दिने, परम्परागत संस्कृत र नेपाली साहित्यमा चलेको, एकथरी प्रवृत्ति या परिपाटीअनुरूप छविलालले आफ्ना 'पुत्रशिक्षा' र 'खड्गस्तुति' मा 'म' भनी आफू र आफ्नो थलो र परिवारको सङ्केत गर्ने जुन शैली देखाएका छन्, हुबहु त्यही नै आत्मकथनात्मक शैली भानुभक्तीय 'प्रश्नोत्तरी' का अन्तिम श्लोकमा प्रयोग भएको नदेखिएकाले यिनै छविलालले भानुभक्तीय 'प्रश्नोत्तरी'का अन्त्यमा उक्त चर्चित एक श्लोक थपे होलान् भनी ठोकुवा गर्न चाहिँ सायद नसकिएला । संस्कृत भाषाको उत्तम पुरुष कथनपद्धति (हाल नेपाली भाषामा प्रचलित प्रथम पुरुष शैली) मा नभएर नेपालीका प्रचलित तृतीय पुरुष शैलीमा भानुभक्तीय 'प्रश्नोत्तरी' को अन्तिम श्लोक भएकाले र रचनाका पारा र पाइनका दृष्टिले पनि शिष्य छविलालकाभन्दा गुरु भानुभक्तकै बढी नजिक 'प्रश्नोत्तरी' को अन्त्यको 'भानूभक्त भनी प्रसिद्ध नरमा जस्को छ नामै' भनी सुरु हुने यो श्लोकरचना छैन भन्न पनि मुस्किल छँदै छ । वास्तवमा उक्त श्लोक मोतीरामले भानुभक्तकै ठहऱ्याई 'कवि भानुभक्तको जीवनचरित्र' (पूर्ववत्, पृ. ४ पादटिप्पणीसहित) मा उद्धृत गरेको हुँदा मोतीरामको दृष्टिकोणले पनि यस श्लोकलाई हेरेर मात्र हामी यहाँ अन्तिम निर्क्यौलमा पुग्न सक्छौँ भन्ने मलाई लाग्छ ।

अब पुष्कर अथक रेग्मीद्वारा खोजपूर्वक प्रस्तुत भएको 'पाल्पाली कवि छविलाल नेपालको जीवनी' (२०७०) र प्रा.डा.शर्वराज आचार्यको भानुभक्तको 'जागिर र मितेरी' लेख (गोरखापत्र दैनिक, वर्ष ११५, अङ्क ३९, २०७२ असार २९ मङ्गलबार, पृ. ७) का

सन्दर्भमा प्रस्तुत चर्चा क्रमलाई बढाऔँ । खास गरी यहाँ पाल्पामा बहाल खरदार धनञ्जय आचार्य र पाल्पाली पं. भवानीशङ्कर नेपालका परिवारका बीचका लगभग समवयी तीनपुस्ते सन्निकटताबारे जानकारीलगायत अरू विषयमा पनि महत्त्वपूर्ण जानकारी दिइएको पाइन्छ । सोअनुसार कहलाएका पाल्पाली पण्डित तथा रकमकलम गर्ने लेखनदास र जमिनदार यिनै पं. भवानीशङ्कर नेपालका एक मात्र छोरा दिननाथका छोरा पण्डित कवि छविलाल नेपाल पण्डित, पुरेत, स्थानीय मन्दिरविशेषका पुजारी अनि खड्गशमशेरकहाँका कारिन्दार र रकमकलमसमेत जान्ने व्यक्ति रहेछन् भन्ने थाहा हुन्छ । साथै वि.सं. १९६७-६८ देखि नै धनञ्जय आचार्य पाल्पामा खरदार पदमा जागिरे रहँदै आएको र उनी भवानीशङ्करका घरमा डेरा गरी बसेकामा १९९८ सालमा पेटसम्बन्धी रोग उदरशूलले गर्दा धनञ्जयलाई लेखापढी गर्न गाह्रो परी त्यसमा सहयोग पुऱ्याउन उनले छोरा भानुभक्तलाई पाल्पा बोलाएको र पाल्पामा भानुभक्त पनि बाबु बसेकै भवानीशङ्करकै पुत्र पं. दिननाथका घरमा पाल्पा नछोडुन्जेल (कम्तीमा १९०२-३ सालदेखि १९०७ सालसम्म) बसेको अनि भवानीशङ्कर नेपाल तथा धनञ्जय आचार्य, दिननाथ शर्मा र भानुभक्त आचार्य एवम् छविलाल र रमानाथ आचार्य (लगभग) एकै समयका रहेको अनि खास गरी दिननाथ र भानुभक्त आचार्यका बीच निकै मिल्ती रहेको र मितेरी नाता (मीतको नाता) पनि जोडिएकोसमेत जानकारी प्राप्त हुन्छ । यही मितेरी नाताका कारणले छविलाल नेपाल एक पटक मीतबा भानुभक्त जीवित हुँदै र अर्कापल्ट ती 'उस्ताद' (र मीतबा) भानुभक्त बितेपछि भानुपुत्र रमानाथका पालामा पनि तनहुँको चुँदी गएको जानकारी पनि यहाँ प्राप्त हुन आएको भेटिन्छ । यी छविलालले तनहुँका चुँदीमा पढ्न बस्दा भानुभक्तका माहिलाबा काशीनाथका साहिँला छोरा बलभद्रका

छोरा हरिकृष्णलाई रुद्रीको किताब सारेर दिएको आदि प्रसङ्ग पनि यतिखेर खुल्न आएका छन् । साथै यी छविलालका तीनवटी सहोदर दिदीबहिनी, छ छोरा र सात छोरी रहेकामा यी सबैका परिवार र वंशमा भानुभक्तसम्बन्धी केही अनुश्रुति भेटिने तर छविलालकै पालामा १९७५ साल चैत २६ गतेका घरआगलागीबाट सबै पुर्ख्यौली र पछिका कागजपत्र जल्दा धनञ्जय र भानुभक्तबारे खोतल्न मद्दत दिनसक्ने लिखितसामग्री भने जलिसकेका रहेछन् ।

उपर्युक्त थप जानकारीहरूबाट पूर्वप्राप्त जानकारीसमेतका सन्दर्भमा वि.सं. १८९८ देखि भानुभक्त आचार्य बाबु खरदार धनञ्जयलाई औषधोपचार र अड्डाका काममा पनि सहयोग पुऱ्याउँदै पाल्पामा रहेको थाहा हुन्छ भने यसको थप पुष्टि भने अपेक्षित नै छ अनि बाबु धनञ्जय बढी सिकिस्त हुन लागेपछि उनैका इच्छाअनुसार पाल्पाबाट बनारस लगी त्यहाँका भागीरथीका तटका मणिकर्णिका घाटमा पुऱ्याई बाबु (धनञ्जय) मुक्त नहुन्जेल भानुभक्त उतै रहेको अनुमान गर्ने केही आधार र ठाउँसमेत यहाँबाट देखिन्छ । यस प्रसङ्गमा मोतीराम भट्ट (१९४८) को यो कथन पनि स्मरणीय हुन आउँछ– 'कवि भानुभक्तका संवत् विक्रमी १८९८ देखि १९०५ सम्म बनेका कविताको पत्तो छैन (पूर्ववत्, पृ. १०) ।' पूर्वापर समयसन्दर्भमा विचार गर्दा वि.सं. १८९८ मा 'बालकाण्ड रामायण' रचिएपछिका १९०५ सालसम्मका अरू भानुभक्तीय रचना फेला नपर्नुतर्फ मोतीराम पाठकीय ध्यान आकर्षित गर्दै रहेछन् भनी बुझ्न सकिन्छ । अझ बाबुराम आचार्य (२००३) ले धर्मदत्त ज्ञवाली पाल्पामा मेजर (राइटर, लेखनदास) हुनुपूर्व नै १९०२ सालभन्दा अगाडि नै त्यहाँ भानुभक्त त्यस्तै पदमा रहेको चर्चा गरेबाट बाबुको सेवाटहल र लेखापढीका काममा सघाउँदै भानुभक्त पाल्पामा लेखनदास (मेजर, राइटर) पनि रहे जस्तो स्थिति अब प्रष्टिन खोजेको त देखिन्छ तर यसको थप निर्क्योल

अपेक्षित नै छ । उपर्युक्त अवधि (१८९८-१९०५ साल) का 'बालकाण्ड रामायण'बाहेकका भानुभक्तीय अरू कविता फेला नपर्नुका कारण पाल्पामा बाबुको अस्वस्थताले गर्दा पाल्पामा रही सेवाटहलका साथै अड्डाका काममा बाबुलाई सहायता पुऱ्याउनुपर्ने (अनि आफ्नै पनि लेखनदास कामका व्यस्तता रहेको हुन सक्ने) र त्यसमा काशीमा पुऱ्याइएका बाबुको निधन अन्तिम संस्कार काजकिरिया, वर्खी आदि विविध कारकसमेत हुन सक्ने सोचाइका निम्ति पनि यहाँ अलिकति ठाउँ भने देखा पर्दछ ।

खरदार धनञ्जय आचार्य बिरामी भई उनका चिठीअनुसारका बोलाहटमा छोरा भानुभक्त पाल्पा पुगेको चर्चा नरनाथ आचार्य (पूर्ववत्, पृ. २५) द्वारा पनि गरिएको पाइन्छ यसरी– "एस्तैमाँ पाल्पामा पिता धनञ्जय खर्दार ठुलो बिरामि भएको चिठी बनारसमा पाइ त्यसमा सो पत्रवालासँग तुरुन्त पाल्पा आउनु भनि लेखिएकाले भानु बनारसबाट पाल्पा पुगेछन् । औषदि गर्दा धनञ्जयलाई केइ दिनपछि सन्चो जस्तो भएछ । अड्डामा गै काम गर्नसम्म अलिअलि सकेछन् ।" यस वर्णनले बिरामी बाबुको पत्रानुसार भानुभक्त भारतको बनारसबाट पाल्पा गएको देखाउँछ । धनञ्जय थलिँदा भानुभक्त बनारसबाट नभई तनहुँबाट नै पाल्पा गएको हुनुपर्छ भन्ने अन्दाज गर्न सकिने ठाउँ पनि देखिन्छ । व्रतराज आचार्य ( २०५८, २०७० पृ. २४) ले चाहिँ, भिन्न तिथिमितिका सन्दर्भमा, धनञ्जयलाई बिरामी अवस्थामा पाल्पाबाट काशी पुऱ्याइएको थियो र सम्भवत: भानुभक्तले आफैँ पाल्पा गई बाबुलाई काशी लगेका थिए भन्ने आकलन गरेको भेटिन्छ ।

अब उपर्युक्त विभिन्न परिप्रेक्ष्यमा भानुभक्तका बाबु धनञ्जयको देहावसानको प्रसङ्गका जो भेटिएका पूर्व विद्यमान सामग्री तथा सङ्केत र शर्वराज आचार्य (२०७२) बाट प्राप्त हुन आएको उपर्युक्त नयाँ जानकारीतर्फ क्रमश: अगि बढौँ । यस

क्रममा प्रथमत: भानुभक्तका नाति देवीभक्तले मृगेन्द्रशमशेर जबरा (तत्कालीन नेपाल सरकारका डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्सन: सरकारी शिक्षा विभागका निर्देशक) का आह्वानअनुसार निजलाई चढाएको भनिने 'भानुभक्तीय रामायण'को लेखोट प्रतिसँग सम्बन्धित रहेको २००५ सालको 'नेपाली शिक्षा' पत्रिका (ठेली १-२, २००५ कात्तिक १५) मा उल्लेख गरिएको एक चर्चित प्रसङ्गतर्फ नै लागौँ । यस सन्दर्भमा निज मृगेन्द्रशमशेरलाई भानुभक्तका नाति देवीभक्तले चढाएको 'रामायण'का बासामा संयोगले यस 'रामायण'ग्रन्थका साथसाथै कवि भानुभक्तले आफ्ना पिता धनञ्जयको काशी मणिकर्णिकाका ब्रम्हनालमा देहावसान हुँदा घरमा छोरा रमानाथलाई पठाएको 'पौष वदि ५ रोज १ को स्वहस्तलिखित पत्र, एउटा बिन्तीपत्रको खेस्रा र श्री गणेश, सूर्य, देवी, विष्णु र शिव जस्ता पाञ्चायन देवतालाई यो फुल चढाउनुपर्छ भन्ने छुट्टाछुट्टै कागज पनि परी सँगै बाँधिइ गएको र सो रामायण तत्कालीन वीरपुस्तकालय (हालको राष्ट्रिय अभिलेखालय) मा पुगेको तर भानुभक्तले बाबु धनञ्जयको देहावसान हुँदा काशीबाट छोरा रमानाथलाई लेखेर पठाएको उक्त पत्र भने खोजी गर्दा पाउन नसकिएको चर्चा नरनाथ आचार्यद्वारा लिखित भानुजीवनचरित्रसम्बन्धी ग्रन्थमासमेत गरिएको पाइन्छ (पूर्ववत्, पृ. २५) । यस भानुभक्तीय पत्रका बारेमा व्रतराज आचार्य (२०५८; २०७०, पृ. २४, ३६) र अरूले पनि पर्याप्त चासो लिँदै आएका हुँदै हुन् । खास गरी यस पत्रको उपलब्ध 'पौष रोज ५ वार १' अनुसारको विक्रम संवत् वा वर्ष कुन हो भन्ने सम्बन्धमा सबैको विशेष चासो रहँदै आए पनि ज्योतिषीय कालगणनाबाट सो निर्धारण गर्ने काम बाँकी नै थियो ।

उपर्युक्त सन्दर्भमा विशेष द्रष्टव्यका रूपमा भानुभक्तका बाबु धनञ्जय आचार्यका बारेमा थप अरू कुरा पनि भन्नुपर्ने हुन

आयो । यी थप कुराहरूमध्ये पुष्कर अथक रेग्मीबाट लेखिएको पाल्पाली कवि छविलाल नेपालको जीवनीको प्रकाशन (२०६९) बाट कवि भानुभक्तका जीवनीका प्रसङ्गमा पनि विशेष महत्त्वपूर्ण जानकारी थपिन आएकोबारे म विद्वान् शर्वराज आचार्यबाटसमेत केही अवगत हुन पुगेको छ । हालै शर्वराज आचार्यको 'भानुभक्तको जागिर र मितेरी' शीर्षकको अत्यन्त जानकारीप्रद विशेष लेख 'गोरखापत्र' दैनिक पत्र (वर्ष ११५, अङ्क ३९, २०७२ असार २९ मङ्गलबार, पृ. ७) प्रकाशित हुन आएको छ । साथै यहाँ भन्नुपर्ने अर्को उल्लेख्य प्रसङ्ग भानुभक्तका बाबु धनञ्जयको देहावसानको वर्षका निर्णयमा प्रगति हुने लक्षण देखिनु हो । धनञ्जयको देहान्त भारतका काशी (बनारस) का भागीरथीका मणिकर्णिकाघाटका ब्रह्मनालमा भएपछि त्यही दिन भानुभक्तले सोबारे तनहुँमा रहेका आफ्ना छोरा रमानाथ आचार्यलाई लेखेको स्वहस्तलिखित मिति 'पौष वदि ५ रोज १' रहेको (तर वर्ष नखुलेको) पत्र भानुका वंशज दुर्गाभक्त आचार्यमार्फत प्राप्त हुन आएको चर्चा मृगेन्द्रशमशेरले 'नेपाली शिक्षा' पत्रिका ठेली १ सङ्ख्या २ (२००५ कार्तिक १५, पृ. २३-२४) मा गरेको पाइन्छ र यस पत्रको विक्रम् संवत् कुन होला भनी प्रा.डा.शर्वराज आचार्यले विशेष रुचि लिई खोजीतर्फ प्रवृत्त भइरहेको बुझिन्छ । यदि उक्त पौष वदि ५ रोज १ को चान्द्रमानका पौष बहुल दिवस कृष्णपक्ष पञ्चमी आदित्यवारका मास, पक्ष, तिथि र वार मिल्ने विक्रमाब्द पुराना पञ्चाङ्गबाट गणना भई पत्ता लाग्न सकेमा धनञ्जय आचार्यको उक्त मृत्युवर्षबाट भानुभक्तको जागिर र कुमारीचोक प्रसङ्गबारे अलि बढी यकिन जानकारी प्राप्त हुन सक्ने सम्भाव्यता छँदै छ । उनीसँग भएका मेरा कुराकानीका सन्दर्भमा भन्दा गुरुवर नयराज पन्तका सुपुत्रका साथै सुशिष्यद्वय डा. दिनेशराज पन्तको सद्भाव सहयोग र डा.महेशराज पन्तका सौजन्यबाट पुराना मुडे पात्रोमा हेरी

समयगणना गर्दा पौषको आइतबार कृष्णपक्ष पञ्चमी (विक्रमसंवत् १९०१ मा पुस १७ र १९०४ मा पुस ३ गते) परेको र त्यसपछि १९०५ सालदेखि १९१० सालसम्म उक्त पौष महिना, कृष्णपक्ष, पञ्चमी तिथि र आदित्यवार एकै दिन नपरेको पाइएको छ भनी शर्वराज आचार्यका उक्त लेखसमेतबाट जानकारी प्राप्त हुन्छ । यसबारे विस्तृत चर्चा गरी निज विद्वान्बाट क्रमशः अरू विस्तारपूर्वक र ससन्दर्भ लेखिएला नै । अहिलेलाई यत्ति भनूँ– यस विशेष जानकारीका सन्दर्भमा वि.सं. १९०१ वा १९०४ मा पुस वदि ५ आइतवारमा धनञ्जयको मृत्युको जानकारी दिई भानुभक्तले रमानाथलाई पत्र लेखेको हुन सक्ने र त्यस आधारमा धनञ्जयका यी दुवै सम्भाव्य मृत्युवर्षका बारेमा अब विचार गर्नुपर्ने हुन आउला । साथै धनञ्जयको मृत्युवर्ष १९०१ साल मान्दा १९०२ साल वा अगिदेखि, १९०२ सालसम्ममा बाबुराम आचार्य (२००३) ले भनेझैँ, भानुभक्त पाल्पाका पल्टन वा गोस्वारामा (त्यतिखेर ग्रीष्ममा तानसेन, हिउँदतिर प्रभास र अझ तल बुटवल-खस्यौलीको मुख्य मुकाम सर्ने सन्दर्भमा) मेजर (राइटर वा लेखनदास सरह) पदमा जागिरे रही १९०३ सालदेखि त्यहाँ भानुभक्तले धर्मदत्त ज्ञवालीसँगै कमान्डर कृष्णबहादुर राणाका मातहतमा रही काम गरी ती मालिकलाई रिझाएको र खरदार भइसकेका धर्मदत्त १९०७ सालमा कृष्णबहादुर राणासँगै काठमाडौँ सरुवा भएको अनि पाल्पा मधेसमा कृष्णबहादुरले भानुभक्तलाई खरदार बनाई पठाएको र भानुभक्तका भान्जा पर्ने सुब्बा वीरेन्द्रकेशरी अर्ज्याललले भानुभक्तलाई खरदार मामा भन्ने गरेको एवं दुई वर्षमा सो जागिर खोसिँदा २००९ सालमा उनी बहीपत्र बुझाउन कुमारीचोकका निगरानीमा परेको आदि धेरै कुरा मिल्न सक्छ । अहिलेलाई मोतीराम भट्ट, बाबुराम आचार्य र शर्वराज आचार्य (२०६९)बाट प्राप्त थप जानकारीसमेत अनुसार यति नै भनूँ– भानुभक्त आचार्य कमान्डरइन्चिफ कृष्णबहादुर

राणाका चाकडीबाट (पाल्पाको) मधेसतर्फ जागिरमा गई दुई वर्ष सो जागिर खाई १९०९ मा कुमारीचोकका निगरानीमा रही छोरा रमानाथको (जन्माष्टम वर्षमा) व्रतबन्ध गर्नुपर्ने हुँदा बल्लतल्ल हरहिसाबको फारकपत्र पाई तनहुँ चुँदीरम्घा गई उनले छोराको सो व्रतबन्ध सम्पन्न गरेको वा शर्वराज आचार्यले भनेझैँ थुनुवाबिदा पाई र व्रतबन्धपछि शम्भुप्रसाद ढुङ्गयालले बनाइदिएका मास्केबारीका हजुरबा मु.हरिप्रसाद ढुङ्गयालका सहयोगबाट हिसाब मिलेर फारक पाएको आदि धेरै कुरा मिल्न सक्दछन् ।

साथै बाबुराम आचार्य (२००३ पूर्ववत्, १०३-१०४ आदि) का कथनानुसार धनञ्जय र उनका दुईतीन भाइले निजामती जागिर खाएकोसमेत परिप्रेक्ष्यमा भानुभक्त पहिले मेजर (राइटर, लेखनदास) र पछि खरदार भएको तथ्यसँगै श्रीकृष्ण आचार्यको बनारसमा देहावसान भएपछि धनञ्जयले आफू जागिरे र रोगी भई घरव्यवहार बेहाल अवस्थामा रहेको हुँदा १९८९ सालताक काशीबाट फर्की सब घरव्यवहार भानुभक्तले पूरै सम्हालेको र धनञ्जयले १९८२ सालमा काठमाडौँमा घर बकस पाएकोताक श्रीकृष्ण सन्तति सबै आचार्यले काठमाडौँ पुग्दा बस्ने गरी सो घर साझा राखी र भोगबन्धकी जग्गा फार्छे नहुन्जेल नबाँडिने हुँदा भागसान्ती खेती चलाई सो घरबकसको र त्यसको तत्काल या केही पछिदेखि मोटामोटीमा अंशभाग छुट्टिई आफ्नो बाबुको जग्गाजमिन आदि घरव्यवहार हेर्न थालेको र त्यस वेलादेखि नै उनको चिनाभन्दा भिन्न नाम तथा जन्मवर्ष (वि.सं. १८६९) सार्वजनिक कागजपत्रमा चलेको पनि हुन सक्छ र नरनाथ आचार्य (२०१७-१८, २०२६) ले भानुभक्तले आफ्ना पाँच भाइ काकाहरूसँग साँध-सिमाना मिलाउन पनि निकै खटेको भन्ने कुरासमेत सही हुन सक्छ । यी सबै कुरा अहिलेलाई मेरा अनुमितिप्रधान दिशासङ्केत र अभिमत नै हुन्– पछि पर्याप्त साक्ष्यले सिद्ध-असिद्ध दुवै हुन सक्ने ।

उपर्युक्तअनुसार धनञ्जयको मृत्युवर्ष १९०४ साल भए चाहिँ बाबुराम आचार्यका केही कुरा मात्र मिल्लान् र बाबुको देहावसान र अन्त्येष्टि, काजकिरिया बर्खीपछि उनी काठमाडौँमा मोतीरामले भनेझैँ जग्गाबापतको झगडा पर्दा १९०६ सालमा आई कृष्णबहादुर राणाका चाकडीबाट खरदारी पद पाई पाल्पा मधेसमा २ वर्ष काम गरी बहीपत्र बुझाउने क्रममा १९०९ मा कुमारीचोकका निगरानीमा परेको पनि हुन सक्छ । बाबुराम आचार्य (२००३) द्वारा डि.देवीभक्तबाट भानुभक्तले जागिर खाएको र घरमा बुटवल खस्यौलीका जग्गाका नापीसम्बन्धी केही कागजपत्र भेटिएको जुन कुरा बताइएको छ, त्यो पनि मिल्न सक्ने देखिन्छ । यो पनि एक प्रस्तावित वैकल्पिक पूर्वानुमिति नै हो । साथै पुष्कर अथक रेग्मीबाट लेखिएको 'अग्रदूत छविलाल नेपाल: संक्षिप्त जीवनी परिचय' (२०७०) को सघनपूर्ण पठन र प्रा.डा.शर्वराज आचार्यले चासो लिएको उपर्युक्त धनञ्जय मृत्युवर्षको प्रसङ्गको विस्तृत विवेचना सार्वजनिक रूपमा प्राप्त भएपछि चाहिँ धनञ्जयका पाल्पाली जागिरका प्रसङ्ग र काशीको मृत्युवर्ष तथा स्वयं भानुभक्तले १८९८ सालदेखि उदरशूल भई रोगपीडित रहेका आफ्ना खरदार बाबुलाई त्यहीँ पाल्पामै सेवा पुऱ्याएको अनि (र लेखनदाससमेत रही) बाबुका अड्डाका काम काजका सम्पादनमा सघाएको पूर्वानुमिति पनि अझ परिपुष्ट हुन सक्ने सम्भाव्यता छ र यसका निम्ति अरू समय र सामग्रीहरू पर्खिऔँ । पाल्पाका मुख्य अड्डाहरू रहेको पुरानो पाल्पादरबार अब ध्वस्त प्राय: भइसके पनि पाल्पाली कवि छविलाल नेपालका जीवित नाति र अरू शाखासन्तति तथा कुमारीचोकलगायतका अरूतिरका पनि थप पुराना सामग्री र जानकारी पनि भेटिए भानुजीवनीका खोतलखातल र निर्णयमा अरू मदत पुग्ने झीनै सही आशा राख्ने ठाउँ चाहिँ छँदै छ ।

जे होस्, उपर्युक्त विभिन्न परिप्रेक्ष्यमा भानुभक्त आचार्यका बाबु धनञ्जय आचार्यको देहावसान १९०१ साल पुसमा या १९०४ साल पुसमा भएको ठहरिए पनि भानुभक्त चालीस वर्ष उमेर भएको र छोरा रमानाथको व्रतबन्ध सामान्यत: गरिहाल्नुपर्ने जन्माष्टम वर्ष वा ८ वर्ष पुग्न लागेको समयमा बहीखाता फरफारकका निम्ति कुमारीचोकका निगरानी र थुनामा रहेको सन्दर्भमा भानुभक्तको "चालिस् वर्ष भयाँ म पुत्र पनि एक् मात्रै छ आठ वर्षको । आयो काल् व्रतबन्धको नजिकको वेला त हो हर्षको" भन्ने पूर्वार्द्धश्लोकसमेत समावेश भएको र कमान्डरइनचिफ कृष्णबहादुर राणालाई चढाइएको भानुभक्तीय पद्यबिन्तीपत्रका आधारभूत समयरेखाभित्र रही भानुभक्तले आफै जागिर खाई त्यसको या बाबु धनञ्जयले खाएका जागिरको बहीखाता फर्छ्यौटका निम्ति कुमारीचोक थुनामा रहनुपरेको हो भनी विमर्श गर्नुपर्ने हुन आएको छ । यस सन्दर्भमा मोतीराम भट्ट (१९४८) ले बताएको जन्मवर्ष वि.सं.१९६९ अनुसार १९०९ सालमा भानुभक्त चालीस वर्षको र तदनुसार रमानाथ १९०१ सालमा जन्मेको र १९०९ सालमा आठ वर्षको हुन पुग्ने देखिन आउँछ भने रङ्गनाथ शर्मा र विष्णुमाया (१९९८) ले बताएको जन्मवर्ष वि.सं.१९७१ अनुसार १९११ सालमा भानुभक्त चालीस वर्षको र रमानाथ १९०३ सालमा जन्मिई १९११ सालमा आठ वर्षको हुनुपर्ने देखिन्छ र यी दुवै अवस्थामा नै पनि वि.सं. १९०१ या १९०४ सालमा धनञ्जय आचार्य दिवङ्गत भएको हुन सक्ने हुँदा धनञ्जयका जागिरकालको स्रेस्ता बुझाउने सुरु काल (१९०१ या १९०४ सालताक) मा रमानाथ जन्मेको वा ३ वर्षको वरपरका हुने हुँदा बाबुको जागिरकालको स्रेस्ता फरफारक गर्न उनको मृत्युको १० या ७ वर्षपछि भानुभक्त कुमारीचोकमा थुनिरहँदा या निगरानीमा रहँदा रमानाथको व्रतबन्ध अड्केको भन्न उति मिल्ने अवस्था अब रहेन । अरू बाँकी कुराको निर्क्योल

चाहिँ भानुभक्तको कुमारीचोकको अवस्थिति र फारकपत्र आदिका साक्ष्यबाट वा अरू माध्यमबाट नै त हुन सक्ला !

खास गरी भानुभक्त आचार्यका कृति र कृतित्वका बारेमा केन्द्रित भई अध्ययनशील रहँदै तिनका व्याख्या, विश्लेषण र मूल्यनिरूपणका क्षेत्रमा सक्रिय विद्वान् समालोचक(समीक्षकहरूले पनि अंशत: या परिधीय रूपमा भानुभक्तीय जीवनसन्दर्भमासमेत न्यूनाधिक योगदान गरेको पाइन्छ । भानुभक्तीय कृति र कृतित्वका विभिन्न पक्षमा कतिपय मतमतान्तर रहे पनि अपेक्षाकृत गहन अध्ययन गर्ने र गहिरिएर विश्लेषण गर्ने अनि प्राय: प्रामाणिक मूल्याङ्कन गर्नेहरूमध्ये मोतीराम भट्ट (कवि भानुभक्तको जीवनचरित्र, १९४८), बाबुराम आचार्य (तुलनात्मक सुन्दरकाण्ड, २००२), हृदयचन्द्रसिंह प्रधान (भानुभक्त एक समीक्षा, २०१३), बालचन्द्र शर्मा (भानुभक्त, २०१४; नेपाली साहित्यको इतिहास, २०३९, पृ. ८१-११९), इन्द्रबहादुर राई तथा राजनारायण प्रधान, अगमसिंह गिरी, कुमार प्रधान, मच्छिन्द्र प्रधान र नरा गुरुङ (भानुभक्तका कृति अध्ययनहरू, २०२६), केशवप्रसाद उपाध्याय (प्राथमिककालीन कवि र कविता, २०३२; २०४२, पृ. ११३-२५५), ठाकुरप्रसाद पराजुली (नेपाली साहित्यको परिक्रमा, २०४५, पृ. १४२-१५३), कविता लामा (भानुभक्त आचार्यका काव्यकृतिको भाषिक अध्ययन, विद्यावारिधि शोधप्रबन्ध, सन् २००२), भद्रवीर अधिकारी (नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान, २०६२), मतिप्रसाद ढकाल (भानुभक्तका लघुरचनाहरू, २०६४), शिवराज आचार्य कौण्डिन्यायन (भानुभक्तकृत भाषारामायण, २०६७), रामचन्द्र पौडेल (संस्कृत अध्यात्मरामायण र भानुभक्तीय रामायणको तुलनात्मक अध्ययन, २०७०), आदि पनि विशेष उल्लेखनीय छन् । मेरा (वासुदेव त्रिपाठी) का भानुभक्तीय कवित्वका विषय केन्द्रित अध्ययनसँग सम्बद्ध समीक्षात्मक

(समालोचनात्मक ग्रन्थांश, विचारपत्र-कार्यपत्र र समीक्षा तथा भूमिकामध्ये यी मलाई विशेष मन पर्छन्– 'नेपाली कविता', भाग २, २०४८, पृ. ८१-८७; 'कविशिरोमणि लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन', २०३४, पृ. ३६६-३७३, ५३२-५३८; 'नेपाली साहित्य शृङ्खला', भाग २, २०५२, पृ. १३-४५; 'आदिकवि भानुभक्त आचार्यको जीवनी र कवित्वको सहसम्बन्ध तथा उनका कविताकलाको सौन्दर्यपरक मूल्याङ्कन' नामक विस्तृत कार्यपत्र र विचारपत्र, भानुद्विशतवार्षिकी समारोह गोष्ठी, २०७१ (भानुविमर्श ग्रन्थ; २०७२) र यही वा प्रस्तुत विस्तृत भूमिकापरक समीक्षा) । साथै संस्थागत रूपमा प्रकाशित विशेष ग्रन्थ वा पत्रपत्रिकाबाट समयसमयमा प्रकाशन गरिएका विशेष अङ्क वा विशेषाङ्क आदिबाट पनि भानुजीवनीका सन्दर्भ र भानुभक्तीय कृति, कृतित्व आदिका बारेमा समष्टिगत थप योगदान हुँदै आएको छ भने यस क्रममा यी विशेष स्मरणीय छन्– (क) सूर्यविक्रम ज्ञवालीका सम्पादनमा 'नेपाली साहित्य सम्मेलन', दार्जिलिङद्वारा वि.सं. १९९७ मा प्रकाशित ऐतिहासिक 'भानुभक्त स्मारक ग्रन्थ', (ख) त्यसैको उत्तरार्ध भनी पहिलोलाई पूर्वार्द्ध मानी दुवैलाई जोडी तुलसीबहादुर छेत्री र जगत् छेत्रीका सम्पादनमा उक्त सम्मेलनबाट प्रकाशित 'भानुभक्त स्मारक ग्रन्थ' (२०२६), (ग) नेपाली साहित्य परिषद्, दार्जिलिङबाट इन्द्रबहादुर राईका सम्पादनमा वि.सं. २०२६ मा प्रकाशित 'भानुभक्तका कृति अध्ययनहरू', (घ) भवानी घिमिरेका प्रधानसम्पादकत्वमा 'भानु' पत्रिकाद्वारा प्रकाशित भानुभक्त विशेषाङ्क (२०२८, असोज), रामचन्द्र भट्टराईको सम्पादकत्वको 'सुस्केरा' पत्रिकाको भानुविशेषाङ्क (वर्ष १ अङ्क २; २०२७ कार्तिक) आदि । ऐतिहासिक रूपमा भानुसेवा समिति, काठमाडौँद्वारा २०३१ सालका भानुजयन्तीदेखि प्रकाशित 'भानुदर्शन' पत्रिकाका विभिन्न अङ्क र यस सन्दर्भमा भानुजन्मस्थल विकास समिति

तनहुँ चुँदीरम्घाका २०६० सालका असार भानुजयन्तीदेखि प्रकाशित 'भानुस्मारिका'का अनि विभिन्न अङ्क भारतका दार्जिलिङका र सिक्किमका अनि बृहत् असम क्षेत्र आदिका विभिन्न ठाउँका विभिन्न वर्षका विभिन्न प्रकारका 'भानुस्मारिका'हरूको पनि विशिष्ट योगदान रहेको छ । हालै भानुद्विशतवार्षिकीका अवसरमा प्रकाशित भएका अनि मैले भेटेका र पढ्न पाएका विभिन्न पत्रिकाका भानुविशेषाङ्कमध्ये– 'रचना' (२०७१ असार साउन), 'मधुपर्क' (२०७१ असार), 'दोभान' (२०७१ वैशाख, जेठ, असार), 'दायित्व' (२०७१ जेठ असार), 'शब्द संयोजन' (२०७१ असार), 'वागीश्वरी पत्रिका' (चितवन साहित्य परिषद्, २०७०) आदि । 'भानु', 'पुरुषार्थ', 'जनमत', 'कविता', 'शब्दसिन्धु', 'सङ्गम' आदि पत्रिका र यीबाहेक अरूका पनि अनेक पत्रिकागत विशेषाङ्कहरूको आआफ्नो मोठ योगदानसमेत उल्लेख्य छँदै छ ।

अब कवि भानुभक्त आचार्यका कृति र कृतित्वका सघन अध्ययनका क्रममा अद्यावधिक दृष्टिले हेर्दा हालैको रामचन्द्र पौडेल (२०७०)का ग्रन्थका बारेमा म परिमित विशेष टिप्पणी प्रस्तुत गर्दछु ।

तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा २०६१-६३ सालमा उपकुलपति हुँदा संस्कृतका विद्वान् र नेपाली कवि रामचन्द्र पौडेल रम्घालीलाई संस्कृत 'अध्यात्मरामायण' र 'भानुभक्तीय रामायण'को तुलनात्मक अध्ययनसम्बन्धी कार्य गरी ग्रन्थ लेखिदिन अनुरोध गरिएकामा सो काम सम्पन्न भई प्रज्ञाप्रतिष्ठानबाट भानुद्विशतवार्षिकीका सन्दर्भमा २०७० सालमा उहाँको 'मैले भन्नैपर्ने केही कुरा' भन्ने मन्तव्यसहित 'संस्कृत अध्यात्म रामायण र भानुभक्तीय रामायणको तुलनात्मक अध्ययन' नामक बृहत् ग्रन्थ प्रकाशित गरिएको छ । 'भानुरामायण'का सम्बन्धित प्रत्येक श्लोक उद्धृत गरी मूल 'अध्यात्मरामायण'को पूरै सम्बन्धित संस्कृत पाठ र

त्यसको सरल गद्यानुवाद क्रमश: दिई मूल संस्कृत 'अध्यात्मरामायण' का के कति कुरा कहाँकहाँ लिई र के कुरा किन छाडी कस्तो प्राथमिकताका आधारमा भानुभक्तको 'रामायण' रचियो र कति ठाउँमा मूलभन्दा सरस र सुगेय रहेको त्यो शीर्षस्थ भानुकृति नेपाली रामायण महाकाव्य मौलिकवत् हुन पुग्यो भन्ने विस्तृत व्याख्यासमेत विद्वान् रामचन्द्र पौडेलबाट यहाँ भएको छ । २००२ सालमा बाबुराम आचार्यले भुवनप्रसाद ढुङ्गानाका 'अध्यात्मरामायण' नेपाली गद्य छायानुवादका कसीमा अलि अर्कै ढङ्गले भानुभक्त र रघुनाथलाई सुन्दरकाण्डमा दाँजी भानुभक्तलाई शब्दानुवाद कम र भावानुवाद बढी रुचाउने शब्दावली र पदन्यास तथा शैली आदिका दृष्टिले निजत्वयुक्त सरल, सहज, रसिलो र मर्मस्पर्शी, रुचिकर र सुन्दर ठहऱ्याएको (तुलनात्मक सुन्दरकाण्ड, २००२, साझा प्रकाशन, २०३८; उपसंहार, पृ. १४३-१४७) सुरु गरेको तुलनात्मक बाटोलाई विस्तारित र गुणस्तरीय चौडा विद्वद्मार्ग तुल्याइएको यो रामचन्द्र पौडेलकृत तुलनात्मक अध्ययन भानुभक्तीय कृतिगत एक नयाँ समीक्षात्मक दृष्टिउन्मेष भएको बृहत् ग्रन्थ हो र भावी थप सूक्ष्म समीक्षात्मक कार्यको पर्याधार पनि यो बन्न पुगेको छ । मूल 'अध्यात्मरामायण' मा दिइएको छन्दगत तुलनात्मक सङ्ख्याका सङ्केततर्फ ध्यान दिँदा संस्कृत 'अध्यात्मरामायण' मा रहेका जम्मा ४३०८ श्लोकमध्ये ४००४ श्लोक प्रतिपाउ ८ अक्षर (प्रतिश्लोक बत्तीस उच्चार्य वर्ण या अक्षर) हुने अनुष्टुप् छन्दमा रहेको पाइन्छ भने 'भानुरामायण' का जम्मा १३१९ श्लोकमध्ये अधिकतर (१०३९ श्लोक) प्रतिपाउ १९ अक्षर हुने निकै लामो शार्दूलविक्रीडित छन्दमा लेखिँदा यो भानुकृत नेपाली 'रामायण' विशेष सुगेय हुन पुगेको छँदै छ भने कतिपय स्थलमा मूलभन्दा सरस पनि छ भनी रामचन्द्र पौडेलद्वारा दृष्टान्तसहित प्रमाणित गरिएको पनि पाइन्छ । यो खास जीवनीपरक कृति नभएर पनि भानुभक्तीय शीर्षस्थ कृति

'रामायण' को पूर्ण तुलनात्मक अध्ययनको आयामको एक नयाँ प्राप्ति हुन पुगेको छ ।

भानुभक्तीय आदिकवित्व र अरू समीक्षात्मक सन्दर्भमा ठोस वैचारिक मन्थनमा र संयोजन तथा निर्क्योलमा पनि (पक्षविपक्ष तथा सन्तुलनकर्ताका रूपमासमेत) रुचि लिने र ऐतिहासिक रूपमा न्यूनाधिक प्राज्ञिक योगदान गर्ने भानुजीवनीकार र अरू स्रष्टा एवम् विद्वान् तथा समीक्षकहरूमध्ये यिनलाई यहाँ सादर सम्झौँ– मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल, नरदेव पाण्डे, कृष्णप्रसाद रेग्मी, सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान, दीननाथ सापकोटा, बाबुराम आचार्य, बहृमशम्शेर, रुद्रराज पाण्डे, कुलचन्द्र गौतम, बदरीनाथ भट्टराई, पुष्करशम्शेर, बालकृष्ण सम, मृगेन्द्र शम्शेर, हेमराज शर्मा, टुकराज पद्मराज मिश्र, लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, यदुनाथ खनाल, रामकृष्ण शर्मा, ईश्वर बराल, भाइचन्द प्रधान, बालचन्द्र शर्मा, महानन्द सापकोटा, रत्नध्वज जोशी, हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, कमल दीक्षित, चूडानाथ भट्टराय, अगमसिंह गिरी, इन्द्रबहादुर राई, तुलसीबहादुर छेत्री, तारानाथ शर्मा, कृष्णचन्द्रसिंह प्रधान, गणेशबहादुर प्रसाई, बालकृष्ण पोखरेल, कमला साङ्कृत्यायन, राजनारायण प्रधान, गोकुल सिन्हा, जूननाथ पण्डित, गोविन्द भट्ट, केशवप्रसाद उपाध्याय, नरनाथ आचार्य, डिल्लीराम तिम्सिना, माधव भण्डारी, ठाकुरप्रसाद पराजुली, जयप्रसाद ढकाल, जगत् छेत्री, मोदनाथ प्रश्रित, भवानी घिमिरे, मोहनराज शर्मा, दयाराम श्रेष्ठ, कुमार प्रधान, मच्छिन्द्र प्रधान, नरा गुरुङ, कृष्णप्रसाद पराजुली आदि । यो मन्तव्यलेखक म स्वयम् (वासुदेव त्रिपाठी) पनि त्रिभुवन विश्वविद्यालयको साहित्यिक अन्तर्विभागीय विचार गोष्ठी (२०२५) र मधुपर्क' आदि पत्रिका (२०२२) मार्फत २०२५-२६ सालदेखि नै र 'नेपाली कविताको सिंहावलोकन' (२०२७) आदिमार्फत सतत

रूपमा २०७१ सालसम्म आधा शताब्दीजति भानुभक्तका जीवनी, कृतित्व र आदिकवित्व आदिका बारेमा खोज र समीक्षाका प्राज्ञिक यात्रामा छु । साथै २०३० दशक अगि पनि र विशेषत: त्यस यताका विगत चार दशकका नेपाल र भारत (सिक्किम, दार्जिलिङ, असम आदि क्षेत्र) तथा अन्यत्र बाह्य जगत्मा पनि भानुजीवनी, भानुकृति र कृतित्व तथा आदिकवित्वलगायतका विभिन्न यो वा त्यो पक्षमा र कृतिगत विभिन्न कोण र स्वरूपबाट भानुसम्बन्धी विभिन्न खास प्राज्ञिक खोजपरक र समीक्षात्मक सानोठूलो र विशेष योगदान दिनेहरूको लर्को चाखलाग्दो गरी ठूलो छ तापनि मेरा हतारका सरसरती सम्झनाका आधारमा पनि यी अध्येता, समीक्षक स्रष्टा आदिको योगदान आदिकवित्वसमेतका सन्दर्भमा स्मरणीय नै छ– लीलबहादुर छेत्री, वासु रिमाल यात्री, शिवगोपाल रिसाल, जगदीशचन्द्र रेग्मी, गोपीकृष्ण शर्मा, कृष्ण गौतम, कुमारबहादुर जोशी, ज्ञानमणि नेपाल, रामचन्द्र भट्टराई, गङ्गाप्रसाद उप्रेती, लक्ष्मीकान्त शर्मा, शिवराज आचार्य, चूडामणि बन्धु, हरिहर भट्टराई, लक्खीदेवी सुन्दास/सेवा, काशीनाथ तमोट, यादव खरेल, राजेन्द्र सुवेदी, घनश्याम नेपाल, भीमकान्त उपाध्याय, नित्यराज पाण्डे, आनन्ददेव भट्ट, यज्ञराज सत्याल, राममणि रिसाल, यज्ञराज सत्याल, राममणि रिसाल, घटराज भट्टराई, रेवतीरमण खनाल, समीरण छेत्री प्रियदर्शी, प्रतापचन्द्र प्रधान, जीवेन्द्रदेव गिरी, शर्वराज आचार्य, शान्तामानवी, दामोदर पुडासैनी किशोर, अमर गिरी, सुमन ढकाल, उपेन्द्र पागल, रामप्रसाद दाहाल, भक्त राई, केदारनाथ खनाल, भागवत ढकाल, कविता लामा, भद्रवीर अधिकारी, रामचन्द्र पौडेल रम्घाली, मुक्तिनाथ आचार्य, दैवज्ञराज न्यौपाने, नरहरि आचार्य, जयराम आचार्य, व्रतराज आचार्य, शिव रेग्मी, श्रीभद्र शर्मा, रामलाल अधिकारी, रमा शर्मा, महादेव अवस्थी, तुलसीप्रसाद भट्टराई, महानन्द पौड्याल, पूर्ण राई, कृष्ण प्रधान, कृष्णप्रसाद

भट्टराई, लक्ष्मण गौतम, रामप्रसाद ज्ञवाली, आमोदवर्धन कौण्डिन्यायन, कपिल अज्ञात, काजी गजमेर, मुकुन्द पथिक, गायत्री श्रेष्ठ, कपिलदेव लामिछाने, रुद्र पौड्याल, गोपाल पराजुली, कृष्णप्रसाद सापकोटा, भवानीशङ्कर भट्टराई, शान्ति शर्मा, रमेश प्रभात, अनन्त प्रधान, टेकप्रसाद घिमिरे, ध्रुवराज सुवेदी, लक्ष्मी सुवेदी, नारायणप्रसाद खनाल, डिल्लीराम मिश्र, मतिप्रसाद ढकाल, रजनी ढकाल, कृष्ण भण्डारी मुमुक्षु, रमेश शुभेच्छु, नरेन्द्रराज प्रसाई, अम्बिका भट्टराई, अरुणप्रकाश राई, ध्रुवराज गौतम, देवेन्द्र अर्याल आँसु, रामेश्वर जलन, प्रेमदास उप्रेती पीडित, श्यामर्जी अतिथि सेढाईं, शान्ति छेत्री, पशुपतिनाथ तिमिल्सिना, कृष्णप्रसाद दहाल, अम्बिका भट्टराई, ज्ञाननिष्ठ ज्ञवाली, नारायण पौडेल, विजया वान्तवा, ध्रुवराज गौतम, दिलीप ढकाल, कृष्णप्रसाद देवकोटा, एक नारायण ढकाल, ज्ञानु अधिकारी, शान्तिमाया गिरी, देवेन्द्र नेपाल, दिलीप ढकाल, उपेन्द्र सुवेदी, एक नारायण पौड्याल, नारायणप्रसाद पौड्याल, पुष्करराज भट्ट, हरिप्रसाद तिमिल्सिना, भूमिराज बस्ताकोटी, पेशल आचार्य, मिलन समीर, ठाकुर शर्मा भण्डारी, भीमप्रसाद दाहाल, बाजुराम पौडेल, पुण्यप्रसाद खरेल, महेन्द्रकुमार पन्थी, कृष्णप्रसाद सापकोटा, मेदिनीकुमार केवल, हेमराज अधिकारी, यु.सी.वसिष्ठ आदि ।

# नरेन्द्रराज प्रसाईको साहित्यवृत्त

उपर्युक्त भानुजीवनीसन्दर्भको विस्तृत अवलोकनपछि मेरो प्रस्तुत मन्तव्यको खाससन्दर्भ छ कविवर भानुभक्त आचार्यको द्विशतवार्षिकीको अवसरको नरेन्द्रराज प्रसाईकृत एक अर्को जीवनीकृतिबारे मन्तव्य लेख्ने । यहाँ म मन्तव्य लेख्न लाग्दै छु– त्यही भानु द्विशताब्दीसन्दर्भमा नेपाल सरकार संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रालयसँगका सम्झौता र आर्थिक सौजन्यमा नइ प्रकाशनद्वारा प्रकाशित हुन लागेको र नेपाली साहित्य जगत्का विशिष्ट जीवनीकारका रूपमा सुपरिचित नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'भानुभक्त आचार्यको जीवनवृत्त' शीर्षकको जीवनीकृतिका सम्बन्धमा । यसले मलाई एक प्रकारको परितोषकै अनुभव भयो । यहाँ एउटा उल्लेखनीय विशेष संयोग पनि परेको छ र त्यो हो– 'कवि भानुभक्तको जीवनचरित्र' (प्रकाशन: वि.सं. १९४८) का लेखक तथा कविवर भानुभक्त आचार्यका प्रथम जीवनीकार मोतीराम भट्ट (वि.सं. १९२३-५३) रहेकामा यतिखेर नेपाली साहित्यका गीत, निबन्ध, जीवनी आदि अनेक विधाका स्रष्टा र नेपाली साहित्यका विशेष संवर्द्धक मोतीराम भट्ट जस्तै किसिमले नेपाली भाषा र साहित्यको श्रीवृद्धि र संवर्द्धनका विभिन्न क्रियाकलापमा खास गरी विगत दुई-तीन दशकका बीच आफ्ना ढङ्गले अत्यधिक सक्रिय रही संस्थागत र व्यक्तिगत दुवै हैसियतमा अत्यन्त व्यापक परिमाणमा योगदान दिई समयुगीन मोतीरामका

नामले समेत चिनिएका नरेन्द्रराज प्रसाईबाट यो भानुभक्तीय जीवनीग्रन्थ प्रकाशित हुनु ।

वि.सं. १९२५ मा भानुभक्त आचार्यको देहावसान भयो भने 'मोतीराम भट्टको जीवनी' भन्ने ग्रन्थ (प्रका. वि.सं. १९९५) लेख्ने नरदेव शर्माका अनुसार १९३७ सालतिरदेखि नै लोकमुखारविन्दबाट नै एक बिहेबटुलोको अवसरमा भानुभक्तका रमाइला श्लोक वाचन गरेको सुनी भानुभक्तीय कृतिका खोजतर्फ मोतीराम प्रवृत्त भएको र कोशिस गर्दा बल्लतल्ल 'भानुरामायण'को 'बालकाण्ड'को लेखोट भेटी १९३८ सालदेखि नै उनी त्यसका प्रकाशनमा संलग्न भई त्यो १९४१ सालमा प्रकाशित भयो र यसै मेसोबाट अगाडि बढी वि.सं. १९४८ सालसम्ममा मोतीरामले एकातर्फ भानुभक्तका सबै कृति प्रकाशित गर्ने सङ्कल्प पूरा गरे भने यसै वर्ष उनको 'कवि भानुभक्तको जीवनचरित्र' पनि प्रकाशित भयो अनि त्यहाँदेखि हालसम्मका सवा एक सय वर्षका बीच भानुभक्तका जीवन, कृति र कवित्वबारे जे जति चर्चा भएका छन् ती मोतीरामकै उक्त जीवनीग्रन्थका सूचना र स्थापनासँग सम्बन्धित रहेका अनि भानुकविताका आडमा मोतीरामका भानुकृति र कृतित्वबारेका समीक्षात्मक मान्यता आदिसँग सम्बद्ध रहेका भेटिन्छन् र तीमध्ये कतिमा मोतीरामले दिएका भानुभक्तीय जानकारी र प्रस्तुत गरेका स्थापनाको आंशिक प्रतिवादसमेत गरिएको पाइन्छ । यस समयावधिबीचमा आएका र भानुभक्तीय जीवनी र कृतित्वबारे कतिपय फरक जानकारी र अभिमत राख्नसमेत गरिएका प्रमुख प्रयासका बारेमा क्रमिक चर्चा गर्ने कार्य यसरी पूरा भएपछि यहाँ म अब नरेन्द्रराज प्रसाईका साहित्यवृत्त र जीवनीकारितालगायतका बारेमा चर्चा गर्दै अन्तिमत: उनको प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक अर्को जीवनीग्रन्थ (२०७१) का समीक्षात्मक विशेष चर्चा गर्नेतर्फ उन्मुख हुँदै छु ।

हो, भानुभक्तका जीवनीबारेका मोतीराम र उनका परवर्तीहरूका खोज र मननका पूर्वोक्त अनेकौँ स्थापना र विविधखाले कतिपय तीव्र मतमतान्तरका सघन वीथी छिचल्दै प्रतिष्ठित नेपाली भाषासेवी-साहित्यसेवी जीवनीकार नरेन्द्रराज प्रसाईबाट प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) का प्रणयनमा आँटपूर्वक र परिश्रमपूर्वक स्वस्फूर्त आफ्ना सृजनशील सरसता र प्राञ्जल शैलीसौष्ठवसहित सक्दो साधना गर्न कम्मर कसी प्रस्तुत रूपमा यो कृति तयार गरेको मैले पाएँ । अब म यहाँ यतिखेर प्रथमत: साहित्यकार नरेन्द्रराज प्रसाईको साहित्यवृत्ततर्फ अलिकति इङ्गित गर्न चाहन्छु ।

नेपाली भाषाका कविता र (विशेषत:) गीतका साथै निबन्ध, प्रबन्ध, नियात्रा, संस्मरण, जीवनी, अन्तर्वार्ता आदि आख्यानेतर गद्यविधामा पनि विगतका चार दशकका बीच विशेष साधनाशील रहँदै आएका र समीक्षाकीय प्रतिभालेसमेत उत्प्रेरित वरिष्ठ साहित्यकार नरेन्द्रराज प्रसाई (वि.सं. २०१२, ताप्लेजुङ) ले हालसम्म स्वलिखित, सम्पादित र संयुक्त रूपमा लिखित- सम्पादितसमेत गरी ६९ ग्रन्थका साथै सात वटा श्रव्यकृति सार्वजनिक गरिसकेका छन् ।

कुनै पनि लेखकको आफ्नो मूलधन भनेको आफ्नै भावमण्डल (र विचारपरिमण्डल) का साथै आफ्नै शैलीगत मौलिक छविको अन्तर्विकास हुँदै रहनु हो । साहित्यकार नरेन्द्रराज प्रसाईका समष्टि-वैशिष्ट्यमध्ये दृढ देशभक्तिपूर्ण राष्ट्रवादी विचारधाराका साथै रोचक र खिरिलो भाषाशैलीगत र उक्तिगत प्राञ्जलता पनि उनका लेखकीय मूलधनका अंशका रूपमा रहने गर्दछन् भन्ने म ठान्दछु । उनको सार्वजनिक साहित्ययात्रा कवितामार्फत २०२८ सालतिर उनका जैविक वय:सन्धिकै वेला प्रस्फुटित भई पुस्तकलेखनका क्षेत्रमा २०४० सालतिर देखि सार्वजनिक रूपमा देखा पर्दै खास

गरी गीत, निबन्ध र जीवनीविधामा उनी विशेष प्रतिष्ठित रहेको पाइन्छ ।

नरेन्द्रराज प्रसाई जैविक उमेरका दृष्टिले अहिले २०७१ सालमा लगभग पाको उनन्साठी वर्षे उमेरका हुन खोज्दै छन् भने विभिन्न विधागत फुटकर कृतिका लेखन (र प्रकाशन) का प्रारम्भिक चरण २०४० सालतिर पार गर्दै २०४१ सालको 'अठतीस अनौठा अनुहार' नामको र २०४२ सालको 'केही चर्चित अनुहार' नाउँको जीवनीसङ्ग्रहदेखि प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) तथा निकट भविष्यमै प्रकाशित हुन लागेको 'शताब्दी पुरुष : सत्यमोहन जोशी'सम्म आइपुग्दा उनको समुच्चा जीवनीकारिताले तीन दशकको यात्रा पार गरिसक्नेछ र यसबीच अन्य विधाका र भाषान्तरका (अङ्ग्रेजीमा अनूदित ३ ग्रन्थसमेत) उनका विविध प्राज्ञिक फाँट र साहित्यिक विधाका ६९ ग्रन्थ तथा ७ वटा श्रव्य सीडी र क्यासेटसमेत सार्वजनिक भइसकेका छन् । यसो त उनले 'कुटुम्ब', 'उपकार', 'भानुमोती' र 'प्रज्ञापत्र'जस्ता विविध बान्कीका पत्रिकाहरूको पनि सम्पादन गरेका हुन् । उपर्युक्तमध्ये उनका केही ग्रन्थ सम्पादित र अन्तर्वार्तापरक पनि (क्रमश: २४ र २ सङ्ख्यामा) छन् भने ती सम्पादित कृतिमध्ये १९ वटा जति इन्दिरा प्रसाईसमेतका संयुक्तसम्पादनमा प्रकाशित भएका हुन् । उपर्युक्त विस्तृत परिमाणका ग्रन्थ र श्रव्यकृतिको उपस्थितिले स्वयं नरेन्द्रराज प्रसाईको सृजन, सम्पादन र प्रकाशनको मूलस्वरूप बहुमुखी साधनाशीलताले निर्मित हुन पुगेकोतर्फ र त्यसमा अन्तर्निहित अतिपरिश्रमशील र लगनधूनपूर्ण लामो खटाइको निरन्तरता र तीव्रताका साथै परिश्रमगत प्राचुर्यतर्फ पनि इङ्गित गर्दछ– सरदर प्रतिवर्ष २:३७ जति किताब वा कृति; बत्तीस वर्षमा छयत्तर ग्रन्थ र श्रव्य कृति ।

नेपाली भाषा र साहित्य वा वाङ्मयको निरन्तरित सृजनशीलताका साथै संस्थागत प्रवर्द्धनका क्षेत्रमा पनि विशेष गरी

'समयुगका मोतीराम' का रूपमासमेत चिनिने नरेन्द्रराज प्रसाईको योगदान सीताराम प्रज्ञाप्रतिष्ठान (२०४९-२०६५; संस्थापक सदस्यसचिव), भूपालमानसिंह कार्की प्रज्ञापरिषद् (२०५२ देखि संस्थापक सदस्यसचिव), बालकृष्ण सम फाउन्डेसन (२०५२-२०६५; सदस्यसचिव), लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान (२०५३-२०६५; सदस्यसचिव) र लेखनाथ पौडयाल काव्यसभा (२०६३-६५; संस्थापक सदस्यसचिव) आदिका कार्यकारी प्रकृतिका विभिन्न पदीय हैसियतबाट गरिएका उनका प्राज्ञिक प्रवर्द्धनात्मक गतिविधिका माध्यमबाट र पछि विशेषत: त्रिमूर्ति निकेतन (वि.सं. २०६१) को र नइ प्रकाशन (वि.सं. २०५२) का केन्द्रीयताका विविध पुरस्कार प्रदान र ग्रन्थ प्रकाशन तथा त्रिमूर्तिका स्थापना आदिसहित शृङ्खलालगायत बहुमुखी साहित्यिक प्रवर्द्धनात्मक क्रियाकलापबाट निकै नै राष्ट्रिय-अन्तर्राष्ट्रिय आयामका गोष्ठी, सम्मेलन आदिमार्फत विस्तारित हुन पुगेको छ । नेपालभित्रका विभिन्न प्रदेशलगायत र नेपालबाहिरका नेपाली भाषासाहित्य जगत्का वैश्विक सन्दर्भमा पनि नेपालभित्र वैश्विक नेपाली आप्रवासी वा गैरआवासीय भाषिक र साहित्यिक जगत्मा एक प्रभावशाली सङ्गठक र प्रवर्द्धकका रूपमा उनी स्थापित हुन पुगिसकेका छन् । उनीद्वारा विभिन्न माध्यमबाट आयोजना गरिएको नरेन्द्रीय साहित्यिक प्रवर्द्धनात्मक भूमिका निकै प्रसारित हुन पुगेको छ । यस सन्दर्भमा नरेन्द्रराज प्रसाई साहित्यिक प्रवर्द्धकीय योगदान 'महाकवि लक्ष्मीप्रसादको जन्मशताब्दी' (वि.सं. २०६६)का साथै 'अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन' (२०६६), 'विश्व नारी नेपाली साहित्य सम्मेलन' (२०७१) र 'आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी' (वि.सं. १८७१-२०७१) का विशिष्ट आयोजनाको परिकल्पना र प्रवर्द्धन गर्ने सन्दर्भमा राष्ट्रिय-अन्तर्राष्ट्रिय नेपाली भाषी साहित्यजगत्का माझ अरू स्थापित हुन पुगेको छ । नरेन्द्रको

नेपाली भाषासाहित्यको समुन्नयनका निम्ति काम गर्ने आफ्ना पारा र ढङ्गको लगनधून र कार्यशैलीका साथै अभिमत तथा ठोस योगदान पनि छ । अब त उहाँको (र इन्दिरा प्रसाईको) यस नेपाली साहित्यिक प्रवर्द्धनात्मक क्रियाकलापकै पनि तीन दशक जतिको समयमान पुगिसकेको छ ।

अब नरेन्द्रराज प्रसाईका साहित्यिक लेखनयात्राका बहुविध फाँट र पक्षबारे केही सङ्केत गरौँ । हालसम्म उनका पुस्तकाकारमा दुई गीतसङ्ग्रह 'मेरो मनको देउराली' (२०४६) र 'पुग्नुपर्ने टाढा थियो' प्रकाशित छन् भने उनका नौवटा निबन्धसङ्ग्रहहरू प्रकाशित भइसकेका छन् ।

नरेन्द्रराज प्रसाई कवि पनि हुन् तर मुख्यत: कविहृदयी मीठा गीतकार हुन् । उनका दुई गीतसङ्ग्रह 'मेरो मनको देउराली' ( २०४६; ५४ गीतको सँगालो) र 'पुग्नुपर्ने टाढा थियो' (२०५४; ९० वटा गीतको सँगालो) प्रकाशित भएका छन् भने गीतिका दुईवटा श्रव्यचक्का (सीडी) र चारवटा श्रव्यसञ्चिका (क्यासेट) पनि सार्वजनिक भएका छन् । उनका यी डेढ सयभन्दा बढी गीतको भावपरिमण्डलमा प्रीतिका उमङ्ग-उल्लास र विरह-उच्छ्वाससँग देशभक्ति तथा समाजसेवा र मानवताका भावकेन्द्रको विशेष व्याप्ति पाइन्छ भने नेपाली विविध (खास गरी चौध अक्षरे र सोह्र अक्षरे लोक-छन्द र लयका गीतिरुङ्कृति तथा नेपाली प्रकृतिका स्थानकालगत बहुल छवि र वनस्पतिकी तथा जीवमण्डलका र मानवीय जनजीवनका अरू चाक्षुष र मानस अन्तर्बिम्बको अनि मानवीकृत वैश्विक र जैविक अन्तर्निकटता र तादात्म्यको र विशेष सायुज्यका संरचनागत बनोटबुनोट अनि भाषिक उक्तिसौष्ठव र प्राञ्जल र कोमल पदचयन एवं सूक्ति-चेतनाको अन्तर्विन्यास तथा सहज प्रसादगुण र स्वस्फूर्त तथा अन्त:प्रवाही माधुर्यको योगले रचेको मर्मस्पर्शिता भेटिन्छ । तल

उनका उपर्युक्त दुई गीतसङ्ग्रहका बीचबीचबाट यादृच्छिक रूपमा टिपिएका गीत अन्तर्बान्कीका सरल तर मर्ममधुर केही गीतिचरण पाठकीय-भावकीय परिमित आस्वादनका निम्ति उद्धृत छन्–

**(क) मायाप्रीतिका विविध भाव र मनोदशाका गीतिउद्धरण**

**मिर्मिरेमा तिमीलाई हेर्न मन लाग्छ**
**तिमी आउने बाटो हेर्दै कुर्न मन लाग्छ ।**

•

**अँध्यारोमा बाटाभरि काँडा रोपिएछन्**
**हेर्दाहेर्दै आफ्ना खुसी सबै छोपिएछन् ।**

•

**देउरालीलाई फूल दिएँ तिमीलाई मुटु**
**भञ्ज्याङलाई सोधिहेरें कहाँसम्म खोजूँ ?**

•

**मरिदिँदा मात्र रोयौ बाँच्ता एक्लै आत्तिएथेँ**
**ज्यूँदो हुँदा रोईरोई जिन्दगानी चुकाएथेँ ।**

–'मेरो मनको देउराली'बाट

**पीपल छैन चौतारीमा बर एक्लै रुन थाल्यो**
**आफन्तको सम्झनाले कलेजीलाई छुन थाल्यो ।**

•

**आगोले पोलेको थ्यो त्यही मात्र डाहा भयो**
**बाधाहरू थुप्रै रैछन् हिंड्दै जाँदा थाहा भयो ।**

•

**जिन्दगानी हुत्याई दिने कस्तो हुरी आयो**
**पाखैभरि फुल्ने फूल डढेलोले खायो ।**

•

**दुइटा मुटु सँगै थिए एउटा मुटु फुटिदियो**
**भरोसाको एउटा साथ सधैंलाई छुटिदियो ।**

•

**आत्तिएर लडिसकें तलतलै झरिसकें**
**तिम्रै तापमा पलपल भित्रभित्रै मरिसकें ।**

•

**यो जिन्दगीको दुखेको ठाउँ कसरी खोलूँ म**
**भक्कानो छुट्छ जलेको छ छाती कसरी बोलुँ म ?**
•
**पुग्नुपर्ने टाढा थियो साइतले रोकिदियो**
**गाग्री थियो भरिएको कुन पापीले पोखिदियो ?**
– 'पुग्नुपर्ने टाढाटाढा थियो' गीतसङ्ग्रहबाट

**जसलाई मैले आफ्नो ठानेँ उसले बिर्सिदियो**
**पाइलैपिच्छे पूजा गरेँ उसले लत्त्याइदियो**
–पूर्ववत्,

**सपनीमा तिमीलाई चोर्न मन लाग्यो**
**तिम्रो नाउँ छातीभरि कोर्न मन लाग्यो**
–पूर्ववत्

### (ख) मानवप्रकृतितादात्म्य र देशभक्तिका तथा मानवसेवाभावका गीतिउद्धरण

**डाँफे आफै गुराँससँग चोखो माया गाँस्छ**
**हाम्र झन्डा फरफराउँदा सगरमाथा हाँस्छ**
**आत्मा भन्नु नेपालीको मेचीकाली रै'छ**
–'मेरो मनको देउराली' गीतसङ्ग्रहबाट

**देशको मायाभन्दा ठूलो अरू केही छैन,**
**मातृसेवाभन्दा ठूलो धर्म केही छैन**
–पूर्ववत्

यति परिमित चखनीबाट पनि नरेन्द्रराज प्रसाई नेपाली लोकलय र भाषामा पर्याप्त दखल भएका लयगत यतिविराम र सहज प्रवाहका बीचका सन्तुलनका अपेक्षालाई पूरा गर्दै अन्तरअनुप्रासीय चरणविधान तथा समय अन्त्यानुप्रासीयता र सहज मार्मिक गीतिमय स्पन्दन भएका कविताधर्मी गीतकार देखापर्छन् । तर डेढ दशक यता भने उनका नयाँ गीत जनसमक्ष आएका छैनन् ।

साहित्यकार नरेन्द्रराज प्रसाई जहाँ प्रारम्भिक सिद्धि प्राप्त गरिसकेका र उच्च प्रातिभ रचना परिपाक चाहिँ अपेक्षित रहेका विशिष्ट नेपाली गीतकार हुन्; त्यहीँ उनको साहित्यिक सृजनशील प्रतिभा मौलाएको अर्को आख्यानेतर गद्यविधा क्षेत्र हो– निबन्धरचना । यस साहित्यिक विधागत फाँटमा उनका विगत अढाई दशकका अवधिमा प्रकाशित भइसकेका निबन्धसङ्ग्रह यी हुन् - 'मेरो प्यारो कञ्चनजङ्घा' (२०४८), 'मेरो मोती पुरस्कार' (२०४९), 'जन प्रियताको नाप' (२०५३), 'अक्षरको प्रदर्शनी' (२०५५), 'नमस्कार' (२०५८), 'ठाँगे उक्लेपछि' (२०६०), 'रेलको रमाइलो' (२०६१), 'सहोदरी ठुङ' (२०६२) र 'प्रिय इन्दिरा' (२०६२) । उपर्युक्त सन्दर्भमा हेर्दा यी पौने एक दर्जन निबन्धसङ्ग्रहरूपछिका हालसम्मका एक दशक जतिबीच उनको अर्को नयाँ निबन्धसङ्ग्रह देखापरेको छैन । यी निबन्धसङ्ग्रका नामकरण या शीर्षकीकरण पढ्दै जाँदा उक्तिपद्धति वा कथनपद्धतिका दृष्टिबिन्दुका दृष्टिले सुरुका दुई निबन्धसङ्ग्रहका शीर्षकीकरणले आत्मपरक र प्रथमपुरुषीय दृष्टिकेन्द्रतर्फ र अन्तिम दुई सङ्ग्रहले कुनै द्वितीय वा मध्यमपुरुषप्रति सम्बोधित प्रथमपुरुषात्मक र आत्मपरक सङ्कथनतर्फ सङ्केत गर्दछन् अनि पाँचौँ र छैटौँ निबन्धसङ्ग्रहले निजात्मक या आफ्ना र आफूसमेतका क्रमश: पहाडी टाकुराका पैदल आरोहणका यात्रा र रेलयात्रातर्फ यात्रासन्दर्भमा इङ्गित गर्दछन् । यी नौ निबन्धसङ्ग्रहहरूमा गरी निबन्धकार नरेन्द्रराजका जम्मा सय जति निबन्धहरू प्रकाशित भइसकेको देखिन्छ ।

निबन्धकार नरेन्द्रराज प्रसाईका निबन्धहरू लगभग आत्मपरक छन्; उनी तृतीयपुरुषका तटस्थताका आवरण र अभिनयमा निबन्ध कथ्न र लेख्न उति रुचाउँदैनन् । वास्तवमा उनको दृष्टि र स्मृतिको आँखीझ्यालबाट चिहाइएको सेरोफेरोभित्रका खासखास साहित्यिक र गैरसाहित्यिक व्यक्तिहरूको एकप्रकारको

व्यक्तिचित्रारेख हुनु नै मूलत: उनको निबन्धकलाको मूल प्रवृत्ति हुँदै हो । यहाँ उनी (नरेन्द्र) म या हामी भई खडा छन् र उनका खास लामो या छोटो समयरेखाका खास निबन्धमा खास व्यक्तिका खास सन्दर्भहरूमा कथयिता, कथयिता 'म' द्वारा गरिने विविध स्मृतिपरक अवलोकन र केन्द्रणका छायाछविबाट सृजित एकप्रकारको व्यक्ति– चित्रावलीजस्तो लाग्छ उनको प्रत्येक निबन्ध वा निबन्धसङ्ग्रह । यहाँ नरेन्द्रको व्यक्तिगत र पारिवारिक अनि साहित्यिक सन्दर्भको स्पर्श प्राय: रही कुनै निबन्धहरूमा चाहिँ वैयक्तिककलाका र आत्मपरकताका कोणबाट व्यक्तिविशेषका (वा सन्दर्भगत अरू व्यक्तिहरूका पनि) ससाना कथा-कथांशजस्ता लाग्ने घटनाअन्तर्घटनाको स्वत: साहचर्यबाट एकप्रकारको व्यक्ति-शब्दचित्र वा स्मृतिगत शब्दरेखाचित्रको जस्तो स्वाद प्राय: उनका सबैजसो निबन्धमा पाइन्छ । यस क्रममा यहाँ खास स्थानसमयको दृश्य या अन्तर्दृश्यको रचना र घटना तथा पात्रको वर्णन र लेखकीय आत्मालाप तथा अन्त:संवाद, अन्तर्नाटकीयता आदि कथनगत दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ अनि यहाँ अधिकतर कसैप्रति उनी प्रशंसा र श्रद्धाभावले अभिभूत रहेको र बेलाबखत उनी कसैसँग विमत रही उसप्रति केही परिहासी र अलि आक्रामक र अलि व्यङ्ग्यशील अनि शब्द र उक्तिका शरवृष्टि गरेका साहित्यिक धनुर्धारीजस्ता पनि देखिन्छन् ।

नरेन्द्रराज प्रसाईले निबन्ध र जीवनीजस्ता आख्यानेतर गद्यविधामा कलम चलाई नाम कमाए तर उनका निबन्धले र जीवनीले निस्तो वर्णन-विवरण (र इतवृित्ति) भन्दा खास स्थानकालका अन्तर्दृश्य बढी प्रस्तुत गरेको देखिन्छ । त्यस क्रममा यहाँ उनका जीवनका दैनिकी र जैविकीभित्रको गतिशील यात्राका फुर्सतिला पर्यवेक्षक र सम्पर्ककर्ता तथा कथयिता निबन्धकार 'म' स्वयंले बताएका व्यक्तिकेन्द्री (र आफू तथा अरू व्यक्ति पनि समेटिने) र

आख्यानांशजस्ता स्मृतिखण्डले बुनिएको अनि कहिले अतीतदर्शी र कहिले वर्तमानिक कथनबिन्दुमा रहेका लेखकले रची प्रस्तुत गरेको एक प्रकारको व्यक्ति आरेखजस्तो वा आरेखी शब्दचित्रकारिता जस्तो स्थिति पनि छ । यहाँ नरेन्द्रका निबन्धकारितामा मुख्य कुरा यी निबन्धका कथयिता नरेन्द्रराज हुन् र व्यक्ति छनोट तथा त्यस व्यक्तिलाई हेर्ने प्रशंसापरक, परिहासी, आक्रामक, व्यङ्ग्यकारी र उक्तिवाणवेधी कोण पनि उनैको हो । त्यससँग सहमत वा असहमत भएर पनि प्रायः उनले सिर्जेको र निबन्धन प्रदान गरेको व्यक्तिचित्रको प्रस्तुतिको भावभङ्गिमा र शैलीकारिताको आस्वादन गर्नु पाठकीय प्राप्ति हुने गर्दछ । हो, नेपाल राष्ट्रप्रति, नेपाली संसारप्रति अनि नेपाली भाषासाहित्यका जगत्प्रति नरेन्द्रराज प्रसाईका अन्तर्निष्ठाको र अटल मोहको अनि तत्सम्बन्धी बहुविध अन्तर्जानकारी र भावोद्गारको पनि झनक यी सबैजसो निबन्धमा छ अनि यस सन्दर्भमा उनी जुन व्यक्तिलाई जसरी हेर्छन् र मान्दछन् (या मान्दैनन्) त्यस दृष्टिको स्पर्शमुद्राबाट पनि यी निबन्ध रोचक बन्ने गर्दछन् । साथै यस क्रममा उनका पाठक उनका निबन्धका सन्दर्भमा प्रायः दोहोरा फाइदामा रहने गर्दछन्– एकातर्फ नरेन्द्र के हुन् र कसो गर्दै छन् अनि कसकससँग उनको अन्तर्बाह्य सम्बन्ध र सम्पर्क तथा दृष्टिकोण र रागविराग के कस्तो रह्यो र छ भनी उनले अड्कले र भने जति मक्ख पर्दै अवगत गरेर रमाउँदै उनलाई पढ्नु र अर्कातर्फ उनका नजर र भावमुद्राबाट व्यक्तिविशेषलाई र सन्दर्भगत रूपमा अरू व्यक्तिलाई पनि नरेन्द्रले त्यस निबन्धमार्फत उघारिदिएका क्षितिजबाट अवलोकन गर्नु । हुन त नरेन्द्रका निबन्धमा नेपाली समाजका बहुल संवेदनाका अन्तर्वस्तु र परिमित ज्ञानराशि तथा प्रचुर जानकारी पनि छन् तर उनका रुचि र कोण तथा परिचेय व्यक्तिका परिवृत्तसँग नै यी विशेषतः आबद्ध छन्– आत्मपरक पुलकित मुद्राबीच लक्ष्मीप्रसाद

देवकोटाले आफ्ना निबन्धमा आफै म छु भनेझैं नरेन्द्र यी आफ्ना निबन्धमा आफै छन् र उनका यी निबन्धमा विशेषत: अरू खास व्यक्तिलाई नरेन्द्रकै तीक्ष्ण नजर र अन्तर्भावुक भावमुद्राबाट हेरिएका शब्द आलेख पढ्दा पनि अंशत: नरेन्द्रलाई नै पाठक पढिरहेका हुन्छन् ।

नरेन्द्रराज प्रसाईद्वारा आफ्ना जीवनभोगाइका र व्यक्तिसम्पर्क र सम्बन्धमा कोणप्रतिकोणबाट रचित र संरचित अनि सरल, सहज र प्रसाद गुणले युक्त अभिव्यक्तिसामर्थ्य भएको गद्यकारिता चुरोमा रहेका उनका यी निबन्धहरूमा नरेन्द्रको वैयक्तिकी र सार्वजनिकी अन्तराबद्ध र अनुस्यूत भई अन्तर्निहित रहेका हुन्छन् र उनका यी निबन्ध प्राय: हार्दिक र मर्मस्पर्शी छन् । अनि यिनमा कतै कतै त अत्यन्त मार्मिक किसिमका, जीवनबारे सोच्दाका, सूत्रात्मक र सारगर्भित सहज सूक्तिमय लहर पनि भेटिने गर्दछन् । यो जगत्– जीवन भोग्दाका र संसारबीच रहँदाको सार चिन्तनजस्ता उनका निबन्ध औसतमा ५-६ या ७-८ पृष्ठका मझौला आयाममा विस्तार हुने गर्दछन् भने उनले लामा निबन्धका लेखनतर्फै पनि रुचि लिन थालेका छन्; यो उनका निबन्धकारितामा आएको अन्त:प्रवाहको सङ्केत पनि हो । उनी अलिकति लक्ष्मीप्रसाद देवकोटाबाट प्रेरित अनि व्यङ्ग्य-परिहासका मुद्रामा भैरव अर्याल र कृष्णचन्द्रसिंह प्रधानबाट अभिप्रेरित तथा छोटाछोटा वाक्यबान्कीका खिपाइमा र सूक्ष्मपरिहासका व्यक्तिआरेखका राजनारायण प्रधानबाट बढी र केही शङ्कर लामिछानेबाट अनि अन्तभावुक भावोद्गार र सरल तथा शैलीकृत तथा अनुप्रासी उक्ति तथा वाक्य विस्तारित विन्यासका अनि औपम्य र बिम्बका विनियोजनमा तारानाथ शर्माको अलि नजिकजस्ता तथा ईषत्प्रेरित लाग्ने तर आफ्नै मौलिक गद्यकारिता वा गद्य शैलीका धनी रही प्रतिष्ठाप्राप्त अनि आफ्नै पारा र प्राप्तिका निबन्धसृजनाका फाँटका एक स्मरणीय निबन्धकार

हुँदै हुन्– नौ निबन्धसङ्ग्रहका सयवटा जति निबन्धरचनाराशिका मूर्त संरचना वैभवबाट सृजित र प्रतिष्ठित हुन पुगेका ।

•

अब तल नरेन्द्रराज प्रसाईका केही निबन्धसङ्ग्रहका कतिपय निबन्धबाट यादृच्छिक रूपमा सुधी पाठकगणका रूपमा परिमित भावकीय आस्वादनका निम्ति टिपिएका विशेष गरी शैलीकृत रचनासौष्ठव र सूक्तिचेत तथा मर्मस्पर्शी बिम्बमय भावोद्‌गार भएका केही निबन्धांश या निबन्धपङ्क्ति तल प्रस्तुत छन्–

'हुन त भाषा आन्दोलनमा दौडन साह्रै कठिन हुन्छ । यस्तो महान् कार्यमा लाग्दा कति झरीले दुःख दिन्छ, कति आँधीले रोक्न खोज्छ र कति हुरी बतासले पनि छेक्न खोज्छ ।' ('जनप्रियताको नाप' निबन्धसङ्ग्रहमा भएका 'मान्छेको सुवास' निबन्धबाट)

'मैले योगी नरहरिनाथका विषयमा जति लेखे पनि मेरा कलममा मसी सकिँदैन जस्तो लाग्छ । किन भने योगी नरहरिनाथ भनेका नेपालका भीर, पहरा, लेकबेसी, घाम, पानी, जाडो, गर्मी, पहाड, मदेश, सबै थोक हुन् ।' –('जनप्रियताको नाप' निबन्धसङ्ग्रहमा सङ्गृहीत 'म शिर झुकाउने गर्छु' निबन्धबाट )

'जिन्दगीका हरेक मोडमा व्यावहारिक सूझबूझ राख्ने उनी एउटा फाइल रहेछन् । त्यस फाइललाई जति पल्टायो त्यति धेरै चीज देख्न पाइँदो रहेछ ।' ('अक्षरको प्रदर्शनी' शीर्षकको (र निबन्धसङ्ग्रह शीर्षक पनि त्यही भएको) निबन्धबाट)

'अहिले पनि मेरी दिदीले बोलेपछि उनको शब्द मेरा लागि झन्दै ढुङ्गाको अक्षर हुन्छ... ।' (त्यही निबन्धसङ्ग्रहको 'मेरो भाग्यरेखा र नीरा दिदी' निबन्धबाट)

जीवनीकार नरेन्द्रराज प्रसाईका २०४१ सालदेखिका प्रकाशित (र निकट भविष्यमा प्रकाशोन्मुख) जीवनीकृतिहरूको सूची यस प्रकारको छ– १. 'अठतीस अनौठा अनुहारहरू' (वि.सं. २०४१), २. 'केही चर्चित अनुहारहरू' (वि.सं. २०४२), ३. 'समाजका केही चिन्तक' (२०४७), ४. 'नेपाली भाषाका प्रमुख समालोचक' (२०५४), ५. 'पारिजातको जीवनकथा' (२०५७), ६. 'नेपाली सङ्गीतका शिखर' (२०५९), ७. 'वाङ्देलको जीवनयात्रा' (२०५९), ८. 'आदिगायक सेतुराम' (२०६०), ९. 'दौलतविक्रम विष्टको परिक्रमा' (२०६०), १०. 'कोइलीदेवीको जिन्दगानी' (२०६१), ११. 'नारीचुली' (२०६३), १२. 'प्रथम नारीस्रष्टाः ललितत्रिपुर सुन्दरी' (२०६४), १३. 'कीर्तिबाबू' (२०६६), १४. 'देवकोटाको जीवनशैली' (२०६६), १५. 'महाकवि देवकोटा' (२०६६), १६. 'त्रिमूर्ति' (२०६९), १७. 'रोहितको आकृति' (२०६९), १८. 'नेपाली साहित्यका विश्व नारीरत्न : वानीरा गिरी' (२०७०), १९. 'त्रिनारी रत्न' (२०७१), २०. 'विश्व नारी नेपाली स्रष्टाकोश' (२०७१), २१. प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) २२. 'शताब्दी पुरुष : सत्यमोहन जोशी' (२०७२) । उनका यी बाईस हालसम्म प्रकाशित जीवनीग्रन्थमध्ये लैनसिंह वाङ्देल र पारिजातसम्बन्धी दुई जीवनीका यी अङ्ग्रेजी रूपान्तरसमेत स्याङ्पो लामाद्वारा भएका प्रकाशित भइसकेका छन्– 'ग्लोरी अफ नेपाल' (सन् २००३) र 'द लेजेन्ड अफ लिटरेचर' (सन् २००३) ।

यसरी हेर्दा २०४१ साल यताका लगभग तीन दशक (तीस वर्ष जति) भित्र जीवनीसङ्ग्रह र व्यक्तिविशेषमा केन्द्रित जीवनीग्रन्थसमेत उनका एक्काईस मूल जीवनीग्रन्थ प्रकाशित भएबाट मोटामोटीमा उनले डेढ वर्षमा एक जीवनीग्रन्थका औसतमा आफ्ना जीवनीकारितालाई ग्रन्थका रूपमा सार्वजनिकता दिएको ठान्न सकिन्छ । त्यस्तै उनको 'नारीचुली' जीवनीग्रन्थ चाहिँ प्रकाशन

भएपछि जगदीशशमशेर राणाद्वारा स्वानुकूलित भनी (अङ्ग्रेजीका अनुवादक वा रूपान्तरकार आफूलाई नभनी) आफैलाई लेखक भनी प्रस्तुत गरिएको छ– 'वोमेन राइटर्स अफ नेपाल' का रूपमा । (जति स्वानुकूलित गरे पनि त्यो मूल कृतिको नै अनुकूलन हुने हो अनि त्यो अनुकूलनकर्ताको मौलिक कृति भने हुन सक्दैन र हो भनी दाबी पनि गरिनु हुँदैन । बरु मूल कृतिको नाउँ दिई त्यसका रचनाकार फलानो भनी जनाई निजको स्वीकृतिका आधारमा मैले त्यसलाई अनुकूलित तुल्याई भाषान्तरमा प्रस्तुत गरेको हुँ भन्दा प्राज्ञिक नैतिकता विशेष प्रतिष्ठित हुन्थ्यो होला ।) त्यसो त नरेन्द्रकृत यी एक्काईस मूल जीवनीग्रन्थमध्ये फुटकरजीवनीका सङ्ग्रहका रूपमा यी नौवटा ग्रन्थ देखापर्छन्– 'अठतीस अनुहारहरू', 'केही चर्चित अनुहारहरू', 'समाजका केही चिन्तक', 'नेपाली भाषाका प्रमुख समालोचक', 'नेपाली सङ्गीतका शिखर', 'नारीचुली', 'त्रिमूर्ति', 'त्रिनारी रत्न', 'विश्व नारी नेपाली स्रष्टाकोश' । यी विभिन्न ग्रन्थमार्फत पाँच सय जना जतिको फुटकर जीवनी रचिएको दाबी नरेन्द्रको छ । यस परिप्रेक्ष्यमा नरेन्द्रकृत तथा व्यक्तिविशेषमा केन्द्रित बाह्रवटा जीवनीग्रन्थका चरितनायक (वा/र चरित नायिका) यी एघार व्यक्तित्व रहेका छन्– प्रथम नारी लेखिका त्रिपुरसुन्दरी, साहित्यकार पारिजात र लैनसिंह वाङ्देल, तथा दौलतविक्रम विष्ट र वानीरा गिरी एवम् रोहित (नारायण बिजुक्छे) , महाकवि लक्ष्मीप्रसाद देवकोटा र आदिकवि भानुभक्त आचार्य तथा आदिगायक सेतुराम, गीतसङ्गीतप्रतिभा (मुख्यत: गायिका) कोइलीदेवी एवम् पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट । यीमध्ये नारी चार जना (ललितत्रिपुरसुन्दरी, पारिजात, वानीरा, कोइलीदेवी) र पुरुष सात जना (सेतुराम, लैनसिंह, दौलत, लक्ष्मीप्रसाद, भानुभक्त, रोहित र कीर्तिनिधि) देखिन्छन् । यीमध्ये लक्ष्मीप्रसादका नरेन्द्रकृत दुई जीवनीग्रन्थ रहेको कुरा उल्लेख्य छँदै छ । सामान्यत: नेपाली

जीवनीकारहरूका पुरुष वा नारी जीवनलेखनका अनुपातमा समष्टि परिप्रेक्ष्यमा आठ पुरुषजीवनीग्रन्थ र चार नारीजीवनीग्रन्थको क्रमशः ८:४ (२:१) को नरेन्द्रीय अनुपातले नरेन्द्रको नारीजीवनीपरक लेखनझुकाउतर्फ नै विशेष सङ्केत गर्दछ ।

त्यसो त नरेन्द्रकृत फुटकर जीवनीसङ्ग्रहका नौ ग्रन्थमध्ये पनि चारवटा 'नारीचुली', 'त्रिनारी रत्न' 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी' र 'विश्व नारी नेपाली स्रष्टाकोश' जस्ता ग्रन्थ नारीहरूकै जीवनीमा नै विशेष केन्द्रित रहेका छन् । साथै नेपाली भाषाका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका साहित्यिक सङ्गठक र प्रवर्द्धकका रूपमा चिनिएका नरेन्द्रले नइमार्फत आयोजना गरेको 'विश्व नारी नेपाली साहित्य सम्मेलन' (काठमाडौँ : वि.सं. २०७१) पनि उनको नारीसाहित्यको प्रवर्द्धनपरक विशिष्ट सफल आयोजना हुँदै हो । नरेन्द्रको जीवनीकारिता मूलतः साहित्यिक नरनारी व्यक्तित्वहरूतर्फ नै विशेष केन्द्रित रहेको छ र उनका उपर्युक्त एकै व्यक्तित्वका व्यक्तित्वमा केन्द्रित बाह्र जीवनीग्रन्थ र एघाह्र व्यक्तित्वमध्ये चिनिएका साहित्यकार (पारिजात, वानीरा, लैनसिंह, दौलत, लक्ष्मीप्रसाद र भानुभक्त; अंशतः रोहित) सात जना नै अधिक छन् र दुई विशिष्ट साङ्गीतिक व्यक्तित्व (सेतुराम र कोइलीदेवी) छन् भने यीमध्ये पूर्णतः राजनैतिक व्यक्तित्व दुई जना (कीर्तिनिधि र रोहित) मात्र रहेका छन् ।

नरेन्द्रराज प्रसाईको बहुमुखी लेखकीय यात्राको गीतिकारिताका अतिरिक्त अनि गद्यक्षेत्रको निबन्धकारिताको अतिरिक्त अर्को आख्यानेतर गद्यात्मक विधाक्षेत्र जीवनीलेखन नै हो । लेखन र सम्पादनका संयुक्तसन्दर्भमा पनि उनका बहुसङ्ख्यक ग्रन्थ जीवनीपरक नै देखा पर्छन् भने उनका कतिपय प्रबन्धात्मक ग्रन्थ र समीक्षाउन्मुख कृतिहरूमा पनि नेपाली समाजका विभिन्न सार्वजनिक क्षेत्रका पुराना र पाका व्यक्तित्व परिचेय रूपमा रही

तिनको संक्षिप्त परिचयात्मक तथा अपेक्षाकृत विस्तृत जीवनीगत रेखाङ्कन र आधारभूत योगदानको प्राय: गुणग्राही तथा सकारात्मक आकलनकै केन्द्रीय धुरी रहने गरेको पाइन्छ । यदाकदा चाहिँ उनी गद्यफाँटका निबन्धात्मक संस्मृतिकेन्द्रमा रहेको व्यक्तित्वप्रतिजस्तै जीवनीनायक व्यक्तिपात्रप्रति या उसका समानान्तर प्रतिपात्रप्रतिसमेत अलिकति उपहासी, व्यङ्ग्यशील र आक्रामक मुद्रा र भङ्गिमा प्रस्तुत हुने गरेको पनि भेटिन्छ । उनको प्रथम जीवनीपरक परिचयात्मक ग्रन्थ 'अठतीस अनौठा अनुहारहरू' (२०४१) तथा 'केही चर्चित अनुहारहरू' (२०४२) र 'समाजका केही चिन्तक' (२०४३) जस्ता सुरुका तीन ग्रन्थका जीवनीकारिताका बारेमा प्रथमत: केही चर्चा गरौँ ।

नरेन्द्रका फुटकर जीवनीका विभिन्न सङ्ग्रहग्रन्थमध्ये सुरुका तीन जीवनीसङ्ग्रह 'अठतीस अनौठा अनुहारहरू' अन्तर्गत ३८ जना 'केही चर्चित अनुहारहरू' अन्तर्गत ९३ जना र 'समाजका केही चिन्तक' अन्तर्गतका विजया राणासमेत २० जना गरी जम्मा १५१ व्यक्तित्वहरूमध्ये नेपाली सार्वजनिक जीवनका विभिन्न फाँटका प्राय: नाम चलेका व्यक्तिहरू र केही परिधीय रूपमा रहेका सुकर्मीहरू समेटिएका छन् ।

यीमध्ये उपर्युक्तअनुसार २० जनाको चिनारी भएको 'समाजका केही चिन्तक' (२०४७) का 'आफ्नै कुरा' मा नरेन्द्रराजले आफ्ना प्रथम शैलीगुरुका रूपमा राजनारायण प्रधानको नाउँ लिएको पाइन्छ । आफ्ना जीवनीकृतिहरूमा अद्यावधिक रूपमा नरेन्द्रले क्रमश: हुर्काएको जीवनीलेखनको अपेक्षाकृत सिर्जनात्मक विधि र संरचना तथा त्यसैका शैलीगत सौष्ठव र मिठास एवम् कोमलपन तथा अन्त:स्पर्शी र सरस-रोचक प्रभावसृष्टिको सामर्थ्यको उत्स त उनका यी सुरुका तीनवटा जीवनीसङ्ग्रहमा पनि देखिन्छ तर ती यहाँ अङ्कुरित हुँदै हुर्किई परिपाक पाउन बाँकी नै देखिने मध्यावस्थामा रहेका छन् ।

अब यहाँ पहिले यिनै तीनवटा २०४१-४७ सालका एकै व्यक्तिमा केन्द्रित प्राय: सरदर ४-५ पृष्ठका छोटा र परिचयात्मक तथा नरेन्द्रीय जीवनीगत प्रस्तुति र शैलीको वैशिष्ट्य पूर्वाभासित हुने तीनवटा जीवनीसङ्ग्रहका बारेमा केही चर्चा गरौँ । यीमध्ये 'अठतीस अनौठा अनुहार' मध्ये सिद्धिचरण श्रेष्ठ, लैनसिंह वाङ्देल, यदुनाथ खनाल र योगी नरहरिनाथ जस्ता केही व्यक्तित्व नै नेपाली साहित्यिक-प्राज्ञिक क्षेत्रका र अरू अधिकांशत: राजनीतिक क्षेत्रकै व्यक्तिहरू छन् । त्यस्तै नरेन्द्रको 'केही चर्चित अनुहारहरू' नामक जीवनीसङ्ग्रह पनि व्यक्तिपरिचयात्मक नै छ र यस ठेलीमा छानिएका ९३ जना व्यक्तित्वमध्ये साहित्यिक क्षेत्रका केही व्यक्तित्वलाई समेटिएको छ र अरू मुख्यत: राजनीतिलगायत सार्वजनिक विभिन्न क्षेत्रका व्यक्तिहरू नै परेका छन् ।

'केही चर्चित अनुहार' नेपाली राष्ट्रिय सार्वजनिक जीवनका राजनीतिक, समाजसेवापरक, कलासंस्कृतिपरक, साहित्यिक र पत्रकारिता अनि प्रशासनिक र अरू (शैक्षिक, वित्तीयस्वास्थ्यपरक, खेलकुदपरक आदि) क्षेत्रका त्रियान्नब्बे जनाका कतिपय चर्चित अनुहार, व्यक्ति या व्यक्तित्वको परिचय दिने दृष्टिले नरेन्द्रराज प्रसाईको लेखकीय प्रयासको उपज बृहत् विस्तारित या ढब्बू कृति हुँदै हो– २०४२ सालमा प्रकाशित तथा ४११ पृष्ठको मूलपाठ भएको । यहाँ उपर्युक्त ९३ जनामध्ये झन्डै आधा (४७ जना राजनीतिक व्यक्ति छन् भने यिनमा एकातर्फ मातृकाप्रसाद कोइराला, टङ्कप्रसाद र डा.तुलसी गिरी, कीर्तिनिधि विष्ट, लोकेन्द्रबहादुर चन्द जस्ता छ जना पूर्वप्रधानमन्त्रीदेखि कमलराज रेग्मी, रामहरि शर्मा, डा.डिल्लीरमण रेग्मी, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, भूपालमानसिंह कार्की (समाजसेवीसमेत), रामहरि शर्मा, विश्वबन्धु थापा, परशुनारायण चौधरी, डा.केशरजङ्ग रायमाझी, श्रीभद्र शर्मा, केदारमान व्यथित, गिरिजाप्रसाद कोइराला, सीके प्रसाई,

परशुनारायण चौधरी आदि ४१ जना ठूला साना राजनीतिक नेताहरू परेका छन् । अर्कातर्फ पुण्यप्रभा ढुङ्गाना, मङ्गलादेवी सिंह, कमल राणा, कमल शाह, भद्रकुमारी घले आदि छ जना महिला नेत्री यहाँ समाविष्ट छन् । त्यस्तै संस्कृति कला र साहित्यलगायत अरू क्षेत्रका प्रस्तुत सङ्ग्रहमा समावेश गरिएका व्यक्तिमध्ये समाजसेविका अङ्गूर बाबा, योगी नरहरिनाथ, स्वामी प्रपन्नाचार्य, भिक्षु अमृतानन्द, कलाकार लैनसिंह वाङ्देल, ठाकुरप्रसाद मैनाली, प्रमिला गिरी, नारायणगोपाल, तारादेवी, अम्बर गुरुङ, अरुणा लामा, नारायण गोपाल प्रभृति र साहित्यकार सिद्धिचरण श्रेष्ठ, पूर्णप्रसाद ब्राह्मण, कमलमणि दीक्षित, यदुनाथ खनाल, वासुदेव त्रिपाठी, तारानाथ शर्मा, गोविन्द भट्ट, मोहन कोइराला प्रभृति अनि पत्रकार मणिराज उपाध्याय, प्रशासक सुन्दरप्रसाद शाह, कल्याणविक्रम अधिकारी, चिकित्सक सच्चेकुमार पहाडी आदि पनि पर्दछन् । २०३७ सालको राष्ट्रिय जनमतसङ्ग्रहपछिको र २०४६ सालको बहुदलीय पुन:स्थापनाका बीचको सन्धिकालको समयगत परिवेशमा यी सबै परिचेय व्यक्तिहरूसँगबाट निश्चित ढाँचाको सूचनासङ्कलन गरी सोही ढाँचाले लेखिएको यो 'केही चर्चित अनुहार' नामक नरेन्द्रराजकृति सरदरमा ४.४ पृष्ठजति एक परिचेय व्यक्तित्वका भागमा पर्ने संक्षिप्त परिचायिकाहरूको सङ्ग्रहजस्तो पनि हो र यो अर्को आभ्यासिक तथा पत्रकारीयता बढी र सिर्जनात्मकता न्यून रहेको परिचयात्मक जीवनी लेखनका परिचायक बृहत् ठेली हो ।

नरेन्द्रकृत 'समाजका केही चिन्तक' जीवनीसङ्ग्रहमा बीस जना व्यक्तित्वहरू परेका छन्– जो शिक्षण, कला, राजनीति, न्याय आदि क्षेत्रमा कर्मरत भएर पनि मुख्यत:– विशिष्ट समाजसेवी या समाजसेविकाका रूपमा यहाँ चित्रित छन् । तीमध्ये कति विख्यात र कति परिधीय पनि छन्– कलाकार उर्मिला गर्ग उपाध्याय, ठाकुरप्रसाद

मैनाली; चिकित्सक डा.मृगेन्द्रराज पाण्डे, डा.रामप्रसाद पोखरेल, डा.लक्ष्मीनारायण प्रसाद, पं.छविलाल पोखरेल, प्राचार्य अङ्गूरबाबा जोशी, प्राध्यापक प्रशासक गणेशराज सिंह, रामनारायण श्रेष्ठ, प्रशासक बद्रीविक्रम थापा, भीमबहादुर अधिकारी, जमिनदार देवीप्रसाद उप्रेती, राजनीतिकर्मी ओङ्कारलाल श्रेष्ठ, महिलानेत्री विजया राणा आदि । यी पनि र अन्धा शिक्षक चुना तामाङ, जङ्गबहादुर बोगटी, समाजसेवी दयावीरसिंह कंसाकार, त्रैलोक्यनाथ श्रेष्ठ, महिला प्रधानपञ्च भक्तकुमारी घले आदि विशिष्ट बीस जनाको समाजसेवाको कार्यको लगभग १०८ पृष्ठको (सरदर पाँच-साढेपाँच पृष्ठ) को व्यक्तित्व परिचय प्रस्तुत गर्ने क्रममा मुख्यत: नरेन्द्रको स्थूल-सूक्ष्म र खस्रा-मसिना सूचना पस्कने प्रवृत्ति यहाँ देखिन्छ । यहाँ सन्तुलित शब्दचित्रकारिता र वाक्यविन्यासका तथा उक्तिकौशलका अनि खिपाइ तथा प्रस्तुति र शैलीकारिताका चुम्बकीय शक्तिले प्रभावोत्पादन गर्ने गर्दछ । यिनका शैलीकारितामा प्राय: सरल र संयुक्त वाक्यप्रवाह प्रधान रहेका छोटाछोटा वाक्यको उपस्थिति रहने गर्दछ र त्यहाँ वाक्यढाँचाको प्राय: पुनरावर्ती अन्त्यानुप्रासीयतायुक्त र कपिएको समानान्तर भावरेखामा हिँड्ने अपरिमित समविषम सन्तुलनको वाक्यखण्डगत या वाक्यगत परिमापसहितको वर्णनशक्ति अनुप्रासमय र श्रुतिमनोहर एवं चखिलो र जीवन्त तथा प्रभावोत्पादक रहेको पाइन्छ; जस्तै– (क) “यी सेवामा लहसिएकी थिइन् । साँचो काम गर्थिन् । त्यस्तै बोल्थिन् । भन्थिन्– सेवा गर्न धन होइन; मन चाहिन्छ” (विजया राणा) र (ख) “उर्मिला गर्ग २५ वर्ष युरोप बसिन् तर यिनको मन नेपालमै बस्यो । यिनले युरोपमा उच्चशिक्षा हासिल गरिन् तर नेपाली भएर हासिल गरिन्” आदि । सम्भवत: उनको यो ‘समाजका केही चिन्तक’ भन्ने व्यक्तिपरिचयसङ्ग्रह (२०४७) उनको शैलीकृत र मर्मस्पर्शी जीवनीकारिताको गद्य रचनाको एक उल्लेख्य प्राभ्यास (र खुड्किलो) जस्तो प्रतीत हुन्छ ।

उपर्युक्त तीन जीवनीसङ्ग्रहमा गरी लगभग यिनै डेढ सयभन्दा बढी परिचेय व्यक्तिको जीवनी परिचयात्मक रूपमा क्रमिक प्रस्तुतिगत कौशलसहित नरेन्द्रद्वारा चित्रित हुन पुगेको पाइन्छ ।

उनी पत्रकारीय वर्णन र विवृतिको र सिर्जनात्मक संस्पर्श न्यून रहेको सामान्य गद्यकारिताबाट सिर्जनशील निबन्धकारिताको बाटो भई सिर्जनात्मक गद्यकारिताले युक्त जीवनीलेखनतर्फ बढ्ने क्रममा निबन्धगत उल्लेख्य सिद्धिपछि नै क्रमश: सिर्जनात्मक जीवनीविधातर्फ र सामान्य परिचयात्मक प्रस्तुतिबाट विस्तारै शैलीकृत रोचक सिर्जनात्मक जीवनीलेखनतर्फ उन्मुख हुन पुगेको देखिन्छ । वास्तवमा यहाँ उनको अलि शैलीकृत सिर्जनात्मक ससाना जीवनीरचनाको प्राथमिक क्षमता 'समाजका केही चिन्तक' सङ्ग्रह (२०४७) मार्फत देखापर्दछ । त्यसैताकपछि उनको प्रथम निबन्धसङ्ग्रह पनि प्रकाशित हुन पुग्यो– 'मेरो कञ्चनजङ्घा' ( २०४८) । केही वर्ष निबन्धरचना र सामान्य जीवनीलेखन सँगै रहेपछि सिर्जनात्मक जीवनी उनको मुख्य विधा बन्यो ।

नरेन्द्रको जीवनीकारिताको अर्को सङ्घर्षमय खुड्किलो उनको 'नेपाली भाषाका प्रमुख समालोचक' (२०५४) पनि हो; जसमा उनले नेपाली साहित्यका प्रमुख तेइस जना समालोचकको जीवनी (र योगदान) को चर्चा नेपाली समालोचनाको संक्षिप्त विकासयात्रासहित प्रस्तुत गरेको पाइन्छ । समालोचनात्मक वस्तुनिष्ठासहित समालोचक व्यक्तित्वको जीवनीपरक विवृति र समालोचकीय योगदानलाई रेखित गर्नुपर्दा पनि यहाँ नरेन्द्रीय प्रस्तुति र गद्यात्मक शैलीकारिताले आफूलाई अरू उत्तरदायी रूपमा तिखार्न पुगेको पाइन्छ र अलिकति लम्बा र अलि अन्तर्निविष्टिपूर्ण वाक्यतर्फ पनि थप रुचि लिँदै थप समीक्षात्मक चेत यहाँ अन्तर्व्यक्त हुन पुगेको भेटिन्छ । एउटै मात्र सरल दृष्टान्त दिऊँ– "मोतीराम त्यस युगका बौद्धिक नायक थिए, साहित्यिक सङ्गठनात्मक नेता

थिए र सांस्कृतिक योद्धा थिए ।" वास्तवमा सुरुमा उनका वाक्यखिपाइ तथा छोटाछोटा गद्यशिल्पीय उक्ति र प्रस्तुतिको शैली उनका गुरु राजनारायण प्रधानको जस्तो पनि थियो र पछिपछि तानास (तारानाथ शर्मा), भैरव अर्याल आदिका शैलीमय वान्कीले पनि उनलाई केही छुँदै गर्दा क्रमश: उनी आफ्नै स्वसिद्ध शैलीकारिताका नव गद्यशिल्पी बन्दै रहको पाइन्छ ।

नरेन्द्रको जीवनीकारिताका उत्तरवर्ती प्राप्तिमध्ये सिङ्गो एक व्यक्तित्वलाई केन्द्र बनाई बृहत् आयाममा जीवनी लेख्ने दिशातर्फको उनको सुरु यात्रासँग सम्बन्धित ८८ पृष्ठ जतिको मूलपाठ भएको 'पारिजातको जीवनकथा' (२०५७) उनको प्रथम मौलो हो भने १०५ पृष्ठको 'दौलतविक्रम विष्टको परिक्रमा' (२०६०) पनि अर्को महत्त्वपूर्ण जीवनीसृष्टि हो; सापेक्षत: 'वाङदेलको जीवनयात्रा' (२०५२) उनको एक उत्कृष्टतर प्रदान पनि हो । उनका गैरसाहित्यिक जीवनीलेखनका दृष्टिले भने 'कीर्तिबाबू' (२०६६) एक उत्कृष्ट राजनीतिक जीवनीग्रन्थ हो । साथै नरेन्द्रका महाकवि लक्ष्मीप्रसाद देवकोटामा केन्द्रित दुई जीवनीपरक ग्रन्थ 'देवकोटाको जीवनशैली' र 'महाकवि देवकोटा' (२०६६) पनि उनका विशेष जानकारीप्रद र रोचक तथा शैलीका दृष्टिले पनि आकर्षक नव प्राप्ति हुँदै हुन् । वास्तवमा उनका एकव्यक्तिकेन्द्री उत्तरवर्ती जीवनग्रन्थमा अन्तर्वार्ताविधिको उपयोग र जीवनचरित्रका नायक र नायिकाका मार्मिक आत्मोद्गारलगायत सम्बन्धित केन्द्रीय व्यक्तित्वप्रतिका समालोचक र अरू व्यक्तिका छानिएका उद्धरणले पनि सघाउ पुऱ्याएको पाइन्छ । यहाँ बढ्दो विम्बविधान र अलङ्कृत तथा सौन्दर्यपूर्ण गद्यशैलीतर्फको उन्मुखता तथा परिमित मिश्रवाक्यको छटासहितको उक्तिकौशल बढी प्रभावकारी हुने क्रममा रहेको पाइन्छ । साथै उनका जीवनीकारितामा ठाउँठाउँमा उनको प्रस्तुति देशभक्तिपूर्ण, व्यङ्ग्यात्मक, अत्यन्त करुण तथा व्यङ्ग्यात्मक र

बेलाबखत आक्रामक मुद्रामा पनि व्यक्तिने गर्दछ । त्यस्तै एकै केन्द्रीय व्यक्तित्वका जीवनीगत बृहत् विधागत विस्तारित फलकमा सृजनशील रहँदा नरेन्द्रीय जीवनीकारिताले मीठो गद्यसङ्गीति र अलि कविताको अन्तर्बान्की तथा निबन्धात्मक छनकसहित उच्च शैलीकारिता र सरसतालाई अनि अलिकति समीक्षाचेतलाई पनि मुछेर शब्दचित्रमय उच्च वर्णनकारिताका साथ अभिव्यक्त्याउने गरी मनग्य खेल्न पाएको र सकेको पनि बुझिन्छ ।

नरेन्द्रको 'अठतीस अनौठा अनुहारहरू' नामक ग्रन्थ (वि.सं. २०४१) बाट 'नेपाली भाषाका प्रमुख समालोचक' ग्रन्थ (२०५४) यताका अढाई दशकका बीच उनी जीवनीपरक समीक्षाका क्षेत्रमा पनि राम्रै चिनिन पुगेका छन् । उनका जीवनीकारिताअन्तर्गत झन्डै पाँच सय जति विशिष्ट नेपाली सार्वजनिक व्यक्तित्वहरूको जीवनीको रूपायन उनले गरिसकेका छन्, जसमध्ये साहित्यिक व्यक्तित्वहरूको सङ्ख्या नै प्रमुख रहेको छ । उनले लेखेका ती जीवनीकृतिमध्ये 'नेपाली साहित्यका प्रमुख समालोचक' लगायत 'पारिजातको जीवनकथा', 'वाङ्देलको जीवनयात्रा', 'दौलतिवक्रम विष्टको परिक्रमा', 'नारीचुली' आदि ग्रन्थ पनि लेखेका छन् भने साहित्यस्रष्टाका सृजनात्मक जीवनीलेखनका क्षेत्रमा उनले दिएका रोचक र जानकारीप्रद ग्रन्थगत योगदानमध्ये उनका महाकवि लक्ष्मीप्रसाद देवकोटाका बारेमा दुईवटा सृजनात्मक जीवनीग्रन्थ विशेष प्रसिद्ध रहेका छन् र ती हुन्– 'महाकवि देवकोटा' नामक संक्षिप्त जीवनीकृति र अर्को 'देवकोटाको जीवनशैली' भन्ने विशेष चर्चित ग्रन्थ ।

नरेन्द्रराजका महाकवि लक्ष्मीप्रसाद देवकोटाका जन्मशतवार्षिकी (२०६६) का अवसरमा प्रकाशित र लक्ष्मीप्रसाद देवकोटाको जीवनचित्रण गर्ने दुई कृतिमध्ये 'देवकोटाको जीवनशैली' एक विशिष्ट योगदानका रूपमा विशेष लोकप्रियसमेत रह्यो ।

महाकवि देवकोटाका जीवनीका सोधखोजका क्षेत्रमा नित्यराज पाण्डेदेखिका विभिन्न विद्वान्हरूका विगत आधा शताब्दीभन्दा बढी अवधिका महत्त्वपूर्ण प्रयासका शृङ्खलामा कतिपय परिमित नव जानकारीका खोजमूलक दृष्टिले नै पनि यहाँ जीवनीकार नरेन्द्रराज प्रसाईको विशेष मिहिनेत र सूक्ष्मदृष्टि प्रदानपूर्ण रहेको पाइन्छ भने शैली र प्रस्तुतिका दृष्टिले पनि यहाँ नरेन्द्रीय मीठो प्राञ्जल शैलीको मिठासका साथै महक आद्योपान्त महकिएको मैले पाएको हुँ । त्यसताक नै मैले अब भविष्यत् जीवनमा नरेन्द्रबाट आदिकवि भानुभक्त आचार्य, साहित्यकार मोतीराम भट्ट, कविशिरोमणि लेखनाथ पौड्याल, बालकृष्ण सम आदि अरू पनि महान् नेपाली साहित्यकारका जीवनीका सम्बन्धमा पूर्वस्थापित शोधखोजका प्रतिमानमा मुख्यत: अडी विस्तृत तथा सघन र रोचकतापूर्ण बृहत् जीवनीको सृजनात्मक लेखन पनि यस्तै महकिलो शैली र प्रस्तुतिमा सुसम्पन्न हुन सकोस् भन्ने शुभकामना व्यक्त गरेको पनि थिएँ । अहिले २०७१ सालमा नरेन्द्रको प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' को मन्तव्य लेख्न लाग्दा उनले त्यस्तो एक उल्लेख्य सुरुवात गरेजस्तो मलाई आभास भयो ।

उपर्युक्त परिप्रेक्ष्यमा नरेन्द्रका एकव्यक्तित्वकेन्द्री कतिपय जीवनीग्रन्थबाट केही यादृच्छिक नमुना तल उनको मर्मस्पर्शी र गद्यशैलीगत वैशिष्ट्यपूर्ण जीवनीलेखनको परिमित साक्ष्य वहन गर्ने गरी प्रस्तुत छन्–

(क) "यिनका संस्मरणात्मक निबन्ध पढ्दा लाग्छ यी आफै पाठकका छेउमा नै बसिरहेकी छन् ।" (पारिजातको जीवनकथा, पृ. १०३)

(ख) "भनिन्छ, एउटा मणिलाई गोबरले ढपक्कै ढाकेझैँ पारिजातले पनि आफ्नो प्रेमका यथार्थ कुराहरू छोपेकी छन्" (पूर्ववत्) ।

(ग) “मेरो तीन पुस्तासम्म घर थिएन । जीवनमा पहिलोपल्ट मेरो घर बन्यो ।” (वाङ्देलको जीवनयात्रा, पृ. ३४१-३४२) ।

(घ) “यिनले एकातिर जनसेवा गरे भने अर्कातिर राष्ट्रसेवा गरे ।” (दौलतविक्रम विष्टको परिक्रमा, पृ. ३२) ।

(ङ) “आफ्नो जीवनको दियोको तेल बिस्तारै रित्तिँदै जाँदा उनी पनि हरेक तरिकाले रित्तिँदै गए, एक्लो हुँदै गए र बिरानो हुँदै गए । वृद्धावस्थामा उनी रोग र शोकले ग्रस्त थिए । विष्टको जीवनको अन्तिम समय करुणामय थियो, दारुण थियो र विरह लाग्दो थियो ।” (पूर्ववत्, पृ. ३०) ।

(च) “वास्तवमा उनी सगर नै थिए, जो चढे पनि नठोकिने; अनि उनी सागर नै थिए, जसले थुके पनि– केही फरक नपर्ने । त्यतिमात्र होइन उनी एउटा ईश्वरीय शक्तिसम्पन्न व्यक्तित्व थिए जसले जुन आकारमा सोचे पनि हुने ।” (देवकोटाको जीवनशैली, पृ. ९८) ।

उपर्युक्त विभिन्न उद्धरणहरूका लहरमा नरेन्द्रकृत आफ्नाजीवनीका सन्दर्भमा जीवनीनायक नामक स्वयम् लैनसिंहले ‘मेरो जीवनी उपन्यास जस्तै लाग्यो’ भन्दै यस्तो मन्तव्यसमेत दिएको कुरा पनि सम्झौँ– “यी घटनाहरू मेरो शेषपछि वास्तविक घटनाहरू भएर पनि कथा जस्तै भएर रहने छन् । त्यसवेला यो संसारमा म हुन्नँ ।”

नरेन्द्रराज प्रसाईका जीवनीकारितामा अन्तर्वार्ता र निबन्धका तत्त्व पनि सहोदर अन्तर्विधाका रूपमा प्रविष्ट हुने गरेको र अन्तर्वार्ता उनको जीवनीलेखनको एक पर्याधार रहेको छ । स्वर्गीय व्यक्तित्व बाहेक अरू जीवित व्यक्तिको जीवनी लेख्दा उनले ती

व्यक्तिसँगका र तीबारेका जानकारी राख्ने र तिनका कार्य वा कृतिका जानकारी राख्ने समीक्षक आदिका अन्तर्वार्ता पनि लिई जीवनीलेखनमा तिनको यथावश्यक उपयोग प्रयोग पनि गर्ने गरेको पाइन्छ । त्यसो त उनका अन्तर्वार्ता विधाका कृतिमा नै पनि उनका प्रश्नमा र उत्तरित संवादका उनीद्वारा गरिएका लेखनमासमेत जीवनी विधामा जस्तै जीवनको चुरो र उत्सलाई छुने मर्मस्पर्शिता निकै रहने गरेको म भेट्छु । उनका दुई अन्तर्वार्ता कृति पनि प्रकाशित छन्– 'सामाजिक अन्तर्दृष्टि' (२०४४) र 'एउटा महारथीको जवाफ' (जनकलाल शर्मासँगको अन्तर्वार्ता, २०५७) ।

# नरेन्द्रराज प्रसाईकृत भानुजीवनीको समीक्षा

नरेन्द्रराज प्रसाईको उपर्युक्त बहुमुखी साहित्यकारिताको एक विशेष पहिचान जीवनीकारिता पनि हो र उनी एक अग्रणी जीवनीकारका रूपमा चिनिइसकेका छन् । उनले नेपाली साहित्यकार तथा गीतसङ्गीतकारका साथै नेपाली समालोचक, समीक्षक, भाषासेवी, समाजसेवी र बहुल प्रकृतिका देशसेवक पाँच सयभन्दा बढी विशिष्ट साधकसाधिकाहरूको ससाना परिचयात्मक जीवनवृत्तका एक दर्जनजति कृतिसङ्ग्रहहरूका साथै थप एक दर्जन जति विशिष्ट नरनारी व्यक्तित्वको व्यक्तिविशेषमै केन्द्रित विस्तृत मर्मस्पर्शी जीवनीग्रन्थ पनि सार्वजनिक गरिसकेका छन् । उनका पारिजात, वाङ्देल, दौलतविक्रम विष्ट, कोइलीदेवी, कीर्तिबाबू, महाकवि देवकोटा, रोहित, वानीरा गिरी आदिका बारेका एकसाथ खोजीपूर्ण र रोचक लगभग एक दर्जन उत्कृष्ट जीवनीग्रन्थकै सरणीमा प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) ग्रन्थ उनको एक अर्को अभिनव रोचक जीवनीग्रन्थका रूपमा प्रस्तुत भएको छ ।

लगभग तीन दशकको अन्तर्गतिमय साधनाशीलताकै क्रममा यतिखेर नरेन्द्रको २०४१ सालदेखि थालिएको तीस वर्षे जीवनीकारितायात्रा प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) का समालोचनात्मक र सृजनात्मक उच्च संयम र अभिव्यक्ति सामर्थ्यको विशेष अपेक्षा गर्ने पर्याप्त चुनौतीपूर्ण यात्राबिन्दुसम्म

आइपुगेको छ भने अब त्यसकै बारेमा चर्चा गरौँ । अब क्रमश: जीवनीकार, नरेन्द्रराज प्रसाईको प्रस्तुत जीवनीग्रन्थ 'भानुभक्त आचार्यको जीवनवृत्त' का उपर्युक्त विभिन्न जीवनीगत विषयसन्दर्भमा नै दृष्टिपात गरेर हेरौँ ।

अब 'भानुभक्त आचार्यको जीवनवृत्त' शीर्षकित नामकरण भएको प्रस्तुत भानुभक्तीय जीवनवृत्त ग्रन्थका परिच्छेदयोजनातर्फ दृष्टि दिँदै भानुजीवनीकार नरेन्द्रराज प्रसाईको यस ग्रन्थका प्रमुख परिच्छेदका अन्तर्वस्तु र समुच्चा प्रस्तुतिका वैशिष्ट्यबारे विवेचनात्मक र समीक्षात्मक चर्चा गरौँ । यस सन्दर्भको चर्चा प्रस्तुत ग्रन्थका सुरुतिरै रहेको 'लेखकीय' को पठन र चर्चा गर्दै सुरु गरौँ–

जीवनीकार नरेन्द्रराज प्रसाईको प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीग्रन्थका मूलपाठअन्तर्गत जम्मा बाह्र अध्याय या परिच्छेद छन् र त्यसपछि यहाँ परिशिष्ट रूपमा अनुष्ठानिक सूची भनी छ वटा विशेष सामग्री समेटिएका छन् । यहाँ भानुभक्तीय एक पत्रको लिखतको छायाचित्र र भानुविशेषसामग्री (भानु, मोतीराम, रमानाथ र विष्णुमायाका जम्मा पाँच तस्बिरका प्रतिकृति) यहाँ उक्त अनुष्ठानिक सूचीअन्तर्गत भनी राखिएका छन् । त्यसपछि यहाँ सन्दर्भस्रोतको लेखकीय वर्णानुक्रमी कृतिविवृति दिइएको छ । उसो त यस ग्रन्थको बाह्रौँ अध्याय या परिच्छेदको भानुभक्तको वंशावली पनि मूलपाठको परिपूरक सामग्री नै रहेको छ । यसरी यहाँ यस ग्रन्थका प्राग्भाग वा प्राक्कथनभागपछिका मूलपाठमा भानुभक्तीय जीवनीगत क्रमिक विषयसन्दर्भ यस प्रकारले रहेका छन् भनौँ– 'भानुभक्तको जन्मसन्दर्भ', 'भानुभक्तको शिक्षादीक्षा', 'भानुभक्तको गिरिधारीसँगको झगडा', 'भानुभक्तका जागिर र कुमारी चोकमा थुना', 'भानुभक्तको सम्मान', 'भानुभक्तका जीवनमा घाँसी', 'भानुभक्तलाई मोतीरामको खाँचो', 'भानुभक्तको

कान्तिपुर प्रवेश', 'भानुभक्तको देहावसान', 'भानुभक्तको जन्मकुण्डली', 'भानुभक्तका कृति' र 'भानुभक्तको वंशावली' ।

उपर्युक्त मूल पाठगत बाह्र परिच्छेदतर्फ क्रमश: दृष्टि दिने क्रममा यस ग्रन्थको प्रवेशद्वारस्वरूप 'लेखकीय'कै यहाँ चर्चा गर्नु आवश्यक देखियो ।

नरेन्द्रराज प्रसाईको भानुभक्तको जीवनवृत्त नाउँ भएको ग्रन्थ नइ प्रकाशनको प्रकाशकीय र विषयसूचीपछि जीवनीग्रन्थकार नरेन्द्रकै 'लेखकीय' बाट सुरु भएको छ । कविशिरोमणि लेखनाथ पौड्यालबाट 'भानुभक्त स्मारकग्रन्थ' (वि.सं. १९९७)का निम्ति रचिई त्यसमा मूल ग्रन्थका पाठका सुरु पानामा श्री ३ जुद्धशम्शेरको सन्देशभन्दा पहिले (द्वि.सं. २०२६, पृ. १ का मध्यभागमा) 'श्रद्धाञ्जलि' शीर्षकको प्रकाशित एकश्लोके ऐतिहासिक महत्त्वयुक्त कविताको उद्धरण गरी यहाँ यो 'लेखकीय' सुरु भएको छ ।

त्यसपछि यस लेखकीयमा विशेषत: २००३ सालदेखिको वार्षिक भानुजयन्तीको परम्परा थालिएकोबारे चर्चा गरिएको छ । यस भानुजयन्तीका सन्दर्भबारेमा चाहिँ अरू सान्दर्भिक जानकारीसहित चर्चा गरौँ । यहाँ भानुभक्तको जन्म भएको मिति र भानुभक्तको जन्मजयन्ती मनाउन लागिएको बारेमा नै प्रथमत: छानबिन अपेक्षित हुन आयो । जगत् छेत्री (दार्जिलिङ) बाट मैले सन् १९९७।१।४ मा पाएको लिखित जानकारी तथा शिव रेग्मी (भानु जयन्तीका परम्परा, रचना, पूर्णाङ्क ३१, २०७१ असार साउन, पृ. १०६-१०८) अनुसार भारतका दार्जिलिङतिरबाट वैशाख २९ गते भानुजयन्ती मनाउने कार्य प्रथमत: प्रचलित र त्यसपछि स्थापित भयो भनिन्छ । यसरी भानुजयन्ती मनाउने क्रममा सन् १९४६ र १९४७ सालका दुई वर्षका बीचमा भानुभक्तीय खास जन्ममितिलाई विक्रमाब्द र सौरमानको सन्दर्भमा अँगालिएको छ र

त्यो हो वि.सं. १८७१ वैशाख २९ गते । भानुजयन्तीका सन्दर्भमा भानुभक्तकी नातिनी विष्णुमायाद्वारा प्रकाशित 'भानुभक्त मणिमाला' ग्रन्थ (वि.सं. १९९८; परिचय, पृ. १४-१६, कवि परिचयः पृ. १२) का सन्दर्भमा रङ्गनाथ शर्मा (र विष्णुमाया) बाट जानकारी प्राप्त हुन आएको अनि त्यहाँ भानुभक्तले प्राप्त गरेका ज्योतिषशिक्षाका खास प्रसङ्गको उपकथासहित दिइएको भानुभक्तको जन्मकुण्डली र उनै भानुभक्तले आफ्ना जन्मकुण्डलीबारे आफै रचेको भनिएको अढाई श्लोकको कविताका आधारमा यो असार २९ का भानुजयन्तीको दिन तोकियो । तर विभिन्न ठाउँमा प्रयुक्त सौरमानका र चान्द्रमानमा आधारित भानुभक्तका जन्मका तिथिमितिमध्ये सौरमान वि.सं. १८७१ वैशाख २९ लाई भानुजन्ममितिको आधाररेखा मानी र त्यसको अनुरूप ग्रेगरी (इस्वी) संवत्‌को महिना तारेख पारी भारतका दार्जिलिङमा प्रथमतः त्यहाँका नेपाली भाषा र साहित्यका प्रेमी अगुवा संस्था र व्यक्तिले यो वार्षिक भानुजयन्ती मनाउने परम्परा सुरु गरेको र चालू राखेको अनि प्रसार तथा प्रवर्द्धन गर्दै रहेको पाइन्छ । यसमा अरू संस्थासमेत संलग्न रहे पनि नेपाली साहित्य सम्मेलन दार्जिलिङ र यसका अग्रणीत्रय– सूधपा (सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान) को विशेष उत्प्रेरणा रह्‍यो । नेपालतर्फ पनि सौरमानअनुसार नै वैशाख २९ गते वार्षिक भानुजयन्ती मनाउन थालिएको हो । कतिऔँ वार्षिक भानु जन्मजयन्ती भनी उल्लेख गर्दा भने कुनै असार २९ गते भारततर्फ भानुभक्तको जन्मदेखिको जति वर्षको अवधि पुग्ने हो सोअनुसार र नेपालतर्फ भने उक्त दिनमा भानुभक्त जन्मेको जतिऔँ वर्ष सुरु हुने हो सोअनुसार यतिऔँ जन्मजयन्ती भनी प्रायः गणना गर्ने गरेको पाइन्छ; त्यसैले यस गणनामा पनि प्रायः एक वर्षको फरक हुने गर्दछ ।

मोतीराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र' १९४८ सालमा प्रकाशित गर्दा दिएको भानुभक्तको जन्मवर्ष वि.सं. १८६९

बारे केही उल्लेख नगरी रङ्गनाथ शर्मा (समेत) ले भानुभक्तको जन्मवर्ष भनी १८७१ सालका खासखास सौरचान्द्र महिना, गते, तिथि र बारसहित भानुजन्मको तिथिमिति उल्लेख गरेकोमा २००३ सालमा 'पुराना कवि र कविता' प्रकाशित गर्दा नेपालका इतिहासकार बाबुराम आचार्यले रङ्गनाथसमेतले दिएका वर्ष महिना (१९७१ असार) मात्र उल्लेख गरेर उक्त गते र पक्षतिथिका साथै बारका बारेमा अव्यक्त असहमति जनाएको हो कि जस्तो देखिन्छ । पछि भारतको दार्जिलिङमा त्यतिखेर कार्यरत, नेपालका इतिहासकार सूर्यविक्रमलगायत, नेपाली साहित्य सम्मेलन (र सर्वहितकारी समाज आदि) संस्था तथा तिनका अगुवाहरूले पनि १८७१ असार २९ लाई भानुजयन्तीको वर्षाधार मानेपछि यता नेपालतर्फ पनि यही वर्षाधार नै प्राय: संस्थागत र शैक्षिक-प्राज्ञिक स्तरमा ज्यादा चल्यो र विशेष सोधखोजका क्रममा र खास विद्वद्वर्गमा भने नेपाल भारत दुवैतिर मोतीराम भट्टले उल्लेख गरेको भानुभक्तीय जन्मवर्ष (वि.सं.१८६९) को उल्लेख गरी छलफल गर्ने र ठोस निर्क्योल हुन सके बेस हुन्थ्यो भन्ने प्रवृत्ति तथा भाव रहँदै रह्यो ।

नेपालमा, भारतमा र विश्वकै व्यापक नेपाली जगत्मा भानुभक्तको द्विशतवार्षिकीको कार्यक्रम पनि वि.सं. १८७१ लाई वर्षाधार मानी मनाइयो र नेपाल सरकार पनि संस्थागत रूपमा यसमा सम्मिलित भयो । यो विराट् आयोजन समष्टिगत परिप्रेक्ष्यमा २०० औँ वर्षको सुरुवात र समापनका दुई वर्षबीच स्वदेश तथा विदेशका नाना संस्थाहरूका आयोजनामा र सहभागितामा विविध ढङ्गले सम्पन्न भयो । यसका निम्ति खास गरी नेपालमा (र अन्यत्र पनि) द्विशतवार्षिकीको २-३ वर्ष अगि नै कार्यक्रमको परिकल्पना गर्दै कार्यक्रमिक स्वरूप र रूपरेखा तथा साधन, स्रोत र सहभागिता आदिबारे पनि सोच्न, छलफल गर्न, पूर्वतयारी गर्न र स्रोतपरिचालनको प्रयास गर्न थाले पनि यस विशेष सन्दर्भमा

नेपाली शिक्षा परिषद्, भानु प्रतिष्ठान, त्रिमूर्ति निकेतन, नइ प्रकाशन आदि अग्रणी नेपाली साहित्यिक संस्थाहरूका पूर्वतयारीबारे र तिनले नेपाली विद्वत्समाज र नेपाल सरकारसम्म पुग्न गरेका प्रयासक्रमबारेसमेत धेरथोर म पनि परिचित छु । यस क्रममा नेपाली भाषासाहित्यका जल्दाबल्दा कर्मठ सेवी र समयुगीन नव मोतीराम भन्न मिल्ने नरेन्द्रराज प्रसाईका नइ प्रकाशनमार्फतको संस्थागत संलग्नतालाई पनि लिनुपर्ने हुन्छ । नेपाल सरकार (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) अन्तर्गत उक्त मन्त्रालयका सचिवका अध्यक्षतामा गठित आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (२०७१) को परिकल्पना र प्रबन्धनका क्रममा कार्यकारी सल्लाहकारकार रूपमा रही प्रस्तुत ‘भानुभक्त आचार्यको जीवनवृत्त’ का लेखक नरेन्द्रराज प्रसाई खुबै खटेको मलाई थाहा छ; म पनि त्यस समारोह समितिका कार्यक्रमका कार्यान्वयनका उक्त अनेक सल्लाहकारहरूमध्ये एक सल्लाहकार रहेको हुँ । यस क्रममा, उक्त समितिको उक्त द्विशतवार्षिकी समारोहका कार्यक्रमलाई कार्यान्वयन स्तरमा सम्पन्न तुल्याउने क्रममा नरेन्द्रका संस्थागत र वैयक्तिक आफ्ना अनुभव र धारणा तथा स्वमूल्याङ्कन पनि प्रस्तुत जीवनवृत्त ग्रन्थका लेखक नरेन्द्रका ‘लेखकीय’ अन्तर्गत आउनु स्वाभाविकै हो भन्ने म ठान्दछु । उक्त समिति बृहत् स्तरमा गठन भएको थियो र मन्त्रालयका निकट सम्पर्कमा रही निर्धारित कार्यक्रम सम्पन्न गराउन औधी खट्नु नेपाली भाषासाहित्यका सेवी र प्रवर्द्धक नरेन्द्रको आफ्नो विशेष व्यक्तितत्व, स्वभाव र प्रवृत्ति तथा रुचि र कर्मठताको पनि सूचक हुँदै हो । साथै उक्त समितिका कार्यक्रमहरू तय हुँदा निकै अंशमा नरेन्द्रका र नइ प्रकाशनका परिकल्पना र प्रस्ताव परेका थिए । नइ तथा नरेन्द्रराज प्रसाईसँग त्रिमूर्ति निकेतनको सञ्चालन (वि.सं. २०५२ देखि झन्डै दुई दशकको) लगायत ‘महाकवि देवकोटा

'शताब्दी' (२०५६-६६), 'अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन' (२०६६), 'विश्व नारी नेपाली साहित्य सम्मेलन' (२०७१) आदिका बृहत्तर राष्ट्रिय-अन्तर्राष्ट्रिय आयोजनाका सन्दर्भमा सम्पर्कित नेपाली भाषासाहित्यसेवीको विस्तृत संस्थागत सञ्जालको पर्याधारको पनि सहयोग लिइएको बुझिन्छ । यसैले पनि पूर्वोक्त भानुभक्तीय द्विशतवार्षिकी समारोह समितिमा नरेन्द्र कार्यकारी सल्लाहकारका रूपमा मन्त्रालय स्तरबाटै सञ्चालित हुने आयोजनामा विशेष सक्रिय रहे । नेपाल सरकारतर्फबाट भानु प्रतिष्ठान र नेपाली शिक्षा परिषद्लगायतका अनेक संस्था तथा कार्यक्रमहरूलाई पनि सहयोग भयो; उक्त समितिका भानुद्विशतवार्षिकीका निर्धारित कार्यक्रममा कार्यान्वयनमा आयोजक मातहत मन्त्रालय स्वयम् पनि सक्रिय रह्यो र तिनमा कार्यकारी सल्लाहकारको पनि विशेष भूमिका रहनु स्वाभाविकै हो ।

नइ अर्थात् नरेन्द्रराज प्रसाईको परिकल्पना र सक्रिय प्रबन्धनसमेतको विशेष सहयोग लिई बृहत् स्तरमा नेपाल सरकार (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) ले भानुभक्त द्विशतवार्षिकी समारोहको मूल परिचालन गरेको थियो । नेपाल राष्ट्रका १४ अञ्चल र विश्वका २५ राष्ट्रमासमेत सम्बन्धित समारोह समितिको गठन गरेर मनाइएको यस भानु द्विशतवार्षिकीका कार्यक्रम नेपाली साहित्यका सन्दर्भमा अहिलेसम्मको सबैभन्दा ठूलो संस्थागत सञ्जाल परिचालित भएको कार्यक्रम देखिन्छ । यस अघि नइको संयोजन र अग्रसरतामा त्रिमूर्ति निकेतनबाट भएको 'विश्व नारी नेपाली साहित्य सम्मेलन'मा ७१ जिल्ला र २० राष्ट्रका नारीले भाग लिएका थिए भन्ने पनि यहाँ उल्लेखनीय छ । जे होस्, आदिकवि भानुभक्त आचार्यका जन्मका द्विशतवार्षिकी समारोहमा प्रत्यक्ष रूपमा नेपाल सरकार सक्रिय हुनु र अरू संस्थालाई पनि संस्थागत सहयोग गर्नु भने विशेष महत्त्वपूर्ण

सन्दर्भ हुँदै हो । प्रस्तुत 'भानुभक्तीय जीवनवृत्त' ग्रन्थका 'लेखकीय' मा नरेन्द्रले आफ्नो ढङ्गले यी आफ्ना क्रियाशीलताको मूल्याङ्कन गरेको यहाँ मैले पाएँ ।

•

प्रस्तुत नरेन्द्रीय भानुजीवनी ग्रन्थको भानुरचित आत्मपरिचयात्मक एक पद्योद्गारको उद्धरण गरी सुरु भएको पहिलो परिच्छेद भानुभक्तीय जन्मसन्दर्भसँग जोडिएको छ भने यहाँ जीवनीकारद्वारा सम्बन्धित कतिपय ऐतिहासिक विवादहरूसमेतका बीचबाट (पृष्ठगत सरल पादटिप्पणी र ग्रन्थगत उद्धरण आदिबाट जटिल कुरालाई समेटेर) भानुका जन्मस्थल र जन्मवर्ष तथा जन्ममितिका बारेमा सरल प्रवाहमय प्राञ्जल शैलीमा प्रथमत: चर्चा गरेको पाइन्छ; अनि त्यसपछि जीवनचरित्रनायक भानुका अक्षरारम्भ, व्रतबन्ध, बिहे र छोराछोरीबारेसमेत पनि उल्लेख गरिएको छ । यहाँ नरेन्द्रले मोतीरामका भनाइ र परवर्ती मतान्तर र थप सूचनाको समेत सक्दो समन्वयात्मक उपयोग गरेको पाइन्छ भने उनका अन्तर्मुद्रामा भने मोतीरामका भन्दा पृथक् र भिन्न मतान्तरका जानकारीप्रति अन्तर्भावगत र शैलीगत रूपमा अलिकति प्रश्नमुद्रा पनि अङ्कित हुन पुगेको छ । यहाँ नरेन्द्रको प्रस्तुति थोरै शोधोन्मुख र ज्यादा प्राञ्जल अभिव्यक्तिमय रहेको छ ।

यहाँ, प्रस्तुत पहिलो परिच्छेदमा, प्रथम भानुजीवनीकार मोतीराम भट्टभन्दा सत्तरी वर्ष पछिका तर आफूलाई अनुवंशीय अनुश्रुतिबाट प्रभावित रहेका ठान्ने अनि मोतीरामका सरस र रोचक गद्यलेखन (आंशिक पद्ययलेखन) भन्दा भिन्न खरो गद्यलेखनद्वारा भानुजीवनीका लेखनयात्रामा निकै मात्रामा मोतीरामका श्रद्धालु तर पर्याप्त खण्डनकर्ता अनुपूरकसमेत रहेका नरनाथ

आचार्यलाई पृष्ठगत टिप्पणीमार्फत उद्धृत गर्ने र ससम्मान उनीसँग कतिपय कुरामा असहमत नै रहिरहने प्रवृत्तिगत मुद्रामा पनि वर्तमानका भानुजीवनीकार नरेन्द्र रहेका छन् ।

त्यस्तै मोतीरामकृत भानुजीवनी (१९४८) भन्दा आधा शताब्दीपछि (१९९८) मा विष्णुमायाका 'भानुभक्त मणिमाला' को एक आमुखस्वरूप परिचय लेखी भानुभक्तका जन्मवर्षबारे मोतीरामभन्दा पृथक् जानकारी दिने र कतिपय विषयमा (भानुभक्तको खास न्वारानको लग्न नक्षत्रअनुसारको नाउँ, पास्नी, व्रतबन्ध आदि) नयाँ र थप सूचना दिने रङ्गनाथ शर्माका भनाइलाई पनि प्रस्तुत जीवनीकार नरेन्द्रले पृष्ठगत पादटिप्पणी दिई उद्धृत गरेका छन् र धनञ्जय आचार्यको ज्योतिषमा अभ्यास नभएका भए खरदार नहुने, बरु ज्योतिष शिक्षक थिएनन् भनी दह्रै बुँदा पनि पक्रेका छन् । त्यस्तै यहाँ भानुजीवनीकार नरेन्द्रले भानुभक्तभन्दा ६७ वर्षपछि जन्मेकी उनकी नातिनी विष्णुमायाप्रति भानुभक्त जन्मेको १२७ वर्षपछि जन्मकुण्डली प्रस्तुत गरेकोमा 'जादु' को विम्ब प्रयोग गरी सूक्ष्म असहमतिभाव व्यक्त गरेको पनि पाइन्छ । सामान्यत: लेखक वा जीवनीकारका रूपमा पनि आफू असहमत रहेका व्यक्ति विषय तथा कामकुराबारेमा असहमति प्राय: तीव्र रूपमा व्यक्त गर्ने नरेन्द्र प्रस्तुत भानुजीवनका सन्दर्भमा असहमति व्यक्त गर्दा प्राय: अलि नरम नै रहेको भेटिन्छ । तर उनले आफू सहमत-असहमत जे भए पनि भानुभक्तबारेका सबै थरी सूचनाको सक्दो उपयोग भने गर्न खोजेका छन् ।

नरेन्द्रकृत प्रस्तुत भानुजीवनीग्रन्थका दोस्रा परिच्छेदमा भानुभक्तको शिक्षादीक्षा आदिबारे उनका बाजे श्रीकृष्ण र बाबु धनञ्जयका भूमिकासम्बन्धी र अरू सामान्य तथा विशेष जानकारीसहित चर्चा गरिएको छ । यहाँ भानुभक्त आचार्यबाटै शिक्षाका बारेमा विभिन्न स्रोतबाट केही फरकसमेत जानकारी

प्राप्त हुन आएका छन् जसअनुसार बाजे श्रीकृष्णबाटै भानुले मूल शिक्षा पाए भन्ने मोतीराम आदिको भनाइ, बाबु धनञ्जयबाटै भानुले ज्यादाजसो शिक्षा पाए र ज्योतिषशिक्षा चाहिँ गुरुबाट पाए भन्ने रङ्गनाथ शर्माको भनाइ र बाबुबाट कानुनी लेखापढीको शिक्षा धनञ्जयले पाए भन्ने शर्वराजको कथन अनि मामाघरमा श्राद्ध गराउन जानेको छैन भन्नुपर्दा अपमानित अनुभव गरी भानुभक्त कास्कीतिर पढ्न गएको आदि भन्ने शर्वराजसमेतद्वारा उल्लिखित लोक अनुश्रुति र भानुले बाजेबज्यैसँग काशीमा बसी अरू शिक्षा पाए भन्ने नरनाथ आदिको मत मिलाई भानुभक्तको शिक्षाबारे निर्क्योल गर्नुपर्ने अवस्था भने छँदै छ । यहाँ विद्वद्वर्गीय अध्ययन र शोधको तार्किक शुष्कता र जटिलताबाट सक्दो बच्दै र सान्दर्भिक उद्धरण भने छानेर दिँदै मीठो र मर्मस्पर्शी ढङ्गले भावप्रवाहमय शैलीमा सरल शब्दयोजना, वाक्ययोजना र उक्तियोजनासहित विषयलाई पस्कँदै तथा पर्याप्त अनुप्रासीय र परिमित बिम्बालङ्कृतिको उपयोग गर्दै जीवनी लेख्ने आफ्नो मुख्य तरिकातर्फ नै उनी यहाँ विशेष प्रवृत्त र अनुरक्त पनि छन् ।

छोटाछोटा र परस्पर अन्तर्ग्रथित अनुच्छेदप्रवाहका बनोटबाट अनुच्छेदयोजना गरी अगि बढ्दै यहाँ पनि उनले कतिपय जानकारी र मतान्तरलाई लामैसमेत पृष्ठ-पृष्ठान्तरका पादटिप्पणीमार्फत दिएका छन् । यहाँ एक कुशल व्यङ्ग्यगर्भित र परिहासपुट भएका निबन्धशिल्पीका कलमलाई जीवनीपरक मतान्तरका समीक्षाका क्रममा पनि परिहास र स्मृतिका अन्तर्मुद्राका साथ पनि उनले उपयोग गरेको भेटिन्छ । यस क्रममा कसैप्रति कुनै सन्दर्भमा असहमति र आलोचनाभाव व्यक्त गर्दा पनि उसका अरू गुणगरिमा र प्रदानका पाटाको उन्मुक्त प्रशंसासमेत नरेन्द्रले गरेको पाइन्छ । विशेष गरी भानुभक्तका प्रथम जीवनीकार मोतीराम भट्टपछि उल्लेख्य अनुपूरक जीवनीकार भन्न सकिने

नरनाथ आचार्यप्रति नरेन्द्रको यही मिश्रित श्रद्धाभाव यहाँ व्यक्त छ । नरेन्द्रमा सन्तुलनतर्फ चासो छ तर आफ्ना धारणाप्रतिको अविचल निष्ठाभाव पनि छ; वस्तुत: मैले जानेका नरेन्द्र यही मध्यमुद्रामा नै छन् अनि भानुभक्तीय प्रथम जीवनीकार मोतीरामजस्तै उनै मोतीरामका गुणदर्शन-प्रधान परम्पराबाट नरेन्द्र विशेष प्रभावित जीवनीकार त हुँदै हुन् ।

नरेन्द्रकृत प्रस्तुत भानुजीवनवृत्तको तेस्रो परिच्छेद भानुभक्त र गिरिधारीका बीचको झगडासँग सम्बन्धित रहेको छ । भानुभक्तीय जीवनका यस प्रसिद्ध प्रसङ्गको चर्चा गर्दा जीवनीकार नरेन्द्रले भानुभक्तका चरित्रका कतिपय समविषम पक्षतर्फ पनि इङ्गित गरेका छन् र भानुभक्तप्रति केही आलोचनाभाव पनि देखाएका छन् । नरेन्द्रराजले उक्त झगडाको वर्णन गर्दा मोतीरामकृत भानुजीवनी र सम्बन्धित भानुभक्तीय कविता पनि उद्धृत गरेका छन् अनि कतिपय आफ्ना अनुकल्पना पनि मिसेका छन् । यहाँ अलगअलग समयका बगर र साँधसिमानाका तथा कुलोका मुद्दाका बारेमा र तिनमा भानुभक्तले प्राप्त गरेका विजयका बारेमा पनि उनले उल्लेख गरेका छन् । प्रस्तुत भानुभक्तीय जीवनवृत्तमा गिरिधारी भाटका भानुप्रसङ्गलाई एक अलग परिच्छेदको रूप दिई नरेन्द्रले जीवनीगत परिच्छेदको अन्तर्योजना गरेको बेस हो तापनि अझ बढी रोचक अन्तर्नाटकीयता दिई मनोभावगत चित्रण पनि गर्दै जीवनीलेखन गर्ने सम्भाव्य क्षमताको अधिकतम उपयोग भने किन हो यहाँ उनले गरेनन् । यस प्रकरणमा जीवनीकार नरेन्द्रका प्रतिभाले अरू थप मर्मस्पर्शी बान्की पनि देखाउन सक्थ्यो तापनि यो जीवनी परिच्छेद रोचक नै छ । यहाँ जीवनीकार नरेन्द्रराज प्रसाईले भानुभक्तले जागिर खाएको प्रसङ्गलाई पनि केही छोए तापनि यसबारेमै केन्द्रित भई विशेष चर्चा चाहिँ आगामी चौथो परिच्छेदमा गरेको पाइन्छ ।

नरेन्द्रकृत प्रस्तुत 'भानुभक्तीय जीवनवृत्त' सम्बन्धी ग्रन्थको चौथो परिच्छेद शीर्षक अनुसार भानुभक्तको सरकारी जागिर र त्यसको स्याहास्रेस्ता फरफारकको प्रसङ्ग अनि कुमारीचोकका निगरानी र थुनाका चर्चासँग पनि जोडिएको छ । यहाँ ग्रन्थकार नरेन्द्र प्रथम भानुजीवनीकार मोतीराम भट्ट (१९४८) ले बताएबमोजिम र विष्णुमाया वा रङ्गनाथ शर्मा (१९९८) को पनि असहमति नदेखिएबमोजिम अनि निकै मात्रामा परवर्ती बाबुराम आचार्य (२००३) का भनाइप्रति सापेक्षत: विशेष सहमत रही भानुभक्तले १९०७ सालमा जागिर खाएको अनि १९०९ सालमा खोसिई स्याहास्रेस्ता फरफारकका क्रममा केही महिना कुमारीचोकका निगरानी र थुनामा रही पछि फारकपत्र र पूरा सफाइ पाएको पक्षमा नै उभिएका छन् । यहाँ नरेन्द्र पं. नरनाथ आचार्य (२०१७-१८, २०३६) आदिका भानुभक्तले आफै सरकारी जागिर नखाई बहालमै बाबु धनञ्जय आचार्य बितेपछि एक मात्र (जीवित) छोराका नाताले बाबुको लामो जागिरकालको स्याहास्रेस्ता फरकफारक गर्न कुमारीचोकका सामान्य निगरानीमा रहेको आदि अभिमतसँग भने लगभग असहमत रहेको भेटिन्छ र यहाँ नरेन्द्रले कतिपय अरू विशेष तर्क र अनुकल्पना पनि संयोजित गरेको भेटिन्छ ।

प्रस्तुत नरेन्द्रकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' ग्रन्थको पाँचौँ परिच्छेद भानुभक्तको सम्मानप्रसङ्गसँग जोडिएको छ । वास्तवमा भानुजीवनीकारका रूपमा नरेन्द्रले आफ्ना परिमित सामग्री अध्ययन र प्रस्फुटित समीक्षाचेतलाई दृष्टिगत गरेर नै त्यस परिधिमा रही आफ्नो ३ दशक जति लामो जीवनीसिर्जनाको यात्राको अनुभव र प्रातिभ सृजनकौशलको तादात्म्य यहाँ मुख्यत: दिन खोजेका छन् । यस भानुजीवनी कृतिमा उनले अध्यवसायी शोधकर्ता र सघन समीक्षकको दायित्व काँधमा बोकेरभन्दा नेपाली साहित्यका एक स्थापित साहित्यकार (एवम् जीवनीलेखक) र नेपाली साहित्यका

विशेष उत्साही प्रवर्द्धकका आफ्ना अन्तर्व्यक्तित्वलाई अलि बढी अग्रसर तुल्याई आफ्नो क्षमता देखाएका छन् । भानुभक्तले पाएका प्रमुख सम्मानको वर्णन र चर्चा सरसरती यहाँ नरेन्द्रले गरेका छन् । वास्तवमा आदिकवि भानुभक्त नेपाल सरकारलगायत व्यापक राष्ट्रिय-अन्तर्राष्ट्रिय नेपाली जगत्ले नेपाली साहित्यकारको जन्मको द्विशताब्दी उत्सव कार्यक्रम पहिलो पल्ट (सामान्यत: दुई वर्ष जति नै) नाना स्तर र ढङ्गमा विशिष्टतर आयोजना गरी मनाइएका आदि नेपाली साहित्यस्रष्टा हुँदै हुन् । यहाँ नरेन्द्रले विशेषत: मोतीराम भट्टले १९४३-४४ सालतिर खोजप्रवृत्त हुँदै १९४८ सालमा जीवनचरित्र प्रकाशित गरी भानुभक्तलाई अर्पण गरेको र (कम्तीमा) त्यसको चार दशक जति समय बितिसकेपछि दीननाथ सापकोटा (१९८९) प्रभृतिले विमति जनाए पनि बृहत् नेपाली साहित्यजगत्ले प्राय: सकारेको आदिकवि पदको समर्थन नै गरेका छन् ।

भानुभक्त आचार्य वास्तवमा ऐतिहासिक सन्दर्भमा आदिकविको राष्ट्रिय सम्मानप्राप्त यशस्वी कवि हुन् । सरकारी तवरमा नेपालका श्री ३ (प्रधानमन्त्री) जुद्धशमशेरले पनि 'नेपाली साहित्य सम्मेलन' दार्जिलिङका आयोजनामा (र अरू १९९७ सालमा भानुभक्तको स्वर्गारोहण भएको ७० वर्ष पुगेका उपलक्ष्यमा) बाबुराम आचार्यद्वारा सच्याउन खोजिएको भानुको देहावसानको वर्ष वि.सं. १९२६ अनुसार उनको अपार्थिव स्मृतिक्रमको सत्तरी वर्ष पुगेको सन्दर्भमा) प्रकाशित भएको 'भानुभक्त स्मारक ग्रन्थ' (पूर्ववत्, पृ. १) का सन्देशमार्फत मान्यता दिए जस्ता परिप्रेक्ष्यमा सरकारी तवरमा आदिकवि मानिएकै हुन् भन्ने आशय यहाँ भेटिन्छ ।

श्री ३ जुद्धशमशेरको तोकबोली लेखेजस्तो उक्त सन्देशमा विविध हेतु देखाई "भानुभक्त आचार्य नेपाली भाषाका आदिकवि हुन् भने पनि हुन्छ" भनिएको छ । यहाँ यही नै गाँठी कुरो हो आदिकवि सो भन्ने चाहनेहरूले भने हुन्छ (अनि सो आदिकवि

भन्ने मन नपराउनेले चाहिँ नभने पनि हुन्छ र भन्नैपर्छ भन्ने कर छैन) भन्ने पनि हो कि ? १९४८ सालदेखि १९८९ र १९९७ हुँदै अहिलेसम्मका सन्दर्भमा पनि सायद भानुभक्तलाई आदिकवि भन्ने र नभन्ने दोहोरै प्राज्ञिक स्वातन्त्र्य छ (अनि दिवङ्गत भानुभक्तलाई यी र अरू पनि उपाधिको के नै खाँचो !) तर अधिकतर नेपाली साहित्यविद्ले उनलाई आदिकवि नै मान्दै आएको पाइन्छ । नेपाली जनमनले उनलाई आदिकविका रूपमा दिलले चिनिसकेको छ ।

•

यहाँ नरेन्द्रले बाबुराम आचार्यदेखि वासुदेव त्रिपाठी र उत्तरवर्तिहरू समालोचकहरूको पनि अभिमतको स्तर भानुभक्तका आदिकवित्वका पक्षमा विशेषत: ठाकुरप्रसाद पराजुलीको भनाइको लामो सर्वसार उद्धरण पनि प्रस्तुत गरी आफ्ना ढङ्गले तर्क र जिरह गरेको पाइन्छ । साथै यहाँ यस परिच्छेदमा नरेन्द्रले भानुभक्तप्रतिका अरू कतिपय महत्त्वपूर्ण सम्मान तथा तत्कालीन नेपाल सरकारबाट विकास समिति ऐनअन्तर्गत गठित तनहुँको चुँदीरम्घामा भानुजन्स्थल विकास समिति गठन गरिएको सन्दर्भ र त्यस संस्थासँग सम्बन्धित कतिपय काम कुरामा पनि आफ्नो अवलोकन प्रस्तुत गरेको पाइन्छ ।

मैले पनि तत्कालीन नेपाल सरकारका पूर्वसचिव तथा तत्कालीन निर्वाचन आयोगका एक आयुक्त तथा कवि एवम् विद्वान् (पछि 'अध्यात्म रामायण' र 'भानुभक्तीय रामायण'का 'बालकाण्ड'का विशद तुलनात्मक अध्ययनसमेत प्रस्तुत गर्ने तुलनात्मक समीक्षक) रामचन्द्र पौडेल (थप कवि उपनाम रम्घाली पनि रहेका लेखक) का अध्यक्षतामा गठित भानुजन्मस्थल विकास समितिको सदस्य रही केही वर्ष त्यस समितिमा आफूले सकेको आफ्नो प्राज्ञिक परामर्श दिएको हुँ र खासगरी त्यस समितिका

आयोजनामा निर्मित 'आदिकवि भानुभक्त' चलचित्रको प्राक्कल्पना र कार्ययोजना तथा भानुजीवनी र कृतित्व तथा भानुजीवनकालको नेपाली र स्थानीय समसमयको समाज-संस्कृतिको परिवृत्त, भानुसम्मान आदि बारेका उक्त चलचित्रसम्बन्धी निर्माण समिति र अन्वेषण समितिमासमेत रही काम गरेको हुँ । त्यतिखेर खास गरी अन्वेषण समितिले भानुजीवनी र कृति-कतित्व आदिबारे धेरै छलफल गरी विद्वान् र स्रष्टाहरूका पूर्वस्थापना अनि बालकृष्ण समको 'भानुभक्त' नाटकका प्रस्तुतिको पनि समीक्षा गरी एक प्रकारको निकट रूपको संयोजनकारी परिमाप वा परिमिति तयार गरेको र प्राय: तदनुरूप यादव खरेल (सो आदिकवि भानुभक्त चलचित्रका निर्देशक) ले मसँग पनि प्राज्ञिक र सृजनात्मक विमर्श गरी पटकथा लेखेको र त्यसको परिमार्जनमा पनि सो अन्वेषण समिति क्रियाशील नै रहेको हो । त्यस चलचित्रको नाटकीकृत पटकथा (वि.स. २०५६; कतिपय परिशिष्टसहित) भानुजन्मस्थल विकास समिति तनहुँ चुँदीरम्घाद्वारा प्रकाशित भएको पनि छ । परिशिष्ट-५ मा तत्कालीन भानुजन्मस्थल विकास समिति, आदिकवि भानुभक्त चलचित्र निर्माण समिति र अन्वेषण समितिको नाम तथा विवृति (पृ. २७१) पनि दिइएको छ । तर उक्त चलचित्रको र उक्त चलचित्रका पटकथाको दृश्यावली, संवाद आदिको अन्तर्योजना मूलत: कलात्मक र सिर्जनात्मक आधारतलमा भई त्यहाँ अन्तर्निहित रूपमा प्राज्ञिक चेत रहेकाले भानुअध्ययनको एक अर्धप्राज्ञिक परिमितिसम्म चाहिँ यो हुँदै हो । साथै यो प्राज्ञिकताउन्मुख चलचित्र (भानुको प्रथम चलचित्र) पनि राष्ट्र र तत्कालीन नेपाल सरकार (र यसका शिक्षामन्त्रालयलगायत अरू अङ्ग), नेपाली जनता तथा सुधीसमाजले त्यसताक (भानु स्वर्गारोहणको १३० वर्ष पुगेका बखत) आदिकवि भानुभक्तका सम्मानमा चढाएको उत्कृष्ट प्राज्ञिक कलात्मक श्रद्धोपहार हुँदै हो ।

•

नेपालका हुलाक टिकटका परम्परामा राजपरिवारबाहेक अरू नेपालीहरूमध्ये सर्वप्रथम भानुभक्त आचार्यको हुलाक टिकट (५ पैसे खैरो रङको हुलाक टिकट) नेपाल सरकारद्वारा २०१९ असार २९ गते निकालिएको जानकारी यसका विज्ञ र कुनै बखत हुलाक विभागका महानिर्देशकसमेत रहेका जीतबहादुर मानन्धरका 'हुलाकमा कविहरू भन्ने लेख (हुलाक पत्रिका, वर्ष ४ पूर्णाङ्क १३, २०२३)बाट पाइन्छ ।

वास्तवमा बृहत् नेपाली जगत् (नेपाल, भारत र विश्वका अन्य देशमा फैलिएको नेपाली समाज)ले वि.सं. १९४१-२०७१ का बीचका १३० वर्ष जतिमा नेपाली आदिकवि, राष्ट्रिय विभूति र नेपाली जातीय कवि भानुभक्तका सम्मानमा क्रमश: विविध भूगोल र संस्था, समूह र स्रष्टाजगत् तथा विद्वद्-जगत्का तर्फबाट देशविदेशका विभिन्न स्थानमा भानुका प्रतिमा र सालिकको स्थापना, भानुकै नाममा त्यहाँका विविध ठाउँ (गाउँ, नगर, वडा, चोक, मार्ग आदि) को श्रद्धापूर्ण नामकरण र आदिकवि भानुभक्तका नामका विभिन्न ठूलासाना सम्मान, पुरस्कार, छात्रवृत्ति, विद्वद्वृत्तिको स्थापना र सम्मेलन तथा शोधकार्य र उपाधि, ग्रन्थ र पत्रिकाविशेषका विशेषाङ्कको प्रकाशन र लेखरचना तथा शोध अनुसन्धानमा आधारित कृति र ग्रन्थका प्रकाशन आदिको माध्यमबाट व्यक्त गरेको सम्मानशृङ्खलाको विवृतिको सारसंक्षेप एक सानोठूलो पुस्तकमा प्रस्तुत गर्न सकिएला तर नरेन्द्रका भानुजीवनवृत्तपरक यस कृतिमा भने सम्मानको त्यो सेरोफेरो प्रस्तुत गर्नु अति व्यापक कार्य नै ठहर्न जान्छ । केही थप सामग्री सङ्कलन र अध्ययन गरी यस्तो बृहत् कार्य र बृहत्काय ग्रन्थको प्रकाशन अपेक्षित छँदै छ भने सिर्जनात्मक जीवनीकृतिगत एक सानो परिच्छेदमा तिनको इङ्गितीकरण मात्र सम्भव थियो र त्यही गणेशीय परिक्रमापथमा नरेन्द्रद्वारा यहाँ प्रस्तुत पाँचौँ परिच्छेदमा कार्य भएको पाइन्छ ।

नरेन्द्रकृत प्रस्तुत ग्रन्थको छैटौँ परिच्छेदमा भानुभक्तको 'भर्जन्म घाँस' भनी सुरु हुने कविता र त्यसको टेको लिई मोतीराम भट्टले भानुभक्तबारेका जीवनचरित्र ग्रन्थमा तनहुँ-चुँदीरम्घालगायतको स्थानीय परिवेशसँग उति परिचयविना खडा गरेको घाँसी पात्र र भानुभक्तीय कविताप्रेरणाको प्रसङ्गबारे चर्चा गरेको पाइन्छ । यहाँ नरेन्द्रको दृष्टिकोण मोतीरामभन्दा बाबुराम आचार्य (२००३) प्रभृतिसँग बढी मिल्दछ र नरनाथ आचार्य (२०१७-१८, २०३६) प्रभृतिका घाँसीका स्थानीयकरणका प्रयासप्रति पनि उनी सचेत छन् । श्लोकका उच्चार्य र गेय विभिन्न छन्दका सङ्गीतिप्रवाहलाई नेपाली भाषा (तत्कालीन गोर्खा वा गोरखा भाषा) का अव्याकृत रहेको लोकव्याकरणअनुरूप र छन्दका लघुगुरुका अपेक्षाका सन्दर्भमा अजन्तहलन्त तथा ह्रस्वदीर्घ उच्चार्य स्वरका ह्रस्व, दीर्घ वा हलन्त पनि छन्दगत वाचन हुन सक्ने सृजनतत्त्व राम्ररी नबुझी लेख्य रूपमा र त्यो पनि लोकका वाचनगायन र श्रुतिका शृङ्खलाबाट सुनी लेख्य अङ्कन गर्दाका अप्ठ्यारामा मोतीरामले 'म' लाई मो, 'घाँसे' लाई घाँसी आदि गर्दाका कठिनाइ पनि यहाँ छन् । सार कुरा यहाँ यत्ति हो- यी कविता भानुभक्तका हुन् । 'भर्जन्म घाँसतिर मन्' भनी प्रथम श्लोक थालिने यस फुटकर कविताका यी पङ्क्तिका छन्दयोजनाका र पदवाक्य तथा उक्तिगत र छन्दगत चरणका योजनाका र भावयोजनाको सौन्दर्यपूर्ण एवम् परिपक्व सामर्थ्य तथा प्रचुर अनुप्रासीय, अन्त्यानुप्रासीय (अन्त्य, उपादि-मध्य र अन्त्य जस्ता) शृङ्खलालगायतका उच्चतर श्रुतिमाधुर्ययुक्तता भानुभक्तकै सिर्जन हुन् ।

मोतीरामको घाँसी पात्र र सम्बन्धित कथा सम्बन्धित भानुकविताको मूलमर्मअनुरूप खास ठाउँमा नपरेका अनुकल्पनाका रूपमा नै मुख्यत: यहाँ चर्चित छ । यहाँ नरेन्द्रका तर्क र जिरह पनि आफ्नै ढङ्गले ठाउँमै छन् र ठीकै छन् । साथै तनहुँ र

लमजुङ-कास्कीतिरका भैँसी पाल्नेहरूले जङ्गलमा घाँस काट्न जाँदाआउँदा पानी खाने खोबिल्डा र घाँसीकुवा रहेको यथार्थबारे अब जानकारी आउन थालेको छ ।

प्रस्तुत नरेन्द्रकृत भानुजीवनवृत्तसम्बन्धी कृतिको 'भानुभक्तलाई मोतीरामको खाँचो' शीर्षक रहेको सातौँ परिच्छेदमा भानुभक्तका कृतिको खोज, प्रकाशन र जीवनीग्रन्थप्रकाशन अनि भानुभक्तको महिमाको प्रवर्द्धनलगायतका विभिन्न सन्दर्भमा देखिएको मोतीरामको सक्रियता र देनको प्राय: दिल खोलेर नै नरेन्द्रले चर्चा गरेका छन् ।

प्रस्तुत ग्रन्थकै आठौँ परिच्छेद भानुभक्तको कान्तिपुरप्रवेशका सन्दर्भसँग र भानुभक्तका बालाजुदर्शन तथा कान्तिपुरका दर्शन-अवलोकनका क्रममा रचिएका भनिएका सरस र रोचक कविताका मिठासको आस्वादान गर्नगराउन प्रवृत्त रहेको छ । त्यस्तै प्रस्तुत ग्रन्थको नवौँ परिच्छेद, शीर्षकबमोजिम नै, भानुभक्तको देहावसानका बारेमा नै विशेष केन्द्रित छ र भानुभक्तका सिकिस्त अवस्थाका स्वेच्छित र स्वजनले डोलीमा बोकी पुऱ्याइएको मर्स्याङ्दी नदीका (बायाँ किनारको) को सतीघाट गाईथुनेका अर्धजलाशय-ग्रहणका र प्राणत्यागका वर्णनमा विशेष मर्मस्पर्शी छ । नरेन्द्रकृत यसै ग्रन्थको दसौँ परिच्छेद चाहिँ शीर्षकअनुरूप भानुभक्तको त्यस जन्मकुण्डली र तत्सम्बन्धी अरू चर्चासँग सम्बन्धित छ जुन विष्णुमायाकृत 'भानुभक्त मणिमाला' (१९९८) ग्रन्थमा रङ्गनाथ शर्माको 'परिचय' भनिएको कथन र सूचनास्रोत (तथा विष्णुमायाका आयोजन) को 'कविपरिचय'का सुरुमा दिइएको भानुभक्तको भनिएको जन्मकुण्डलीपछि स्वयम् भानुभक्तले बनाएको भनिएको आफ्नै ग्रह, नक्षत्र आदिको जन्मलग्नकुण्डलीगत अवस्थितिको वर्णन गरिएको कविताको विमर्शसँग पनि जोडिएको पाइन्छ । यहाँ विशेषत: निबन्धकार नरेन्द्रको निबन्धकारिताको एक अंश रहेको मिही व्यङ्ग्यप्रहसित चेत पनि अलिकति मुछिएको छ तर यहाँ अन्तिमत:

नरेन्द्रले, अरू हामी सबैले जस्तै, 'भानुभक्त मणिमाला'बाट प्राप्त गरेको भानुभक्तीय जन्मको सौरमानअनुसारको तिथिमिति (१८७१ असार २९) लाई भने केही उहापोहसहित स्वीकार नै गरेको पाइन्छ ।

नरेन्द्रकृत प्रस्तुत भानुभक्तीय जीवनवृत्तपरक ग्रन्थको एघारौँ अध्यायमा खोजकर्ता र समीक्षकका गहिराइबाटभन्दा एक जीवनीपरक साहित्यस्रष्टाका ज्ञानको सरसरती किसिमको र कहीँ सुसूचित मसिनो ज्ञान पनि भएको मिश्रित कोणबाट भानुभक्तीय ठूलासाना कृतिप्रति प्रायः श्रद्धामूलक र कतिपय सूचनासन्दर्भपरक भानुभक्तीय अवलोकन उनले प्रस्तुत गरेका छन् । यहाँ उनले विशेषतः भानुभक्तको 'गजाधार सोतीकी घरबुढि' भनी सुरु हुने श्लोकका कविताप्रति ऐतिहासिक र वर्तमानयुगीन अनि नारीपरक कोणबाट पनि हेरेका छन् र यहाँ उनले देखाएको सन्तुलिततायुक्त प्रस्तुति चाखलाग्दो छ । साथै यहाँ उनले भानुभक्तको 'वधूशिक्षा' लघुकाव्य कृतिको बारेका चर्चाका क्रममा भानुभक्तीय 'वधूशिक्षा'का मोतीराम भट्ट, विष्णुमाया, बाबुराम आचार्य, नरनाथ आचार्य आदिले छपाएका 'वधूशिक्षा'का परम्परागत पाठमा 'हाँस्नू छैन कदापि नारिहरूले' भनी सुरु हुने श्लोकका पूवार्द्धका प्रथम र द्वितीय चरण वा पहिलो र दोस्रो पङ्क्तिमा परेका 'वेश्या' शब्दका दुई पटकका प्रयोगका सट्टामा प्रा.डा.व्रतराज आचार्य (पूर्ववत् २०५८, २०७० र २०७१)बाट पाठान्तर प्रस्तुत भएकोबारे चर्चा गरेको पाइन्छ । व्रतराजद्वारा प्रस्तुत भएको 'वधूशिक्षा'को उपर्युक्त पाठका 'हाँस्नू छैन कदापि नारिहरूले' भनी सुरु हुने श्लोकका ती स्थलमा (र तिनको आधारस्वरूप लेखोटमा पनि) 'वैश्या' र 'वैश्या' अनि 'वैश्यै' र 'वैश्या' आदि भएकोमा नरेन्द्रले व्रतराजद्वारा खोजपूर्वक प्रस्तुत नयाँ लेखोटको पाठमा देखा पर्न आएको पाठगत संशोधनको निहितार्थका बारेमा, भानुभक्तकै परम्परागत प्रचलित पाठगत दृष्टिकोणमा भानुभक्तकै स्वहस्ताक्षरका लेखनमा संशोधन आएको

हो कि कुनै लेखोटकारका कारणले पाठभेद हुन आएको हो भनी प्रश्नशील जिज्ञासा अन्तर्व्यक्त गरेको पाइन्छ । साथै उक्त भानुभक्तीय परम्परागत पाठमा हाँस्ने नारीलाई पहिलो पङ्तिमा 'वेश्या' भनी दोस्रो पङ्तिले त्यसलाई स्वयम् केही मत्थर पारेको हुँदाहुँदै स्वयम् भानुभक्तकै सम्बन्धित परम्परागत 'वधूशिक्षा'गत पाठभन्दा भिन्न उक्त नयाँ पाठ भेटिँदा भानुभक्तले नारीलाई 'वेश्या' नभनी 'वैश्या' भनेका पो रहेछन् भनी पाठकसमाजमा सकारात्मक प्रभाव पर्ला कि या वैश्या (हिन्दू चार वर्णमध्ये वैश्य जातिकी स्त्री) लाई हियाएको भाव आउला भन्ने नरेन्द्रको प्राश्निक जिज्ञासा पनि यहाँ तिक्खर छ र असहमतिमा कडै रूपमा प्रस्तुत हुने नरेन्द्रका विशेष व्यक्तिवैशिष्ट्यका दाँजामा यहाँ नरेन्द्रको प्रस्तुतिको भङ्गिमा वजनपूर्ण र लोचपूर्ण वा लचकयुक्त नै छ भने यसमा नेपाली विद्वान्हरूले पनि ससन्दर्भ प्राज्ञिक विचारविमर्श गर्दा बेसै होला जस्तो मलाई लाग्दछ ।

प्रस्तुत नरेन्द्रकृत भानुभक्तीय जीवनवृत्तपरक ग्रन्थको मूल पाठका बाह्रौँ परिच्छेदमा भानुभक्तको वंशावली दिइएको छ । मोतीराम (१९४८) देखि नै भानुभक्तको वंशविस्तारको एक प्रकारको आरेखीकृत प्रस्तुति सुरु भएकोमा उत्तरवर्ती या परवर्तीहरूबाट पनि त्यसको थप विस्तार र अद्यावधिकरण हुँदै आएको पाइन्छ भने यहाँ नरेन्द्रले भानुभक्तका एक खनाति समाजसेवी र साहित्यसेवी श्रीभक्त आचार्यलाई स्रोतव्यक्ति तुल्याएको पाइन्छ र नरेन्द्रद्वारा यहाँ केवल भानुसन्ततिमै केन्द्रित सन्दर्भमा केही थप जानकारी थपिएको पनि छ ।

अवश्य नै प्रस्तुत नरेन्द्रकृत यस कृतिमा भानुभक्तीय जीवनी, कृतित्व र अन्य सन्दर्भसँग जोडिएका कतिपय न्यायदृष्टिपरकभन्दा पक्षदृष्टिपरक विवादग्रस्तता, अनुकल्पना र आग्रह तथा विषमप्राय: विवादग्रस्तताका अन्तर्बौद्धिक चाप र तापका अप्ठ्याराले सृजनात्मक,

मनोहारी तथा मानकनिकट जीवनीविधागत सृजनात्मक कृतिमा अपेक्षित जीवनवृत्तको रोचक एवम् सौष्ठवपूर्ण सिर्जनामा जीवनीकार नरेन्द्रलाई केही सकस परिरहेको छ । तर यी चुनौतीलाई एक सृजनशील जीवनीकारका रूपमा यिनले सकेसम्म समाधान खोज्दै वस्तुगत सन्तुलिततातर्फ र कहिलेकता यो वा त्यो पक्षमा पनि रहेर अनि जटिल अन्तर्विवादका सन्दर्भलाई पादटिप्पणी दिई राखेर पनि आफ्ना सृजनात्मक जीवनीलेखनका शैलीलाई सक्दो उकास्न सृजनात्मक प्रयास गरेको पाइन्छ ।

नरेन्द्रराज प्रसाईको प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीकृतिका विचार र भावका अन्त:प्रवाहसँग शैलीगतसँगसँगै उक्तिगत वैदग्ध्यपरक सन्दर्भमा कतिपय यादृच्छिक नमुनास्वरूप छोटाछोटा कृतिगत गद्यांश भावकीय-पाठकीय आस्वादान र पारखका निमित्त सम्बन्धित परिच्छेद जनाई तल उद्धृत छन्–

- मोतीरामले भानुभक्तका भतिजा रामदत्त आचार्यसँग सोधेर भानुभक्तको जन्मथलो तनहुँको चुँदीबेँसीको रम्घा हो भनी लेखे । तर केहीले धनञ्जयको जागिर भएका ठाउँमा नै छोराछोरी जन्मेको बेहोरा पनि लेखेको पाइन्छ । (भानुभक्तका जन्मसन्दर्भबाट)
- भानुभक्त आचार्यका पनाति मुक्तिनाथ आचार्यलगायत कसैकसैले चुँदीबेँसी र रम्घा गाउँबीचको धर्मशाल भन्ने ठाउँको शिखर कटेरीमा भानुभक्तको जन्म भएको थियो भनेका छन् । अनि कसैकसैले चुँदी रम्घा डाँडाको पश्चिममा पर्ने तामाकोटमा भानुभक्तको जन्म भएको पनि लेखेका छन् । (ऐजन परिच्छेदबाट)
- भानुभक्त आचार्य पण्डित भईकन पनि अनेक प्रपञ्च रच्न पनि सिपालु थिए । कविमा हुने प्रचुर संवेदनशीलता एवम् स्वाभिमानी

प्रकृतिका साथसाथै उनी रिसराग र प्रतिशोधजस्ता सामान्य मानवीय प्रवृत्तिबाट पनि मुक्त हुन सकेका थिएनन् । त्यसैले आफ्नै कारण उनी आफैँले धेरैपल्ट हन्डर पनि खाएका थिए । यस बेहोराको साक्षी प्रमाण उनका कविताहरूले दिएका छन् । यस सिलसिलामा उनको जीवनमा घटेको गिरिधारी रानाभाटसँगको घटना भानुभक्तीय इतिहासमा निकै चर्चाको विषय बन्दै आएको छ । ('भानुभक्तसँग गिरिधारीको झगडा'बाट)

- उता भानुभक्त पनि रानाभाटको नाउँ त के छाया पनि देख्न सक्तैन थिए । कतिसम्म भने भानुभक्तले आफ्नो घरको छानामा लगाएका बाँसका भाटासँग पनि रिसइबी साँधेका थिए । उनले आफ्नो घरको छानाबाट भाटा निकालेर फ्याँकेका थिए भन्ने रोचक प्रसङ्गहरू पनि चर्चामा आएको पाइन्छ । (ऐजन परिच्छेदबाट)

- मोतीराम भट्टका पालामा गोर्खा भाषा भनिने नेपाली भाषाका कवितामा भानुभक्त प्रथम कवि थिएनन् । उनीभन्दा पहिला पनि नेपाली भाषामा कविहरू थिए; नेपाली साहित्य संसारमा अनेक कविताकृतिहरू लेखिएका थिए । तर ती कवि र कविताहरूलाई मोतीराम भट्टले त्यति पत्याएनन्, किनभने उनले भानुभक्तको 'रामायण' जनजिब्रोमा कण्ठकण्ठमै भिजिसकेको पाएका थिए । त्यतिमात्र होइन उनले भानुभक्तका 'रामायण' लगायत अरू रचनाहरू पनि निकै मिहिनेत गरी खोजेर फेला पारे । ('भानुभक्तको सम्मान' बाट)

- भानुभक्त सिङ्गो नेपाली जातिका बीच अति श्रद्धापूर्वक 'आदिकवि'मा सुप्रसिद्ध भए । कतिसम्म भने भानुभक्त भनेका 'आदिकवि' र आदिकवि भनेका 'भानुभक्त' भन्ने पर्याय नेपाली बृहत् संसारमा सुपरिचित भयो । 'नेपाली बृहत् शब्दकोश'मा नै

आदिकविको अर्थ परम्परा स्थापित गर्ने प्रारम्भका कवि (संस्कृतका वाल्मीकि, नेपालीका भानुभक्त, अङ्ग्रेजीका चौसर इ.) लेखिएको छ । (ऐजन परिच्छेदबाट)

- भानुभक्त आचार्यको जीवनमा गाँसिएको घाँसीको प्रसङ्ग भानुभक्तका दुई श्लोक कविताबाट प्रेरित भएका मोतीराम भट्टको सुन्दर कल्पनाको परिणाम थियो । पछि बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटाजस्ता उत्तरवर्ती विशिष्ट स्रष्टाहरूले अऊ यस सन्दर्भलाई सिँगारपटार गरिदिए । त्यसैले यस प्रसङ्गले पनि नेपाली साहित्यिक समाजमा विश्वास पाइसकेको छ । अब घाँसीका सालिक बन्नेदेखि लिएर स्रष्टाहरूका निबन्ध र कवितासम्ममा पनि भानुभक्तको घाँसी दरोसँग स्थापित भइसकेको पाइन्छ । त्यसैले ती बेहोरा स्वीकार गर्नैपर्छ; मानौँ घाँसी पनि साक्षात् थिए । ('भानुभक्तको जीवनमा घाँसी' बाट)
- वाराणसीमा घाँसको किनबेच भइआएको देख्दै आएका कल्पनाशील मोतीरामले तनहुँमा पनि घाँसको खरिदबिक्री गर्ने घाँसी प्रसङ्ग लेखिदिए । मोतीरामले तनहुँ नटेकी, नसुनी र नबुझी वाराणसीको चालचलनका आधारमा यस कथाको बुनोट गरेको हो कि भन्न सकिन्छ । (ऐजन परिच्छेदबाट)
- काठमाडौँ प्रवेशपछि भानुभक्तको छाती फुलेर ऊन् चौडा भएको थियो । भाषासेवी भानुभक्तलाई त्यस बेला कान्तिपुरले अत्यन्त मोहित बनाएको थियो । आफ्नो देश आफ्नो सिङ्गो संसार ठान्ने भानुभक्तका लागि कान्तिपुर पनि त्यत्तिकै प्यारो हुनु स्वाभाविक थियो । त्यतिमात्र होइन; उनले आफ्नो जन्मभूमि नेपालको राजधानीलाई स्वर्गभन्दा प्यारो माने । भारतको काशी र अन्य सहर हेरिसकेका भानुभक्तलाई कान्तिपुरले धेरै नै मोहित बनाएको थियो । उनका लागि

कान्तिपुर कविताको एउटा विषय बन्न पुग्यो । ('भानुभक्तको कान्तिपुर प्रवेश' बाट)

- भानुभक्त तनहुँबाट पहिलोपल्ट पाँचमाने भन्ज्याङ भई कान्तिपुर प्रवेश गर्दा कान्तिपुरको मोहमा डुब्नु डुबे । उनी यसै कान्तिपुरीसँग मोहित भए, अनि उनका पाइला बालाजुतिर लागे । त्यहाँ पुगेपछि त्यहीँकै पाखाले उनलाई छोयो । अनि उनले यहाँको वर्णनमा कविता लेखे । (ऐजन परिच्छेदबाट)
- मोतीरामले भानुभक्तका कविताको आड लिई बयान गरेको घाँसीको कथाको स्थानीयकरण गर्ने नगर्ने पक्षविपक्षमा अनेक समालोचक आआफ्ना ढङ्गले उभिएका पनि छन् । घाँसी प्रसङ्गलाई ठीक छ भनेर त्यसैलाई मान्यता दिनेहरूको लर्को पनि छ । यति हुँदाहुँदै पनि भानुभक्त घाँसी संवादबारे बनेको यो सुन्दर कल्पना अब नेपाली जनमानसको चिरसञ्चित पुँजी बनिसकेको देखिन्छ । (ऐजन परिच्छेदबाट)
- भानुभक्त सानैदेखि बौद्धिक चेतका धनी थिए । उनी खरोमा खरो, नरममा नरम र अव्यावहारिकमा अव्यावहारिक थिए । उनी स्वतन्त्रताप्रेमी पनि थिए । अनि सबैभन्दा ठूलो कुरा उनी लेखेर थाक्तैनथे । त्यस जुगमा यिनले जति लेखे, धेरै लेखे । तर यिनलाई चम्काउने काम भने मोतीराम भट्टले नै गरे । ( 'भानुभक्तलाई मोतीरामको खाँचो' बाट)
- वाल्मीकिकै आदिकवित्वकै परम्परामा भानुभक्तलाई गाँस्ने प्रयोजनबारे मोतीरामले धेरै नै चिन्तन गरेका थिए । त्यसैले घाँसी नाउँको अनाउँलाई उनले भानुभक्तका छेउमा लगेर राखिदिएका थिए । यो उनले भानुभक्तका कविताको अडेस लिई गरेका सृजनात्मक चलाखीमध्ये निक्कै आकर्षक चलाखी थियो । (ऐजन परिच्छेदबाट)

- आदिकवि भानुभक्त आचार्य 'रामायण' लेखेर नेपाली संसारमा चिरञ्जीवी मात्र भएनन्, नेपालीहरूका तीर्थपुरुषका रूपमा समेत स्थापित भए । ('भानुभक्तका कृति' बाट)

- आदिकवि भानुभक्त आचार्य 'रामायण' लेखेर नेपाली संसारमा चिरञ्जीवी मात्र भएनन्, नेपालीहरूका तीर्थपुरुषका रूपमा समेत स्थापित भए । यसै कारण नाटचसम्राट् बालकृष्ण समले भानुभक्तलाई लेखनगत शैलीका दृष्टिले सर्वश्रेष्ठ मानेका छन् । उनले भानुभक्तलाई ध्रुवताराझैँ अचल पनि लेखे । महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि उनलाई नेपाली साहित्यिक इतिहासका सर्वश्रेष्ठ पुरुष माने । भानुभक्तले नेपाली जातिका हृदयको बोली व्यक्त गर्न र मनको ज्योति बाल्न गरेको योगदानलाई नबुझ्नेहरूप्रति महाकवि देवकोटाले भने– "भानुभक्त पढेर हाम्रो शिक्षा प्रारम्भ हुन्छ र उनलाई हेला गरेर समाप्त हुन्छ ।" (ऐजन परिच्छेदबाट)

जीवनीकार नरेन्द्रको प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त'को उपर्युक्त बाह्र परिच्छेदका मूलपाठका केही गद्यांशको उद्धरणको आस्वादनपछि अब यस जीवनीग्रन्थका बाँकी सामग्रीबारे केही भनौँ । यहाँ अनुष्ठानिक सूची भनी अनुशिष्ट सामग्रीका रूपमा भानुभक्तको हस्तलिपि र भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिरलगायत मोतीराम भट्ट, नरनाथ आचार्य र विष्णुमायाका तस्बिर पनि स्रोतसहित दिइएको पाइन्छ र यो प्रयास बेसै ठहर्छ । मोतीराम भट्टले आफ्ना उपर्युक्त जीवनचरित्रग्रन्थमा दिएको भानुभक्तको रेखाचित्रात्मक फोटो (छविचित्र) भने भानुभक्तका आकृति आदिबारे अरूका बयान सुनेर मोतीरामद्वारा तयार गराइएको हो भन्ने अभिमतकै पक्षमा नरेन्द्र रहेका छन् । नरनाथ आचार्य आदिले मोतीरामद्वारा प्रस्तुत फोटो भानुभक्तको फोटो नै हो भनी व्यक्त गरेका धारणासँग भने नरेन्द्र असहमत छन् । त्यसपछि यहाँ

अपेक्षाकृत अलि सजिलो ढङ्गले तर लेखक वर्णानुक्रमिक अलि सरल स्वढाँचामा नरेन्द्रद्वारा आफ्नो कृतिगत सन्दर्भस्रोत दिइएको पाइन्छ जसले नरेन्द्रको प्रस्तुत ग्रन्थ तयार पार्दाको अध्ययनको परिधितर्फ सङ्केत गर्दछ ।

समुच्चा रूपमा भन्दा नरेन्द्रको यो 'भानुभक्त आचार्यको जीवनवृत्त' कृति आदिकवि भानुभक्तप्रतिको र भानुभक्तका कृति र कवित्वप्रतिको नरेन्द्रको उच्च श्रद्धाभाव र आफूले पढेका सन्दर्भसामग्री र मोटामोटीमा बनाइएका धारणाका योगबाट जन्मेको भानुद्विशतवार्षिकीको पुण्य अवसरको जीवनीपरक श्रद्धापुष्पोपहार नै मुख्यत: हो । भानुभक्तका जीवनीगत र कृतिगत तथा अरू विभिन्न विषयको शास्त्रार्थस्थलभन्दा सक्दो सन्तुलित ढङ्गले भानुभक्तीय सरल र सरस जीवनवृत्तको सिर्जना गर्ने प्रयास नै यो नरेन्द्रकृति मुख्य रूपमा हो र यो रुचिशील सुधी नेपाली पाठकहरूका निमित्त अति नै मिहिनेतपूर्वक उनीद्वारा सिर्जना गरिएको मैले पाएँ । भानुभक्तका जीवनी, कृति र कवित्वशक्ति आदिबारे सूचना, जानकारी र ज्ञानको सरल बोधपक्षसँगै सरस जीवनीसृजनको बीचमा मैले यो नरेन्द्रकृति पाएँ । यस कृतिका अनेक स्थलमा नरेन्द्रका अध्ययनशीलताका र पर्याप्त संयमित प्रस्तुतिगत प्रयासका साथै मुख्यत: उनका जीवनीलेखनका पाठकोन्मुख सिर्जनात्मक धार र भावरचना तथा शैलीगत प्रस्तुतिका भङ्गिमा र बान्कीबाट यहाँ बढी म पुलकित भएको छु । धेरैले नेपालका शैक्षिक, साहित्यिक र शोधात्मक तथा बौद्धिक र समीक्षात्मक कोणबाट भानुभक्तका जीवनवृत्तबारे थुप्रै लेख, शोधलेख, शोधप्रबन्ध र विचारोत्तेजक तथा पाण्डित्यपूर्ण पनि ठूलासाना अनेकौं महत्त्वपूर्ण कृति प्रस्तुत गरेका छन् र तिनका आआफ्ना महिमा र शक्ति तथा स्वाभाविक सीमा एवम् न्यायदृष्टि र पक्षदृष्टि पनि छन् भने यो नरेन्द्रकृति चाहिँ मोतीराम भट्टपछि नेपाली साहित्यका रसिक भावकगणका

रुचिशील सरस, रोचक र घतलाग्दो साहित्यिक सृजनात्मक चेतसमेत भएको अनि खास शास्त्रार्थीय र अन्तर्बौद्धिक परिचय कम रहेको एकअर्को भानुजीवनवृत्त पाउने विलम्बित सिर्जनात्मक आकाङ्क्षालाई निकै अंशमा परिपूर्ति दिन सक्ने किसिमको अर्को नयाँ साहित्यिक भानुजीवनी ग्रन्थ हो । यहाँ नरेन्द्रले भानुभक्तका जीवनी, कृति आदिसँग सम्बन्धित विशेष छलफल र उद्धरणलाई सकभर पृष्ठगत पादटिप्पणीमा दिई भानुभक्तीय सरल जीवनी पढ्न चाहने पाठकलाई पनि ध्यानमा राखेको म ठान्दछु । यहाँ नरेन्द्रको मूल सोचकेन्द्रमा प्रथम भानुजीवनीकार मोतीराम भट्ट नै हुन् र प्राय: मोतीरामेली भानुजीवनलाई नरेन्द्रले मानक ठानेजस्तो पनि देखिन्छ ।

नेपाली भाषा र साहित्यका प्रवर्द्धनका यात्रामा २०४० साल यताको समयसन्दर्भमा 'समयुगीन मोतीराम' भन्ने चिनारीसमेत बनाएका नरेन्द्रराज प्रसाईले भानुजीवनका अनेक मोतीरामेली र अरू स्थापनाका मर्मलाई पनि मनोयोगपूर्वक चिन्ने र खोतल्ने अनि परिमित समीक्षा गर्ने प्रयास यहाँ गरेको पाइन्छ । निश्चय नै भानुजीवनीका अध्ययन र मननका यात्रामा प्रस्तुत नरेन्द्रराज प्रसाईका कृतिले आफ्नो अलग सोच र सान्दर्भिकतासमेत स्थापित गर्न सकेको छ र यो अर्को अध्येय र मननीय अभिनव भानुजीवनी कृति हुन पुगेको छ । रुक्खा तर्कवितर्कभन्दा सरस प्राञ्जल र सुरुचिपूर्ण गद्यशैलीमा जीवनी लेख्ने विशिष्ट शैलीकारिताका निम्ति पनि प्रसिद्ध रहेका नरेन्द्रराज प्रसाईले भानुजीवनका तथ्यपरक अनेक नव ऊहापोह र चिरफारप्रति पनि धैर्यपूर्ण रुचि राख्दै परिमित खोजीपरक प्रवृत्तिसमेत यहाँ आत्मसात् गरेको पाइन्छ र त्यो भानुजीवनीका अद्यावधिक सन्दर्भमा एक नव सृजनात्मक प्रतिमान हुनाका साथै आगामी अध्ययनका निम्ति पनि पर्याप्त उत्प्रेरक हुन सक्ने बलियो सम्भावना छँदै छ । म भानुद्विशतवार्षिकीका पुण्यसन्दर्भमा प्रकाशित नरेन्द्रराज प्रसाईकृत यस भानुजीवनीलाई

द्विशताब्दीक भानुसम्झना महापर्वको एक अवसरोचित विशिष्ट साधनापूर्ण प्रदान पनि मान्दछु ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीकृतिका अनेक वैशिष्ट्यमध्येको एक मुख्य वैशिष्ट्य मोतीराम भट्टले १९४८ सालमा प्रकाशित गरेको 'कवि भानुभक्ताचार्यको जीवनचरित्र'को झन्डै सवा सय वर्षको समयपछि प्रस्तुत हुन आएको अर्को सृजनात्मक भानुजीवनी कृति हुनाको गौरवी पहिचान पनि हुँदै हो । जहाँ मोतीरामकृत भानुजीवनी भानुबारेको प्रथम जीवनी कृति थियो त्यहीँ नरेन्द्रराज प्रसाईकृत यो भानुजीवनी अद्यावधिक मानक भानुजीवनी हुन पुगेको छ । यसको मानकताको मियो चाहिँ मोतीरामको शोध तथा अनुकल्पना र समीक्षणतासँगै अन्त:प्रवाहित सरस रोचक जीवनीसृजनका प्राप्तिमध्ये खास गरी सरस अन्तर्भाव र रोचक शैली तथा प्रस्तुतिको मोती–मतनिकट उत्तराधिकारप्राप्ति नै हो भन्ने म ठान्दछु । साथै भानुजीवनीको इतिवृत्तका सन्दर्भमा मोतीरामका स्थापना र परिमितिप्रति विशेष आस्थाभाव राख्ने र अनेक परवर्ती मतान्तरप्रति प्राय: असहमति रहेर पनि प्रचलित मान्यतालाई व्यवहारत: प्राय: मान्ने तर तिनमा आन्तरिक कमजोरीतर्फ इङ्गित गरिरहने एक प्रकारको आत्मदृढता पनि यहाँ नरेन्द्रराजले देखाएको पाइन्छ । यस तात्पर्यमा पनि उनको भानुजीवनी लेखन मोतीरामका मानकका नजिक देखा पर्छ ।

यिनै अन्तर्निहित परिवृत्तका परिधिमा मोतीराम भट्टको 'कवि भानुभक्तको जीवनचरित्र'मा अन्तर्निहित रहेका दुई थरी मूल प्रवृत्तिगत अन्तरपाटाहरू यी हुन्– (क) आधारभूत खोजकारी र कहिलेकहीँ श्रव्यमूलक भानुकविताको लेख्य अङ्कनमा कतैकतै चुकेर र तनहुँको र त्यहाँको चुँदीरम्घालगायतको स्थानीय र समयुगीन सामाजिक, सांस्कृतिक र आर्थिक परिवेशको वृत्तसँग

प्राय: कम परिचित रहेर चुक्नसमेत सक्ने अवस्था ठाउँठाउँमा रहनु तर भानुभक्तीय कृतिका समीक्षकीय पारखमा नचुक्नु र (ख) त्यस्तो स्थिति कहीँकतै रहे पनि प्राय: सरस, रुचिकर र रोचक प्रस्तुति तथा शैलीले युक्त गद्यमूलक सिर्जनात्मक जीवनीलेखन गर्नु । मोतीरामका भानुजीवनीगत यी दुई अन्तरपाटामध्ये पहिलोचाहिँ खोजकारी र अनुकल्पनाकारी अनि कृतित्वको पारखी अन्तरपाटोभन्दा मुख्यत: सिर्जनशील, सरस र रोचक तथा मीठो प्रस्तुति तथा शैलीकारिताले युक्त गद्यसृजनाको दोस्रो चाहिँ पाटाको विशेष अनुसरणशील जीवनीकारका रूपमा यहाँ मैले नरेन्द्रलाई विशेष मन पराएको छु ।

भानुजीवनवृत्तपरक यो नरेन्द्रकृत ग्रन्थ यिनै पूर्वोक्त शक्ति र परिसीमाका बीच नेपाली वाग्देवीका चरणमा र आदिकवि भानुभक्तलाई उनका द्विशतवार्षिक सम्झनाका महापर्वमा, २०७१ सालमा; प्रसिद्ध नेपाली जीवनीकार नरेन्द्रले चढाएको एक उच्च पुष्पोपहार कृतिका रूपमा आएको छ भन्ने म ठान्दछु । नरेन्द्रकृत यस 'भानुभक्त आचार्यको जीवनवृत्त' लाई उपर्युक्त मोतीरामेली शोधखोजकारी र समीक्षाकारी अन्तरपाटोभन्दा सिर्जनात्मक रम्य रुचिकर शैली र प्रस्तुतिको अन्तरपाटाका निकटमानकमा आएको अद्यावधिक निकै रुचिकरजस्तो लेखन भएको पठनीय र सङ्ग्रहणीय किसिमको अर्को भानुजीवनीपरक कृतिका रूपमा म बढी मान प्रदान गर्दछु । अब हामीले एकातर्फ भानुभक्तीय कृतित्व र कवित्वका सघन अध्ययन र समीक्षणमा उत्तरोत्तर प्रगतिमय तथा प्राप्तिमय गुणवत्तायुक्त अनेक ग्रन्थ रचना गर्दै जानु छ भने सँगसँगै अर्कातर्फ ज्यादा विवाद र शास्त्रार्थभन्दा स्वस्थ सन्तुलित खासखास जीवनीगत मानकधारणाका प्रतिमानमा टेकी साहित्यिक र साहित्यप्रेमी नेपाली बृहत् भावक तथा पाठकसमाजप्रति विशेष उन्मुख र मैत्रीशील अत्यन्त रोचक र रुचिकर भानुजीवनीपरक ग्रन्थहरूको पनि

उत्तरोत्तर स्तरीय नव सिर्जन र प्रकाशन गर्दै भानुसाहित्यप्रतिका नेपाली लोकरुचिको पोषण र प्रवर्द्धनसमेत गर्दै जानु छ । यस क्रममा यस भानुजीवनी कृतिलाई आगामी संस्करण (हरू) मा नरेन्द्रराजले अऊ मानकनिकट र स्तरीय तथा अऊ सुन्दर मनोहारी चिरीचिट्ट पुतलीस्वरूपको लोकाकर्षणशील र विचारगत आधार तथा सिर्जनात्मकताका दुवै दृष्टिबाट विशिष्ट कृतिका रूपमा क्रमशः विकसित गर्दै जाने साधना गर्दै रहनु बेस हुने शुभकामनायुक्त अपेक्षा पनि म यहाँ प्रकट गर्दछु ।

## प्रा.डा.वासुदेव त्रिपाठीका प्रमुख कृति

**समालोचना**

१. नेपाली कविताको सिंहावलोकन (२०२७)
२. विचरण (२०२८)
३. पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग १ र २ : २०३०)
४. साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन (२०३३)
५. लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन (२०३३)
६. साहित्यकार रूपटबहादुर राणाको जीवनीको एक झलक (२०४५)
७. साहित्यसिद्धान्त, शोध र सृजनविधि (२०६६)
८. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)

**कविता**

९. तीन थुँगा (२०४५)
१०. देशको महिमा (२०४५)
११. नव पल्लव (२०४६)
१२. सम्झनाकुञ्ज (२०६७)
१३. जीवननिकुञ्ज (२०६७)
१४. सृजनकुञ्ज (२०६७)
१५. मधुकुञ्ज (२०७०)
१६. रचनाकुञ्ज (भाग १ र २ : २०६८)

**प्रबन्ध**

१७. हिन्दू राष्ट्र नेपालको सनातन सान्दर्भिकता (२०६५)

**अनुवाद**

१८. जीवन रोज्नुहोस्
(अर्नोल्ड टोयन्वी र डाइसाकु इकेदाको बीचको संवाद : २०५२)

**समालोचना लेखन तथा सम्पादन**

१९. लेखनाथको प्रतिनिधि कवितासङ्ग्रह (२०४२)
२०. नेपाली कविता (भाग १, २ र ४ : २०४६)
२१. नेपाली साहित्य श्रृङ्खला (भाग १ र २ : २०५२)

**सम्पादन**

२२. हिमाली साहित्य (२०२०)
२३. मैना (२०३९)
२४. नेपाली बृहत् शब्दकोश (२०४०)
२५. निम्नमाध्यमिक नेपाली व्याकरण र रचना (२०४८)
२६. तीर्थमञ्जरी (२०६५)
२७. साहित्यकार दैवज्ञराज न्यौपाने : जीवनी, कृतित्व र अभिनन्दन (२०६६)